संविधानसभा

# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति



# प्रतिवेदन

## २०७२


संविधान सभा

**संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सचिवालय**

फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,

URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com,

Facebook:- http://facebook.com/ccpd.committee.ca


८

# संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
### सभापति
माo डाo बाबुराम भट्टराई

| क.सं. | नाम, थर | क.सं. | नाम, थर |
|---|---|---|---|
| १ | माo श्री अर्जुननरसिं के.सी. | ३७ | माo श्री बिश्वेन्द्र पासवान |
| २ | माo श्री अतहर कमाल मुसलमान | ३८ | माo श्री भीष्मराज आङदेम्बे |
| ३ | माo डाo अमरेशकुमार सिंह | ३९ | माo श्री महिन्द्रराय यादव |
| ४ | माo श्री अशोककुमार राई | ४० | माo श्री महिन लिम्बु |
| ५ | माo श्री आनन्दप्रसाद ढुँगाना | ४१ | माo श्री महेश आचार्य |
| ६ | माo श्री उपेन्द्र यादव | ४२ | माo श्री माधव कुमार नेपाल |
| ७ | माo श्री एकनाथ ढकाल | ४३ | माo श्री मेघराज नेपाली (निषाद) |
| ८ | माo श्री कमल थापा | ४४ | माo श्री मोहन वहादुर बस्नेत |
| ९ | माo श्री कुमार खड्का | ४५ | माo श्री मोहनसिह राठौर |
| १० | माo श्री के.पी. शर्मा ओली | ४६ | माo श्री मंजुकुमारी चौधरी |
| ११ | माo श्री केशव प्रसाद बडाल | ४७ | माo श्री योगेन्द्र तामाङ घिसिङ |
| १२ | माo श्री कृष्णबहादुर महरा | ४८ | माo डाo राजन भट्टराई |
| १३ | माo श्री गणेशमान गुरुङ्ग | ४९ | माo श्री रामकुमार राई |
| १४ | माo श्री गोकर्णराज विष्ट | ५० | माo श्री रामचन्द्र पौडेल |
| १५ | माo श्री गोकुल प्रसाद घर्ती | ५१ | माo डाo रामशरण महत |
| १६ | माo श्री गोपाल दहित | ५२ | माo श्री रुकमिणी चौधरी |
| १७ | माo श्री चन्देश्वर झा | ५३ | माo श्री रेखा शर्मा |
| १८ | माo श्री चन्द्रकान्त भण्डारी | ५४ | माo श्री लक्ष्मण राजवंशी |
| १९ | माo श्री चन्द्रप्रकाश (सीपी) मैनाली | ५५ | माo श्री लक्ष्मणलाल कर्ण |
| २० | माo श्री चित्र बहादुर के.सी. | ५६ | माo श्री लोकमणी ढकाल |
| २१ | माo श्री चित्रलेखा यादब | ५७ | माo श्री विजय कुमार गच्छदार |
| २२ | माo श्री जयदेव जोशी | ५८ | माo श्री विद्यादेवी भण्डारी |
| २३ | माo श्री जीतबहादुर (दर्जी) गौतम | ५९ | माo श्री विमलेन्द्र निधि |
| २४ | माo श्री झलनाथ खनाल | ६० | माo श्री शक्ति बहादुर बस्नेत |
| २५ | माo डाo डिम्पल कुमारी झा | ६१ | माo श्री शशांक कोइराला |
| २६ | माo श्री दिपक बोहरा | ६२ | माo श्री शत्रुधन महतो |
| २७ | माo श्री दिलनाथ गिरी | ६३ | माo श्री शिवकुमार मण्डल केवट |
| २८ | माo श्री धर्मनाथ प्रसाद साह | ६४ | माo श्री शिवलाल थापा |
| २९ | माo श्री नारायण मान बिजुक्छे | ६५ | माo श्री सुशील कोइराला |
| ३० | माo श्री निर्जला राउत | ६६ | माo श्री शेरबहादुर देउबा |
| ३१ | माo श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ६७ | माo श्री सरिताकुमारी यादव |
| ३२ | माo श्री पूर्ण बहादुर खड्का | ६८ | माo श्री सर्वेन्द्रनाथ शुक्ला |
| ३३ | माo श्री प्रकाशमान सिंह | ६९ | माo श्री सुजाता कोइराला |
| ३४ | माo श्री प्रेमबहादुर सिंह | ७० | माo श्री सुरेन्द्रप्रसाद पाण्डे |
| ३५ | माo श्री बामदेव गौतम | ७१ | माo श्री हरिचरण शाह |
| ३६ | माo श्री बालकृष्ण खाँण | ७२ | माo श्री ज्ञानेन्द्र बहादुर कार्की |

**सचिव**

श्री मुकुन्द शर्मा

व्यवस्थापिका-संसद सचिवालय

समिति गठन मिति २०७०।१२।१४ समिति हेरफेर मिति २०७१।२।१३, २०७१।५।२६, २०७२।२।२६ २०७२।४।१३

**नियम ७१ (२) बमोजिम समितिका बैठकमा उपस्थित माननीय सदस्यहरु** (निवेदन दर्ताक्रम अनुसार)

| | |
|---|---|
| १. मा० श्री जनकराज जोशी | २. मा० श्री गौरीशंकर चौधरी |
| ३. मा० श्री जितेन्द्र नारायण देव | ४. मा० श्री अन्जना चौधरी |
| ५. मा० श्री रामजनम चौधरी | ६. मा० श्री दुर्गा खुना |
| ७. मा० श्री योगेन्द्र चौधरी | ८. मा० श्री श्याम श्रेष्ठ |
| ९. मा० श्री मानबहादुर थारु | १०. मा० श्री संजयकुमार गौतम |
| ११. मा० श्री नगेन्द्र कुमार कुमाल | १२. मा० श्री रामनारायण विडारी |
| १३. मा० श्री पेम्बा गुरुङ्ग भोटे | १४. मा० श्री गिरीराजमणी पोखरेल |
| १५. मा० श्री गंगा चौधरी सत्गौवा | १६. मा० श्री यशोदा लामा |
| १७. मा० श्री सिमाकुमारी वि.क. | १८. मा० श्री नरहरि आचार्य |

# संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

**सभापति**
**मा० डा० बाबुराम भट्टराई**

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | महासचिव, संविधानसभा | श्री मनोहरप्रसाद भट्टराई |

### समिति सचिवालय

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | सचिव | श्री मुकुन्द शर्मा |
| २. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ३. | उपसचिव (कानून) | श्री मानबहादुर अर्याल |
| ४. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ५. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ६. | ना.सु. | श्री सृजना तण्डुकार |
| ७. | का.स. | श्री नारायण कार्की |
| ८. | का.स. | श्री सविता चौलागाई |
| ९. | सवारी चालक | श्री कुमार खवास |

### मुद्रणतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्बिरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

### फोटोकपीतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री बाबुराजा महर्जन |
| २. | मुद्रण अधिकृत | श्री सागर कुमार तुलाधर |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री हरिश्चन्द्र भण्डारी |

व्यवस्थापिका-संसद सचिवालय

# मन्तव्य

मिति २०७२ साउन १३ गते बसेको संविधानसभाको बैठकको निर्णयानुसार संविधानसभा नियमावली, २०७० को नियम ९५ बमोजिम संविधानको विधेयकको पहिलो मस्यौदामाथि नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको जनताको प्रतिक्रिया सम्बन्धी प्रतिवेदन, २०७२ लगायत सभाको निर्देशन सहितको विवरण समितिलाई प्राप्त हुन आएको थियो ।

संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रिया बमोजिम मस्यौदा परिमार्जनका लागि सभाको निर्देशन सहित प्राप्त प्रतिवेदनमाथि मस्यौदा परिमार्जनका विषयवस्तुमा सहमति प्राप्त गरी समितिमा प्रतिवेदन पेश गर्न मिति २०७२/०४/१४ गते बसेको समितिको बैठकले समितिका माननीय सभापति डा० बाबुराम भट्टराईको संयोजकत्वमा प्रमुख चार दलका शीर्ष नेताहरु मा० श्री सुशील कोइराला, मा० श्री के.पी. शर्मा ओली, मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) र मा. श्री विजयकुमार गच्छदार सम्मिलित पाँच सदस्यीय विशेष समिति गठन गरेको थियो ।

मिति २०७२/०४/१४ गते बसेको विशेष समितिको बैठकमा संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रियालाई केलाएर मिति २०७२/०४/१५ गते अपरान्ह ३:०० बजेसम्ममा विशेष समिति समक्ष प्रतिवेदन पेश गर्ने समयसीमा सहितको संविधानको पहिलो विधेयकमाथि परिमार्जन सम्बन्धी मस्यौदा कार्यदल गठन गरी जिम्मेवारी सुम्पियो ।

प्राप्त जिम्मेवारी सम्पादन गर्ने सन्दर्भमा नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताबाट प्राप्त १,८६,९४६ राय सुझावलाई केलाएर संविधानको पहिलो विधेयकमा परिमार्जनका लागि भनी सभामा पेश गरेको प्रतिवेदन मार्फत प्राप्त ८६१ वटा प्रावधानको कार्यदलले एक एक गरी अध्ययन विश्लेषण गर्दै दोहोरिएका, संविधानको कुनै निश्चित धारासँग सम्बन्धित नभएका, मस्यौदा संविधानमा उल्लेख नभएको भनिएका तर यथार्थमा उल्लेख भईसकेका, अस्पष्ट, जनताको सार्वभौमसत्ता र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढ तुल्याउने सभाको निर्णयसँग मेल नखाने जस्ता प्रावधानहरुलाई हटाएर छलफल गर्नु पर्ने भनी २२२ बुंदाहरु तय गरी सहमति भएका विषय र शीर्ष तहमा छलफल गर्नु पर्ने भनी औंल्याइएका विषय सहितको प्रतिवेदन विशेष समितिमा प्राप्त भयो । कार्यदलको उक्त प्रतिवेदनमा उल्लिखित विषयहरुमा विशेष समितिमा विस्तृत छलफल भयो ।

छलफलको क्रममा देशको आवश्यकता, संवैधानिक मूल्य र मान्यता एवं माननीय सदस्यहरुबाट संविधानसभा र समितिमा व्यक्त धारणालाई आत्मसात गरी संविधानको पहिलो विधेयकमा परिमार्जन गर्नु पर्ने प्रावधानमाथि अध्ययन विश्लेषण गर्ने कार्य गरियो । यस क्रममा मुलुकले विगतमा भोगेका जल्दाबल्दा विविध समस्या सहित संघीयता, धर्मनिरपेक्षता, भाषा, नागरिकता, मौलिक हक, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख वा संसदबाट निर्वाचित कार्यकारी प्रमुख जस्ता प्रावधानहरुमा जनताबाट प्राप्त राय सुझावमा विशेष समिति केन्द्रित रही समस्याको समाधान खोज्ने प्रयासमा जुटेको थियो ।

संविधानसभामा रहेका सबै दलका शीर्ष नेताहरुको अथक प्रयास सहित संविधानसभाका माननीय सदस्यहरुबाट प्राप्त औपचारिक, अनौपचारिक, व्यक्तिगत एवं संस्थागत राय सुझावका आधारमा निर्धारित समय सीमाभित्र संविधान जारी गर्ने हाम्रो प्रयासले पूर्णता प्राप्त गर्ने सुअवसरमा प्रस्तावित संविधान सबै नेपालीको साझा दस्तावेज भएकाले सबैको सबै चाहना पूरा नभएको हुन सक्छ, तथापि सहमति र सहकार्यको मिलनविन्दूको रुपमा प्रस्तावित संविधान रहन गएको छ । त्यसैले हामी सबैले प्राप्त उपलव्धीको रक्षा गर्दै भविष्यको सुन्दर, शान्त नेपालको मार्गचित्र कोर्ने कार्यमा सकारात्मक रुपमा अघि बढ्नु पर्ने बाध्यात्मक अवस्थातर्फ मध्यनजर गर्दै देखिएका कमी कमजोरीलाई भविष्यमा सच्याउँदै जाने प्रण समेत गर्नु पर्ने अवस्था रहेको छ ।

संविधानको विधेयकमाथि राय, सुझाव/प्रतिक्रिया प्रदान गर्न नेपाली नागरिकको उत्साहपूर्वक सहभागिताले मुलुकको सुन्दर, शान्त र समुन्नत भविष्यको मार्गचित्र कोर्न र संविधानमाथि सबै नेपालीको अपनत्व तथा स्वामित्व प्राप्त हुने सकारात्मक वातावरणबाट संविधान निर्माण कार्यलाई

पूर्णता प्रदान गर्ने संविधान सभालाई नयाँ उर्जा र हौसला समेत प्राप्त भएको छ । यसबाट एकातर्फ संविधान निर्माणमा नागरिकको उल्लेख्य सहभागिता रहन पुग्यो भने अर्कोतर्फ प्रारम्भिक वार्ता उपसमितिले विभिन्न दल, समूह र सरोकारवालासँग गरेको वार्ता एवं सहमतिले संविधान निर्माणको कार्यले गति लिन थप बल पुऱ्यायो । नागरिकबाट प्राप्त फरक फरक विषय, दृष्टिकोण र अवधारणालाई मिलाई सबैलाई स्वीकार्य हुने मिलनबिन्दूमा समेट्ने कार्य अवश्य चुनौतीपूर्ण रह्यो, तथापि दलका शीर्षस्थ नेताहरु सहितको छलफलले यसलाई निष्कर्षमा पुऱ्याउन सहज तुल्यायो ।

अन्त्यमा,

संविधानसभा नियमावली, २०७० ले समितिलाई प्रदान गरे अनुरुपको उत्तरदायित्व र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा विभिन्न दलका शीर्ष नेताहरुले खेल्नु भएको भूमिकाको उच्च प्रशंसा गर्दछु । त्यसैगरी समितिको कार्य सम्पादनमा विभिन्न समयमा प्राप्त राय सुझाव सहितको मार्गनिर्देश र हौसलाका लागि संविधानसभाका सम्माननीय अध्यक्ष र माननीय उपाध्यक्षप्रति आभार व्यक्त गर्दछु । यसै क्रममा समितिको कार्य सम्पादनका सिलसिलामा विभिन्न समयमा गठित विभिन्न उपसमितिका माननीय संयोजक सहित सदस्यहरुले पुऱ्याउनु भएको योगदानको कदर गर्दै समितिका माननीय सदस्यहरुले दिनुभएको साथ, सहयोग, सुझाव र सहकार्यको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । समिति तथा उपसमितिका कार्य सम्पादनमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी समिति तथा उपसमितिमा उपस्थित भई महत्वपूर्ण राय सुझाव पेश गर्नु हुने विभिन्न सरोकारवाला आदरणीय व्यक्तित्वहरु, संविधानको पहिलो विधेयकमाथि उत्साहपूर्वकरुपमा सहभागी बनी राय सुझाव दिनु हुने सम्पूर्ण आदरणीय दिदी बहिनी तथा दाजुभाइ सहित लेखेर, भेटेर वा विभिन्न सञ्चार माध्यमबाट सुझाव दिने कार्यमा सहभागी रहनु भएका सबै सञ्चारकर्मी मित्रहरुप्रति आभार सहित धन्यवाद व्यक्त गर्दछु ।

समितिको कार्य प्रभावकारी रुपमा सम्पन्न तुल्याउन आवश्यकतानुसारको नीति, विधि र व्यवस्थापकीय  लगायतका सबै कार्यको लागि संविधानसभाका महासचिव श्री मनोहरप्रसाद भट्टराईले निर्वाह गर्नु भएको भूमिकाको सराहना गर्दछु । साथै, समितिको समग्र कार्यलाई व्यवस्थित गर्दै नीति र विधिका सम्बन्धमा आवश्यकतानुसारको उपलव्ध राय सुझाव सहित संविधानको पहिलो विधेयकमाथि जनताबाट प्राप्त राय सुझावका आधारमा विधेयकमा गर्नु पर्ने परिमार्जन गर्ने कार्यमा सहयोगात्मक भूमिका निर्वाह गरी बैठकमा भएका काम कारवाहीलाई अभिलेखीकरण गर्दै निर्धारित समयसीमाभित्रै कार्य सम्पादन गर्नका लागि अहोरात्र खटिई अथक मेहनत र कुशलताका साथ समिति सचिवालयको अहं भूमिका सफलतापूर्वक निर्वाह गर्ने सचिव श्री मुकुन्द शर्मा सहित समिति सचिवालयका सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**

(डा० बाबुराम भट्टराई)
सभापति

**सम्बत् : २०७२ साउन**

संविधानसभा

# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

## प्रतिवेदन, २०७२

संविधानसभाको मिति २०७२ साउन १३ गते बसेको बैठकबाट संविधानको विधेयकको पहिलो मस्यौदा माथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रिया बमोजिम मस्यौदा परिमार्जनका लागि निर्देशन सहित प्राप्त प्रतिवेदनमाथि मस्यौदा परिमार्जनका विषयवस्तुमा सहमति प्राप्त गरी समितिमा प्रतिवेदन पेश गर्न मिति २०७२/०४/१४ गते बसेको समितिको बैठकले समितिका माननीय सभापति डा० बाबुराम भट्टराईको संयोजकत्वमा प्रमुख चार दलका शीर्ष नेताहरु मा० श्री सुशील कोइराला, मा० श्री के.पी. शर्मा ओली, मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड), मा० श्री विजयकुमार गच्छदार सम्मिलित पाँच सदस्यीय विशेष समिति गठन गरेको थियो ।

विशेष समितिको २०७२/०४/१४ गते बसेको बैठकमा संविधानसभाको निर्देशन अनुरुप संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रियालाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन तयार गर्न मा० श्री गिरिराजमणि पोखरेल (दोस्रो बैठकबाट मा० श्री शक्तिबहादुर बस्नेत), मा० श्री जितेन्द्र नारायण देव, मा० श्री प्रेम बहादुर सिंह, मा० श्री भीम बहादुर रावल र मा० श्री रमेश लेखक (तेस्रो बैठकबाट मा० श्री राधेश्याम अधिकारी), मा० श्री जीतबहादुर (दर्जी) गौतम, मा० श्री भिष्मराज आङदेम्बे, मा० श्री रेखा शर्मा रहनु भएको कार्यदल गठन गरी सो कार्यदलले मिति २०७२/४/१५ गते अपरान्ह ३:०० बजेसम्ममा विशेष समिति समक्ष प्रतिवेदन पेश गर्ने समयसीमा सहितको जिम्मेवारी दिईएकोमा प्राप्त प्रतिवेदनमाथि कार्यदलमा भएको छलफलको आधारमा केही प्रावधानहरुमा संविधानको पहिलो विधेयकमा परिमार्जन गर्ने गरी विशेष समिति समक्ष **अनुसूची-१** बमोजिमको प्रतिवेदन प्राप्त भएको थियो ।

संविधानसभाको निर्देशन बमोजिम नेपाली नागरिकबाट प्राप्त राय सुझावलाई केलाएर संविधानको पहिलो विधेयकमाथि परिमार्जन गर्ने सन्दर्भमा विभिन्न मितिमा बसेको विशेष समितिको बैठकहरुमा सम्बन्धित कार्यदलबाट प्राप्त प्रतिवेदन, विभिन्न संघ संस्था वा व्यक्तिबाट दिईएका ज्ञापनपत्र र सुझावहरु समेतको विस्तृत एवं गहन अध्ययन, विश्लेषण सहितको छलफल भई समितिमा मिति २०७२/४/२३ गते **अनुसूची-२** बमोजिमको प्रतिवेदन प्राप्त भएको थियो ।

विशेष समितिबाट समितिमा प्राप्त प्रतिवेदनको छलफलको सिलसिलामा संविधानसभामा विभिन्न माध्यमबाट प्राप्त राय सुझाव, संविधानसभाका माननीय सदस्यहरुबाट व्यक्त भावना र मुलुकको यथार्थ अवस्थालाई ध्यानमा राखी गहन अध्ययन र विश्लेषण गरिएको थियो । यसै क्रममा संविधानसभा नियमावली, २०७० को नियम ६५ (८) बमोजिम समितिले संविधान निर्माणका लागि संविधानसभाभित्र रहेका राजनीतिक दल, सदस्य र वाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालासंग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग प्राप्त गर्ने अभिप्रायले मिति २०७१/२/८ गते गठित प्रारम्भिक वार्ता उपसमितिको हालसम्म भए गरेका काम कारवाहीहरु समेटिएको **अनुसूची-३** बमोजिमको प्रतिवेदनमाथि समेत विचार विमर्श गरी समितिको मिति २०७२/४/२४ गतेको बैठकमा संविधानको पहिलो विधेयकमा देहाय बमोजिमको परिमार्जन गर्ने गरी संविधानसभा समक्ष प्रतिवेदन पेश गर्ने निर्णयानुसार प्रतिवेदन पेश गरिएको छ ।

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| १. | **प्रस्तावना** | • प्रस्तावनाको अनुच्छेद ४ मा रहेको "एकात्मक र राज्य व्यवस्थाले" भन्ने शब्दको सट्टा "एकात्मक राज्य व्यवस्थाले" भन्ने शब्द राख्ने,<br>• अनुच्छेद ५ मा रहेको "लैगिक" भन्ने शब्द पछि "विभेद" भन्ने शब्द थप्ने,<br>• अनुच्छेद ६ मा रहेको "प्रेस स्वतन्त्रता" भन्ने शब्दहरुको सट्टा "पूर्ण प्रेस स्वतन्त्रता" भन्ने शब्दहरु राख्ने<br>• अनुच्छेद ६ मा रहेको "लोकतान्त्रिक मूल्य र मान्यतालाई अबलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहँदै" भन्ने शब्दहरुको सट्टा "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्दै" भन्ने शब्दहरु राख्ने, |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
| --- | --- | --- |
| | | • अन्तिम अनुच्छेदमा "संविधानसभा मार्फत यो संविधान घोषणा गर्छौं" भन्ने शब्दहरुको सट्टा "संविधानसभाबाट यो संविधान जारी गर्दछौं" भन्ने शब्दहरु राख्ने । |
| २. | भाग -१<br>प्रारम्भिक | • धारा ४ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने :-<br>"(१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।"<br>• धारा ७ को उपधारा (२) पछि देहायको उपधारा (३) थप गर्ने :-<br>"(३) भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिस बमोजिम नेपाल सरकारको निर्णयानुसार हुनेछ ।"<br>• धारा ८ को उपधारा (१) मा "जोरिएको" भन्ने शब्दको सट्टा "जोडिएको" भन्ने शब्द राख्ने । |
| ३. | भाग -२<br>नागरिकता | • मस्यौदाको भाग २ को सट्टा देहायको भाग २ राखी धाराक्रम मिलाउने :-<br>"भाग २<br>**नागरिकता**<br>१०. **नागरिकताबाट वञ्चित नगरिने :** (१) कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन ।<br>(२) नेपालमा प्रादेशिक पहिचान सहितको एकल संघीय नागरिकताको व्यवस्था गरिएको छ ।<br>११. **नेपालको नागरिक ठहर्ने :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र यस भाग बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुनेछन् ।<br>(२) यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भएको देहायको व्यक्ति वंशजको आधारमा नेपालको नागरिक ठहर्नेछ :-<br>(क) यो संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति,<br>(ख) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति ।<br>(३) उपधारा (२) बमोजिम वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यक्ति र यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले बाबु र आमा दुवै नेपाली नागरिक रहेछन भने निज बालिग भएपछि आमा वा बाबुको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।<br>(४) कुनै व्यक्तिको नेपालमा जन्म हुँदाका बखत निजको आमा वा बाबु मध्ये एक नेपाली नागरिक रहेकोमा नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।<br>(५) नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ ।<br>(६) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ । |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता कानुन बमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ ।<br>(७) नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोवास भएको व्यक्ति प्रचलित कानूनको अधीनमा रही नेपालको नागरिक हुनेछ ।<br>१२. **<u>अङ्गीकृत वा सम्मानार्थ नागरिकता</u>** : (१) नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेको विदेशी नागरिकले चाहेमा प्रचलित कानून बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ ।<br>(२) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोवास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता प्राप्त गरेको रहेनछ भने निजले प्रचलित कानून बमोज़िम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ ।<br>(३) धारा ११ मा लेखिए बाहेक कानूनमा व्यवस्था भए बमोजिम नेपाल सरकारले अङ्गीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्नेछ ।<br>१३. **<u>नागरिकताको प्राप्ति र समाप्ति</u>** : नागरिकताको प्राप्ति, समाप्ति लगायत आवश्यक अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।<br>१४. **<u>वंशीय आधार तथा लैङ्गिक पहिचान सहितको नागरिकता</u>** : प्रत्येक नागरिकलाई निजको आमा वा बाबुको वंशको आधारमा लैङ्गिक पहिचान सहितको नेपाली नागरिकताको प्रमाणपत्र प्रदान गरिनेछ ।<br>१५. **<u>गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने</u>** : विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) क्षेत्रभन्दा बाहिरका देशमा बसोबास गरेको नेपाली मूलको व्यक्तिलाई कानुन बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिनेछ ।<br><u>स्पष्टीकरण</u> : यस धाराको प्रयोजनको लागि "नेपाली मूलको व्यक्ति" भन्नाले साविकमा स्वयं वा निजको बाबु, आमा, बाजे, बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।<br>१६. **<u>नेपालको नागरिकता सम्बन्धी अन्य व्यवस्था</u>** : प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा नेपालको नागरिकता सम्बन्धी अन्य व्यवस्था कानुन बमोजिम हुनेछ ।" |
| ४. | **भाग-३<br>मौलिक हक र कर्तव्य** | • धारा २३ को उपधारा (३) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राख्ने :-<br>"तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खस आर्य लगायत सबै नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।"<br>• धारा २५ को उपधारा (२) को प्रतिवन्धात्मक वाक्यांशको स्पष्टीकरणमा रहेको "कुनै अदालतमा रहेको" भन्ने शब्दहरुको सट्टा "कुनै अड्डा अदालतमा रहेको" भन्ने |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|

शब्दहरु राख्ने,

- धारा २६ को उपधारा (२) "पुनर्स्थापन्ना र क्षतिपूर्ति" भन्ने शब्दहरुको पछि "सहितको न्याय" भन्ने शब्दहरु थप्ने,
- धारा ३० को उपधारा (२) मा रहेका "आवश्यकतानुसार" भन्ने शब्द हटाउने,
- धारा ३१ को,-

  (१) उपधारा (१) को प्रारम्भमा "धर्म मान्ने" भन्ने शब्दहरु थपी सोही उपधारामा रहेको "तथा कुनै धर्मबाट अलग रहने" भन्ने शब्दहरु हटाउने,

  (२) उपधारा (२) को सट्टामा देहायको उपधारा (२) राख्ने :-

  "(२) प्रत्येक धार्मिक संप्रदायलाई धार्मिक स्थल र धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

  तर, धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन संरक्षण गर्न तथा गुठी सम्पत्ती तथा जमिनको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।"
- धारा ३२ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "यस धाराको व्यवस्थाले" भन्ने शब्दहरु हटाउने,
- धारा ३४ को,-

  (१) उपधारा (३) मा रहेको "र त्यस्तो कार्य कानून बमोजिम दण्डनिय हुनेछ" भन्ने वाक्यांश हटाउने,

  (२) उपधारा (४) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "यस उपधारामा उल्लिखित व्यवस्थाले" भन्ने शब्दहरु हटाउने,
- धारा ३५ को उपधारा (२) मा रहेका "क्षतिपूर्ति प्राप्त गर्ने" भन्ने शब्दको सट्टा "क्षतिपूर्ति पाउने" भन्ने शब्दहरु राख्ने,
- धारा ३६ को,-

  (१) उपधारा (२) को सट्टा देहायको उपधारा (२) थप्ने :-

  "(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्याामिक तहसम्म निशुल्क शिक्षा पाउने हक हुनेछ ।"

  (२) उपधारा (४) मा रहेको "व्यक्ति" भन्ने शब्दको सट्टा "नागरिक" भन्ने शब्द राख्ने,

  (३) उपधारा (५) को सट्टा देहायको उपधारा (५) राख्ने :-

  "(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न र विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।"
- धारा ३८ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने :-

  "(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र वेरोजगार सहायता कानून बमोजिम हुनेछ ।"
- धारा ३९ को उपधारा (१) मा देहायको स्पष्टीकरण राख्ने :-

  <u>स्पष्टीकरण</u> : यस धाराको प्रयोजनको लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ ।
- धारा ४० को उपधारा (१) मा "प्रत्येक नागरिकलाई" भन्ने शब्दको पछि

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | "राज्यबाट" भन्ने शब्द राख्ने,<br>• धारा ४३ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :-<br>"(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुनेछ ।"<br>• धारा ४४ को उपधारा (२) मा रहेको "मनोरञ्जन तथा" भन्ने शब्दहरु पछि "सर्वाङ्गिण" भन्ने शब्द राख्ने,<br>• धारा ४५ को उपधारा (१) मा रहेको "दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समावेशी सिद्दान्तका आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ ।" भन्ने वाक्यांशको सट्टा "राज्य संयन्त्रका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्दान्तको आधारमा सहभागि हुने हक हुनेछ ।" भन्ने वाक्यांश राख्ने ।<br>• धारा ४६ मा रहेको "कानून बमोजिम" भन्ने शब्दहरु हटाउने,<br>• धारा ४७ को उपधारा (१) मा रहेको "अल्पसंख्यक" भन्ने शब्द पछि "अपाङ्गता भएका व्यक्ति" भन्ने शब्द थप गर्ने,<br>• धारा ४८ मा रहेका "अशक्त र असहाय अवस्थामा रहेका एकल महिला" भन्ने शब्दहरुको सट्टा "अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला," भन्ने शब्दहरु राख्ने,<br>• धारा ५२ को खण्ड (ग) पछि देहायको खण्ड (घ) राख्ने :-<br>"(घ) सार्वजनिक सम्पत्तीको रक्षा र संरक्षण गर्नु ।"<br>**नोट** : मौलिक हक र कर्तव्यको भाग ३ मा रहेको "वर्ग, क्षेत्र र समुदायको हकको व्यवस्था"भएको ठाँउ ठाँउमा "आर्थिक रुपले विपन्न र अपाङ्गता भएको व्यक्ति" भन्ने शब्द थप गर्ने, |
| ५. | **भाग-४<br>राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व** | • धारा ५४ को,-<br>(१) उपधारा (१) मा "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने" भन्ने शब्दहरुको सट्टा "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने" भन्ने शब्दहरु राख्ने,<br>(२) उपधारा (३) को सट्टा देहायको उपधारा (३)राख्ने :-<br>"(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गर्दै आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गरी तथा राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।"<br>(३) उपधारा (४) मा रहेको "अखण्डता" भन्ने शब्दको अगाडि "भौगोलिक" भन्ने शब्द राख्ने,<br>• धारा ५५ को,-<br>(१) खण्ड (क) देखि (ङ) सम्मको प्रावधानलाई क्रमशः (१), (२), (३), (४) गरी उपखण्ड (१), (२) लाई क्रमशः उपखण्ड (क), (ख), (ग),(घ), गर्ने ।<br>(२) खण्डको (क) को उपखण्ड (१) मा रहेको "अखण्डता" भन्ने शब्दको अगाडि "भौगोलिक" भन्ने शब्द राख्ने,<br>(३) खण्ड (क) को उपखण्ड (६) पछि देहायको उपखण्ड (७) राख्ने:-<br>"(७) पूर्व राष्ट्र सेवक कर्मचारी, भूतपूर्व सैनिक र प्रहरी लगायतका पूर्व |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|

राष्ट्रसेवकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने ।"

(४) खण्ड (ग) को,-

(१) उपखण्ड (६) मा रहेको "कला" भन्ने शब्दको पछि "चलचित्र" भन्ने शब्द थप्ने,

(२) उपखण्ड (७) पछि देहायको उपखण्ड (८) थप्ने :-

"(८) बहुभाषिक नीति अवलम्बन गर्ने ।"

(५) खण्ड (घ) को,-

(१) खण्ड (घ) मा रहेको "अर्थ र वाणिज्य सम्बन्धी नीति" भन्ने शब्दहरुको सट्टा "अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति" भन्ने शब्दहरु राख्ने,

(२) उपखण्ड (१) मा रहेको "सार्वजनिक, सहकारी र निजी" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक, निजी र सहकारी" भन्ने शब्दहरु राख्ने,

(३) उपखण्ड (२) को सट्टा देहायको उपखण्ड (२) राख्ने :-

"(२) अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने ।"

(४) उपखण्ड (३) को सट्टा देहायको उपखण्ड (३) राख्ने :

"(३) सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने ।"

(५) उपखण्ड (४) मा रहेको "निजी क्षेत्रको लगानी र योगदानमा" भन्ने शब्दहरुको सट्टा "आर्थिक क्षेत्रका सबै गतिविधिमा" भन्ने शब्दहरु राख्ने,

(६) उपखण्ड (६) को सट्टा देहायको उपखण्ड (६) राख्ने :-

"(६) तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको वजार विविधिकरण र विस्तार गर्ने ।"

(७) उपखण्ड (७) मा रहेको "विकृति र विसंगतिलाई नियन्त्रण गर्दै" भन्ने शब्दहरुको पछि "**तथा** राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई" भन्ने शब्दहरु राख्ने ।

(८) उपखण्ड (९) को सट्टा देहायको उपखण्ड (९) राख्ने :-

"(९) राष्ट्रिय अर्थतन्त्रको विकासको लागि स्वदेशी लगानीलाई प्राथमिकता दिने ।"

(९) उपखण्ड (१०) मा रहेको "प्रविधिको लगानीलाई" भन्ने शब्दहरुको पछि "आकर्षित गर्दै" भन्ने शब्दहरु राख्ने ।

(६) खण्ड (ङ) को,-

(१) उपखण्ड (३) को सट्टा देहायको खण्ड (३) राख्ने :-

"(३) किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्यौगिकीकरण, विविधिकरण र आधुनिकीकरण गर्ने ।"

(२) उपखण्ड (६) हटाउने,

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | (७) खण्ड (च) मा देहायको उपखण्ड (१) राखी उपखण्डक्रम मिलाउने :-<br>"(१) क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरु तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने ।"<br>(८) खण्ड (छ) को,-<br>(१) उपखण्ड (६) मा रहेका "मुलुकको कूल भूभागको कम्तिमा चालीस प्रतिशत" भन्ने शब्दहरुको सट्टा "आवश्यक" भन्ने शब्द राख्ने ।<br>(२) उपखण्ड (८) मा रहेका "सिद्धान्तका आधारमा वातावरण सम्बन्धी नीति तथा कानून तर्जुमा गर्ने" भन्ने शब्दहरुको सट्टा "सिद्धान्त अवलम्बन गर्ने" भन्ने शब्द राख्ने ।<br>(३) उपखण्ड (९) मा रहेका "नीति बनाई लागू गर्ने" भन्ने शब्दहरु हटाउने ।<br>(९) खण्ड (ज) को,-<br>(१) उपखण्ड (१) मा रहेका "व्यवहारिक" भन्ने शब्दको सट्टा "सीपमूलक," भन्ने शब्द राख्ने र उपखण्ड (९) मा रहेको "मुलूकको" भन्ने शब्द हटाउने,<br>(२) उपखण्ड (६) पछि देहायको उपखण्ड (७) राखी उपखण्डको क्रम मिलाउने,<br>"(७) नेपालीको मौलिक चिकित्सा पद्दतीको रुपमा रहेको आयुर्वेद स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्द्धन गर्ने ।<br>(१०) खण्ड (झ) को उपखण्ड (४) को सट्टा देहायको उपखण्ड (४) राख्ने :-<br>"(४) श्रमिक र उद्यमी व्यवसायीवीच सुसम्बन्ध कायम गर्दै व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गर्ने,<br>(११) खण्ड (ट) मा रहेको "प्रशासनिक" भन्ने शब्दको पछि "न्यायिक" भन्ने शब्द राख्ने र "सबै क्षेत्रमा हुने" भन्ने शब्दहरुको सट्टा "सबै क्षेत्रको" भन्ने शब्दहरु राख्ने,<br>• धारा ५६ को सट्टा देहायको धारा ५६ राख्ने :-<br>"**५६. <u>राज्यको दायित्व</u>** : नेपालको सार्वभौमसत्ता, स्वाधीनता र भौगोलिक अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन गर्ने, राज्यका निर्देशक सिद्दान्तहरूको अनुशरण गर्ने तथा राज्यका नीतिहरूको क्रमश: कार्यान्वयन गर्दै मुलूकलाई समृद्ध तथा समुन्त बनाउने राज्यको दायित्व हुनेछ ।"<br>• धारा ५८ मा रहेको "(१)" भन्ने अंक हटाउने, |
| ६. | **भाग-५ राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड** | • धारा ६० को,-<br>(१) उपधारा (२) पछि देहायको उपधारा (३) राखी उपधाराक्रम मिलाउने :-<br>"(३) नेपालमा यो संविधान प्रारम्भ हुदाँका बखत कायम रहेका अनुसूची ४ मा उल्लेख भए बमोजिमका जिल्लाहरु सम्मिलित प्रदेशहरु रहनेछन् ।"<br>(२) उपधारा (३) हटाउने,<br>(३) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) प्रदेशको सिमाङ्कन सम्बन्धी नमिलेका वा प्राविधिक विषयमा सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ ।"<br>(४) उपधारा (७) को सट्टा देहायको उपधारा (७) राख्ने :-<br>"(७) संघीय कानूनमा व्यवस्था भएबमोजिम सामाजिक सांस्कृतिक संरक्षण वा विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।" |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | • धारा ६१ को,-<br>(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) उपधारा (३) वा (७) बमोजिम प्रदेशसभा, गाउसभा वा नगरसभाले कानून बनाउदा संघीय संसदले बनाएको कानूनसँग नबाझिने गरी बनाउनु पर्नेछ ।"<br>(२) उपधारा (६) पछि उपधारा (७) थप्ने :-<br>"(७) संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित हुनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान संघीय संसद, प्रदेश सभा र स्थानीय गाउ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ ।" |
| ७. | **भाग-६ राष्ट्रपति र उपराष्ट्रपति** | • धारा ६६ को,-<br>(१) उपधारा (५) को प्रतिवन्धात्मक बाक्यांश झिकिएको छ ।<br>(२) उपधारा (५) पछि देहायको उपधारा (६) राखी उपधाराको क्रम मिलाउने :-<br>(६) उपधारा (५) बमोजिम दोस्रोचरणको मतदानबाट समेत कूल सदर मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः अर्को एक चरणको मतदान हुनेछ । त्यस्तो मतदानमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित भएको मानिने छ ।<br>• धारा ६८ (२) मा "त्यसपछि हुने" भन्ने शब्द हटाउने,<br>• धारा ७० पछि देहायको धारा ७१ राखी धाराक्रम मिलाउने :-<br>"७१. **राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने** : यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्दा फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।"<br>• धारा ७२ को खण्ड (ख) मा रहेको "एक तिहाई" भन्ने शब्दको सट्टा "एक चौथाई" भन्ने शब्दहरु राख्ने, |
| ८. | **भाग-७ संघीय कार्यपालिका** | • धारा ७७ मा रहेको "देशको" भन्ने शब्दको सट्टा "नेपालको" भन्ने शब्द राख्ने,<br>• धारा ७९ को,-<br>(१) उपधारा (४) मा रहेको "आफू" भन्ने शब्द झिक्ने,<br>(२) उपधारा (५) मा रहेको "अवस्था भएमा" भन्ने शब्दहरुको सट्टा "आधार प्रस्तुत गरेमा" भन्ने शब्दहरु राख्ने,<br>(३) उपधारा (७) मा रहेको "उपधारा (३) वा (५)" भन्ने शब्दहरुको सट्टा "उपधारा (५)" भन्ने शब्दहरु राख्ने र "उपधारा (४) वा (६) बमोजिम" भन्ने शब्दहरु हटाउने,<br>(४) उपधारा (८) मा रहेको "लागि भएको" भन्ने शब्दहरु हटाउने, |
| ९. | **भाग -८ संघीय व्यवस्थापिका** | • धारा ८८ को,-<br>(१) उपधारा (१) को खण्ड (क) मा रहेका "भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको" भन्ने शब्दहरुको सट्टा "भूगोल र जनसंख्याको" भन्ने शब्दहरु राख्ने,<br>(२) उपधारा (२) मा रहेको "दलित" भन्ने शब्द पछिको "आदिवासी" भन्ने शब्द र सोही हरफमा रहेको "अल्पसंख्यक समूदाय" भन्ने शब्दहरु हटाई स्पष्टीकरणको प्रारम्भमा "यस उपधाराको प्रयोजनको लागि" भन्ने शब्दहरु थप्ने, |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | (३) उपधारा (२) पछि देहायको उपधारा (३) राखी उपधाराक्रम मिलाउने :-<br>"(३) उपधारा (२) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा धारा ९१ बमोजिम योग्यता पुगेको अपाङ्गता भएको व्यक्तिलाई प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।"<br>(४) उपधारा (५) मा देहायको प्रतिवन्धात्मक वाक्यांश राख्ने :-<br>"तर त्यस्तो व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।"<br>• धारा ९० को,-<br>(१) उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छ :-<br>"(२) राष्ट्रिय सभामा देहाय बमोजिमका एकाउन्न सदस्य रहनेछन् :-<br>(क) प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा कानुन बमोजिम प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित अठ्चालीस जना,<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना ।" |
| १०. | **भाग-१०**<br>**संघीय आर्थिक कार्यप्रणाली** | |
| ११. | **भाग-११**<br>**न्यायपालिका** | • धारा १३० को उपधारा (२) मा रहेको "विवाद समाधानका अन्य वैकल्पिक उपाय" भन्ने शब्दहरुको सट्टा "विवाद समाधानका वैकल्पिक उपाय" भन्ने शब्दहरु राख्ने,<br>• धारा १४१ को उपधारा (२) को खण्ड (ग) मा रहेका "र कानूनमा स्नातकोत्तर उपाधी प्राप्त गरेका" भन्ने शब्दहरु हटाउने,<br>• धारा १५३ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :- "(२) जिल्ला अदालतका न्यायाधीशको रिक्त पद मध्ये ४० प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्धितीय श्रेणीको पदमा कम्तिमा ३ बर्ष काम गरेका अधिकृतहरुमध्येबाट र बाँकी ६० प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त अधिवक्ताको रुपमा निरन्तर कम्तिमा ८ बर्ष वकालत गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्यायसेवाको राजपत्राकिंत पदमा कम्तिमा ८ बर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तिमा ८ बर्ष काम गरेको नेपाली नागरिक जिल्ला अदालतको न्यायाधिशको पदको लागि हुने खुल्ला प्रतियोगितात्मक परिक्षाको उम्मेदवार हुन सक्नेछन् ।" |
| १२. | **भाग-१२**<br>**प्रादेशिक कार्यपालिका** | • |
| १३. | **भाग-१३**<br>**प्रादेशिक व्यवस्थापिका** | • धारा १७५ को,-<br>(१) उपधारा (४) पछि देहायको उपधारा (५) राखी उपधाराक्रम मिलाउने :-<br>"(५) उपधारा (४) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा धारा १७७ |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | बमोजिम योग्यता पुगेको अपाङ्गता भएको व्यक्तिलाई प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।"<br>(२) उपधारा (७) मा देहायको प्रतिवन्धात्मक वाक्यांश राख्ने :-<br>"तर त्यस्तो व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।" |
| १४. | **भाग-१६ स्थानीय कार्यपालिका** | • यस संविधानको ठाँउ ठाँउमा रहेको "गाउ कार्यपालिका प्रमुख र उपप्रमुख" भन्ने शब्दहरुको सट्टा "गाउ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष" भन्ने शब्दहरु राख्ने ।<br>• धारा २१३ को,-<br>(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) गाउंपालिकाको प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र गाउंसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र गाउंसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र गाउंपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका र उपधारा (६) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका २ जना व्यक्ति समेत गाउं कार्यपालिकाको सदस्य हुनेछन् ।"<br>(२) उपधारा (५) को हटाई उपधारा क्रमसंख्या मिलाउने ।<br>• धारा २१४ को,-<br>(१) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) नगरपालिकाको प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र नगरसभाका सदस्यहरुले आफूमध्येबाट निर्वाचित गरेका पांच जना महिला सदस्य र नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएका र उपधारा (६) बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गरेका ३ जना व्यक्ति समेत नगर कार्यपालिकाको सदस्य हुनेछन् ।"<br>(२) उपधारा (५) को हटाई उपधारा क्रमसंख्या मिलाउने । |
| १५. | **भाग-१७ स्थानीय व्यवस्थापिका** | • धारा २२१ को,-<br>(१) उपधारा (१) मा रहेको "गाउपालिकाका हरेक वडाबाट ५ जनाको दरले" भन्ने शब्दहरुको सट्टा "गाउ पालिकाका हरेक वडाबाट १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्य गरी ५ जना गरी" भन्ने शब्दहरु राख्ने ।<br>(२) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छ :-<br>(३) गाउपालिकाको प्रत्येक वडामा वडा अध्यक्ष र ४ जना सदस्यहरुरहेको वडा समिति गठन हुनेछ ।<br>(३) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) गाउँ कार्यपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहरुको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्वारा हुनेछ ।"<br>• धारा २२२ को,-<br>(१) उपधारा (१) मा रहेको "नगर कार्य पालिकाका हरेक वडाबाट ५ जनाको दरले" भन्ने शब्दहरुको सट्टा "नगरपालिकाका हरेक वडाबाट १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्य गरी ५ जनाको दरले" भन्ने शब्दहरु राख्ने ।<br>(२) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छ :- |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | (३) नगरपालिकाको प्रत्येक वडामा वडा अध्यक्ष र ४ जना सदस्यहरु रहेको वडा समिति गठन हुनेछ ।<br>(३) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राख्ने :-<br>"(४) नगरकार्यपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र वडा सदस्यहरुको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीद्धारा हुनेछ ।" |
| १६. | **भाग-२०**<br>**अख्तियार दुरुपयोग अनुसन्धान आयोग** | • धारा २३८ को उपधारा (१) मा रहेको "भ्रष्टाचार" भन्ने शब्दको अघि "अनुचित कार्य वा" भन्ने शब्द थपी देहायको स्पष्टीकरण थप्ने :-<br>"**स्पष्टीकरण** : यस धाराको प्रयोजनको लागि "अनुचित कार्य" भन्नाले कानून, निर्णय र आदेशको अबहेलना वा उल्लंघन भई सम्बन्धित निकाय वा देशलाई क्षति पुग्ने कार्य सम्झनु पर्छ ।" |
| १७. | **भाग-२१**<br>**महालेखा परीक्षक** | • धारा २३९ को उपधारा (५) को खण्ड (क) मा रहेको "स्नातकोपाधि" भन्ने शब्दहरुको सट्टा "स्नातकोत्तर उपाधि" भन्ने शब्द राख्ने,<br>• धारा २४० को उपधारा (१) को प्रारम्भमा "राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय" भन्ने शब्दहरु थप्ने, |
| १८. | **भाग-२२**<br>**संघीय लोक सेवा आयोग** | • भाग २२ मा रहेका "संघीय लोक सेवा आयोग" भन्ने शब्दहरुको सट्टा "लोक सेवा आयोग" भन्ने शब्दहरु राख्ने ।<br>• धारा २४१ को,-<br>(१) उपधारा (४) पछि देहायको उपधारा (५) थपी उपधाराक्रम मिलाउने :-<br>"(५) उपधारा (२) बमोजिम नियुक्त अध्यक्ष तथा सदस्यको पुननियुक्ती हुन सक्ने छैन ।<br>तर सदस्यलाई अध्यक्षको पदमा नियुक्ती गर्न सकिने छ र त्यस्तो सदस्य अध्यक्षको पदमा नियुक्ती भएमा निजको पदावधि गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।"<br>(२) उपधारा (८) को खण्ड (क) हटाउने ।<br>• धारा २४२ को,-<br>(१) उपधारा (२) हटाई उपधाराक्रम मिलाउने,<br>(२) उपधारा (४) पछि देहायका उपधारा (५) र (६) थपी उपधाराक्रम मिलाउने:-<br>"(५) सैनिक सेवा, प्रहरी सेवा वा सशस्त्र प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।<br>(६) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसँग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परामर्श दिन सक्नेछ ।<br>स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "सार्वजनिक संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था संझनु पर्छ ।"<br>• धारा २४३ को उपधारा (२) पछि देहायको उपधारा (३) राख्ने :-<br>(३) उपधारा (२) को प्रयोजनको लागि संघले कानून बनाई आधार र मापदण्ड |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | निर्धारण गर्नेछ ।<br>***विद्यमान सबै तहका न्यायाधीशहरु र संवैधानिक निकायको पदाधिकारीको निरन्तरता वा पुनर्नियुक्ति सम्बन्धमा छलफल गरी टुंगो लगाउन बांकी रहेको ।*** |
| १९. | **भाग-२३**<br>**निर्वाचन आयोग** | • धारा २४४ को उपधारा (५) को खण्ड (क) मा रहेको "स्नातक" भन्ने शब्दहरुको सट्टा "स्नातकोत्तर" भन्ने शब्द राख्नु पर्ने । |
| २०. | **भाग-२४**<br>**राष्ट्रिय मानव अधिकार आयोग** | • धारा २४७ को उपधारा (५) को खण्ड (क) मा रहेको "स्नातक" भन्ने शब्दहरुको सट्टा "स्नातकोत्तर" भन्ने शब्द राख्नु पर्ने । |
| २१. | | ***क.सं. १८ को भाग २२ धारा २४१ (४) पछि प्रस्तावित उपधारा (५) को प्रावधान सबै संवैधानिक आयोग सम्बन्धी मस्यौदामा उल्लेख गर्ने ।*** |
| २२. | **भाग-२५**<br>**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग** | • धारा २४९ को उपधारा (४) को खण्ड (क) पछि देहायको खण्ड (ख) राखी खण्डक्रम मिलाउने :-<br>(ख) उमेर ६५ बर्ष पूरा भएमा, |
| २३. | **भाग-२६**<br>**राष्ट्रिय महिला आयोग** | • प्रदेशमा कार्यालयहरु रहने व्यवस्था गर्ने, |
| २४. | **भाग-२७**<br>**राष्ट्रिय दलित आयोग** | • प्रदेशमा कार्यालयहरु रहने व्यवस्था गर्ने, |
| २५. | **भाग-२८**<br>**राष्ट्रिय समावेशी आयोग** | • |
| २६. | **भाग-२९**<br>**महान्यायधिवक्ता** | • |
| २७. | **भाग-३०**<br>**राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था** | • धारा २६१ को उपधारा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएका छन :-<br>(च) नेपाल सरकारको मुख्य सचिव - सदस्य,<br>(छ) प्रधानसेनापति, नेपाली सेना - सदस्य,<br>• धारा २६२ को,-<br>(१) उपधारा (१) मा रहेको "लोकतान्त्रिक सिद्धान्तप्रति" भन्ने शब्दहरुको सट्टा "यस संविधानप्रति" भन्ने शब्दहरु राख्ने,<br>(२) धारा (४) मा रहेको "कानून बमोजिमको" भन्ने शब्दहरुको सट्टा "मन्त्रिपरिषद्को सिफारिस" मा भन्ने शब्दहरु राख्ने ।<br>• धारा २६३ को सट्टा देहायको धारा २६३ राख्ने :-<br>"२६३. **<u>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान सम्बन्धी व्यवस्था</u> :** (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | अनुसन्धान विभाग रहनेछन् ।<br>(२) प्रत्येक प्रदेशमा प्रहरी संगठन रहनेछ ।<br>(३) नेपाल प्रहरी र प्रदेशमा रहने प्रहरीले सम्पादन गर्ने कार्यहरुको सञ्चालन र समन्वय सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।<br>(४) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।" |
| २८. | **भाग-३१ राजनीतिक दल सम्बन्धी व्यवस्था** | • धारा २६४ को उपधारा (४) को खण्ड (ग) मा रहेको "सहभागिताको व्यवस्था" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधित्वको व्यवस्था" भन्ने शब्दहरु राख्नु पर्ने । |
| २९. | **भाग-३३ संविधान संशोधन** | |
| ३०. | **भाग-३४ विविध** | • धारा २७६ पछि देहायको धारा २७७ थप गरी धाराक्रम मिलाउने :-<br>**"२७७. <u>समावेशी सिद्धान्त बमोजिम नियुक्ती गर्नु पर्ने</u> :** संवैधानिक निकायका पदमा नियुक्ती गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ ।"<br>• धारा २७८ को उपधारा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप्ने :-<br>"(छ) राष्ट्रियसभाको अध्यक्ष निर्वाचन नभएसम्मका लागि मन्त्रिपरिषद्मा प्रधानमन्त्री सदस्य रहेको राजनीतिक दल बाहेकको प्रमुख राजनीतिक दलको तर्फबाट प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेको एकजना मन्त्री -सदस्य"<br>• धारा २७९ को उपधारा (१) पछि देहायको उपधारा (२) राखी उपधाराक्रम मिलाउने :-<br>"(२) निजामती लगायत सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।"<br>• धारा २८१ पछि देहायको धारा २८२ राखी धाराक्रम मिलाउने :-<br>**"२८२.<u>गुठी जग्गा सम्बन्धी व्यवस्था</u>** : (१) गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउनेछ ।<br>(२) गुठी सम्बन्धी अन्य व्यवस्था कानून बमोजिम हुनेछ ।"<br>• धारा २८२ पछि देहायको २८३ थप गरी धाराक्रम मिलाउने :-<br>**"२८३. <u>राजनीतिक वा संवैधानिक निकायका पदहरुमा नियुक्तीको लागि अयोग्य हुने</u>** : यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुलुकको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड वा त्यस्तै कुनै प्रकारको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपाली नागरिक यस संविधान वा कानून बमोजिम नियुक्त हुने राजनीतिक वा संवैधानिक निकायको पदमा नियुक्तीका लागि योग्य हुने छैन ।<br>तर, विदेशी मुलुकको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड वा त्यस्तै कुनै प्रकारको स्थायी आवासीय अनुमतिपत्र त्याग गरेको एक वर्ष अवधि व्यतित भएपछि त्यस्तो राजनीतिक वा संवैधानिक निकायको पदमा नियुक्ती हुन बाधा पर्ने छैन ।" |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | • धारा २८४ मा रहेको "र मुल्यांकन" भन्ने शब्दहरु हटाउने । |
| ३१. | **भाग-३५<br>संक्रमणकालीन व्यवस्था** | • धारा २९१ को उपधारा (३) पछि देहायको उपधारा (४) राख्ने :-<br>"(४) संवैधानिक निकायमा हाल कायम पदाधिकारीहरु पुनः नियुक्ति नहुँदासम्म/पदावधि रहँदासम्म आफ्नो पदमा बहाल रहनेछन् ।"<br>• धारा २९२ पछि देहायको धारा २९३ राखी धारा क्रम मिलाउने :-<br>"२९३. **<u>प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरुको गठन र सञ्चालन</u>** : प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरुको गठन र सञ्चालन नभए सम्मका लागि प्रदेश र स्थानीय तहमा नागरिकलाई सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।"<br>• धारा २९३ को उपधारा (२) मा रहेको "बमोजिम भएका" भन्ने शब्दहरुको सट्टा "बमोजिमका" भन्ने शब्दहरु राख्ने । |
| ३२. | **भाग-३६<br>परिभाषा र व्याख्या** | • धारा २९५ को उपधारा (१) को खण्ड (ङ) मा रहेको "निवृत्तीभरण" भन्ने शब्द हटाउनु पर्ने । |
| ३३. | **भाग-३७<br>संक्षिप्त नाम, प्रारम्भ र खारेजी** | |
| ३४. | **अनुसूची-१<br>नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका** | • राष्ट्रिय झण्डाको चित्र राख्ने । |
| ३५. | **अनुसूची-४<br>प्रदेश र सम्बन्धित प्रदेशमा रहने जिल्लाहरु** | अनुसूची-४<br>(धारा ६० को उपधारा (३) संग सम्बन्धित)<br>**<u>प्रदेश र सम्बन्धित प्रदेशमा रहने जिल्लाहरु</u>**<br><br>• **<u>प्रदेश नं. १</u>**<br>१. ताप्लेजुङ<br>२. पाँचथर<br>३. इलाम<br>४. संखुवासभा<br>५. तेह्रथुम<br>६. धनकुटा<br>७. भोजपुर<br>८. खोटाङ<br>९. सोलुखुम्बु<br>१०. ओखलढुंगा<br>११. उदयपुर |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | १२. झापा<br>१३. मोरङ्ग<br>१४. सुनसरी<br>• **<u>प्रदेश नं. २</u>**<br>१. सप्तरी<br>२. सिराहा<br>३. धनुषा<br>४. महोत्तरी<br>५. सर्लाही<br>६. रौतहट<br>७. बारा<br>८. पर्सा<br>• **<u>प्रदेश नं. ३</u>**<br>१. दोलखा<br>२. रामेछाप<br>३. सिन्धुली<br>४. काभ्रेपलाञ्चोक<br>५. सिन्धुपाल्चोक<br>६. रसुवा<br>७. नुवाकोट<br>८. धादिङ<br>९. चितवन<br>१०. मकवानपुर<br>११. भक्तपुर<br>१२. ललितपुर<br>१३. काठमाण्डौं<br>• **<u>प्रदेश नं. ४</u>**<br>१. गोरखा<br>२. लमजुङ<br>३. तनहु<br>४. कास्की<br>५. मनाङ<br>६. मुस्ताङ<br>७. पर्वत<br>८. स्याङजा<br>९. म्याग्दी<br>१०. बाग्लुङ (पूर्वी भाग)<br>११. नवलपरासी (वर्दघाट सुस्ता पूर्व) |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | • **प्रदेश नं. ५**<br>१. नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)<br>२. रुपन्देही<br>३. कपिलबस्तु<br>४. पाल्पा<br>५. अर्घाखाँची<br>६. गुल्मी<br>७. बाग्लुङ (पश्चिम भाग)<br>८. रुकुम (पूर्वी भाग)<br>९. रोल्पा<br>१०. प्यूठान<br>११. दाङ<br>१२. बाँके<br>१३. बर्दिया<br>• **प्रदेश नं. ६**<br>१. रुकुम (पश्चिम भाग)<br>२. सल्यान<br>३. डोल्पा<br>४. जुम्ला<br>५. मुगु<br>६. हुम्ला<br>७. कालिकोट<br>८. जाजरकोट<br>९. दैलेख<br>१०. सुर्खेत<br>११. बाजुरा<br>१२. बझाङ<br>१३. डोटी<br>१४. अछाम<br>१५. दार्चुला<br>१६. बैतडी<br>१७. डडेल्धुरा<br>१८. कञ्चनपुर<br>१९. कैलाली |
| ३६. | **अनुसूची-४ संघको अधिकारको सूची** | • अनुसूची ४ को,-<br>(१) क्र.सं. (४) मा रहेको "र नियन्त्रण" भन्ने शब्द हटाउने,<br>(२) क्र.सं. (२६) मा रहेका "पर्यावरण" भन्ने शब्दको सट्टा "वातावरण" भन्ने शब्द राख्ने,<br>(३) क्र.स. (२७) मा रहेको "विमा नीति" भन्ने शब्दहरु पछि ", धितोपत्र, |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | सहकारीको नियमन" भन्ने शब्द थप्नु पर्ने,<br>(४) क्र.सं. (२७) पछि देहायको क्र.स. (२८) राखी क्र.सं. मिलाउने,- "(२८) भूउपयोग, बस्ती विकास, पर्यटन वातावरण अनुकूलन"<br>(५) क्र.सं (२९) पछि देहायका क्र.सं. (३०) र (३१) राख्ने :-<br>"(३०) सुरक्षित छापाखाना,<br>(३१) सामाजिक सुरक्षा र गरिवि निवारण" |
| ३७. | **अनुसूची-५ प्रदेशको अधिकारको सूची** | • अनुसूची ५ को,-<br>(१) क्र.सं. (२) मा रहेको "बैंक तथा" भन्ने शब्दहरु हटाउने,<br>(२) क्र.सं. (८) को सट्टा देहायएको क्र.सं. (८) राख्ने :-<br>"(८) प्रदेश स्तरको विद्युत, सिचाई र खानेपानी सेवा"<br>(३) क्र.सं. (१३) हटाउने,<br>(४) क्र.सं. (१४) मा रहेको "प्रादेशीक रेल्वे र" भन्ने शब्द हटाउने,<br>(५) क्र.सं. (१६) लाई हटाउने,<br>(६) क्र.सं. (१९) मा रहेका "र मालपोत संकलन" भन्ने शब्दहरु हटाउने,<br>(७) क्र.सं. (२१) लाई हटाउने,<br>(८) क्र.स. २२ मा रहेको "लिपि" भन्ने शब्द पछि "ललितकला" भन्ने शब्द थप्ने,<br>(९) क्र.सं. (२३) मा रहेको "पर्यावरण" भन्ने शब्दलाई "वातावरण" भन्ने शब्द राख्ने,<br>(१०) क्र.सं. (२४) मा रहेका "मदिरा तथा पेय पदार्थ उत्पादन, निर्माण खरिदविक्रि" भन्ने शब्दहरु हटाउने,<br>(११) क्र.सं. (२५) को सट्टा देहायको क्र.सं. (२५) राख्ने :-<br>"(२५) पुस्तकालय (केन्द्रीय बाहेक)।" |
| ३८. | **अनुसूची-७ स्थानीय तहको अधिकारको सूची** | • अनुसूची ७ को,-<br>(१) क्र.सं. १ मा रहेको "सामुदायीक प्रहरी" भन्ने शब्दहरु हटाउने,<br>(२) क्र.सं. (४) मा "मालपोत संकलन" भन्ने शब्द राख्ने,<br>(३) क्र.स. २४ को सट्टा देहायको क्र.स. २४ राख्नेः-<br>"(२४) भाषा, सँस्कृति र ललितकलाको संरक्षण र विकास।" |
| ३९. | **अनुसूची-८ संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची** | **अनुसूची-८**<br>(धारा ६१ को उपधारा (७) संग सम्बन्धित)<br>**संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**<br>१. सहकारी,<br>२. शिक्षा र खेलकुद,<br>३. स्वास्थ्य,<br>४. कृषि<br>५. विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु,<br>६. सेवा शुल्क, दस्तुर, दण्ड जरीवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | पर्यटन शुल्क,<br>७. वन, जंङ्गल, वन्य जन्तु, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता,<br>८. खानी तथा खनिज,<br>९. विपत व्यवस्थापन,<br>१०. सामाजिक सुरक्षा र गरिबी निवारण,<br>११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक,<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय,<br>१३. सुकुम्वासी व्यवस्थापन |

संविधानसभा र समितिमा भएको वा हुने छलफलका आधारमा संविधानको विधेयकको मस्यौदालाई संविधानसभा नियमावली, २०७० को नियम ९९ बमोजिम संशोधन पेश गर्ने समयावधीसम्म परिमार्जन गर्नु पर्ने प्रावधानमा विशेष समितिले सहमति कायम गर्न प्रयत्नरत रहने र भएको सहमतिको आधारमा मस्यौदा परिमार्जन गर्ने,

संविधानको मस्यौदा विधेयकमा संविधान तर्जुमाको दृष्टिले आवश्यक भाषा परिमार्जन मस्यौदा समितिले गर्ने ।

**नोट :** धर्म निरपेक्षता, संवैधानिक निकायका पदाधिकारीहरुको पुनर्नियुक्ति गर्ने वा नगर्ने र थ्रेसहोल्डबारे टुङ्गो लाग्न बाँकी ।

(मुकुन्द शर्मा)
**सचिव**

(मा० डा० बाबुराम भट्टराई)
**सभापति**

**सम्बत्** : २४ साउन २०७२

# फरक मत

द. नं. ०१
२०७२/०४/१२

# एकीकृत नेकपा (माओवादी) को फरकमत

१. जनतावाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति कार्यकारी प्रमुख रहने शाषकीय स्वरुप हुनुपर्ने ।

२. कैलाली र कंञ्चनपुरको थारु वहुल क्षेत्रलाई दाङ, बाके र बर्दिया सहितको प्रदेसमा नैं राख्नु पर्ने ।

३. झापा, मोरङ र सुनसरी सवै जिल्लाहरुलाई सवै भागहरु सहित प्रदेश न. १ मा राख्न नहुने ।

४. नागरिकताको अहिलेको प्रस्तावित व्यवस्थामा समेत लैङ्गिक विभेद कायम भएकाले नागरिकतामा नागरिकको स्वतन्त्र अस्तित्व, पहिचान र अधिकार स्थापित हुनेगरी परिमार्जन गर्नुपर्ने ।

५. निर्वाचन प्रणालीमा श्रमिक एंव विपन्न वर्गवाट समेत समानुपातिक तर्फवाट प्रतिनिधित्व गर्ने व्यवस्था गर्नु पर्ने ।

६. न्यायपालिकाको पुर्नसंरचना गर्ने ।

७. विशेष संरचना को व्यवस्था निम्न अनुसार गर्नु पर्ने ।

**बिशेष संरचना :** संघ, प्रदेश, र स्थानिय तहको मूल संरचनाको अतिरिक्त निम्नाअनुसारको विशेष संरचना कायम गर्न सकिने छ ।

(क) कुनै प्रदेश भित्र एक जाति/सुमदाय वा भाषिक समुदायको वाहुल्य भएको वा सघन उपस्थिति रहेको क्षेत्रलाई स्वायत्त क्षेत्र कायम गर्न सकिनेछ ।

(ख) अति अल्पसंख्यक रुपमा रहेका जाति/समुदाय, सांस्कृतिक क्षेत्र, लोपोन्मुख र सिमान्तकृत जातिहरुको संरक्षण र सम्वर्द्धन गर्न कुनै क्षेत्रलाई संरक्षित क्षेत्र कायम गर्न सकिनेछ ।

(ग) माथिका क्षेत्रले नसमेटेका सम्वन्धित प्रदेश भित्र पिछडिएका तथा आर्थिक र सामाजिक अवस्थाबाट पछाडि पारिएको क्षेत्र वा विषयगत क्षेत्रको विकास गर्न कुनै खास भौगोलिक क्षेत्रलाई विशेष क्षेत्र कायम गर्न सकिनेछ ।

फ. न. ०१
२०७२/०४/२४

माननीय सभापतिज्यु
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति, सिंहदरबार

**विषय : फरक मत पेश गरेको ।**

संविधानसभाबाट संविधान जारी गर्ने सम्बन्धमा संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समितिले मिति २०७२ श्रावण २४ गते पेश गरेको प्रतिवेदनमा निम्न बमोजिमको फरक मत पेश गर्दछु:

१. प्रस्तावनामा **मधेश आन्दोलन** थप गरिनु पर्दछ

धारा ११ (४) **कुनै व्यक्तिको** नेपालमा जन्म हुँदाका बखत हटाउनु पर्ने

२. धारा १२(२) **नेपाली** महिलाको हकमा सीमित गरिएको रहेछ जुन कुरा अहिले ल्याइएको “वा” प्रावधानसँग बाझिने अवस्था छ **यसकारण** यो धारा हटाउन आवश्यक छ :

३. जन्मसिद्ध नागरिकको सन्तानलाई वंशजको नागरिकता दिने प्रावधान थपिनु पर्छ ।

४. धारा १५ गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने भागमा नेपाली **मूलको** लाई हटाउनु पर्छ

५. धारा २३ समानतासम्बन्धी हकको प्रतिबन्धात्मक वाक्यांशको अन्तमा आर्थिकरुपले विपन्न खस आर्यलगायत भन्दा पनि **पिछडिएको** क्षेत्रले यसलाई समेटने हुनाले राख्न नपर्ने

६. धारा ४७ को **खसआर्यले** राज्यमा आरक्षण पाउने धाराको भाषा परिवर्तन गरी अन्तरिम संविधानमा रहेको धारा २१ को समाजिक हकलाई निरतरता दिनुपर्ने वा समावेशीबाट खसआर्य हटाउनु पर्ने

७. नेपालमा **अनुसूची** ४ मा उल्लेख भए बमोजिम हालका जिल्लाहरु सम्मिलित ६ प्रदेशको खाका झिकी झापा देखी पर्सा सम्मका **सम्पूर्ण** जिल्लहरुको एउटा प्रदेश र चितवन देखी कन्चनपुर गरी मधेशमा दुइ प्रदेश राख्नु पर्ने

८. **प्रदेश नं. २**

- झापा
- मोरङ्ग
- सुनसरी
- सप्तरी
- सिराहा
- धनुषा
- महोत्तरी
- सर्लाही
- रौतहट
- बारा
- पर्सा

**प्रदेश नं. ३**

- चितवन

# राष्ट्रिय प्रजातन्त्र पार्टी
## संविधान सभा दलको कार्यालय
सिंहदरबार, काठमाण्डौं

द.नं. ०५
२०७२/०४/२४

संसदीय दलको नेता

मिति २०७२/४/२४

श्री माननीय सभापति ज्यू ,
राजनैतिक संवाद समिति,
सिंहदरवार ,काठमाण्डौ ।

विषय : फरक मत सहित असहमति दर्ता गराएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा प्रमुख चार राजनैतिक दलहरु वीच संघीय प्रदेशको सिमांकनको सर्न्दभमा भएको ६ प्रदेश सहितको सहमतिमा राष्ट्रिय प्रजातन्त्र पार्टीको गम्भीर ध्यानआर्कषण भएको छ । विगतमा ९ (नौ) बुदे सहमति गर्दा (पर्सा देखि सप्तरी सम्म र नवलपरासी देखि बर्दिया सम्म) दुई प्रदेशको प्रस्ताव प्रस्तुत गरि रहेको सर्न्दभमा कुनै बैज्ञानिक आधार विना चार राजनैतिक दलका नेताहरु बसेर सरोकारवालाहरुसंग कुनै छलफल नै नगरि एकाएक नवलपरासी देखि बर्दिया सम्मको क्षेत्रमा अव्यवहारिक ढंगले अत्याधिक संख्यामा पहाडी जिल्लाहरु समावेश गरेकोमा राष्ट्रिय प्रजातन्त्र पार्टीले असहमति व्यक्त गर्दछ र पुनः विचारको लागि जोडदार माग गर्दछ ।

सहयोगको लागी धन्यवाद ।

.................................
मा.दीपक बोहरा
नेता,रा.प्र.प्रा संसदीयदल

फोन नं.: ०१-४२०००५१
फ्याक्स नं. : ०१-४२११९७७

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

६.ग.०६
२०७२।४।२४

च. नं.

मिति : ............................

माननीय सभापतिज्यू,
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा, सिंहदरवार, काठमाडौं ।

**विषयः फरक मत पेश गरेको ।**

नेपाली जनताको लामो संघर्षपछि जनताबाट निर्वाचित संविधानसभाबाट संविधान घोषणा हुँदैछ । संविधानसभाको छलफलमा नेपाल मजदुर किसान पार्टीका सभासदहरुले देश र जनताको हितमा संविधानमा समावेश हुनुपर्ने विषयहरु प्रस्तुत गर्दै आउनु भएको छ । तर संविधानको पहिलो मसौदामा ती विषयहरु समावेश नगरिकनै जनताको प्रतिकृया संकलन गरियो । मसौदा अध्ययनपछि जनताबाट प्राप्त सुझावहरु एक एक केलाएर संविधान निर्माणको काम नभएकोमा संविधानसभाका सदस्यहरुबाटै सभामा गुनासो भयो । यस समितिबाट गठित विशेष समितिको २०७२ साउन २३ गते यस समितिमा प्रस्तुत प्रतिवेदनमा पनि जनताका सुझाव समेटिएन । नेपाल मजदुर किसान पार्टीले जनताबाट प्राप्त सुझाव समावेश गरी प्रस्तुत गरेका विषयहरु समेटेर संविधान घोषणा गरिए नेपाल र नेपाली जनताको दीर्घकालीन हित हुने हुँदा देहायबमोजिम फरक मत पेश गरेको छु-

१. प्रस्तावना

जनताको सार्वभौम अधिकार, संसदको सर्वोच्चता, पूर्ण प्रेस स्वतन्त्रता, स्थानीय निकायको स्वायत्तता र विकेन्द्रीकरणको अधिकारलाई आत्मसात् गर्दै, उल्लेख गर्नुपर्ने ।

२. नेपाल राज्य

- नेपाल "...वैज्ञानिक समाजवादउन्मुख राज्य....." उल्लेख गर्नुपर्ने ।
- यो संविधान प्रारम्भ हुँदा बखतको क्षेत्रफल १,४७,१८१ वर्ग किमी, उल्लेख गर्नुपर्ने ।
- नेपालको ७१ स्थानमा ६० हजार हेक्टरभन्दा बढी अतिक्रमित नेपाली भूमि फिर्ता गर्न र खुला सिमाना नियमित गर्न कुटनीतिक पहल गर्नेछ, उल्लेख गर्नुपर्ने ।

३. राष्ट्रिय गान इत्यादिमा राष्ट्रिय जनावर "...एक सिङ्गे गैंडा..." उल्लेख गर्नुपर्ने ।

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ............................

- महिलालाई बिदेशमा लगी बेच्ने, म्यानपावर कम्पनीको नाममा ठगी गर्ने, झुक्याएर गलत ठाउँमा विवाह गरिदिने, बलात्कारी, दाइजो वा दहेजको नाममा हिंसा वा हत्या गर्नेबाट पीडितलाई क्षतिपूर्ति भराई निजलाई मृत्युदण्डसमेतको सजाय दिइनेछ,
- राज्यको प्रत्येक संरचनामा कामदार महिलाको जनसंख्याको अनुपातमा प्रतिनिधित्व गराइनेछ, थप्नुपर्ने ।

१४. बालबालिकासम्बन्धी हक

प्रत्येक गाविस र नगरपालिकाका वडामा नि:शुल्क शिशुस्याहार केन्द्र र बालोद्यानको व्यवस्था गरिनेछ, थप्नुपर्ने ।

१५. "दलित" सम्बन्धी हकलाई "आर्थिक रुपले विपन्न वर्गको हक" उल्लेख गरी "दलित" भनी सामन्ती व्यवहार गर्नेलाई कडा कार्वाही गरिनेछ, थप्नुपर्ने ।

१६. जेष्ठ नागरिकको हक

- जेष्ठ नागरिकलाई नि:शुल्क आदर निकेतनको व्यवस्था गरिनेछ, थप्नुपर्ने ।
- ६० वर्ष नाघेका सबै जेष्ठ नागरिकलाई समान निर्वाह भत्ता वा निवृत्तिभरणको बन्दोबस्त गरिनेछ, थप्नुपर्ने ।

१७. सामाजिक न्यायको हक

आर्थिकरुपले पछाडि परेका वर्गलाई जनसंख्याको अनुपातमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुनेछ । सामाजिक न्यायको लागि उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गरिनेछ, उल्लेख गर्नुपर्ने ।

१८. नागरिकका कर्तव्य

- देशद्रोही र जनद्रोहीविरुद्ध राज्यलाई सूचना दिनु प्रत्येक नागरिकको कर्तव्य हुने,
- हरेक नेपाली नागरिकले देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई 'आँखाको नानी' जस्तै जोगाउन कर्तव्यनिष्ठ रहने,
- आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरुलाई गुप्त र रक्षा मामिलाको सूचना दिने तथा जनताको हितविपरित काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने,
- हरेक नागरिकले जातीय, क्षेत्रीय र भाषागत मेलमिलाप र सद्भावनाको निम्ति कार्यरत रहने तथा देशको विभिन्न भाषा, साहित्य, कला र संस्कृतिलाई माया र आदर गर्ने,



C

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


मिति : ..............................

च. नं.

- देशको भू-अखण्डता र सीमा तथा सम्पत्ति सुरक्षाको निम्ति हरेक नागरिक स्वयम्‌सेवक हुन सदा तत्पर रहने,
- टुहुरा-टुहुरी, अशक्त, विधवा र जेष्ठ तथा असहाय नागरिकहरुको सेवामा सहयोग गर्ने,
- श्रमको सम्मान गर्नु सबै नागरिकको कर्तव्य हुने, थप्नुपर्ने ।

१९. राज्यको स्वरुप

- भूगोल र प्राकृतिक श्रोत साधनको आधारमा प्रत्येक प्रदेशमा हिमाल-पहाड-तराई समावेश चौध(१४) प्रदेश बनाइनेछ,
- प्रस्तावित अनुसूची ४ मा चौध प्रदेशको नाम देहायबमोजिम हुनेछः (प्रदेशको नामाङ्कन र सिमाङ्कन नक्सा अन्तिम पृष्ठमा संलग्न छ)
  मेची, कोशी, सगरमाथा, जनकपुर, नारायणी, बागमती, लुम्बिनी, गण्डकी, अन्नपूर्ण, राप्ती, भेरी, कर्णाली, सेती र महाकाली उल्लेख गर्नुपर्ने ।
- प्रस्तावित उपधारा(४) हटाउनु पर्ने
- देशको रक्षा, परराष्ट्र, राष्ट्रिय यातायात, संचार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान तथा प्रविधि, खनिज र जलश्रोत, हुलाक, भंसार आदि संघीय सरकारमा निहित हुनेछ,
- अवशिष्ट अधिकार संघमा निहित रहनेछ,
- संघको केन्द्रीय विश्वविद्यालय हुनेछ,
- कृषि, उद्योग, शिक्षा, स्वास्थ्य, प्रादेशिक स्तरको खनिज, जलश्रोत, यातायात, घरेलु तथा कुटीर व्यवसाय, प्रादेशिक कर, भाषा र संस्कृति आदि प्रदेश सरकारको मातहत हुनेछ,
- आत्मनिर्णयको अधिकारसहित जातजाति र भाषाभाषीको आधारमा प्रदेश गठन गरिने छैन,
- प्रदेशमा जनमत संग्रहको व्यवस्था हुने छैन, थप्नुपर्ने ।

२०. राज्य शक्तिको बाँडफाँट

स्थानीय तहको अधिकार अनुसूचीमा

- सक्षम स्थानीय निकाय र नगरपालिकाहरुलाई विश्वविद्यालय संचालन गर्ने अधिकार हुनेछ,
- स्थानीय निकायमा बेचबिखन हुने र उत्पादन हुने बस्तुमा स्थानीय निकायले निर्णय गरी आवश्यकतानुसार थप कर लगाउन सक्नेछ, थप्नुपर्ने ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np


च. नं.

मिति : ............................

३४. संविधान संशोधन

संसदको सर्वोच्चता एवं स्थानीय निकायको स्वायत्तता र विकेन्द्रीकरण विपरीत हुनेगरी, उत्पादनका मुख्य मुख्य साधन र सेवाहरुमा राज्यको स्वामित्व विपरीत हुनेगरी तथा निर्वाचनमा पाएको मतको आधारमा मात्र दललाई मान्यता दिने निर्दलीय निरंकुशताउन्मुख शर्त(थ्रेस होल्ड) राखी संविधान संशोधन हुने छैन, थप्नुपर्ने ।

३५. सन्धि-सम्झौता

नेपालको हितविपरीतका विदेशीसंगको सबै सन्धि-सम्झौताहरु खारेज गरिनेछ, थप्नुपर्ने ।

३६. विविध

- थप हुने धारा २७७ मा "समावेशी सिद्धान्त बमोजिम" को सट्टा "समानुपातिक समावेशी......." उल्लेख गर्नुपर्ने ।
- सेना एवं प्रहरीका प्रमुखहरु तथा विश्वविद्यालयका उपकूलपति, शिक्षाध्यक्ष, रेक्टरजस्ता उच्च पदहरु सम्बन्धित क्षेत्रबाट निर्वाचन गरी नियुक्ति गरिनेछ, उल्लेख गर्नुपर्ने ।

३७. पदाधिकारीको नागरिकतासम्बन्धी विशेष व्यवस्था

- राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र न्यायाधीशहरु, प्रतिनिधिसभाका सभामुख, उपसभामुख, संघ र प्रदेशका मन्त्री र सदस्यहरु, सुरक्षा निकायका प्रमुख, प्रदेशका प्रमुख, उपप्रमुख, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु र सदस्यहरु, स्थानीय निकायका पदाधिकारी र सदस्यहरु, सरकारी र गैरसरकारी सेवामा रोजगारी आदिको लागि वंशजको आधारमा नेपाली नागरिक हुनु पर्नेछ, उल्लेख गर्नुपर्ने ।
- थप हुने २८३ धाराको प्रतिवन्धात्मक वाक्यांश हटाउनु पर्ने ।

३८. संसदीय सुनुवाईसम्बन्धी व्यवस्था

दुवै सदनको संयुक्त संसदीय सुनुवाई समितिको दुई तिहाई बहुमतबाट स्वीकृत गरिनेछ, थप्नुपर्ने ।

३९. स्थानीय निकायसम्बन्धी व्यवस्था

संविधान घोषणा भएको तीन महिनाभित्र स्थानीय निकायको चुनाव गर्ने र तीन महिनाभित्र स्थानीय निकायको चुनाव नभएमा २०५४ सालको स्थानीय निकायमा निर्वाचित प्रतिगमनकारी नभएका इच्छुक जनप्रतिनिधिहरु स्थानीय निकायको अर्को निर्वाचन नभएसम्मको लागि स्वतः पुनःस्थापना हुनेछ, थप्नुपर्ने ।

# नेपाल मजदुर किसान पार्टी
## संसदीय दलको कार्यालय


सिंहदरबार, काठमाडौं

दलको कार्यालय : ४२२३०७४
केन्द्रीय कार्यालय : ६६१०९७४
फ्याक्स : ६६१३२०७
इमेल : nwpp@ntc.net.np

मिति : ...............................

च. नं.

**अनुसूचि ४ मा देहायबमोजिम प्रदेशको सिमाङ्कन र नामाङ्कनसम्बन्धी नक्सा उल्लेख गर्नुपर्ने ।**




नाम, थर: नारायणमान बिजुक्छे
२४ श्रावण २०७२

मितिः २०७२ साउन

सदस्य, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
सदस्य, संविधानसभा, सिंहदरवार
अध्यक्ष, नेपाल मजदुर किसान पार्टी

बहुजन शक्ति पार्टी
Bahujan Shakti Party
केन्द्रीय कार्यालयः गौशाला, पिङ्गास्थान, काठमाडौं, नेपाल, फोन : ९७७-१-४४७८७८०
Central Office: Gaushala, Pinglasthan, kathmandu
Tel: +977-1-4478780 Email: bahujansp@gmail.com

६.७.०८
२०६२।४।२५

माननीय सभापतिज्यू
संवैधानिक - राजनीतिक संवाद तथा सहमति समिति

मितिः २०६२।४।२४

विषयः संविधानमा समेटनु पर्ने विषयहरु।

उपयुक्त विषयमा हाम्रो पाटीको संविधानमा समेटनु पर्ने निम्न विषय भएको व्यहोरा अनुरोध छ ।

१. बहुजन डाइभर्सिटि हकको संवैधानिक व्यवस्था सहित आदिवासी जनजाति दलित, पिछडा वर्ग, महिला, मुस्लीम समुदाय लगायत उत्पिडित समुदायको लागि सत् प्रतिशैतमा तेत्तीस प्रतिशत महिला, अठार प्रतिशत दलित, दश प्रतिशत मुस्लिम, पन्ध्र प्रतिसत ओ.वि.सी. लगायतलाई केन्द्र, प्रान्त स्थानीयमा थप ५ प्रतिशत गरी विशेष आरक्षणको व्यवस्था छुट्टै अध्याय वनाई व्यवस्था गर्नुपर्ने । र राज्यको सबै अंग तह निकाय सरकारी अर्ध सरकारी गैर सरकारी लगायत सबै निकायमा आरक्षणको व्यवस्था दलीतको लागि होस ।

२. समग्रमा प्रान्तलाई ७० प्रतिशत र स्थानीय लाई ७० प्रतिशतको अधिकार हुनुपर्ने ।

३. भ्रष्टाचारी, वलात्कारी, देश द्रोहीलाई आजीवन कारावास, सम्पत्ति राष्ट्रियकरण र मुत्यूदण्डको समेत संवैधानिक व्यवस्था हुनुपर्ने,

४. राशनकार्ड वस्त्र कार्ड, किशान कार्ड, मजदुर कार्ड, वेरोजगारी कार्ड, हेल्थ कार्ड, निशुल्क शिक्षा कार्डको संवैधानिक व्यवस्थाका साथै मजदुर र किसानकार्डको विशेष व्यवस्था हुनुपर्ने ।

५. धर्म निरपेक्ष राष्ट्र होस सबै धर्मको बराबर हक अधिकार को व्यवस्था होस,

६. अधिकार सम्पन्न प्रान्त होस

जय भीम

७. दलित गरिब लाई निशुल्क सुलभ नागरिकता V.D.C मा वितरण को व्यवस्था होस :

अध्यक्ष
मो. विरेन्द्र पासवान
संविधान सभासदस्य

# राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल
## संसदीय दलको कार्यालय
### सिंहदरवार, काठमाडौं

दलका नेताः मा. कमल थापा


मिति : २०७२ साउन २४ गते

६.२.०५
२०७२/४/२४

माननीय सभापति ज्यु,
संवैधानिक राजनैतिक सम्वाद तथा सहमति समिति
सिंहदरवार, काठमाण्डौ

**बिषय: नेपालको भावि संविधानमा समावेश गरिनु पर्ने विषयहरु बारे राप्रपा नेपालको फरक मत**

माननीय सभापति ज्यु,

नेपाली जनताको चाहना अनुरुप संबिधान निर्माणको कार्यमा राप्रपा नेपालले सदैव सकारात्मक एवं रचनात्मक योगदान पुऱ्याउँदै आएको सर्वविदित छ । कतिपय बिषयहरुमा राप्रपा नेपालको आधारभुत रुपमा नै फरक दृष्टिकोण रहेको भएता पनि संबिधान र नियमावलीमा भएको व्यवस्था अनुरुप विधि र प्रक्रियाबाट हुने निर्णयमा राप्रपा नेपाल सदैव सकारात्मक रहने पार्टीको स्पष्ट धारणा रहेको छ । तर, दुर्भाग्यवश संबिधानसभालाई उपेक्षा गरेर संबिधानसभा भन्दा बाहिर निर्णय गर्ने र त्यस्तो निर्णय संबिधानसभामा लाद्ने जुन प्रवृत्ति जारि रहेको छ, त्यस प्रति राप्रपा नेपालको गंभीर आपत्ति प्रकट गर्दछ ।

यसै सन्दर्भमा नेपालको भावि संबिधानमा समेटिनु पर्ने अन्तर्वस्तु सहितको फरक मत यसै साथ संलग्न गरेको छु । संबिधानसभाको पुर्ण बैठकमा पेश गरि छलफलमा ल्याउन सहयोग गरि दिनु हुन अनुरोध गर्दछु ।

**भावि संविधानमा समावेश गरिनु पर्ने मुख्य अन्तरवस्तुहरु तथा राप्रपा नेपालको फरक मत**

१) धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रका सम्बन्धमा राप्रपा नेपालको पूर्ण असहमति रहेको छ । त्यसर्थ, संबिधानका तत्सम्बन्धि बिभिन्न प्रावधान तथा अन्तर्वस्तुहरुमा समेत राप्रपा नेपालको स्वभाविक रुपले सहमति रहेको छैन । त्यसर्थ, ति बिषयसंग सम्बन्धित सबै प्रावधान र अन्तर्वस्तुहरु सहमति कायम हुन नसकेको बिषयका रुपमा संबिधानसभामा प्रस्तुत गरि दिनु अनुरोध छ ।

**२) सर्वधर्म सहअस्तित्व एवं पुर्ण धार्मिक स्वतन्त्रता सहितको हिन्दु राष्ट्र:**

क. नेपाल सर्वधर्म सहअस्तित्व एवं पूर्ण धामिर्क स्वतन्त्रता सहितको सनातन धर्मसापेक्ष हिन्दु राष्ट्र हुनेछ ।

ख. धार्मिक आस्था, बिश्वास र मान्यताका आधारमा कुनै पनि प्रकारको भेदभाव, अन्याय र दुर्व्यवहार गरिने छैन ।

ग. आ-आफ्नो धार्मिक मान्यता, परम्परा र रितिरिवाजको अवलम्वन र अभ्यास गर्ने स्वतन्त्रता रहनेछ । तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

**३) राष्ट्रप्रमुख :**

क) नेपालको धार्मिक सांस्कृतिक एवं राष्ट्रिय एकताको प्रतिकको रुपमा राजसंस्था रहनेछ ।

ख) संबैधानिक राष्ट्रप्रमुखको रुपमा राजसंस्था रहने व्यवस्था गरिनेछ ।

**४) कार्यपालिका:**

क. देशको कार्यकारिणी अधिकार प्रधानमन्त्री र मन्त्रीपरिषदमा नीहित रहनेछ ।


सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. ०१-४२००११३, ०१-४२००१२७, फ्याक्स: ०१-४२००१२७
ई-मेल: rppnsamsadiadal@gmail.com वेभ: www.rppn.org

(७) ४ दलले गरेको १६ बुदे सहमतिले प्रदेशको सिमांकन र नामांकन नभएको संविधान घोषणा, जुन बिषय अन्तरिम संविधानको बिपरित, सम्बिधानसभालाई जनताले दिएको मतादेश बिपरित र बिभिन्न आन्दोलनको जनादेश बिपरित रहेको छ ।

यसर्थ यस बिषयमा गम्भिर असमति जनाउदै प्रस्तुत मस्यौदा उपर संविधानसभा नियमावली २०७० बमोजिम शंसोधन प्रस्ताव पेश गरिएको छु ।

अब बन्ने समानुपातिक समावेसी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक धर्मनिरपेक्ष नेपालको नया संविधानमा रहनु पर्ने शंसोधन सहितको ब्यवस्था यसैसाथ पेश गरेको छु ।

गोपाल दहित
संसदीय दलको नेता
थरुहट तराई पार्टी नेपाल

# मस्यौदा संविधानमा संसोधनका लागि थरुहट तराई पार्टी नेपालबाट प्रस्तुत संशोधन प्रस्तावहरु र फरक मतहरु

| प्रस्तावना /धारा | मस्यौदामा भएको प्रावधान | संशोधन वा थप गर्नु पर्ने (धारा र उपधारा सहित) |
|---|---|---|
| प्रस्तावन I | दोश्रो अनुच्छेद | "जनताको सार्वभौम अधिकार र स्वायत्तता" भन्ने शब्दावली बीचमा "**आत्मनिर्णयको अधिकार**" थप गर्ने |
| प्रस्तावन I | तेश्रो अनुच्छेद | (थप गर्ने) ............ सशस्त्र संघर्षपछि "**आदिवासी जनजाति आन्दोलन, मधेशी आन्दोलन, थरुहट आन्दोलन, खम्बुवान आन्दोलन, दलित आन्दोलन, मुस्लिम आन्दोलन, आदि**" थप गर्ने । |
| प्रस्तावन I | छैथौं अनुच्छेद | (संशोधन गर्ने)<br>जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, **समुदायगत प्रतिष्ठा अधिकार,** मौलिक अधिकार, मानव अधिकार, बालिक मताधिकार, **सामाजिक समावेशीकरण, धर्म निरपेक्षता,** आखधिक निर्वाचन, प्रस स्वतन्त्रता, स्वतन्त्र निश्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारण लगायतका लोकतान्त्रिक मुल्य र मान्यतालाई अवलम्वन गरि समाजवादको आधार निर्माण गर्न प्रतिवद्ध रहदै....... |
| प्रस्तावन I | अन्तिम अनुच्छेद | (थप गर्ने) ............ माध्यमद्धारा (थप्ने) **अग्रगामि पुनर्संरचना, समन्याय, समानता, शासन, शत्ता र श्रोतमा साझेदारी**<br>....दिगो शान्ति, सुशासन............मार्फत यो **संघीय** संविधान नेपालका लागि .......... **संघीय** शब्द थप गर्ने । |
| धारा ४ | नेपाल राज्य | (१) नेपाल स्वतन्त्र को अगाडि "**संघीय**" शब्द थप गर्ने । |
| धारा ५ | राष्ट्र हित | (थप्ने)<br>(३) **समानुपातिक समावेशी, सहभागितामूलक शासन, अधिकार सम्पन्न संघ, प्रदेश, विशेष संरचना र संरक्षीत क्षेत्रका माध्यमबाट सबै समुदायको शक्ति, साधन र स्रोतमा साझेदारी हुनेछ ।** |
| | | (थप गर्ने)<br>(४) **नेपाल पक्ष राष्ट्र रहेको अन्तरराष्ट्रिय मानव अधिकारले प्रत्याभूत गरेका मानव अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने ।** |
| धारा ७ | सरकारी कामकाजको भाषा | (२) नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रुपमा चलन गरिनेछ । ("**कानून बमोजिम**" र "**सकिनेछ**" लाई हटाउने) |
| धारा ७ | | (थप गर्ने)<br>(३) **प्रदेशका सरकारी कामकाजका भाषाहरु संघको समेत सरकारी कामकाजको भाषा मानिनेछ ।** |
| धारा ९ | राष्टिय गान, इत्यादि | (३) राष्टिय जनावर "**गाई**" लाई हटाई एक सिंगे "**गैंडा**" राख्ने । |
| धारा २५ | न्याय सम्बन्धी हक | (थप गर्ने ) र प्रस्ताविक उपधारा १ लाई २, २ लाई ३ सार्दै लाने र १० लाई ११ बनाउने । र थप्नु पर्ने बिषय<br>(१) कुनै पनि व्यक्ति तथा समुदायको न्यायिक हक संरक्षित हुनेछ । आदिवासी जनजातिहरुलाई यस संविधान तथा अन्तर्राष्ट्रिय कानूनको मापदण्ड अनुरुप आफ्नो न्यायिक संस्था र प्रथाजनित कानूनको अभ्यास गर्ने हक हुनेछ । |

| | | |
|---|---|---|
| | | राखेको, र नेपालमा शासक जातिको रुपमा चिनिने जातिको लागि यस्तो व्यवस्था गर्नु हास्यास्पद हुन्छ, यसर्थ हटाउनु पर्दछ) ।<br>(थप गर्ने)<br>**(९) आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्दै यस समुदायसग सरोकार राख्ने निर्णयहरुमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संबर्द्धन गर्ने ।**<br>**(१०) प्रत्येक ब्यक्ति वा समुदायलाई बंश बिनास वा बिलय हुन नपर्ने अधिकार हुनेछ ।**<br>(११) आदिबासी, जनजातिलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने तथा सशक्तिकरण र विकासको लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ ।<br>(१२) आदिवासी समुदायलाई भूमि र प्राकृतिक सम्पदामाथि अग्राधिकारको हक हुनेछ । |
| भाग २९ | (थप गर्ने) **आदिवासी जनजाति आयोग र थारु आयोग** | (१) संवैधानिक रुपमा आदिवासी जनजाति आयोगको व्यवस्था गर्ने<br>(२) संवैधानिक रुपमा थारु आयोगको व्यवस्था गर्ने |
| | (थप गर्ने) **आदिवासी जनजाति आयोगको काम, कर्तव्य र अधिकार** | (१) नेपालमा भएका आदिवासी जनजाति सम्वन्धि अध्ययन तथा अन्वेषण गरी त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>(२) आदिवासी जनजातिहरुको भाषा तथा सँस्कृतिको जगेर्ना एवं तीनिहरुको उत्थान र विकासका निम्ती आदिवासी जनजाति हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(३) आदिवासी जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत आदिवासी जनजाति हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) आदिवासी जनजाति अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(५) आदिवासी जनजातिलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । |
| धारा ५९ | निर्देशक शिद्धान्त अन्तरगत अदालतमा | (संशोधन गर्ने)<br>**अदालतमा प्रश्न उठाउन पाउने वा नपाउने सम्बन्धमा यस भागमा लेखिएका कुनै विषय राज्यले प्रगतिशील ढंगले वा इमान्दारितापूर्वक कार्यान्वयन नगरेकोमा वाहेक कार्यान्वयन भए वा नभएको सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।** |

# मस्यौदा संविधानमा संसोधनका लागि थरुहट तराई पार्टी नेपालबाट प्रस्तुत संशोधन प्रस्तावहरु र फरक मतहरु

| | | |
|---|---|---|
| | प्रश्न उठाउन नसकिने | |
| धारा ६० (३) | नेपालमा ८ प्रदेश रहने | (१) नेपालको एकात्मक राज्यको स्वरुपलाई पुनर्संरचना गरी समानुपातिक समावेसी संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई ११ (एघार) स्वायत्त प्रदेशमा विभाजन गरिएको छ। जुन यस प्रकार छन्।<br>(१) **थरुहट स्वायत्त प्रदेश** : चितवन उपत्यकादेखि सुर्खेत र दाङ उपत्यका सहित पश्चिम कैलाली र कञ्चनपुर जिल्लासम्म । कैलाली, दाङ, नवलपरासी र चितवन जिल्लाको उत्तरी खण्डका गाविस जसमा मूलवासी थारूहरूको बसोबास छैन, त्यस्ता गाविस र/वा वडालाई उत्तरी खण्डको सम्बन्धित प्रदेशमा समावेस गरिनेछ।<br>(२) **मध्य तराई सिम्रौनगढ प्रदेश** : पर्सादेखि धनुषा जिल्लासम्मको क्षेत्र ।<br>(३) **पूर्वी थरुहट कोचिला स्वायत्त प्रदेश** : सिराहादेखि उदयपुर उपत्यका त्रिजुगा खण्ड सहित झापा जिल्लासम्म ।<br>(४) **लिम्बुवान स्वायत्त प्रदेश** : ताप्लेजुङ, इलाम, पाचथर, तेह्रथुम, संखुवासभाको केही पूर्वी भाग, धनकुटाको केही पूर्वी भाग र मोरङको उत्तरी भाग (चुरे पारीको)।<br>(५) **खुम्बुवान स्वायत्त प्रदेश** : धनकुटा, संखुवासभा, सोलुखुम्बु, खोटाङ, उदयपुर उपत्यका बाहेकको क्षेत्र, ओखलढुंगा, दोलखा, रामेछाप, सिन्धुली र भोजपुर।<br>(६) **ताम्सालिङ स्वायत्त प्रदेश** : काभ्रेपलाङचोक, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर र चितवन उपत्यका बाहेकको क्षेत्र ।<br>(७) **नेवा स्वायत्त प्रदेशः** काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्ला<br>(८) **तमुवान स्वायत्त प्रदेश** : कास्की, मनाङ, लमजुङ, गोर्खा, मुस्ताङ, स्याङ्जा, तनहु, र पाल्पा।<br>(९) **मगरात स्वायत्त प्रदेशः** रूकुम, रोल्पा, सल्यान, अर्घाखाची, गुल्मी, बाग्लुङ, म्याग्दी, प्यूठान र पर्वत ।<br>(१०) **खसान स्वायत्त प्रदेश** : हुम्ला, जुम्ला, डोल्पा, मुगु, सिमिकोट, कालिकोट, दैलेख, सुर्खेत उपत्यका बाहेको क्षेत्र र जाजरकोट ।<br>(११) **खप्तड स्वायत्त प्रदेश** : डोटी, डडेल्धुरा, बाजुरा, बझाङ, अछाम, दार्चुला र बैटडी । |
| धारा ६० | आदिवासीक लागि विषेश व्यवस्था | नयाँ ☐ उपधारा थप गर्ने :<br>आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था : पुख्यौंली भूमि वा भू-क्षेत्र स्पष्ट खुलेको कम संख्यामा रहेको<br>(१) प्रदेश भित्र कम संख्यामा रहेका आदिवासी जनजातिको लागि "स्वायत्त संरक्षित क्षेत्र" को व्यवस्था हुनेछ।<br>(२) प्रदेश भित्रको कम संख्यामा रहेको र पुख्यौंली भूमि वा भू-क्षेत्र स्पष्ट नखुलेको आदिवासी जनजातिको पहिचान र अधिकारको व्यवस्था सम्बन्धीत प्रदेशको व्यवस्थापिकाले कानुन बनाई त्यसको व्यवस्था गर्नेछ।<br>(३) पुख्यौंली भूमि वा भू-क्षेत्र स्पष्ट नखुलेको कम संख्यामा रहेको अदिवासी जनजातिको पहिचान, संरक्षण र अधिकारको लागि प्रदेशले विशेष कानूनी वा अन्य उपाय अपनाउनेछ।<br>(४) सीमा पारीका आदिवासी प्रजातिका मानिसहरुबीच सम्पर्क, सम्बन्ध र सहयोग अभिबृद्धि गर्न पाउने अधिकार हुनेछ। |
| धारा ६० | आदिवासीक | **(नयाँ थप गर्ने)** |

| | | |
|---|---|---|
| २१३, २१४, २२१, २२२ | निकाय | **सदस्य हुनेछ।**<br>धारा २१३ उपधारा ५ थप गर्ने नौ ९ वडाका ९ जना वरघर मध्ये ३ जना गाउ कार्यपालिकाको पदेन सदस्य हुनेछन।<br>धारा २१४ को उपधारा ५ मा थप्ने......११ वडाका ११ जना वरघर मध्ये ४ जना नगर कार्यपालिकाको पदेन सदस्य हुनेछन।<br><br>धारा २२१ को उपधारा १ मा थप्ने......साथै प्रत्येक वडावाट एक एक जना वरघर गाउ सभाको पदेन सदस्य हुनेछन।<br>धारा २२२ को उपधारा १ मा थप्ने......साथै प्रत्येक वडावाट एक एक जना वरघर नगर सभाको पदेन सदस्य हुनेछन।<br>धारा २२१ को उपधारा ३ मा थप्ने......सम्वन्धित वडाको वरघर सोहि वडाको वडा समितिको पदेन सदस्य हुनेछ।<br>धारा २२२ को उपधारा ३ मा थप्ने......सम्वन्धित वडाको वरघरहरू मध्ये २ जना वरघर सोहि वडाको वडा समितिको पदेन सदस्य हुनेछ। |
| धारा २४९ | **संघीय प्राकृतिक स्रोत तथा वित्तीय आयोग** | **संघीय प्राकृतिक श्रोत र बित्तिय आयोग अलग अलग हुनुपर्ने गरी सुझाव पेश**<br>**१. संघीय प्राकृतिक श्रोत आयोग गठनः**<br>(१). नेपालमा एकसंघीय प्राकृतिक स्रोत आयोग हुनेछ जसमा अध्यक्ष सहित बढीमा ५ जना समानुपातिक समावेसी सदस्य रहनेछन्।<br>२. संघीय प्राकृतिक स्रोत आयोगको काम कर्तव्य र अधिकार:<br>(क) प्राकृतिक स्रोत सम्बन्धी विषयमा संघ र प्रदेश, प्रदेश- प्रदेश, प्रदेश र स्वायत्त क्षेत्र, स्वायत्त क्षेत्र र स्वायत्त क्षेत्र, स्वायत्त क्षेत्र र स्थानीय निकाय र स्थानीय निकायहरु बीच उठ्ने विवाद निरुपण गर्ने।<br>(ख) प्राकृतिक स्रोतको बाँडफाँड र सोसँग सम्बन्धित वातावरणको विषयमा उठ्न सक्ने संभावित विवादहरु पहिल्याई आवश्यक अध्ययन अनुसन्धान गरी सरकारलाई सिफारिश गर्ने।<br>(ग) कानूनद्वारा तोकिएका अन्य कार्यहरु गर्ने।<br>(घ) आदिवासी जनजातिको पुर्ख्यौली भूमिमा रहेको कुनैपनि प्रकृतिक स्रोत साधनको उपयोग, व्यवस्थापन र विकास गर्दा तत् तत् आदिवासी जनजातिको अग्रिम सुसूचित स्वतन्त्र सहमति लिएर मात्र गर्ने र उनीहरुको अग्रिम सुसूचित स्वतन्त्र सहमतिमा क्षतिपुर्ति, सट्टाभर्ना, पुर्नवास र लाभांश वितरणको व्यवस्था मिलाउने। |
| धारा २४९ | राष्ट्रिय वित्तीय आयोग | **२. राष्ट्रिय वित्तीय आयोग :**<br>(१) नेपालमा एक राष्ट्रिय वित्तीय आयोग हुने छ। जसमा अध्यक्ष सहित बढीमा पाँचजना समानुपातिक समावेसी सदस्य रहने छन्। |
| | | **२. राष्ट्रिय वित्तीय आयोगको काम कर्तव्य र अधिकार :**<br>(क) संविधान र प्रचलित कानूनमा व्यवस्था भए बमोजिम राष्ट्रिय सर्वसंचित कोषबाट संघीय, प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय सरकारबीच राजस्वको स्रोत र त्यसको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र, नीति तय गर्ने,<br>(ख) राष्ट्रिय सर्वसंचित कोषबाट प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदान कानूनमा व्यवस्था भएको आधारमा सिफारिस गर्ने, |

| | | |
|---|---|---|
| | | (ग) राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था वापत प्रदेश स्वायत्त क्षेत्रीय तथा स्थानीय सरकारलाई प्रदान गरिने सशर्त अनुदानको सम्बन्धमा अध्ययन अनुसन्धान गरी आधार तयार गर्ने,<br>(घ) प्रादेशिक सरकारको सर्वसंचित कोषबाट प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय सरकारबीच राजस्वको बाँडफाँड गर्ने विस्तृत आधार र संयन्त्र तय गर्ने,<br>(ङ) संघीय, प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय सरकारको खर्च जिम्मेवारी र राजस्व असुलीमा सुधार गर्नुपर्ने उपायहरुको सिफारिस गर्ने,<br>(च) समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सिफारिस गर्ने,<br>(छ) संघ र प्रादेशिक, स्वायत्त क्षेत्रीय सरकारको राजस्व बाँडफाँड आधारको पुनरावलोकन गरी परिमार्जनको सिफारिस गर्ने,<br>(ज) संघ र राज्य तथा प्रादेशिक, स्वायत्त क्षेत्रीय र स्थानीय निकाय बीच राजस्वको बाँडफाँड सम्बन्धी विवादको निरुपण गर्ने, आयोगका अन्य काम, कर्तव्य र अधिकार, राजस्वको बाँडफाँड गर्दा अपनाउनु पर्ने विस्तृत आधार, आयोगका पदाधिकारीहरुको योग्यता, सेवा शर्त सहितका कुराहरु कानूनमा व्यवस्था भए बमोजिम हुनेछन् । |
| भाग २०, २२, २३, २४ देखि २८ सम्म | आयोग सम्बन्धी थप व्यवस्था | **सबै संवैधानिक आयोगका आयुक्तहरु तथा प्रशासन तर्फको कर्मचारीहरु समानुपातिक समावेशी हुने गरी नियुक्ति गरिनेछ ।** |
| **थप्नु पर्ने** | **समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण आयोग :** | (१) नेपालमा एक संघीय **समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण** आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व हुनेगरी एकजना अध्यक्ष र अन्य चारजना सदस्यहरू रहनेछन् ।<br>(२) उपधारा योग्यता भएको आदिवासी जनजाति, थारू, दलित, मधेसी, मुस्लिम र महिला व्यक्तिहरूमध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि समानुपातिक समावेसी अनुगमन तथा निरीक्षण आयोगका अध्यक्ष र सदस्यहरूको रुपमा नियुक्ति गर्नेछ । |
| धारा २६९ | संविधान संसोधन | उपधारा १ मा थप गर्ने<br>संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशी, नेपाल पक्ष राष्ट्र रहेको अन्तरराष्ट्रिय कानून विपरित हुने गरी संविधान संसोधन गर्न पाइने छैन भनी थप गर्ने ।<br>**धारा २६९ : संविधान संशोधन : उपधारा (२)** .....बिधेयक संघीय संसदको कुनै पनि सदन .... **पछि थप्ने "रुपान्तरित व्यवस्थापिका संसद"** मा पेश गर्न ....यसैगरी उपधारा **(७) ....संघीय संसदको दुबै सदन ... पछि थप्ने "रुपान्तरिक व्यवस्थापिका संसद"** मा ....तत्काल कायम रहेका ....। |
| धारा २७९ | सरकारी सेवाको गठन र संचालन | सरकारी सेवाको गठन: -<br>(१) संघ र प्रदेशको जातिय जनसंख्याको अनुपातमा राज्यको सबै संयन्त्रको प्रत्यक तहमा **समानुपातिक समावेसी रोजगारी र प्रतिनिधित्व** प्रदान गरिनेछ भनी व्यवस्था गर्ने । महिला तथा अपांगहरुलाई सोजातिय समुहबाट रोजगारी र प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ भनी स्पष्ट व्यवस्था गर्ने ।<br>(२) प्रशासकीय सेवाको सृजना गर्ने : संघीय, प्रादेशिक र **स्वायत्त क्षेत्रीय** तथा स्थानीय सरकारले यस संविधान तथा अन्य कानूनद्वारा आफुलाई तोकिएको |

**अनुसूची नं. १**

**आर्थिक अधिकारको बाँडफाँड**

| क्षेत्र/ विषय | संघ | प्रदेश | स्वायत्त क्षेत्रीय/स्थानीय, संरक्षीत क्षेत्र |
|---|---|---|---|
| सेना | राष्ट्रिय सुरक्षा र सेना | | |
| प्रहरी | केन्द्रीय प्रहरी | प्रादेशिक प्रहरी, प्रशासन र सुरक्षा | |
| अन्तरराष्ट्रिय व्यापार | अन्तरराष्ट्रिय व्यापार (भन्सार) | अन्तरराष्ट्रिय व्यापार | |
| दूर सञ्चार | दूर सञ्चार (नियमन/नियन्त्रण) | प्रदेश | |
| मुद्रा, बैक र वीमा | मुद्रा, मौद्रिक नीति, बैंकिङ, वीमा | प्रदेश | |
| परराष्ट्र मामिला | अध्यागमन/परराष्ट्र मामिला/अन्तर राष्ट्रिय सन्धि सम्झौता, आदि | व्यापार वाणिज्य | |
| वित्तीय नीति | वित्तीय नीति | प्रादेशिक योजना नीति | स्वायत्त क्षेत्रीय /स्थानीय योजना नीति |
| तथ्याङ्क | तथ्याङ्क | तथ्याङ्क | तथ्याङ्क |
| अन्तरराष्ट्रिय सीमा | अन्तर्राष्ट्रिय सीमा/सीमा | | |
| अनुसन्धान | अनुसन्धान | अनुसन्धान | अनुसन्धान |
| सुरक्षा गुप्तचर सेवा | सुरक्षा गुप्तचर सेवा | सुरक्षा गुप्तचर सेवा | |
| नागरिक उड्डयन | नागरिक उड्डयन र विमानस्थल | विमानस्थल | |
| रेलमार्ग सेवा | रेलमार्ग सेवा नियमन र संचालन | प्रादेशिक रेल मार्ग | |
| हुलाक तथा संचार | हुलाक/संचार सेवा | हुलाक/संचार सेवा | |
| जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन | जनस्वास्थ्य र खाद्य गुणस्तर निर्धारण तथा नियमन |
| जनसंख्या तथा परिवार नियोजन | जनसंख्या तथा परिवार नियोजन | जनसंख्या तथा परिवार नियोजन | जनसंख्या तथा परिवार नियोजन |
| बौद्धिक सम्पति | बौद्धिक उपज : प्रतिलिपि अधिकार, पेटेन्ट, ट्रेडमार्क आदि | बौद्धिक उपज : प्रतिलिपि अधिकार, पेटेण्ट, ट्रेडमार्क आदि | |
| नापतौल, गुणस्तर | नापतौल, गुणस्तर | नापतौल, गुणस्तर | |
| श्रम सुरक्षा | श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन | श्रम सुरक्षा, श्रम सम्बन्ध, ट्रेड युनियन | |
| विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि | विज्ञान तथा प्रविधि | |
| निजामती सेवा | संघीय निजामती सेवा | प्रादेशिक निजामती सेवा | स्वयत्त क्षेत्रीय, स्थानीय सेवा |

# मस्यौदा संविधानमा संसोधनका लागि थरुहट तराई पार्टी नेपालबाट प्रस्तुत संशोधन प्रस्तावहरु र फरक मतहरु

| | | | |
|---|---|---|---|
| सडक | राष्ट्रिय राजमार्ग (पुलसहित) अन्तर प्रादेशिक सडक (पुलसहित) | एकै प्रदेशभित्रको मार्ग (पुल सहित) बस्ती विकास/योजना | स्थानीय/शहरी सडक (पुल सहित) झोलुंगे पुल ढल, वारुणयन्त्र, सडक वत्ती बस्ती विकास/योजना |
| सिचाई | ठूला तथा अन्तर प्रादेशिक सिंचाई | प्रादेशिक स्तरका मझौला सिचाई योजना | आफ्नो क्षेत्रभित्रका साना सिचाई–योजना |
| खानेपानी | ठूला खानेपानी योजना, खानेपानी मानक स्तर | मझौला खानेपानी योजना | साना खानेपानी आयोजना, खानेपानी वितरण र व्यवस्थापन, फोहोर मैला व्यवस्थापन |
| शिक्षा | उच्च (उच्च प्राविधिक समेत) शिक्षा र विश्वविद्यालयको मानकस्तर र नियमन, शिक्षाको राष्ट्रिय एजेण्डा, पाठ्यक्रम, परीक्षा | उच्च (उच्च) | |
| शिक्षा | विश्वविद्यालय | विश्वविद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षा, पाठ्यक्रम/ पाठ्यपुस्तक /परीक्षा बिशेष शिक्षा (दृष्टिबिहीन बहिरा र अन्य शारीरिक अशक्तका लागि) | दश जोड दुईसम्म/अनौपचारिक शिक्षा |
| स्वास्थ्य सेवा | स्वास्थ्य मानकस्तर/गुणस्तर र अनुगमन | स्वास्थ्य गुणस्तर- अनुगमन | |
| अस्पताल | राष्ट्रिय/विशिष्ट सेवा प्रदायक अस्पताल | हालको क्षेत्रीय/ अञ्चल अस्पताल | हालको जिल्ला स्तरको अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी |
| परम्परागत उपचार सेवा | परम्परागत उपचार सेवा | परम्परागत उपचार सेवा | |
| सरुवा रोग | सरुवा रोग नियन्त्रण | सरुवा रोग नियन्त्रण | |
| विद्युत/जलस्रोत | बृहत्/ठूला/मध्यम जलविद्युत् | मध्यम/जलविद्युत् | साना/माइक्रो जलविद्युत् |
| राष्ट्रिय ग्रिड | राष्ट्रिय ग्रिड | | |
| विद्युत् वितरण | विद्युत् वितरण | विद्युत् वितरण | विद्युत् वितरण |
| वैकल्पिक ऊर्जा | | वैकल्पिक ऊर्जा | वैकल्पिक ऊर्जा |
| कृषि | कृषि मानकस्तर र नियमन, अनुसन्धान र प्रविधि | कृषि अनुसन्धान, प्रविधि व्यवस्थापन, उत्पादन व्यवस्थापन | कृषि उत्पादन, व्यवस्थापन, कृषि, पशु स्वास्थ्य तथा अन्य प्राविधिक सेवा |
| पर्यटन/संस्कृति | अन्तर्राष्ट्रिय/राष्ट्रिय सम्पदा स्थलको संरक्षण, नियमन, विकास र व्यवस्थापन, पदयात्रा/पर्वतारोहण (अनुमति), होटल/ | प्रादेशिक सम्पदा स्थलको संरक्षण, विकास र व्यवस्थापन पर्यटकीय स्थलको विकास भाषा/संस्कृति संरक्षण प्रबर्द्धन | स्थानीय सम्पदा स्थलको संरक्षण, विकास, भाषा/संस्कृति संरक्षण प्रबर्द्धन पर्यटकीय स्थलको विकास |

# मस्यौदा संविधानमा संसोधनका लागि थरुहट तराई पार्टी नेपालबाट प्रस्तुत संशोधन प्रस्तावहरु र फरक मतहरु

| | | | |
|---|---|---|---|
| | पुरातात्विक मानकस्तर पर्यटकीय स्थलको विकास भाषा/संस्कृति संरक्षण/प्रबर्द्धन | | |
| सामाजिक विकास | प्रकोप न्यूनीकरण/ उद्धार सहायता | प्रकोप न्यूनीकरण/उद्धार सहायता | प्रकोप न्यूनीकरण/उद्धार सहायता |
| सामाजिक सुरक्षा | सामाजिक सुरक्षा (नियमन समेत) | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा व्यवस्थापन |
| खेलकूद | खेलकूद (मानकस्तर र नियमन) | खेलकूद | खेलकूद |
| उद्योग व्यवसाय | उद्योग व्यवसाय/वैदेशिक लगानी (नियमन) | औद्योगिक व्यवस्थापन | घरेलु तथा साना उद्योग व्यवस्थापन |
| पञ्जीकरण | जन्म, विवाह, मृत्युदर्ता, बसाइँ सराइँ | जन्म, विवाह, मृत्युदर्ता, बसाइँसराइँ | जन्म, विवाह, मृत्युदर्ता, बसाइँसराइँ |
| वातावरण | वातावरण (मानक र नियमन समेत) | वातावरण | वातावरण |
| जैविक विविधता | जैविक विविधता | जैविक विविधता | |
| बन | वन | व्न | व्न |
| जलाधार क्षेत्र | राष्ट्रिय/अन्तर प्रादेशिक जलाधार क्षेत्र | जलाधार क्षेत्र | जलाधार क्षेत्र |
| राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरु | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्रहरु (मध्यवर्ती क्षेत्रसमेत) | राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र (मध्यवर्ती क्षेत्रसमेत) | |
| सिमसार | सिमसार क्षेत्रहरु | सिमसार क्षेत्रहरु | सिमसार क्षेत्रहरु |
| निकुञ्ज | वन्यजन्तु संरक्षण | वन्यजन्तु संरक्षण, | वन्यजन्तु संरक्षण |
| खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज | खानी तथा खनिज |
| जमिन | भू-उपयोग नीति | भू-उपयोग नीति/भू-व्यवस्थापन | |
| अवशिष्ठ अधिकार | | अवशिष्ठ अधिकार | |
| गुठी व्यवस्थापन | | गुठी व्यवस्थापन | |
| पुस्तक तथा छापाखाना | | पुस्तक तथा छापाखाना | |
| भाषा, संस्कृति, लिपि | | भाषा, संस्कृति, लिपि | |
| हवाई सेवा | राष्टिय हवाई सेवा | प्रादेशिक हवाई सेवा | |
| रेडियो, एफ.एम., छापा | रेडियो, एफ.एम., छापा | रेडियो, एफ.एम., छापा | रेडियो, एफ.एम., छापा |

४८

२५

**अनुसूची नं. २**

**विभिन्न तहका सरकारबीच राजस्व श्रोतको बाडफाड**

| राजस्वको स्रोत | संघ | प्रदेश | स्वायत्त क्षेत्र /स्थानीय | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|---|
| भन्सार | √ | √ आफनो सिमा नाकाबाट | | अन्तरराष्ट्रिय व्यापारलाई नियमित गर्न लाग्ने महसुल भएको । भन्सारको माध्यमवाट अन्तर्राष्ट्रिय व्यापारको नियमन हुने र यस्तो नियमन गर्ने अधिकार संघ सरकारको हुने । भन्सार देशको समग्र उत्पादन, आयात-निर्यात र राजस्वसँग सम्बन्धित भएको र यसबाट राष्ट्रको प्रतिस्पर्धी क्षमतामा समेत असर पर्ने भएकोले व्यापार करको माध्यमवाट संघले अन्तर्राष्ट्रिय व्यापारको नियमन गर्न आवश्यक भएको । |
| मूल्य अभिवृद्धि कर | √ | √ | | यो कर शुरु उत्पादनदेखि खुद्रा विक्रीसम्मका विभिन्न चरणमा मूल्यमा भएको अभिवृद्दि (Valued added) मा लाग्ने, अघिल्लो चरणमा लागेको कर पछिल्लो चरणमा कट्टी हुने र अन्तमा जसले उपभोग गर्ने हो उसैले तिर्ने भएकाले संघमा राख्दा अघिल्लो चरणको कर कट्टीको साङ्लो (chain) नटुट्ने र सीमाकर समायोजन (border tax adjustment) को समस्या नहुने भएकाले । |
| अन्तःशुल्क | √ | √ | | परम्परागत रुपमा सामाजिक लागत (जस्तै जनस्वास्थ्यमा पर्ने असर) सृजना गर्ने वस्तु र सेवाको उत्पादन तथा उपभोगमा पर्ने असरलाई सोही अनुसार व्यवस्थापन गर्न अन्तःशुल्क कर लगाइने गरेको । हाल राजस्व संकलनको आधारमा यसको दायरा विस्तार भई अति आवश्यक बाहेकका अन्य उत्पादन र उपभोगका सामानमा पनि लगाइने गरिएको छ । यस्ता वस्तुका कारणवाट उत्पन्न हुने सामाजिक र वातावरणीय समस्याको समाधान गर्ने दायित्व संघ र राज्य दुवैको भएकाले आन्तरिक उत्पादनमा संघीय कानूनले तोकेवमोजिम संघ र प्रदेश सरकारले यो कर लगाउन सक्ने । |
| मनोरञ्जन कर | | √ | √ | सामान्यतया मनोरञ्जनमूलक सेवा कुनै स्थान विशेषमा रहने र करको कारणवाट त्यस्तो सेवाको स्थानान्तरण संभावना कम हुने । |
| भूमिकर | | | √ | करको कारणले कराधारको स्थानान्तरण हुने संभावना नभएको । स्थानीय निकायवाट उठाउँदा वढी प्रभावकारी हुने । |
| संस्थागत आयकर | √ | √ | | करको दर फरक फरक भएको कारणले आय आर्जन गर्ने संस्था (जस्तै कम्पनी) एक स्थानबाट अर्को स्थानमा सर्ने, सीमित भौगोलिक क्षेत्रमा संकलन हुने, एकै कम्पनीले धेरै समष्टिगत आर्थिक स्थायित्व कायम गर्नु पर्ने र यस्तो स्थायित्व कायम गर्ने दायित्व संघ सरकारको भएको । साथै यो करको माध्यमबाट आयको पुनः वितरण गर्नु पर्ने र संघ सरकारवाट गर्दा यो प्रभावकारी र कुशल हुने । यो कर व्यवसाय, लगानी, भाडा (मेशिनरी, घर जग्गा इत्यादि), व्याज, आकस्मिक लाभ आदिबाट प्राप्त हुने आयमा लाग्ने । क्षेत्रमा कारोवार गर्ने र यसका कारणवाट तल्ला राजनैतिक एकाई बीच अनावश्यक प्रतिस्पर्धा हुने । यो करको माध्यमवाट अर्थतन्त्रको उतार |

# मस्यौदा संविधानमा संसोधनका लागि थरुहट तराई पार्टी नेपालबाट प्रस्तुत संशोधन प्रस्तावहरु र फरक मतहरु

| | | | | |
|---|---|---|---|---|
| | | | | चढावलाई व्यवस्थापन गरी |
| व्यक्तिगत आयकर | √ | √ सेवामा लाग्ने आयकर | | यो कर मार्फत आयको पुनःवितरण हुने र संघले यो काम गर्दा कुशल र प्रभावकारी हुने । व्यक्तिगत आयकर समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने साधन भएको र समष्टिगत आर्थिक व्यवस्थापन संघीय दायित्वमा पर्ने । साथै यो कर संघमा राख्दा विभिन्न राजनीतिक एकाइहरु वीच अनावश्यक कर प्रतिस्पर्धा नहुने । यो कर रोजगारी, व्यवसाय, लगानी, भाडा (घर जग्गा समेत), व्याज आदिवाट प्राप्त हुने आयमा लाग्ने । प्रदेश र स्थानीय सरकारमा कार्यरत कर्मचारीको पारिश्रमिक कर संघ सरकारले उठाई सम्बन्धित सरकारलाई फिर्ता पठाउने । |
| सम्पत्ति कर | | | √ | कराधार कम चलायमान हुने, स्थानीय सरकारबाट गरिने विकासबाट सम्पत्तिको मूल्य बढ्ने र त्यसको फाइदा पनि सोही सरकारले नै पाउनु पर्ने । स्थानीय सरकारलाई आफ्ना करदाताको बढी जानकारी हुने हुंदा स्थानीय सरकारले नै त्यसको प्रशासन गर्दा बढी प्रभावकारी हुने । यो कर अन्तर्गत घर जग्गा कर समेत समावेश हुने । |
| व्यवसाय कर | | √ | √ | व्यवसायको स्थापना गर्दा सम्बन्धित स्थानीय सरकारले अनुमति दिंदा लाग्ने शुल्क र अन्य ऐनले तोके वमोजिमको कर स्थानीय सरकारले उठाउंदा बढी प्रभावकारी हुने । |
| सवारी साधन कर | | √ | | करको कारणले कराधार एक ठाउंवाट अर्को ठाउँमा सर्ने सम्भावना कम हुने । सवारी साधनको स्वामित्व वापतको कर प्रान्तले लगाउने, तर सवारी साधन भाडामा लगाएर प्राप्त हुने आयमा संघ सरकारले कर लगाउने । |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर | | √ | √ | यो कर भूमि प्रशासनसंग सम्बन्धित भएको र सो अधिकार प्रदेशमा रहने भएकाले प्रान्तले यसको प्रशासन गरी घरजग्गा रजिष्ट्रेशनबाट उठेको राजस्वको केही अंश स्थानीय सरकारलाई उपलव्ध गराउने । |
| क्यासिनो/मनोरंजन | √ | √ | | क्यासिनो नियन्त्रित रुपमा विदेशी पर्यटकहरुलाई आकर्षण गर्न संचालन गरिने र यो निश्चित स्थानमा मात्रै रहने हुनाले सोबाट प्राप्त हुने आम्दानीलाई संघमा राखी वितरण गर्न उपयुक्त हुने । |
| सेवा शुल्क | √ | √ | √ | जुन तहको सरकारले जुन सेवा दिने हो, सो सेवा प्रदान गरे वापत लगाउने शुल्क पनि सोही सरकारले उठाउनु पर्ने । यस अन्तरगत संघ सरकारले मात्र दिने सेवाहरु जस्तै राहदानी, भिसा, हुलाक दस्तुर आदि वापत प्राप्त हुने आय संघ सरकारमा जाने । त्यसै गरी राज्य वा स्थानीय निकायले मात्र उपलव्ध गराउन सेवाहरु वापत उठने राजस्व सम्वन्धित सरकारको मात्र आय हुने । स्थानीय तहमा उठाँउदा बढी प्रभावकारी हुने शुल्कहरु जस्तै घर निर्माण अनुमति शुल्क, विज्ञापन, पार्किङ, हाट बजार, सिफारिश शुल्क इत्यादि स्थानीय सरकारले संकलन गर्ने । तर विभिन्न तहहरुवाट दिइने सेवाहरु (जस्तै सिंचाई, खानेपानी, पर्यटन इजाजत) को हकमा जुन सरकारले सेवा दिने हो सोही सरकारले सो वापतको राजस्व उठाउने । |
| कार्बन सेवा | √ | √ | √ | अन्तर्राष्ट्रिय आयाम भएकाले संघ सरकारले सम्वन्धित पक्षसंग नेपालले पाउने रकमको टुंगो लगाउनु पर्ने । यस्तो रकम सम्वन्धित प्रदेश/ स्थानीय सरकार / समुदाय / व्यक्तिलाई निश्चित आधारमा उपलव्ध गराउने । |

| | | | | |
|---|---|---|---|---|
| प्राकृतिक स्रोतबाट प्राप्त हुने सलामी ( रोयल्टी) तथा अन्य आय | √ | √ | √ | प्राकृतिक स्रोतको प्रकृति र आकार अनुसार सरकारका विभिन्न तहबीच यस्ता स्रोतको बाँडफाँड गरिए अनुसार त्यस्ता स्रोतबाट प्राप्त हुने सलामी तथा अन्य आय सम्बन्धित सरकारहरुको क्षेत्राधिकारमा राखिएको । संघीय वा प्रादेशिक सरकारले आफ्नो क्षेत्राधिकार भित्रको प्राकृतिक स्रोतको उपयोगवाट प्राप्त आय समन्यायिक सिद्धान्तको आधारमा मातहतका सरकारहरु वीच वितरण गर्नुपर्ने । सम्बन्धित सरकारहरुले यस्तो स्रोतबाट प्राप्त आयको निश्चित अंश समन्यायिक सिद्धान्तका आधारमा प्रभावित समुदायलाई वितरण गर्ने व्यवस्था मिलाउने । संघीय र प्रादेशिक सरकारले राजस्व साझेदारी (revenuesharing) का आधारमा रोयल्टीको निश्चित अंश (नगद/ वस्तु /सेवाको रुपमा ) तोकिएको आधारमा तल्ला तहका सरकारहरुलाई उपलव्ध गराउने । |
| दण्ड जरिवाना | √ | √ | √ | जुन तहको सरकारका अदालत र अन्य सरकारी निकायवाट दण्ड जरिवानाको आदेश हुने हो सो वापत प्राप्त हुने राजस्व सम्वन्धित तहको सरकारको आय हुने । |
| गैरकर राजश्व | √ | √ | √ | गैर कर राजश्व सेवा दिने निकाय अनुरुप तीनै तहमा रहन पर्ने । |

३८

द. नं. ११
२०७२।०४।२४

# राष्ट्रिय जनमोर्चा

## National People's Front

केन्द्रीय कार्यालय
Central Office

कपन ३ (ख), ज्योतिनगर, काठमाडौँ
फोन/फ्याक्स : ०१-४१६४३०४, इमेल : rajamo2052@gmail.com, वेबसाइट : www.rajamo.org

प.स.
च.न
मिति :

मिति २०७२ साउन २४ गते

श्रीमान् सभापति ज्यू,
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
संविधानसभा सिंहदरवार, काठमाडौं,

**विषय : संविधानको पहिलो मस्यौदा परिमार्जन विशेष समितिको प्रतिबेदन माथिको फरक मत ।**

महोदय,
संवैधानिक, राजनीतिक सम्वाद तथा सहमति समितिको संविधानसभा विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समितिले बाग्लुङ-नवलपरासी-रुकुम जिल्ला र जनकपुर-राप्ती-भेरी अञ्चललाई टुक्राएर र तराइका आठ जिल्ला लाई हिमाल र पहाडबाट अलग्याएर प्रदेशहरु निर्माण गर्नेगरि तयार गरिएको प्रतिवेदनका विभिन्न वुदाहरुबारे राष्ट्रिय जनमोर्चाको फरकमत तल लेखिएअनुसार भएको कुरा जानकारी गराउँदै त्यस अनुसार संविधानको निर्माण गरियोस् भन्ने प्रस्ताव राख्दछु ।

प्रस्तावनाबारे
१ नेपाल सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष र प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमा आधारित एकात्मक शासन व्यवस्था भएको गणराज्य हो ।
२. राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय अर्थतन्त्रलाई कुण्ठित गराउने सबै प्रकारका वैदेशिक शोषण, उत्पीडन वा प्रभूत्वको अन्त गरी राष्ट्रियता र सार्वभौमिकताको संरक्षण गरिनेछ र राष्ट्रिय अर्थतन्त्रको विकास गरिनेछ ।

संघियताबारे
१. राष्ट्रिय जनमोर्चा सर्वप्रथम यो कुरामा जोड दिन चाहन्छ कि संघीय संरचना हाम्रो जस्तो सानो, पिछडिएको, आर्थिक दृष्टिकोणले कमजोर तथा दुई ठूला देशहरुका बीचमा रहेको भू-परिवेष्ठित देशका लागि अनुपयुक्त छ । संघीयताले देशलाई जातीय तथा क्षेत्रीय विग्रह तथा राष्टिय विखण्डनको अवस्थामा पुराउँछन् । त्यसकारण हाम्रो पार्टीले सुरुदेखि नै संघियतालाई सम्पूर्ण रुपले अस्वीकार गर्नुपर्ने कुरामा जोड दिँदै आएको छ र अहिले पनि हामीले त्यो मत दृढतापूर्वक प्रस्तुत गर्न चाहन्छौं ।

संघियताका पक्षमा अहिलेसम्म संविधानका विभिन्न समिति, उपसमित वा संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति समेतमा भएका सबै निर्णयहरु का साथै पछिल्लो समय संविधानसभा विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समितिको प्रतिवेदनमा प्रदेशहरु निर्माण गर्दा बाग्लुङ-

नवलपरासी-रुकुम जिल्ला र जनकपुर-राप्ती-भेरी अञ्चललाई टुक्राएर र तराइका आठ जिल्ला लाई हिमाल र पहाडबाट अलग्याएर प्रदेशहरु निर्माण गर्नेगरि गरिएको निर्णयको विरोध गर्दछौं । साथै ति निर्णयहरु खारेज गर्नुपर्दछ ।

२. अहिले देशमा विद्यमान सामन्ती र केन्द्रिकृत प्रणालीलाई हामीले गलत मान्दछौ र त्यसको अन्त हुनुपर्ने आवश्यकतामा जोड दिन्छौं । तर त्यसको सही विकल्प संघियता नभएर प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक प्रणाली हो । त्यसैले हामीले वर्तमान एकात्मक प्रणालीको अन्त गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणालीको आधारमा राज्यको पुन:संरचना गर्दा जिल्ला अञ्चल र गाउँहरुलाई समेत नटुक्राइकन हिमाल पहाड र तराईलाई उत्तर दक्षिण मिलाएर प्रशासनिक प्रदेशहरु निर्माण गरिनुपर्छ । यसरी प्रदेशहरु निर्माण गर्दा कर्णालीको विशिष्ट अवस्थामाथि ध्यान दिंदै कर्णाली अञ्चललाई छुट्टै प्रदेश बनाइनु पर्दछ । एकात्मक व्यवस्था अन्तरगत राज्यको पुन:संरचना गर्दा देहाय बमोजिमको प्रशासनिक प्रदेशहरुको निर्माण गरिनुपर्छ ।

(१) कोशी प्रदेश - मेची र कोशी अञ्चललाई मिलाएर ।
(२) सगरमाथा प्रदेश - जनकपुर र सगरमाथा अञ्चललाई मिलाएर ।
(३) बाग्मती प्रदेश - बागमती र नारायणी अञ्चललाई मिलाएर ।
(४) गण्डकी प्रदेश - गण्डकी र धवलागिरी अञ्चललाई मिलाएर ।
(५) लुम्बिनी प्रदेश - राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर ।
(६) कर्णाली प्रदेश - कर्णाली अञ्चल मात्र ।
(७) महाकाली प्रदेश - भेरी, सेती र महाकाली अञ्चलहरूलाई मिलाएर ।

नागरिकता बारे :

१. नेपालको विशिष्ट भू-राजनीतिक स्थिति अनुसार नागरिकता सम्बन्धी नीति बनाइने छ । नागरिकताको स्वरुप दुई प्रकारको हुनेछ - वंशज र अंगिकृत । यसभन्दा अगाडि जन्मका आधारमा र त्यसपछि जन्मका आधारमा नागरिकता प्राप्त व्यक्ति, उनीहरु नागरिक हुनुभन्दा पहिले जन्मेका सन्तानहरुलाई वंशजका आधारमा दिइएका नागरिकताको छानवीन गरी गैर-नेपालीले प्राप्त गरेका नागरिकतालाई खारेज गरिने छ ।
२. वंशजको नागरिकता प्राप्त व्यक्ति मात्र नेपालको राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, प्रधानान्यायाधीश, प्रधान सेनापति जस्ता संवैधानिक पदमा निर्वाचित वा नियुक्त हुन सक्नेछन् ।
३. नेपालको वंशजको नागरिक बन्न बाबु र आमा दुवै नेपालको नागरिक हुनु अनिवार्य हुनेछ ।
४. नेपालमा विवाह गरेर आउने विदेशी महिला र नेपाली महिलाहरुसित विवाह गर्ने विदेशी पुरुषलाई अंगिकृत नागरिकता दिंदा सकारात्मक विभेदको नीति अपनाइने छ । त्यस अनुसार नेपालीसित विवाह गर्ने विदेशी महिलालाई कम्तिमा सात वर्ष निरन्तर नेपालमै वसोवास गरेपछि तथा अन्य देशको नागरिकता छाडेपछि नै अंगिकृत नागरिकता दिइनेछ भने नेपाली महिलासंग विवाह गर्ने विदेशी पुरुषलाई वैवाहिक आधारमा नागरिकता प्रदान गरिने छैन र प्रचलित कानून अनुसार अंगिकृत नागरिकताका शर्तहरु पूरा गरिसकेपछि नै नेपालको अंगिकृत नागरिकता दिइने छ ।

निर्वाचन प्रणाली बारे :

१. मिश्रित प्रकारको निर्वाचन प्रणाली अपनाइने छ । त्यस अनुसार प्रतिनिधिसभाका लागि ५० प्रतिशत प्रतिनिधिहरु प्रत्यक्ष र ५० प्रतिशत प्रतिनिधिहरु समानुपातिक प्रणालीबाट निर्वाचित गरिने छन् ।

२. प्रतिनिधिसभामा महिला र दलितको समुचित प्रतिनिधित्वको लागि प्रत्यक्ष रुपले चुनाव हुने निर्वाचन क्षेत्रहरुमा पनि महिला र दलितका लागि महिला वा दलितहरु मात्र उमेदवार हुन पाउने निर्वाचन क्षेत्रहरुको व्यवस्था गरिनेछ । तिनीहरुको संख्या कानूनमा लेखिए अनुसार हुनेछ ।

३. विदेशमा बस्ने नेपाली नागरिकहरुलाई पनि मतदानको अधिकार हुनेछ र वेग्ला वेग्लै देशहरुमा उनीहरुको जनसंख्याको अनुपातमा प्रतिनिधिको संख्या निश्चित गरी समानुपातिक रुपमा प्रतिनिधिहरुको चुनाव गर्ने *र उम्मेरवार हुने* व्यवस्था गरिने छ । तिनीहरुको संख्या ऐनमा तोकेअनुसार हुनेछ ।

४ निर्वाचन प्रणालीमा थ्रेसहोल्डको व्यवस्था राखिनु हुँदैन ।

न्यायपालिका बारे :

१. देशमा संवैधानिक सर्वोच्चता, विधिको शासन र मौलिक हकको संरक्षण गर्न संवैधानिक अंगको रुपमा स्वतन्त्र, सक्षम, निष्पक्ष र जनउत्तरदायी न्यायप्रणाली कायम गरिने छ ।

२. सर्वोच्च अदालत न्यायपालिकाको उच्च अंग हुनेछ । संवैधानिकताको संपरिक्षणको क्षेत्राधिकार सर्वोच्च अदालतमा रहने छ । प्रदेशमा उच्च अदालतहरु र सबै जिल्लाहरुमा स्थानीय अदालतहरु हुनेछन् । स्थानीय अदालतहरुको मातहतमा आवश्यकताअनुसार विभिन्न विषयगत अदालतहरु रहने व्यवस्था गरिनेछ ।

३. न्यायाधीशहरुको नियुक्तिको लागि संविधानमा छुट्टै स्वतन्त्र निकायको व्यवस्था गरिने छ र संसदले कानून बमोजिम महाअभियोग लगाउने र संसदीय सुनुवाई गर्ने व्यवस्था गर्नेछ ।

४. महिलाका हक, हित र न्यायको संरक्षणको लागि स्थानीय स्तरमा पारिवारिक अदालतको व्यवस्था गरिने छ ।

स्पष्टिकरण : सर्वोच्च अदालतभन्दा बेग्लै संवैधानिक अदालतको गठन गर्ने अवधारणालाई हामीले गलत मान्दछौं र विरोध गर्दछौं ।

चित्रबहादुर
चित्रबहादुर के.सी.
सभासद्
राष्ट्रिय जनमोर्चा

२०७२।४।२८


# खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल

**Khambuwan national Front, Nepal**

संबिधानसभा संसदीय दलको कार्यालय

सिंहदरवार, काठमाण्डौं


पत्र सं.

च.नं.

मिति : २०७२।०४।२८

माननीय सभापति ज्यू

संवैधानिक राजनीतिक सम्वाद तथा सहमती समिति

सिंहदरवार काठमाडौं।

विषय:- संविधानको मस्यौदामा फरकमत बारे,

महोदय, वक्तालागेको संविधानको विभिन्न विषय तथा धारहरुमा खम्बुवान राष्ट्रिय मोर्चा नेपाल पार्टीको निम्न फरक मत रहेकोले लिखित पेश गरेको अनुरोध गर्दै यस लाई संविधानमा दर्ज तथा संशोधनको लागि अनुरोध गर्दछु

निम्न :

1. धारा ३ राष्ट्र परिभाषामा को वहुजातीय राज्य को सट्टा वहुजातीय राष्ट्र राज्य हुनुपर्दछ र आत्मनिर्णयको अधिकार थपिनु पर्दछ।
2. धारा - ८ राष्ट्रिय झण्डा - राष्ट्रिय झण्डा लाई परिवर्तन गरी सकल जातीय र वंशिय नहुनेगरी ना झल्कने गरी पुनः नयाँ आकार र चिन्ह सहित वनाउनु पर्दछ।
3. धारा - ९ राष्ट्रियगान इत्यादि - को उपधारा ३ मा राष्ट्रिय जनावर गाई राखिएकोमा यसको सट्टामा एक सिंङ्गे गैडा रहनु पर्दछ।
4. धारा १९- गैर आवासिय नेपाली नागरिकता प्रदान गर्न सकिने भन्नेमा विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्ति हरुलाई राजनीतिक अधिकार विहिन नेपाली नागरिकता

दिने व्यवस्था गरिएकोमा बेलायति (ब्रिटिश) सेनामा कार्यरत नेपालीहरुको हुँदै व्यवस्था गरिनु पर्ने र निम्न व्यवस्था हुनु पर्ने।

१. नेपाली नागरिकताको निरन्तरता हुनु पर्ने (किनकी त्रीपक्षिय सन्धी द्वारा उनीहरुलाई सरकारले नै ब्रिटिश सेनामा पठाईएको र ब्रिटिशले हाल उनीहरुलाई सम्मान स्वरुप ब्रिटिश नागरिकता दिएको हो)

२. भू.पु सैनिक (बृटिश गोर्खा सैनिक, भारतीय गोर्खा सैनिक समेत) र भू.पू. कर्मचारी हरुको अधिकार सुनिश्चित हुने गरी नीतिमा व्यवस्था गर्नु पर्ने।

३. भू.पू सैनिकहरुलाई संघीय विधायिकामा प्रतिनिधित्व गराउने व्यवस्था गर्नु पर्ने।

४. भू.पु. सैनिकहरुलाई राज्य व्यवस्थामा आरक्षण सहित समावेश गरिनु पर्ने।

५. ब्रिटिश गोर्खा समुदायलाई अन्य गैरआवासिय समकक्षमा राख्न नहुने।

६. भाग - १
प्रारम्भीक मा रहेको धर्मनिरपेक्ष कायम रहनु पर्ने।

७. भाग - ३
मौलिक हक र कर्तव्यमा - आदिवासी, आदिवासी जनजाति हटाएर आदिवासी जनजाति मात्र राख्नु पर्ने।

८. भाग-५

राज्यको संरचना र राज्य शक्तिको बाँडफाँट - मा धारा ६० को उपधारा (२) मा उल्लेख भएको ७ जिल्ला राखि समिलित प्रदेश रहने छ भन्ने वाक्यांश झिक्नि हटाई ऐतिहासिक पृष्ठभूमिको आधारमा निम्न राष्ट्र-राज्यहरु बन्नुपर्दछ

१. लिम्बुवान
२. खम्बुवान
३. तामाङ सालिङ
४. नेवा
५. मगरात
६. खसान
७. तमुवान
८. थरुहट
९. मधेश

९. भाग-८

संघीय व्यवस्थापिका - प्रत्यक्ष कार्यकारी राष्ट्रप्रमुख जनतावाट निर्वाचित हुनुपर्दछ

१०. भाग-११

न्यायपालिका संघीय हुनुपर्दछ। संवैधानिक अदालत स्थाई प्रकृतिको हुनुपर्दछ। प्रथाजन्य अदालत हुनुपर्दछ

खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल

**Khambuwan national Front, Nepal**

संबिधानसभा संसदीय दलको कार्यालय

सिंहदरवार, काठमाण्डौं

पत्र सं.

च.नं.

मिति : ..............................

११. भाग-२८

राष्ट्रिय समावेशी आयोग को सट्टा आदिवासी जनजाति आयोग हुनुपर्छ। र सम्पूर्ण नियुक्ति हरुका जातीय जन संख्याको आधारमा समानुपातिक समावेशी प्रकृया अनिवार्य अवलम्बन गरिनु पर्छ, थ्रेस होल्ड राख्न नहुने

राम कुमार राई
आ. के. सदस्य
संविधान सभा सदस्य
ख. रा. मो.

द. नं. १२
२०७२/४/२४

२०७२ साउन २४ गते

मानतीय सभापतिज्यु
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति, सिंहदरवार

विषय : फरक मत ।

संविधानसभाबाट संविधान जारी गर्ने सम्बन्धमा संविधानको विधेयकको प्रारम्भिक मस्यौदा परिमार्जन विशेष समितिले मिति २०७२ श्रावण २३ गते पेश गरेको प्रतिवेदनमा निम्न बमोजिमको फरक मत पेश गरेका छौं ।

**१. राज्य पुनंसंचरना**

नेपालमा अनुसूची ४ मा उल्लेख भए बमोजिम हालका जिल्लाहरु सम्मिलित ६ प्रदेशको खाका झिकी झापा देखी पर्सा सम्मका सम्पूर्ण जिल्लहरुको एउटा प्रदेश र चितवन देखी कञ्चनपुर गरी मधेशमा दुइ प्रदेश राख्नु पर्ने, मधेशका निम्न जिल्लाहरु मिलाएर प्रदेश बनाउनु पर्ने ।

**प्रदेश नं. १** (झापा, मोरङ्ग, सुनसरी, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा)

**प्रदेश नं. २** (चितवन, नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कञ्चनपुर, कैलाली)

**२. प्रस्तावना**

प्रस्तावनामा **मधेश आन्दोलन** थप गरिनु पर्दछ

**३. नागरिकता**

धारा ११(४) **कुनै व्यक्तिको नेपालमा जन्म हुँदाका बखत** हटाउनु पर्ने

धारा १२(२) नेपाली महिलाको हकमा सीमित गरिएको रहेछ जुन कुरा अहिले ल्याइएको "वा" प्रावधानसँग बाझिने अवस्था छ यसकारण यो धारा हटाउन आवश्यक छ ।

जन्मसिद्ध नागरिकको सन्तानलाई वंशजको नागरीकता दिने प्रावधान थपिनु पर्छ ।

धारा १५ गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने भागमा **नेपाली मूलको** लाई हटाउनु पर्छ।

**४. मौलिक हक**

धारा ४७ को खसआर्यले राज्यमा आरक्षण पाउने धाराको भाषा परिवर्तन गरी अन्तरिम संविधानमा रहेको धारा २१ को समाजिक हकलाई निरतरता दिनुपर्ने वा समावेशीवाट खसआर्य हटाउनु पर्ने

**५. प्रतिनिधित्वको सन्दर्भमा**

धारा ८८ मा "भूगोल र जनसंख्याको" भन्ने शव्दको सटा जनसंख्याको आधारमा प्रतिनिधित्व गरिने राखिनु पर्ने, साथै यस धारावाट खसआर्यको परिभाष हटाउनु पर्ने

धारा ९० राष्ट्रिय सभाको हकमा प्रति प्रदेश न्युनतम एक सिट राखि अन्य सिटहरुको विभाजन जनसंख्याको आधारमा हुने व्यवस्था गरिनु पर्ने

**६. कार्यपालिका**

संघीय, प्रादेशिक तथा स्थानीय निकायको गठन समानुपातिक समावेशीको सिद्धान्त अनुरुप गर्नु पर्ने ।

७. न्यायपालिका

न्यायपालीकाको सम्पूर्ण नियुक्तिमा समानुपातिक समावेशी शब्दावली थपिनु पर्ने;

सर्वोच्च अदालतको मातहतमा नरहने गरी स्थायी संवैधानिक अदालतको गठन गर्नु पर्ने, संवैधानिक अदालतको क्षेत्राधिकारमा संवैधानिक विवादका सम्पुर्ण प्रश्नहरुको निरुपण गर्न पाउने गरी समावेश गर्नु पर्ने ।

**८. संवैधानिक निकाय**

**धारा २७७. <u>समावेशी सिद्धान्त बमोजिम नियुक्ति गर्नु पर्ने</u> :** संवैधानिक निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिनेछ भनी उल्लेख भएको ठाउँमा समानुपातिक समावे शब्द राखिनु पर्छ ।

महिला र दलित आयोगहरु प्रदेशमा पनि रहने व्यवस्था गरिएको छ तर **राष्ट्रिय मानव अधिकार आयोग, निर्वाचन आयोग, संघीय लोक सेवा आयोग, मधेशी आयोगहरु पनि प्रदेशमा रहने व्यवस्था थपिनु पर्ने**

**९. प्रदेशको अधिकार सुचिमा थपिनु पर्ने विषयहरु**

क्र.सं. (२) मा रहेको "बैंक तथा" भन्ने शब्दहरु राख्ने

(२) क्र.सं. (८) को सट्टा देहायएको क्र.सं. (८) राख्ने :-

"(८) प्रदेश स्तरको विद्युत, सिचाई र खानेपानी सेवा"

(३) क्र.सं. (१३) राख्ने

(४) क्र.सं. (१४) मा रहेको "प्रादेशीक रेल्वे र" भन्ने शव्द राख्ने

(५) क्र.सं. (१६) लाई राख्ने

(६) क्र.सं. (१९) मा रहेका "र मालपोत संकलन" भन्ने शब्दहरु राख्ने

(७) क्र.सं. (२१) लाई राख्ने

(८) क्र.सं. (२४) मा रहेका "मदिरा तथा पेय पदार्थ उत्पादन, निर्माण खरिदबिक्रि" भन्ने शब्दहरु राख्ने

<u>फरकमत प्रस्तुतकर्ता</u>

# संघिय लोकतान्त्रीक राष्ट्रिय मञ्च (थरुहट)

केन्द्रीय कार्य समिति

चुनाव चिन्ह

**Federal Democratic National Forum (Tharuhat)**

**Central Committee**

प.सं:
च.नं:

द.नं. ९४
२०७२।४।२४

मिति : ............................

मिति: २०७२।४।२४

श्री माननीय सभापतिज्यू,

राजनीतिक संवाद समिति ।

विषय : **फरकमत सहित असहमति दर्ता गराएको ।**

उपरोक्त सम्वन्धमा प्रमुख चार राजनैतिक दल विच संघिय प्रदेशको सिमाङ्कनको सन्दर्भमा भएको ६ प्रदेश सहितको सहमतिमा कन्चनपुर कैलाली देखी को भूभागलाई पहाडको जिल्लमा राखी वनाएको प्रदेशले पूर्ण रुपले ऐतिहासिह थरुहट आन्दोलन र ऐतिहासिक मधेश आनदोलनको मर्म र भावना विपरित हुन का साथै यस्ले मुलुकमा दिर्धकालीन द्वन्द्वको विजारोपण गर्ने भएको हुनाले सहमति भएको ६ प्रदेश प्रति पूर्ण रुपले असहमति जनाउदै फरकमत राखेका छौ ।

[signature]
सभासद

# संघिय लोकतान्त्रिक राष्ट्रिय मञ्च (थरुहट) को मस्यौदा संविधानमा संशोधनकालागि प्रस्तुत प्रस्तावहरु र फरक मतहरु ।

| प्रस्तावना/ धारा | मस्यौदामा भएको प्रावधान | संशोधन वा थप गर्नुपर्ने (धारा उपधारा सहित) |
|---|---|---|
| प्रस्तावना | दोश्रो अनुच्छेद | **“जनताको सार्वभौम अधिकार र स्वायत्तता”** भन्ने शव्दावली वीचमा **“आत्मनिर्णयको अधिकार”** थाप गर्ने |
| प्रस्तावना | तेश्रो अनुच्छेद | (थप गर्ने) सशस्त्र संघर्षपछि **“आदिवासी जनजाति आन्दोलन, मधेशी आन्दोलन, थरुहट आन्दोलन, खम्बुवान आन्दोलन, दलित आन्दोल मुस्लिम आन्दोलन, आदि”** थप गर्ने । |
| प्रस्तावना | छैठौं अनुच्छेद | (संशोधन)<br>जनताको प्रतिष्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्तन्त्रता, **समुदायगत प्रतिष्ठा अधिकार,** मौलिक अधिकार, मा अधिकार, वालिक मताधिकार, **सामाजिक समावेशीकरण, धर्म निरपेक्षता,** आवधिक निर्वाचन, प्रेश स्वतन्त्राता, स्वतन्त्रा निश्पक्ष र सक्षम न्यायपालिका तथा कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतालाई अवलम्वन गरी समाजवादको आधार निर्मा गर्न प्रतिवद्ध रहदै । |
| प्रस्तावना | अन्तिम अनुच्छेद | थप गर्ने माध्यमद्वारा (थप्ने ) **अग्रगामि पुनर्संरचना, समन्याय, समानता, शासन, शत्ता र श्रोतमा साझेदारी,** दिगो शान्ति, सुशासन, मा यो **संघीय** संविधान नेपालका लागि **संघीय** शव्द थप गर्ने । |
| धारा ४ | नेपाल राज्य | (१) नेपाल स्वतन्त्रा को अगाडि **“संघीय”** शव्द थाप गर्ने । |
| धारा ५ | राष्ट्र हित | (थप्ने)<br>(३) **समानुपातिक समावेशी, सहभागितापूलक शासन, अधिकार सम्पन्न संघ, प्रदेश, विषेश संरचना र संरक्षीत क्षेत्रका माध्याबाट सबै समुदायको शक्ति, साधन र स्रोतमा साझेदारी हुनेछ ।**<br>**(४) नेपाल पक्ष राष्ट्र रहेको अन्तर्राष्ट्रिय मानव अधिकारले प्रत्याभूत गरेका मानव अधिकारको प्रभावकारी कायार्वन्वयन गर्ने ।** |
| धारा ७ | सरकारी कामकाजको भाषा | (२) नेपाली भाषाको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र वहुसंख्यक जनताले वोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेशको सरकारी कामकाजको भाषाको रुपमा चलन गरिनेछ । (**“कानून बमोजिम”** र **“सकिनेछ”** लार्य हटाउने)<br>(३) प्रदेहका सरकारी कामकाजका भाषाहरु संघको समेत सरकारी कामकाजको भाषा मानिने छ । |
| धारा ९ | (३) राष्ट्रिय गानज, इत्यादि | (३) राष्ट्रिय जनावर “गाई” लार्य हटाई एक सिंगे “गैंडा” राख्ने । |
| धारा ३५ | स्वच्छ वातावरणको हक | (थप गर्ने)<br>(५) आदिवासी जनजातिलाई आफ्नो भुमि तथा वसोवास क्षेत्रको वातावरण संरक्षण, सम्वर्द्धन, व्यवस्थापन, उपयोग र उपभोग गर्ने हक हुनेछ ।<br>(६) आदिवासी जनजातिहरुलाई जैविक विविधता संरक्षण र कायम राख्न पाउने अधिकार हुनेछ । |
| धारा ३७ | भाषा तथा संस्कृति | (थप गर्ने)<br>(६) **नेपालमा वसोवास गर्ने प्रत्येक आदिवासी जनजाति लगायतका मातृभाषा भएको समुदालयलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने हक** हुनेछ । **मातृभाषामा शैषिक संस्था संचालन गर्न राज्यबाट आवशयक श्रोत प्राप्त गर्ने हक** हुनेछ । |

| | | |
|---|---|---|
| | सम्वन्धी हक | |
| धारा ३८ | रोजगारीको हक | थप्नु पर्ने<br>(३) संघीय र प्रदेश सरकारको सबै संयन्त्रको प्रत्येक तहमा जातिय जनसंख्याको आधारमा पूर्ण समानुपातिक रोजगारीको हक हुने छ । महिला तथा अपाङ्गहरुको लागि सोजातिय समुहबाट रोजगारीको हक सुरक्षित गरिनेछ । |
| मौलिक हक | आत्म निर्णयको हक -नया धारा थप गर्ने) | (१) आदिवासी जनजातिलाई आत्म-निर्णयको हक हुनेछ । यसको आधारमा उनीहरलाई स्वतन्त्रपूर्वक राजनीतिक अवस्था निर्धारण गर्ने, आर्थिक, सामाजिक र साँसकृतिक विकास गर्ने, आफ्नो परम्परागत भूमि तथा प्राकृतिक स्रोतको समित्व,। नियन्त्रण, प्रयोग, उपभोग र व्यवस्थापन गनेृछन् ।<br>(२) आदिवासी जनजातिले आतमर्निर्णयको हक स्वायत्तता र स्वशासनमार्फत अभ्यास गर्नेछन् ।<br>(३) आदिवासी जनजातिलाई सवै क्षेत्र र तहका निर्णय गर्ने राज्यसंरचनामा जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्व र रोजगारीको हक हुनेछ । राज्यले छुट्टै  निर्वाचन क्षेत्र र प्रणाली लगायतका उपायद्वारा आदिवासी जनजातिलाई समान हैसियत र अधिकार उपभोग गराउने व्यवस्था गर्नुपर्नेछ ।<br>(४) आदिवासी जनजातिहरुलाई उनीहरसंग सम्बन्धित र सरोकार रहने कानून निर्माण, शंसोधन वा खारेज गर्दा भूमि व्यवस्थापन, प्रशासनिक, नीतिगत तथा विकास सम्बन्धी कार्य गर्दा उनीहरुको परम्परागत तथा प्रतिनिधिमूलक संस्थामार्फत स्वतन्त्र अग्रिम सुसूचित सहमतिको हक हुनेछ ।<br>(५) राजयले स्वतन्त्र अग्रिम सूसूचित सहमति, सहभागिता र प्रतिनिधित्व कार्यान्वयनको लागि आवश्यक कानून, नियम वा नीति बनाउने छ । |
| धारा ४३ | महिलाको हक | (थप गर्ने)<br>(१) आदिवासी जनजाति महिलालाई पहिचानको अधिकार हुनेछ, र उत्पती तथा पहिचानको आधारमा कुनै पनि प्रकारको विभेद तथा शोषण विरुद्ध प्रभावकारी उपचारको हक हुनेछ ।<br>(२) आदिवासी जनजाति महिलाहरुको उत्थान, बिकास र अधिकारको संरक्षणको लागि राज्यले कानून, नीति तथा कार्याक्रम वा बिशेष उपायद्वारा संरक्षित गरिनेछ । |
| धारा ४७ | सामाजिक न्याय | (थप गर्ने)<br>(१) "सामाजिक" भन्ने शब्द अगाडि "राजनीतिक, आर्थिक सास्कृतिक पहिचान र उत्पत्ति" को आधारमा भनने थप गर्ने र "पछाडि परेका" भन्नेमा "पछाडि पारिएका" भन्ने थप गर्ने र समावेसीको अगाडि पूर्ण समानुपातिक, समावेशी रोजगारी र प्रतिनिको हक हुनेछ भन्ने थप गर्ने ।<br>यसै उपधारामा "आर्य" शब्द हटाई "खस" मात्र राख्ने । (मानव विकास सूचकांक उच्च रहेको, सामजिक इज्जत प्रतिस्था सबैभन्दा उच्च रहेको विशेष गरी सबै ठूला दलको शिर्षस्थ नेताहरु सोही जातिबाट निरन्तर नेतृत्व रहेको, प्रधानमन्त्री, प्रधानन्यायधीश सहित सबै तहका अदालतका न्यायधीश, महान्यायाधीवक्ता, नेपाल राष्ट्र बैंकको गर्भनर, प्रहरी महानिरीक्षक, प्रधान सोनापति, राष्ट्रिय अनुसन्धान प्रमुख, मन्त्रालयका सचिव, विभागको महानिर्देशक लगायत मुख्य सरकारी निकायका सबै  प्रमुखहरु, अपबादमा एक आधजना बाहेक, सोही जातिकाले निरन्तर नेतृत्व गरी नियन्त्रणमा |



व्यवस्थापिका-संसद सचिवालय

[illegible],
[illegible]
सिंहदरबार काठमाण्डौं ।

मिति : २०७२ । ०४ ।२४

द. नं. १८
२०७२।४।२४

विषयः फरक मत सम्वन्धमा ।

हामी संविधानसभाबाट समानुपातिक समावेशी सिद्धान्तमा आधारित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नयाँ संविधान निर्माण प्रक्रियामा छौ । संविधानको प्रारम्भिक मस्यौदा निर्माणको क्रममा जन सरोकारका मूख्य विषयहरुलाई एनेकपा (माओवादी ) र हाम्रो तर्फबाट मस्यौदा समितिमा प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यहरुले पेश गर्नुभएको फरक मत र यस पटक पुनः पार्टीको तर्फबाट पेश भएको फरक मतलाई समर्थन गर्दै थप अन्य विषयमा निम्नानुसार फरक मत पेश गरेका छौं ।

१) **प्रस्तावनामा** चौथो प्यारामा पितृसत्तात्मक शब्द थप गरिनुपर्दछ । "वर्ण व्यवस्थाजन्य जातपात र छुवाछुतलगायतका सवै खाले विभेद र उत्पीडनको अन्त्य गरी" बनाउनुपर्दछ । समानुपातिक र समावेसी राज्य प्रणाली बनाउनुपर्दछ ।

२) संघिय प्रदेशहरुको संरचना गर्दा वहुपहिचानलाई आधार वनाई गरिएको प्रदेश संरचना सामान्यत सहि हुँदाहुँदै पनि कतिपय जिल्लाहरुको सिमाङ्कन पहिचान र सामर्थ्यको मान्यता विपरित हुन गएको छ । वाग्लुङ, म्याग्दी, सल्यान र रुकुमको मुल पहिचान मगरात भएकोले यी जिल्लाहरुलाई एउटै प्रदेशमा समेटेर प्रदेश नं ५ मा राखिनुपर्दछ ।

३) थारु समुदायको सघन वसोवास भएको र भाषीक, साँस्कृतिक, मनोवैज्ञानीक एवं आर्थिक सम्वन्ध र भौगोलीक दृष्टिले समेत एकरुपता रहेका दाङ्ग ,बाँके, वर्दिया, कैलाली र कञ्चनपुरलाई अलग-अलग प्रदेशमा समावेश गर्दा थारु समुदाय तथा थारु पहिचान खण्डित हुन पुग्ने भएकोले दाङ्ग देखि कन्चनपुर सम्मका ५ ओटै जिल्लाहरुलाई भौगोलिक एवं आर्थिक सम्वन्धको दृष्टिले समेत सुगम र सहज हुने एउटै प्रदेशमा समावेश गरी **"थारु स्वायत्त क्षेत्र"** को रुपमा व्यवस्था गरिनुपर्दछ ।

४) राजनैतिक, आर्थिक एवं समग्र मानव विकास सूचकांकको दृष्टिले पछाडी परेका र आफ्नै मौलिक संस्कृतिमा आधारित रहदै आएका कर्णाली अञ्चलका ५ जिल्ला डौल्पा,जुम्ला ,मुगु, हुम्ला र कालीकोट सहित बाजुरा ,बझाङ्ग, अछाम र जाजरकोट जिल्लाहरुलाई समेटेर बनेको **"पिछडिएको क्षेत्र"** लाई ६ नं प्रदेश अन्तर्गत **"कर्णाली विशेष स्वायत्त क्षेत्रको"** रुपमा व्यवस्थु गरिनुपर्दछ ।

५) सवै तहको व्यवस्थापिकाहरु, राज्यका सवै अङग र संवैधानिक निकायमा समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग, समुदाय, किसान, मजदुर, आदिवासी जनजाति, महिला, दलित, मधेशी, थारु, मुस्लीम, अपाङ्गता भएका ब्यक्ति ,पिछडावर्ग र अल्पसख्यकको प्रतिनिधित्व सुनिश्चित हुनुपर्दछ ।

६) सवै तहको व्यवस्थापिकाका कार्यकारी पदमा कम्तीमा १ जना महिला र १ जना दलित अनिवार्य हुनुपर्ने व्यवस्था गरिनुपर्दछ । गाउँ, नगर, वडाका अध्यक्ष र उपाध्यक्ष मध्ये १ जना महिला हुने व्यवस्था गरिनुपर्दछ ।

**संवैधानिक -राजनैतिक संवाद तथा सहमति समितिका सदस्यहरु :**

कृष्ण बहादुर महरा
शक्ति बहादुर बस्नेत
रेखा शर्मा
शिव कुमार मण्डल केवट
योगेन्द्र घिसिङ तामाङ

राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल
Rastriya Janamukti Party (Democratic) Nepal
केन्द्रिय समिति, काठमाण्डौं, नेपाल
Central Committee, Kathmandu, Nepal

द. नं. १६
२०७२/४/२४

# संविधान मस्यौदा - २०७२
# फरक मत

प्रस्तुतकर्ता
मा. शिवलाल थापा
नेता
राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल

# राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल

## Rastriya Janamukti Party (Democratic) Nepal

केन्द्रिय समिति, काठमाण्डौं, नेपाल

Central Committee, Kathmandu, Nepal

पत्र संख्या:- ०७१/७२

च. नं.:- १८९

मिति:- २०७२।५।२०

माननीय सभापति ज्यू,
राजनीतिक संवाद तथा सहमति समिति
सिंहदरबार, काठमाडौं ।

**विषय: फरक मत प्रस्तुत गरेको सम्बन्धमा ।**

महोदय,

२५० वर्षदेखि नेपालमा कायम रहेको केन्द्रिकृत, एकाधिकारवादी, राज्यसत्ता विरुद्ध नेपाली जनताको ७ दशक लामो क्रान्ति, आन्दोलन, संघर्षबाट मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित गरी सबै जाति, क्षेत्र, वर्ग, लिङ्ग, समुदायहरूको सह अस्तित्व र पहिचानलाई उजागर गर्दै,

राष्ट्रिय स्वाधिनता, सार्वभौकिता, भौगालिक अखण्डता, बलियो राष्ट्रिय एकतालाई अक्षुण्ण राख्दै विविध जाति भाषा, संस्कृति र धार्मिक परम्परामा आबद्ध सम्पूर्ण नेपालीहरूको समुन्नत विकास र प्रगतिका लागि राज्यका स्रोत साधनलाई अधिकतम उपयोग गरी समृद्ध र सबल राष्ट्र निर्माणको लागि सबै खाले एकाधिकारको समुल अन्त्यको मूल लक्ष्यलाई प्राप्त गर्न राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल प्रतिबद्ध रहने छ ।

मुलुकको पछौटेपन, गरिबी, अशिक्षा, बेरोजगारी समस्या साथै अवन्नतिको सम्पूर्ण जिम्मेवारी विगतको समयमा राज्यसत्ता सञ्चालकहरूले लिनुपर्दछ भन्ने पार्टीको ठहर छ । तसर्थ मुलुकको स्थायी शान्ति, दिगो विकास र बलियो राष्ट्रिय एकता निर्माण गर्न नेपाली माटो, हावापानी र जीवनशैलीसँग जोडिएको राज्य व्यवस्थाको निर्माण र सञ्चालन गर्न सकिएमा मात्र सम्मुनत नेपालको निर्माण हुनेछ । नेपाली जनताले ७ दशक लामो संघर्षपछि आफ्नो प्रतिनिधि मार्फत संविधान लेख्न गइरहेको सन्दर्भमा अब बन्ने भनिएको संघीय गणतन्त्र नेपालको संविधान कुनै कानुनी दस्तावेज मात्रै नबनोस् भन्नेमा राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल गम्भीर रूपमा फरक मत जाहेर गर्दछ ।

२०७२ वैशाख १२ र २९ गते आएको विनाशकारी महाभूकम्पले मुलुकमा अत्यन्त भयावह स्थिति सृजना गर्‍यो । दशौं हजार मानव क्षति हुन पुग्यो । तीसौं हजार नेपाली जनता घाइते भए । लाखौं लाख नेपालीहरू घरवार विहीन हुन पुगे । उक्त भूकम्पले गर्दा विश्व सम्पदाको सूचीमा रहेका बहुमूल्य सम्पदाहरू ध्वस्त हुन पुग्यो । मुलुकमा आएको यस प्रकारको पिडादायी घटना सेलाउन नपाउँदै नेपालको पूर्वी जिल्लाहरूमा आएको बाढी पहिरोमा परी कैयौं नेपालीले ज्यान गुमाए भने कैयौं त बेपत्ता छन् । यस विषम् परिस्थिति लगत्तै लामो समयदेखि बहस र छलफलमा रहेको संविधान निर्माणको प्रक्रियाले गति लिन थालेको हामी सबैले महसुस गरिरहेका छौं । विभिन्न ध्रुवतिर फर्किएर बसेका राजनीतिक दल र तिनका नेताहरूलाई एकताको पाठ पनि यसपछि मिलेको पार्टीले ठहर गरेको छ । नेपाली काँग्रेस, एमाले, एमाओवादी र मधेशी जनअधिकार फोरम लोकतान्त्रिक चार दलको १६ बुँदे प्रतिवेदनले सम्वाद समितिमा प्रवेश पाएपछि अन्य पहिचान र संघीयतावादी दलहरूले पनि आ-आफ्ना फरक मत संविधान सभामा दर्ज गराएका छन् ।

राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल
Rastriya Janamukti Party (Democratic) Nepal
केन्द्रिय समिति, काठमाण्डौं, नेपाल
Central Committee, Kathmandu, Nepal

पत्र संख्या:-

च. नं.:-

मितिः- ..............................

हाम्रो दल राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपालले पनि आफ्नो लिखित फरक मत सहित यो १६ बुँदे प्रतिवेदनको फलस्वरूप आएको संविधान मस्यौदाप्रति आलोचनात्मक समर्थन गरेको छ। विभिन्न चरणमा भएको जनसंघर्ष, सशस्त्र संघर्ष, जनयुद्ध, आदिबासी जनजाति आन्दोलन, मधेश आन्दोलन, मुस्लिम र दलित आन्दोलन, महिला आन्दोलनमा अभिव्यक्त जनताको जनादेशलाई नयाँ संविधान मार्फत साकार तुल्याउने र राष्ट्रियताको रक्षा, जनताको हक अधिकार तथा जनजिविकाका आधारभूत समस्याको समाधान गर्ने खालको संविधान निर्माण गर्न हाम्रो पार्टी प्रतिबद्ध रहेको छ। तसर्थ हाम्रो पार्टीमाथि उल्लेखित सम्पूर्ण उद्देश्य हासिल गर्नका खातिर निम्नानुसारको फरक मत प्रस्तुत गर्दछ:-

**१. शासकीय स्वरूपः**

१.१ मुलुकमा ००७ सालको आन्दोलन, ०४६ सालको आन्दोलन पश्चात् अभ्यास गरिएको ब्रिटिश मोडेलको संसदीय प्रणाली अफाप सिद्ध भइसकेको सन्दर्भमा मुलुकको विविधता अनुकूलको समानुपातिक समावेशी लोकतन्त्रको विकल्प अरु हुन सक्दैन तसर्थ मुलुकको राजनीतिक स्थायित्व समृद्ध नेपाल नर्मािणको लागि राष्ट्र प्रमुखको भूमिकामा १ अध्यक्ष मण्डल (Presidium) रहनेछ। अध्यक्ष मण्डलमा जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको जनप्रतिनिधि सभा (Federal House) ले दलित, महिला, आदिवासी/जनजाति, तराई/मधेशी, खस आर्य समुदायबाट १/१ जनाको प्रतिनिधित्व हुने गरी ५ जनाको अध्यक्ष मण्डल निर्वाचन गर्नेछ।

१.२ अध्यक्ष मण्डलले वर्णानुक्रम अनुसार १/१ वर्षको लागि आफूहरू मध्येबाट अध्यक्षको चयन गर्नेछ।

१.३ अध्यक्ष मण्डलका अध्यक्ष राष्ट्र प्रमुख हुनेछन्। अध्यक्ष मण्डल राष्ट्रिय राष्ट्रिय एकताको प्रतिक हुनेछ।

१.४ एकपटक अध्यक्ष भइसकेको व्यक्ति अरु जातिहरूको पालो नसकिदा सम्म अर्को पटक अध्यक्ष हुन पाउने छैन।

मुलुकको विविधताको अनुपम नमुना अनुरूप अध्यक्ष मण्डलको रूपमा शासकीय स्वरूप राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपालले मूल सैद्धान्तिक आधारको रूपमा प्रस्तुत गर्दै आएको छ। माथि उल्लेखित अध्यक्ष मण्डलको व्यवस्था नयाँ बन्ने संविधानमा गर्न सकिएमा विश्वको नौलो, मौलिक र नेपाली समाजको प्रतिबिम्बको रूपमा रहने निश्चित छ। तर संविधान सभामा देखिएको यथास्थितिवादी र पुरातनपन्थि सोच मुख्य बाधकको रूपमा रहेको तथ्य कसैबाट छिपेको छैन। त्यसैले राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल हाललाई कार्यकारी अधिकार (Executive Power) सहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणालीको पक्षमा रहेको छ।

**२. प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणालीः**

२.१ मतअधिकार प्राप्त हरेक नेपालीको बालिक मतबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपति रहनेछ।

२.२ राष्ट्रपति कार्यकारी प्रमुख हुनेछन्।

२.३ राष्ट्रपतिले संघीय परिषद्मा (Federal House) १ प्रतिशत भन्दा बढी मत प्राप्त सवै राजनीतिक दलहरूलाई समानुपातिक प्रतिनिधित्व गराई मन्त्रिमण्डलको गठन गर्नेछन् ।

२.४ राष्ट्रपति संविधानको संरक्षक र नेपाली सेनाको परमाधिपति हुनेछ ।

२.५ राष्ट्रपति र उप-राष्ट्रपति एउटै जाति, एउटै समुदाय, एउटै वर्ग, एउटै क्षेत्र, एउटै लिङ्ग र एउटै राजनीति दलको हुनु हुँदैन ।

२.६ कुनै एक व्यक्ति दुई अवधि भन्दा राष्ट्रपति र उपराष्ट्रपतिको उम्मेदवारी हुन पाउने छैन ।

## ३. व्यवस्थापिका (Legislative)

३.१ हालको प्रतिनिधि सभाको सट्टा केन्द्रमा संघीय जनपरिषद् (House of People's Federal Council) हुनेछ ।

३.२ संघीय जनपरिषद्मा २०१ जना सदस्य रहनेछ। संघीय जनपरिषद् तल्लो सदनको रूपमा रहनेछ। जसमा प्रत्यक्षबाट ४० प्रतिशत र समानुपातिकबाट ६० प्रतिशत रहने व्यवस्था हुनुपर्दछ ।

३.३ संघीय सभा: संघीय सभामा ७५ जना सदस्य रहनेछ। संघीय सभा माथिल्लो सदनको रूपमा रहनेछ। जसमा १० प्रदेशबाट ७ जनाको दरले निर्वाचित ७० जना र मन्त्रिपरिषद्को सिफारिसमा अध्यक्ष मण्डलका अध्यक्षबाट मनोनित ५ जना रहने व्यवस्था हुनुपर्दछ ।

## ४. कार्यपालिका (Executive)

४.१ जनतावाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्नेछ ।

४.२ दैनिक कार्य संचालनका लागि जनप्रतिनिधि सभा (House of People's Federal Council) मा वहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुनेछ ।

४.३ प्रधानमन्त्री जनप्रतिनिधिसभा प्रति उत्तरदायी हुनेछ ।

४.४ प्रधानमन्त्रीको नेतृत्वमा १ मन्त्रिपरिषद् हुनेछ। मन्त्रिपरिषद्ले कानुनमा व्यवस्था भए बमोजिम काम गर्नेछ ।

## ५. राज्य पुनः संरचना:

५.१ संघ र प्रदेशहरूको गठन: संघीय गणतन्त्र नेपालको राज्य पुनः संरचना सबैभन्दा अहम र पेचिलो विषय वन्दै आएको छ। राज्य पुनःसंरचना कुनै प्रशासनिक इकाइको पुनःगठनको विषय मात्र होइन। अवको राज्य पुनः संरचनाले राज्य जातिय भौगोलिक, क्षेत्रीय, भाषिक, सांस्कृतिक सहअस्तित्वलाई सम्वोधन गर्दै प्रशासनिक सुगमता विकास निर्माणलाई स्थायी दिगो, छिटो छरितो र सन्तुलित बनाउन गम्भीर ढंगले ध्यान पुऱ्याउनु पर्दछ ।

५.२ राज्यको पुनःसंरचना गर्दा ऐतिहासिक, जातिय, भाषिक, सांस्कृतिक क्षेत्र, प्राकृतिक स्रोत क्षेत्र, साझा मनोविज्ञान, प्रशासनिक सुगमतालाई मुख्य आधारमा (पहिचानको ५, सामार्थ्य ४

आधार) टेकेर संघीय प्रदेश निर्माण गरिनुपर्दछ। पार्टीले माथि उल्लेखित आधारहरूको अध्ययन गरी १० वटा प्रदेशको प्रस्ताव गरेको छ।

१. लिम्बूवान प्रदेश
२. खम्बुवान प्रदेश
३. ताम्सालिङ्ग प्रदेश
४. नेवाः प्रदेश
५. मगरात प्रदेश
६. तमुवान प्रदेश
७. थरुहट प्रदेश
८. शेर्पा प्रदेश
९. खसान प्रदेश
१०. जडान प्रदेश

५.३. प्रदेश सभा गठनः प्रदेश सभामा प्रदेशको जनसंख्याको आधारमा ३५ देखि ५१ जना रहनेछ।

५.४ प्रदेश सभाले १ मुख्यमन्त्री सहित बढीमा ९ जना सम्मको १ मन्त्रिपरिषद् गठन गर्नेछ। मन्त्रिपरिषद् प्रदेश सभाप्रति उत्तरदायी हुनेछ।

५.५ प्रदेशको राजधानीः प्रदेश सरकारको प्रशासनिक केन्द्रको रूपमा प्रदेशको राजधानी प्रशासनिक सुगमता, विकास पूर्वाधार हेरी सम्बन्धित प्रदेश सभाले तोक्नेछ।

५.६ प्रदेशको प्रशासनिक भाषाः प्रदेशमा प्रशासनिक भाषाको रूपमा प्रचलनमा रहेको सबै भाषालाई मान्यता प्रदान गरिनेछ।

## ६. न्याय प्रणाली

६.१ सर्वोच्च अदालतः मुलुकको सर्वोच्च न्यायिक (Supreme Court) हुनेछ।

६.२ संघीय अदालतः मुलुकको न्याय व्यवस्थालाई छिटो, छरितो, पारदर्शी साथै, संघ र प्रदेशबीचको विवाद, प्रदेश-प्रदेश बीचको विवाद, सीमा विवादको लागि एक संवैधानिक अदालत रहनेछ।

६.३ पुनरावेदन अदालतः हरेक प्रदेशमा प्रदेश तहको पुनरावेदन अदालत रहनेछ।

६.४ मध्यस्थ अदालत (Mediator Court) : हालको जिल्ला अदालतको सट्टा रहनेछ। मध्यस्थ अदालतमा विविध पहिचानका समुदायको न्यायलाई सहज बनाउन बेञ्च (Bench) रहनेछ।

६.५ प्रदेशभित्र अल्पसंख्यक जाति, समुदाय, सीमान्तकृत समुदायको हकमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, संविधानमा व्यवस्था गरिनेछ।

७. **निर्वाचन प्रणाली**

७.१ संघीयताले मात्र जनतालाई राजनीतिक अधिकार प्राप्त हुँदैन । जनताले राजनीतिक अधिकार राजनीतिक प्रणालीवाट मात्र प्राप्त गर्दछ र सवै जातिय/क्षेत्रीय समुदायले न्यायोचित अधिकार पाउने भन्ने राजनीतिक प्रणाली भनेको कोटासहित खुल्ला सूचीमा आधारित जातिय जनसंख्या र क्षेत्रीय समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीले (Mixed Member Proportional Representative System) को विकसित रूप हो । निर्वाचन प्रणाली राज्य सत्तामा पुग्ने मुख्य भऱ्याङ हो । वहुजातिय समुदाय भएको नेपालका विविध जातिय समुदायको लागि राजनीतिक अधिकार प्राप्त गर्न यो भन्दा अर्को निर्वाचन प्रणाली हुन सक्दैन ।

७.२ प्रदेश सभा, स्वयत्त क्षेत्र, संरक्षित क्षेत्रमा समेत समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरिनुपर्दछ ।

७.३ जनसंख्या न्युन रहेका अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख जाति/समुदायको हकमा अनिवार्य प्रतिनिधित्व गराइनेछ ।

८. **धर्म निरेपक्षः** संघीय गणतन्त्र नेपाल धर्म निरपेक्ष राज्य हुनेछ ।

९. **राष्ट्रिय जनावरः** एक सिंगे गैंडा/कृष्णसार राष्ट्रिय जनावर हुनेछ ।

**विशेष व्यस्था**

१०. महाभियोगः निर्वाचित राष्ट्रपतिलाई जनप्रतिनिधि सभाले २/३ वहुमतले महाभियोग (Impeachment) द्वारा हटाउन सक्नेछ ।

११. राज्यको तह, संवैधानिक आयोग, विभिन्न निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व अनिवार्य गर्नुपर्नेछ ।

१२. जुनसुकै तह र स्तरका भ्रष्टाचारीहरू जनद्रोही र देशद्रोही भएकोले त्यस्ता भ्रष्टाचारीलाई सर्वस्वसहित जन्मकैद सजायको व्यवस्था गर्नुपर्दछ ।

१३. अध्यक्ष मण्डल (Presidium) का सदस्य प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, सेनापति, प्रहरी प्रमुख र संवैधानिक अङ्गका प्रमुखहरूको लागि अनिवार्य रूपमा वंशजको आधारमा नेपाली नागरिक हुनुपर्नेछ ।

१४. **नागरिकता सम्बन्धीः** हाल कायम रहेको नागरिकतालाई अस्थायी मानि सम्वन्धित प्रदेश सकारले आ-आफ्नो राज्यभित्रका स्थायी वासिन्दाहरूको पहिचान गरी परिचयपत्र दिने र सोही आधारमा संघीय सरकारले (केन्द्र) नागरिकता दिनुपर्नेछ । नागरिकता प्रदान गर्दा कुनै पनि व्यक्तिको वावु वा आमा नेपाली नागरिक रहेको खण्डमा निजलाई वंशजको आधारमा नागरिकता दिनुपर्नेछ । प्रादेशिक सरकारवाट परिचय पत्र प्राप्त नगर्नेको नागरिकता वदर हुनेछ ।

(५)

१४.१ **नागरिकताको किसिम:**

क) वंशजको आधारमा नागरिकता

ख) जन्मसिद्धको आधारमा नागरिकता

ग) अंगीकृत नागरिकता

घ) सम्मानार्थ नागरिकता

१५. **संघीय परिषद् (Federal House):** संघीय जनप्रतिनिधि सभाका सदस्यहरूको भूमिकाप्रति असन्तुष्ट देखिएमा सम्वन्धित निर्वाचन क्षेत्रका मतदाताहरूले संसद् सदस्यता भंग गर्न सक्ने वा फिर्ता वोलाउन वा प्रत्याह्वान (Recall) गर्न सक्नेछ।

१६. **भाषा:** सरकारी कामकाजको भाषामा नेपाली भाषापछि अङ्ग्रेजी, हिन्दी र मातृभाषाको व्यवस्था हुनुपर्ने। प्रत्येक नागरिकलाई आफ्नो मातृभाषामा उच्च शिक्षामा पहुँचको हकको व्यवस्था हुनुपर्ने।

१७. **अग्राधिकारको व्यवस्था:** संयुक्त राष्ट्रसंघको वडापत्र १६९ अनुसार आदिवासी जनजातिहरूले परापूर्वकालदेखि खनजोत र भोगचलन गर्दै आएको भूमिमा निजहरूलाई सोही अनुसार गर्न पाउने अग्राधिकारको व्यवस्था हुनुपर्नेछ।

१८. **प्रथाजन्य कानुन:** आदिवासी जनजातिहरूले आफ्नो जातिय समुदायभित्र परम्परागत रूपमा अभ्यास गर्दै आएको प्रथाजन्य सामाजिक कानुनहरूलाई वर्तमान संविधानमा यथावत् राखिनुपर्नेछ।

१९. **आयोग गठन:** हाल चालुमा रहेका आयोग बाहेक निम्नलिखित आयोगको व्यवस्था गरिनुपर्ने टड्कारो आवश्यकता देखिएको महिला तथा वालबालिका आयोग, दलित आयोग, आदिवासी जनजाति आयोग, युवा आयोग, वृद्ध तथा अपाङ्ग आयोग, मुस्लिम आयोग, किसान आयोग, मजदुर आयोग र समावेशी आयोग।

२०. **थप मन्त्रालयको व्यवस्था**

२०.१ **विपद् व्यवस्थापन मन्त्रालय:** २०७२ वैशाख १२ र २९ गते आएको विनाशकाली महाभूकम्पवाट पाठ सिक्दै यस्ता भैपरी आउने प्राकृतिक विपद्‌वाट वच्न र तत्काल उद्धार गर्नका लागि एक विपत व्यवस्थापन मन्त्रालयको गठन गर्ने व्यवस्था हुनुपर्ने।

२०.२ **भू.पू. सैनिक मन्त्रालय:** नेपाल, भारत, ब्रिटिस तथा अन्य मुलुकमा सैन्य क्षेत्रमा सेवा गरी अवकाश प्राप्त भू.पू. सेना र निजका परिवारसँग सम्वन्धित सम्पूर्ण व्यवस्थाका लागि एक छुट्टै भू.पु. सैनिक मन्त्रालयको व्यवस्था हुनुपर्नेछ।

२१. **शहिद घोषणा :** आदिबासी जनजाति आन्दोलन, दलित आन्दोलन, महिला आन्दोलन, मधेशी आन्दोलन, मुस्मिल आन्दोलन लगायत जनताको हकहित तथा सार्वभौमका लागि लड्दा लड्दै शाहदात प्राप्त गर्ने सम्पूर्ण वीर तथा विरङ्गनालाई राष्ट्रले सम्मानपूर्वक शहिद घोषणा गर्नुपर्दछ।

पत्र संख्या:-

च. नं.:-

मितिः- २०७२।४।२०

यसै सन्दर्भमा सवैभन्दा पहिले प्रजातन्त्र प्राप्तिका लागि निरंकुश जहानिया राणा शासनविरुद्ध लड्दालड्दै राणाको फौजद्वारा काहुले, गोरखामा झुण्ड्याएर मारिएका लखन थापालाई नेपाली जनताले प्रथम शहिदको रूपमा स्वीकार गरिसकेको हुँदा लखन थापा मगरलाई सरकारले प्रथम सहिद घोषणा गर्नुपर्दछ ।

२२. **नियुक्ति सम्बन्धमाः**

२२.१ **न्याय परिषद्को नियुक्ति सम्बन्धमाः** संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा समानुपातिक समावेशी सिद्धान्त अनुरूप सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति राष्ट्रपतिबाट हुनेछ ।

२२.२ संवैधानिक अदालतः नेपालमा एक संवैधानिक अदालत रहनेछ । संवैधानिक अदालतको गठन देहाय बमोजिम हुनेछः

क) सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश वा संवैधानिक अदालतको वरिष्ठतम् न्यायाधीशबाट संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति-१ जना अध्यक्ष

ख) कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सर्वोच्च अदालतकै न्यायाधीश हुन योग्यता पुगेका व्यक्तिहरूबाट अलग अलग प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेशीको आधारमा न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्त ४ जना सदस्य हुने प्रावधान हुनुपर्ने ।

२२.३ **संवैधानिक अङ्गका प्रमुखको नियुक्तिः**

हाल कायम रहेको नियुक्ति प्रक्रियालाई भङ्ग गरी एक स्वतन्त्र निकाय गठन गरी उक्त निकायको सिफारिसमा राष्ट्रपतिद्वारा संवैधानिक अंगका प्रमुखका रूपमा नियुक्ति हुने व्यवस्था हुनुपर्नेछ ।

२३. **प्रतिनिधित्वको सम्बन्धमाः** जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्नेछ ।

२४. राष्ट्रिय जनावर : राष्ट्रिय जनावर गाईको सट्टा एक सिङ्गे गैंडा राख्नु पर्दछ

२५, राष्ट्रिय झण्डा: राष्ट्रिय झण्डा फेर्नु पर्दछ ।

अध्यक्ष ..........................................

**माननीय शिवलाल थापा**

फलको नेता तथा अध्यक्ष

राष्ट्रिय जनमुक्ति पार्टी (लोकतान्त्रिक) नेपाल

**जितु गौतम**
सभासद, संविधानसभा
झापा
नेकपा (एमाले)

**Jitu Gautam**
Member, Constituent Assembly
Jhapa
CPN (UML)

मिति: २०७२।०४।२३

माननीय डा. बाबुराम भट्टराईज्यू ।
सभापति, संवैधानिक राजनीतिक संवाद तथा सहमती समिति
संविधान सभा ।

द. नं. १८
२०७२।४।२४

विषय: मत दर्ज गरिएको बारे,

संविधानसभाको निर्देशन बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमती समितिको मस्यौदा प्रतिवेदनमा उत्पीडित दलित समुदायका आधारभुत-संवैधानिक हकहरु समावेश गर्न निम्न-बमोजिमका विषय संविधानको मस्यौदा प्रतिवेदनमा रहने गरि पेश गर्दछु ।

१. पहिलो संविधानसभाको पुर्ण सदनले सर्वसम्मतीबाट पारित गरेको र दोस्रो संविधानसभाले सर्वसम्मतीले स्वामित्व ग्रहण गरेका दलित समुदाय सम्बन्धि सबै हक अधिकारहरु जस्ताको तस्तै कायम रहने गरि संवैधानिक व्यवस्था गरियोस ।

२. संघ, प्रदेश र स्थानिय तहका व्यवस्थापिकामा दलित समुदायको समानुपातिक प्रतिनिधित्वलाई सुनिश्चित गरि क्षतिपुर्ति स्वरुप संघमा ३ प्रतिशत, प्रदेशमा ५ प्रतिशत र स्थानिय निकायमा १०% थप प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरियोस ।

३. दलित समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताका लागि प्रत्यक्ष तर्फ दलित समुदायको उम्मेद्वार बिच मात्र प्रतिस्पर्धा हुने गरि सुरक्षित निर्वाचन क्षेत्र (चक्रिय प्रणाली) को संवैधानिक व्यवस्था गरियोस ।

अथवा प्रस्तावित मस्यौदाको व्यवस्था अनुसार प्रत्यक्ष तर्फ बाट दलित समुदायको समानुपातिक प्रतिनिधित्व पुग्न नसकेको अवस्थामा समानुपातिकबाट परिपुर्ति हुने संवैधानिक व्यवस्था गरियोस ।

मोबाईल नं.- ९८४१५३६२०५, ९८५१०५६१२९
निवास फोन नं.-०१-४९१३९७२

Mobile no-9841536205, 9851056129, Residence tell no.-01-4913972
E-mail adress- jitugautam29@gmail.com

जितु गौतम
सभासद, संविधानसभा
झापा
नेकपा (एमाले)

Jitu Gautam
Member, Constituent Assembly
Jhapa
CPN (UML)

४. संवैधानिक अंग एवम् निकायहरूमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व र संघ, प्रदेश र स्थानिय तहका कार्यपालिकाहरूमा समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरियोस ।

~~राज्यका सबै तहका निजामती सेवा, सेना, प्रहरी लगायतका समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था गरियोस ।~~

५. संविधानसभाद्वारा प्रस्तावित संविधानको मस्यौदाको दलित समुदायको हक सम्बन्धी धारा ४५ को उपधारा (१),(२),(३),(४),(५) र (६) मा "कानुन बनाई" भन्ने वाक्यांश हटाइयोस । र धारा ४३ को महिलाको हकमा दलित महिलाको समानुपातिक हिस्सेदारीको संवैधानिक सुनिश्चित गरियोस ।

६. केन्द्रीय तथा प्रादेशिक मन्त्रीमण्डलमा दलित र महिलाको अनिवार्य प्रतिनिधित्वको संवैधानिक सुनिश्चितता गरियोस ।

जित बहादुर (दर्जी) गौतम
(सदस्य)
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति

मोवाईल नं.- ९८४१५३६२०५, ९८५१०५६१२९
निवास फोन नं.-०१-४९१३९७२

Mobile no-9841536205, 9851056129, Residence tell no.-01-4913972
E-mail adress- jitugautam29@gmail.com

# मा. प्रेम बहादुर सिंह
## नेता
संविधानसभा / व्यवस्थापिका-संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाण्डौं
समाजवादी जनता पार्टी

मा.न.१६
२०६२।४।२४

माननीय सभापतिज्यू,
संबैधानिक-राजनीतिक सम्वाद तथा सहमति समिति, सिँहदरवार

विषयः- विधेयकको पहिलो मस्यौदा परिमार्जन सम्वन्धमा ।

संविधानको विधेयकको पहिलो मस्यौदा परिर्माजन गर्दा निम्न विषय समावेश गरी विधेयकको मस्यौदा परिर्माजन गर्न जोडदार माग गर्दछु :

१. धारा ५५(ड) को खण्ड (२) पछि देहायको खण्ड (३) थप गर्ने ।

(३) छिमेकी मित्र राष्ट्रसंग समनिकटताको आधारमा सम्बन्ध परिचालन गर्ने ।

(संविधान सभाबाट पारित भई गएको )

२. धारा ६० को प्रस्तावित उपधारा (३) को अनुसूची ४ मा उल्लेखित प्रदेशहरु निर्माण गर्दा विशाल भूभाग, भौगोलिक विकटता र राजनीतिक, आर्थिक र सामाजिक लगायत हरेक दृष्टिकोणले पछाडी पारिएको कर्णालीलाई अन्याय भएको बास्तविकता समग्र कर्णालीबासीलाई महसूस भएको तथ्यलाई ख्याल गरी यसको उचित सम्बोधनको लागि निम्न व्यवस्था गरियोसः-

(क) कर्णालीलाई अलग प्रदेशको मान्यता दिइयोस् ।

वा

(ख) कर्णाली सहित मध्यपश्चिमलाई अलग प्रदेशको मान्यता दिइयोस् ।

वा

(ग) कार्यपालिकी-विधायिकी अधिकार सहित स्पष्ट अधिकारको सूची उल्लेख गरी कर्णाली स्वायत्त प्रदेशको मान्यता दिइयोस् ।

वा

(घ) कर्णालीलाई केन्द्र शासित प्रदेशको मान्यता दिइयोस् ।

२०६२।४।२४

फोन : +९८४००५००६९, ०१-४२००१३९ ईमेल: pbsingh_1953@yahoo.com

# नेपाल कम्पुनिष्ट पार्टी (संयुक्त)
## Nepal Communist Party (United)
संविधान सभा दलको कार्यालय
सिंहदरवार, काठमाण्डौं

च.नं
प.स.

संविधान सभा सचिवालय भवन
सिंहदरवार
Constituent Assembly
Secretariat House
Singha Durbar
फोन ४२००४४१ / ४२०००२९


३. <u>धर्म निरपेक्षता</u>:- राष्ट्रको कुनै धर्म नभएको र सवै धर्मलाई राष्ट्रले समान दृष्टिकोण राख्ने, भेदभाव नगर्ने, आदि ग्यारेन्टी हुने र धर्म निरपेक्ष शब्दको व्याख्या गरी धर्म निरपेक्ष्य शब्द नहटाइ विगत जनआन्दोलनको भावना र मर्ममा आधात पर्न नदिने ।

४. <u>आयोगको सम्बन्धमा</u>:- मजदुरहरुको न्यायलय र उच्च स्थानामा पहुँच नहुने हुँदा श्रमिक आयोग गठन गर्नु पर्दछ ।

५. **<u>थ्रेसहोण्ड</u>:-** कुनै पनि दललाई आआफ्ना राजनैतिक विचार लागि आम नागरिकसंग जाने अन्मोदन गराउने जस्ता, लोकतान्त्रिक एवः. गणतान्त्रिक पद्दती, परिपाटी समाप्त गरी गणतन्त्र र लोकतन्त्रको मर्म भावना प्रतिकूल जानु हुँदैन नागरिकले दल र विचार रोज्न पाउने मौलिक हकको प्रतिकूल हुँदा थ्रेसहोण्ड जस्तो कुरा संविधानमा राख्नु हुँदैन यदि राखेमा नया विचार को स्थान समाप्त हुने र दल खोल्न पाउने अधिकार कुण्ठित भई कुनैपनि दलले अपनत्व ग्रहण नगर्ने हुँदा दलहरुलाई संविधान प्रति अपनत्व ग्रहण गर्नबाट बन्चित गरिनु हुँदैन र थ्रेसहोण्ड राखी छेकवार लगाउन हुन्न ।

यि उपरोक्त सुझाव प्रस्तुत प्रतिवदनमा सम्बोधन नभएकाले संविधान मस्यौदामा समावेश गरिनु पर्दछ । धन्यवाद ।

जयदेव जोशी
ने.क.पा.(संयुक्त)
संसदीय दलको नेता

द. न. २०
२०६८।५।२४


दलित जनजाति पार्टी नेपाल
संसदीय दलको कार्याल
सिंहदरवार, काठमाडौं

फोन नं. ४२०००३७

यशोदा कुमारी लामा
संविधानसभा सदस्य एवं अध्यक्ष

Yashoda Kumari Lama
Member of Parliament and Chairman


मिति २०६८।०५।२४

श्री माननीय सभापतिज्यू
संवैधानिक राजनीतिक सम्वाद तथा सहमति समिति
सिंहदरवार, काठमाडौं।

विषय:- फरकमत प्रस्तुत गरेको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा विवाद उप समिति ले दवारको प्रति केवल प्रमुख चार दलका चार नेता ले ७ बुँदे प्रस्ताव गर्नु पछाडी पश्चगामी मस्यौदा आएको हुनाले उक्त मस्यौदा माथी हाम्रो पार्टी दलित जनजाति पार्टी नेपाल ले फरकमत दर्ता गराउदछ।

अध्यक्ष
मा० यशोदा कुमारी लामा


Cell No. 9851145101 Email: yasodhakumarilama@gmail.com

मिति: २०६२।०६।२६

२.३ राष्ट्रपतिले संघीय परिषद्मा (Federal House) १ प्रतिशत भन्दा बढी मत प्राप्त सबै राजनीतिक दलहरूलाई समानुपातिक प्रतिनिधित्व गराई मन्त्रिमण्डलको गठन गर्नेछन् ।

२.४ राष्ट्रपति संविधानको संरक्षक र नेपाली सेनाको परमाधिपति हुनेछ ।

२.५ राष्ट्रपति र उप-राष्ट्रपति एउटै जाति, एउटै समुदाय, एउटै वर्ग, एउटै क्षेत्र, एउटै लिङ्ग र एउटै राजनीति दलको हुनु हुँदैन ।

२.६ कुनै एक व्यक्ति दुई अवधि भन्दा राष्ट्रपति र उपराष्ट्रपतिको उम्मेदवारी हुन पाउने छैन ।

## ३. व्यवस्थापिका (Legislative)

३.१ हालको प्रतिनिधि सभाको सट्टा केन्द्रमा संघीय जनपरिषद् (House of People's Federal Council) हुनेछ ।

३.२ संघीय जनपरिषद्मा २०१ जना सदस्य रहनेछ । संघीय जनपरिषद् तल्लो सदनको रूपमा रहनेछ । जसमा प्रत्यक्षवाट ४० प्रतिशत र समानुपातिकवाट ६० प्रतिशत रहने व्यवस्था हुनुपर्दछ ।

३.३ संघीय सभा: संघीय सभामा ७५ जना सदस्य रहनेछ । संघीय सभा माथिल्लो सदनको रूपमा रहनेछ । जसमा १० प्रदेशवाट ७ जनाको दरले निर्वाचित ७० जना र मन्त्रिपरिषद्को सिफारिसमा अध्यक्ष मण्डलका अध्यक्षवाट मनोनित ५ जना रहने व्यवस्था हुनुपर्दछ ।

## ४. कार्यपालिका (Executive)

४.१ जनतावाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्नेछ ।

४.२ दैनिक कार्य संचालनका लागि जनप्रतिनिधि सभा (House of People's Federal Council) मा वहुमत प्राप्त व्यक्ति प्रधानमन्त्री हुनेछ ।

४.३ प्रधानमन्त्री जनप्रतिनिधिसभा प्रति उत्तरदायी हुनेछ ।

४.४ प्रधानमन्त्रीको नेतृत्वमा १ मन्त्रिपरिषद् हुनेछ । मन्त्रिपरिषद्ले कानुनमा व्यवस्था भए वमोजिम काम गर्नेछ ।

## ५. राज्य पुनः संरचना:

५.१ संघ र प्रदेशहरूको गठन: संघीय गणतन्त्र नेपालको राज्य पुनः संरचना सवैभन्दा अहम र पेचिलो विषय वन्दै आएको छ । राज्य पुनःसंरचना कुनै प्रशासनिक इकाइको पुनःगठनको विषय मात्र होइन । अबको राज्य पुनः संरचनाले राज्य जातिय भौगोलिक, क्षेत्रीय, भाषिक, सांस्कृतिक सहअस्तित्वलाई सम्वोधन गर्दै प्रशासनिक सुगमता विकास निर्माणलाई स्थायी दिगो, छिटो छरितो र सन्तुलित बनाउन गम्भीर ढंगले ध्यान पुर्‍याउनु पर्दछ ।

५.२ राज्यको पुनःसंरचना गर्दा ऐतिहासिक, जातिय, भाषिक, सांस्कृतिक क्षेत्र, प्राकृतिक स्रोत क्षेत्र, साझा मनोविज्ञान प्रशासनिक [illegible]

आधार) टेकेर संघीय प्रदेश निर्माण गरिनुपर्दछ। पार्टीले माथि उल्लेखित आधारहरूको अध्ययन गरी १० वटा प्रदेशको प्रस्ताव गरेको छ।

१. लिम्बूवान प्रदेश
२. खम्बुवान प्रदेश
३. ताम्सालिङ्ग प्रदेश
४. नेवा: प्रदेश
५. मगरात प्रदेश
६. तमुवान प्रदेश
७. थरुहट प्रदेश
८. शेर्पा प्रदेश
९. खसान प्रदेश
१०. जडान प्रदेश

५.३. प्रदेश सभा गठन: प्रदेश सभामा प्रदेशको जनसंख्याको आधारमा ३५ देखि ५१ जना रहनेछ।

५.४ प्रदेश सभाले १ मुख्यमन्त्री सहित बढीमा ९ जना सम्मको १ मन्त्रिपरिषद् गठन गर्नेछ। मन्त्रिपरिषद् प्रदेश सभाप्रति उत्तरदायी हुनेछ।

५.५ प्रदेशको राजधानी: प्रदेश सरकारको प्रशासनिक केन्द्रको रूपमा प्रदेशको राजधानी प्रशासनिक सुगमता, विकास पूर्वाधार हेरी सम्बन्धित प्रदेश सभाले तोक्नेछ।

५.६ प्रदेशको प्रशासनिक भाषा: प्रदेशमा प्रशासनिक भाषाको रूपमा प्रचलनमा रहेको सबै भाषालाई मान्यता प्रदान गरिनेछ।

## ६. न्याय प्रणाली

६.१ सर्वोच्च अदालत: मुलुकको सर्वोच्च न्यायिक (Supreme Court) हुनेछ।

६.२ संघीय अदालत: मुलुकको न्याय व्यवस्थालाई छिटो, छरितो, पारदर्शी साथै, संघ र प्रदेशवीचको विवाद, प्रदेश-प्रदेश वीचको विवाद, सीमा विवादको लागि एक संवैधानिक अदालत रहनेछ।

६.३ पुनरावेदन अदालत: हरेक प्रदेशमा प्रदेश तहको पुनरावेदन अदालत रहनेछ।

६.४ मध्यस्थ अदालत (Mediator Court) : हालको जिल्ला अदालतको सट्टा रहनेछ। मध्यस्थ अदालतमा विविध पहिचानका समुदायको न्यायलाई सहज वनाउन वेञ्च (Bench) रहनेछ।

६.५ प्रदेशभित्र अल्पसंख्यक जाति, समुदाय, सीमान्तकृत समुदायको हकमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र, संविधानमा व्यवस्था गरिनेछ।

यसै सन्दर्भमा सर्वभन्दा पहिले प्रजातन्त्र प्राप्तिका लागि निरंकुश जहानिया राणा शासनविरुद्ध लड्दालड्दै राणाको फौजद्वारा काहुले, गोरखामा झुण्ड्याएर मारिएका लखन थापालाई नेपाली जनताले प्रथम शहिदको रूपमा स्वीकार गरिसकेको हुँदा लखन थापा मगरलाई सरकारले प्रथम सहिद घोषणा गर्नुपर्दछ।

२२. **नियुक्ति सम्बन्धमा:**

२२.१ **न्याय परिषद्को नियुक्ति सम्बन्धमा:** संवैधानिक परिषद्को सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषद्को सिफारिसमा समानुपातिक समावेशी सिद्धान्त अनुरूप सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको नियुक्ति राष्ट्रपतिबाट हुनेछ।

२२.२ संवैधानिक अदालत: नेपालमा एक संवैधानिक अदालत रहनेछ। संवैधानिक अदालतको गठन देहाय बमोजिम हुनेछ:

क) सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश वा संवैधानिक अदालतको वरिष्ठतम् न्यायाधीशबाट संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्ति-१ जना अध्यक्ष

ख) कानूनमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सर्वोच्च अदालतकै न्यायाधीश हुन योग्यता पुगेका व्यक्तिहरूबाट अलग अलग प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेशीको आधारमा न्याय परिषद्को सिफारिसमा राष्ट्रपतिबाट नियुक्त ४ जना सदस्य हुने प्रावधान हुनुपर्ने।

२२.३ **संवैधानिक अङ्गका प्रमुखको नियुक्ति:**

हाल कायम रहेको नियुक्ति प्रक्रियालाई भङ्ग गरी एक स्वतन्त्र निकाय गठन गरी उक्त निकायको सिफारिसमा राष्ट्रपतिद्वारा संवैधानिक अंगका प्रमुखका रूपमा नियुक्ति हुने व्यवस्था हुनुपर्नेछ।

२३. **प्रतिनिधित्वको सम्बन्धमा:** जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनुपर्नेछ।

२४. राष्ट्रिय जनावर : राष्ट्रिय जनावर गाईको सट्टा एक सिंगे गैंडा राख्नु

२५. राष्ट्रिय झण्डा : राष्ट्रिय झण्डा फेर्नु पर्दछ।

मानननीय

दलको नेता तथा अध्यक्ष

२.न. २१ २०७२।४।२४



मानननीय सभापति
संविधान ~~मस्यौदा समिति~~ राजनीतिक संवाद तथा सहमति समिति
कार्यदल, सिंहदरबार,
काठमाडौं ।

विषयः फरक मत पेश गरेको बारे ।

उपरोक्त सम्वन्धमा मिति २०७२/०४/२४ गते संविधान मस्यौदा, एकीकृत कार्यदलले तयार गरी पेश गरेको एकीकृत नेपालको अन्तरिम संविधान २०६३ मा प्रत्याभूत र संस्थागत गरिएका मौलिक हक र व्यवस्था, आदिवासी जनजाति , मधेसी पिछडिएका जनताहरु सँग राज्यले गरेका सम्झौता, पहिलो संविधान सभाको सहमत भएका विषय विपरित र विभिन्न समय राज्यले गरेका सहमति तथा असहमतिका विषयमा सहमति सम्बन्धि प्रस्ताव तयारी सुझाव उक्त मस्यौदा उपर संविधान सभ नियमावली २०७० बमोजिम शंसोधन प्रस्ताव पेश गरेको छु । अब बन्ने २०७२ को नयाँ संविधान- संघीय लोकतान्त्रिक गण नेपालको संविधान मा रहन पर्ने शंसोधन सहितको व्यवस्था यसै साथ संलग्न गर्दछु ।

१) प्रस्तावनामा समानुपातिक तथा सभावेशी लोकतान्त्रिक गणतन्त्र उल्लेख हुन पर्ने ।
२) निर्वाचन प्रणाली प्रत्यक्ष अथवा समानुपातिक जुनसुकै विधि भए पनि नेपाल राज्यको क्षत्रीय, जातिय तथा लिंगीय जनसं आधारमा पूर्ण-ससानुपातिक निर्वाचन प्रणाली द्वारा राज्यको तिनै अङ्ग व्यवस्थापिका, कार्यापालिका र न्यायपालिकामा सहभागि ।
३) मधेसमा २ र पहाडमा ५ गरी जम्मा ७ प्रदेशहरुको सिमाङकन रेखाङकन समेत संविधान सभावाटै हुन पर्ने ।
४) न्यायपालिकाको व्यावस्था सर्वच्च, उच्च, जिल्लाका साथै गा.वि.स. अदालत गरी चार तहको हुनु पर्ने ।
५) नेपाल राज्यको हरेक क्षेत्र हिमाल पहाड तराई कोहि छैन पराई भन्ने लोकोक्ति अनुसार हिन्दु, मुस्लीम, सिख, ईसाइ, हा धाई प्रतिपादन गर्न सवै जात जाति दलित जनजाति आदिबासी पिछिडा वर्गको जाति सुचिकृत गरि जातिय जनसंख्यको अ समानुपातिक प्रणालीको सिद्धान्त अवलम्वन गर्दै सम्पूर्ण नेपली एउटै जातीमा परिवर्तित गर्न राजनैतिक, आर्थिक, समाजिक राज्यको सवै अंगमा अधिकार द्धारा सु-सम्पन्न गरेमा नयाँ नेपालको निर्माण गर्ने सपना पुरा हुने गरी संविधान बन्नु पर्ने छ

संलग्न :
१) संघीय सम्बन्धित नेपाली जनता दलको अवधारणाको नक्सा लगायत राष्ट्रपति, उपराष्ट्रपति, व्यवस्थापिका, कार्यापालिक न्यायपालिका सिमाङकन सहितको राज्यको पुनसंरचना, संवैधानिक अंग, मौलिक हक समेत पाँच पान्ना संलग्न छ ।

२) २०७१/~~०५/३०~~ मा पेश गरेको ~~उक्त~~ दलको धारणा पन्ना -५ ।

२०७२/०४/२४

हरि चरण साह
माननीय संविधान सभा सदस्य
संविधान मस्यौदा समिति
नेपाली जनता दल

नेपाली जनता दल २०५९

जनतावाद

# नेपाली जनता दल

# Nepali Janata Dal

संविधानसभा संसदीय दलको कार्यालय

सिंहदरवार काठमाण्डौं

मानवतावाद

पत्र.सं.

च.नं.

(७) मिति : ......................

| क्र/धारा/उपधारा | अनुच्छेद/हरफ | संशोधन, संशोधन, परिमार्जन, परिष्करण र परिवर्तन | कैफियत |
|---|---|---|---|
| २१/१४०/१(ख) अन्य | अध्याय-न्यायपालिका ३ उपधारामा | ..(ख) पछि स्थानीय अदालत पनि थप गर्ने। ...सर्वोच्च अदालत, प्रादेशिक अदालत, जिल्ला अदालत र स्थानीय अदालतमा कुनै पनि नियुक्ति/सिफारिस जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै पूर्ण समानुपातिक सिद्धान्तमा... | |
| १/१५९/(ख) | | १. ..रहनेछ पछि ...असम जातीय, क्षेत्रीय र लिङ्गीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक सिद्धान्तको आधारमा बढ जना.. | |
| १२/१६४/३ | | १. ..४०% सदस्यहरू.. पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै; पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा र,<br>३ मा समेत... प्रणाली अनुसार र, पछि जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा थप गर्ने। | |
| १२/१६५/३. | | २. कानूनबमोजिमको स्थानमा... जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक निर्वाचन प्रणाली अनुसार बालिग मताधिकारको आधारमा गोप्य मतदानद्वारा निर्वाचित हुनेछ। | |
| [illegible]/१६५/४. | | २. .. मुस्लिम पिछडावर्ग... थप्ने। | |
| [illegible]/१७०/२(क) | | १ र २ ...प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुखको मतको भार फरक हुने गरी, प्रत्येक प्रदेशबाट जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै; पूर्ण समानुपातिक निर्वाचन प्रणालीको सिद्धान्तमा निर्वाचित ४० सदस्य... | |
| [illegible]/१७०/२(ख) | | १ जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक निर्वाचन प्रणालीको सिद्धान्तमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा ३ जना महिलासहित पाँच जना। | |
| १३/१९६/१ | | २. ... निजको अध्यक्षता पछि जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्तमा थप गर्ने। | |
| १३/१९६/२. | | १. ... [illegible] पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्तमा थप गर्ने। | |

केन्द्रिय कार्यालय: अनामनगर, काठमाडौं, नेपाल/PH/FAX= ०१ /४७७१७१६
०१४६६९६१९
०१४६६९६२०
E – mail : info@nepalijanatadal.org
Website: www.nepalijanatadal.org

नेपाली जनता दल संसदिय दलको कार्यालय
सिंहदरवार काठमाण्डौं, फोन नं. ९७७ ०१ ४२११७३५
फ्यास नं. ९७७ ०१ ४२००२१४

जनतावाद

# नेपाली जनता दल
# Nepali Janata Dal

मानवतावाद

संविधानसभा संसदीय दलको कार्यालय

सिंहदरवार काठमाण्डौं

पत्र.सं.

च.नं.

मिति : ......................

| पृष्ठ/धारा/उपधारा | अनुच्छेद | हरफ | रुजु, संशोधन, परिमार्जन, परिष्करण र परिवर्तन | कैफियत |
|---|---|---|---|---|
| १८/४४१/१ | | २. | ....अध्यक्षता पछि... जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै पूर्ण समानुपातिक सिद्धान्त.. थप गर्ने। | |
| १७/४४६/१. | | २. | ...अध्यक्षता पछि... जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्त... थप गर्ने। | |
| १८/४९८/३ | | १. | ...कानून व्यवसायी.. पछि.. जातीय क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्त... थप गर्ने। | |
| १६/४४१/१ | | १. | ..प्रत्येक गाउँसभा.. पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्त.. थप गर्ने। | |
| १६/४४४/१ | | १. | ..प्रत्येक नगरसभामा.. पछि... जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्त... थप गर्ने। | |
| २०/४४६/१. | | २. | ..जसमा पछि. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक सिद्धान्त.. थप्ने। | |
| २२/४५१/१. | | १. | ....रहनेछ, जसमा.. पछि जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै पूर्ण समानुपातिक सिद्धान्त... थप्ने। | |
| २३/४५४/१ | | १. | ...जसमा पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा.. थप्ने। | |
| २४/४५६/१. | | १. | ...जसमा.. पछि... जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा थप्ने। | |
| २५/४६३/१ | | २ | ...जसमा.. पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा थप्ने। | |
| २६/४७१/१. | | १. | ..जसमा. पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्तमा थप्ने। | |
| २६/४७४/१ | | १. | ..जसमा.. पछि.. जातीय, क्षेत्रीय र लिङ्गीय गरी, सामाजिक न्याय अवलम्बन गर्दै, पूर्ण समानुपातिक प्रणालीको सिद्धान्त..मा थप्ने। | |

केन्द्रिय कार्यालय: अनामनगर, काठमाडौं, नेपाल/PH/FAX= ०१ /४७७१७१६
E – mail : info@nepalijanatadal.org 09 8669695
Website: www.nepalijanatadal.org 09 866 9620

नेपाली जनता दल संसदिय दलको कार्यालय
सिंहदरवार काठमाण्डौं, फोन नं. ९७७ ०१ ४२११७३५
फ्यास नं. ९७७ ०१ ४२००२९४

गरेपछि 'मधेशी समुदायको थप परिचय खुलाउनु पर्ने वर्तमानका आवश्यकताको पनि सम्बोधन हुनेछ ।

६. वसोवासको आधारमा होस वा आधुनिकता(ILO-169)को आधारमा, नेपालमा वसोवास गर्ने सवै जातिहरु (Ethnicities)नेपालका आदिवासी वा मूलवासी हुन् भनी जातीहरुको नामसूची भएको अनुसूचीवाट घोषणा गर्दै तदनुरुप संविधानका आवश्यक स्थानमा आवस्यक परिमार्जन गर्नुपर्छ ।

७. स्थानीय तहमा जिल्लासभा र जिल्ला कार्यपालिका राखिनु पर्छ । जिल्ला तहमा समन्वयकारी संरचनामा मात्र राखिनु हुदैन । जिल्लापालिकालाई निश्चित अधिकार दिइनुपर्छ ।

८. विगतमा 'शुद्र 'भनिएको र वर्तमानमा 'दलित' भनिएको समुदायलाई नयाँ संविधानमा शिल्पी समुदाय भनी सम्वोधन गरियोस र त्यस समुदाय माथी भएका छुवाछुत,विभेद र उत्पीडनलाई उन्मुलन गर्ने उद्देश्य र व्यवस्था सम्विधानमा रहनु पर्छ ।

९. समावेशी लोकतन्त्रलाई संस्थागत गर्नको निम्ति निर्वाचनमा कुनै थ्रेसहोल्ड राखिनु हुदैन ।

१०. देशलाई संघिय प्रणालीमा लानको निम्ति पाँचवटा समावेशी प्रदेश कायम गरिनु उपयुक्त हुनेछ । हामी वर्तमान पाँचवटा विकास क्षेत्रहरुको सीमङ्कनमा सामान्य हेरफेर गरी तिनलाई नै सङ्घीय प्रदेशमा रुपान्तरण गर्ने प्रस्ताव गर्दै आएका छौं ।

विशेष समितिद्धारा प्रतिवेदनमा प्रस्तावित छ वटा प्रदेश गठनले तराई/मधेशसँग पहाडी-हिमाली क्षेत्र जोड्नु हुन्न भन्ने पूर्वाग्रहलाई तोड्ने हिम्मत गरेको छ । तर सवै प्रदेशको गठनमा यस कुरालाई लागु गरिएको छैन । पूर्ववाट नम्वर १ र नम्वर २ प्रदेशको सीमाङ्कनमा केही परिमार्जन गर्नु जनभावना मधेशको रक्षा र तराई–पहाडका जनताको सुसम्वन्धलाई सम्मान गर्नको निम्ति निम्नपरिवर्तन गर्नु उचित हुनेछ ।( क) भेरी, कोशी तथा सगरमाथा अञ्चलका सवै जिल्लाहरुलाई मिलाई प्रदेश नं. १ को गठन गर्ने र (२) प्रदेश नं.२ वाट सप्तरी र सिराहा जिल्लालाई नं. १मा सारिए पछि त्यसमा सिन्धुली र मकवानपुरमा दुई

जिल्लाहरुलाई सामेल गर्ने । यसप्रकार धनुषा,महोत्तरी, सर्लाही,सिन्धुली, रौतहट,वारा,पर्सा र मकवानपुर जिल्ला भएको २ नम्वरको प्रदेश गठन हुनेछ ।

११. अन्य विभिन्न विषय वारे मस्यौदामा जनभावना अनुकुल र भाषिक परिमार्जन गर्न आवश्यक छ । त्यस भन्दा अघि दलद्धारा अघि सारिएको मत भिन्नता र सुझावहरु पट्टि पनि ध्यानकर्षण गर्दछौं ।

**धन्यवाद**

सी.पी मैनाली

दलनेता

३. भाग - २ को नागरिकताको प्राबधानहरु मध्ये नेपाली नागरिकसंग बिबाह गर्ने बिदेशी पुरुषले बैबाहिक अंगिकृत नागरिकता लिन चाहेमा नेपालमा सात (७) वर्ष स्थायी बसोबास गरि विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएमा कानुन बमोजिम नेपालको अंगिकृत नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने व्यवस्था गर्ने र त्यसैगरी आमा वा बाबुको नाममा सन्तानहरुलाई नागरिकता प्रदान गर्ने ब्यबस्था राख्ने

४. भाग - ३ को मौलिक हक र कर्तब्य अन्तर्गतको धार्मिक स्वतन्त्रताको हकमा "स्वबिबेकले जुनसुकै धर्म अपनाउन पाउने तर जबर्जस्ति एउटाको धर्म अर्काले परिबर्तन गर्न नपाउने " भन्ने ब्यबस्था गर्ने

५. भाग - ४ को राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत "पारस्परिक सम्बन्ध, सह - समृद्धि र सर्बब्यापक शाश्वत मूल्य मान्यता" थप्ने

६. संविधानको बिधेयकको पहिलो मस्यौदा परिमार्जन बिशेष समितिको प्रतिबेदनमा उल्लेख गरियको (धारा ६० को उपधारा ३ संग सम्बन्धित ) प्रदेश र सम्बन्धित प्रदेशमा रहने हालका जिल्लाहरु सम्बन्धमा :

- प्रदेश न. २ मा सिन्धुली र मकवानपुर जिल्ला समाबेश गर्दा उपयुक्त हुने
- प्रदेश न. १ मा सप्तरी र सिराहा जिल्ला समाबेश गर्दा उपयुक्त हुने

७. स्थानीय कार्यपालिका र स्थानीय ब्यबस्थापिकाको गठन सम्बन्धमा निर्बाचन प्रणाली प्रत्यक्ष तर स्वतन्त्र उमेद्वार बीच प्रतिस्पर्धा हुने ब्यबस्था गर्ने

८. प्रतिनिधि सभा तथा प्रदेश सभको निर्बाचन प्रणाली "मिश्रित सदस्य समानुपातिक प्रतिनिधित्व" (Mixed Member Proportional Representation- MMPR) को आधारमा हुने व्यवस्था गर्ने र प्रतिनिधित्वको अनुपात अन्तरिम संबिधानमा ब्यबस्था भय बमोजिम ४० % पहिलो हुने बिजयी हुने र ६० % समानुपातिक प्रणाली गर्ने र समानुपातिकको सिटको भाजक Sainte-Lague Method अपनाउने, निर्बाचन प्रणालीमा राखिने थ्रेसहोल्ड ले समाबेशी लोकतन्त्रलाई निषेध गर्ने भयकाले यो प्राबधान संबिधानमा राखिनु हुदैन ।

९. कुनैपनि बहानामा भ्रुण हत्या गर्ने प्राबधानलाई संबैधानिक रुपमानै निषेध गरिनु पर्दछ ।

१०. धर्म निरपेक्ष शब्दको सट्टा "धार्मिक स्वतन्त्रता" राख्ने

११. "अन्तरधार्मिक तथा अन्तर-सांस्कृतिक आयोग" को ब्यबस्था थप गर्नु पर्ने

१२. संसदीय सुनुवाई सम्बन्धि ब्यबस्थामा "संसदीय सुनुवाई समितिको निर्णय बहुमतको आधारमा हुनेछ" भन्ने थप्ने

१३. संबिधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुको नाम संविधानको अनुसूचीमा संलग्न गर्ने

मिति: २०७२/ ४/ २४

एकनाथ ढकाल

सदस्य

संबैधानिक -राजनीतिक सम्बाद तथा सहमति समिति

मिति : २०७२।४।२४

द. नं. २५
२०७२।४।२४

माननीय सभापति ज्यू
राजनैतिक सहमति संवाद समिति
सिंहदरबार, काठमाडौं ।

विषय : फरक मत सहित असहमति दर्ता गराएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा प्रमुख चार राजनीति दलहरु बीच संघीय प्रदेशको सिमाङ्कन सम्बन्धमा तराईको जिल्ला नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दियालाई एउटा प्रदेश बनाउने सहमति भएकोमा एकाएक ६ प्रदेश बनाउँदा उक्त प्रदेशमा नवलपरासीको दाउन्ने देखि पूर्वको भाग अर्को प्रदेशमा लगेकोमा हाम्रो असहमति छ । साथै तराई प्रदेश बनाउँदा चुरेलाई मात्र मिलाएर प्रदेश बनाउन केही माननीयहरुले माग समेत गरेकोमा त्यस भन्दा विपरित बाग्लुङ्ग, रुकुम, प्यूठान, रोल्पा मिलाई प्रदेश बनाएकोमा नवलपरासी दाउन्नेको पूर्व भाग जिल्लालाई नटुक्राउन र बाग्लुङ्ग, रुकुम, रोल्पा र प्यूठान जिल्लालाई हटाउन फरक मत सहित असहमतिका लागि तपसिलमा उल्लेखित संविधानसभा सदस्यहरु जोडदार माग गर्दछौं ।

तपसिल

१. ~~[illegible]~~ सभासद :- श्री बिक्रम खनाल [signature]
२. " " देवदत्त [illegible] [signature]
३. " अब्दुल रज्जाक (रुपन्देही) १ [signature]
४. " इश्तियाक अहमद खान [signature]
५. " भरत कुमार शाह [signature]
६. " सुरेन्द्र राज आचार्य [signature]
७. " अष्टभुजा पाठक [illegible] [signature]
८. " दीपक कोइराला [signature]
९. "

[illegible] ।। १७ [illegible] ।। १७

८९

दि. नं. २३
२०७२।४।१४

मिति : २०७२ साउन २४ गते

**माननीय सभापतिज्यू,**
संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति,
संविधानसभा ।

विषय : **फरक मत प्रस्तुत गरेको सम्बन्धमा ।**

महोदय,

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिद्वारा गठित विशेष समितिबाट प्रस्तुत गरिएको प्रदेशहरुको सिमाङ्कनमा हाल प्रदेश नं. ५ मा राखिएका दाङ, बाँके र बर्दिया तीन जिल्लालाई प्रदेश नं. ६ मा समावेश गर्नु पर्छ भन्ने मेरो मत रहेको छ । राजनीतिक दलहरुका विचमा राज्य पुनसंरचना सम्बन्धमा भएका सहमति र नेपालको अन्तरिम संविधान, २०६३ ले संघीयता आधारमा राज्य पुनसंरचना गर्दा निर्दिष्ठ गरिएका आधारहरु समेतले उपरोक्त तीन जिल्ला प्रदेश नं. ६ मा रहनु पर्ने भएको हुदाँ उक्त मत प्रस्तुत गरेको छु । साथै प्रदेश नं. ६ अन्तर्गतको हालको कर्णाली अञ्चलको क्षेत्रलाई विशेष क्षेत्र र दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरको डगरा थारु र राणा थरुवाको सघन बसोबास भएको क्षेत्रलाई सामाजिक, साँस्कृतिक विकासका निमित्त संरक्षित क्षेत्रका रुपमा कायम गर्नु पर्ने मत समेत व्यक्त गर्दछु । साथै सोही प्रदेशमा रहेका अन्य आदिवासी जनजातीको सघन उपस्थिति रहेको क्षेत्रहरुलाई समेत संरक्षित क्षेत्रका रुपमा कायम गर्ने मत राख्दछु ।

मत प्रस्तुतकर्ता
पूर्णबहादुर खड्का
सदस्य
संविधानसभा

अनुसूचीहरु

# अनुसूची-१

## संविधानसभाको निर्देश बमोजिम प्राप्त राय सुझावलाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन मस्यौदा कार्यदलको प्रतिवेदन, २०७२

संविधानसभा

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

### संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समिति

### संविधानसभाको निर्देश बमोजिम प्राप्त राय सुझावलाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन मस्यौदा कार्यदल



# प्रतिवेदन

२०७२

संविधानसभा सचिवालय, सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,
URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com

संविधानसभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

**संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समिति**

सविधानसभाको निर्देश बमोजिम प्राप्त राय सुझावलाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन मस्यौदा कार्यदल

| सदस्यहरू |
|---|
| १. **संयोजक,** मा० श्री भीमबहादुर रावल |
| २. सदस्य, मा० श्री जितेन्द्र नारायण देव |
| ३. सदस्य, मा० श्री जीतबहादुर (दर्जी) गौतम |
| ४. सदस्य, मा० श्री प्रेम बहादुर सिंह |
| ५. सदस्य, मा० श्री भिष्मराज आङदेम्बे |
| ६. सदस्य, मा० श्री राधेश्याम अधिकारी |
| ७. सदस्य, मा० श्री रेखा शर्मा |
| ८. सदस्य, मा० श्री शक्ति बहादुर बस्नेत |

**सचिवालय**

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | संविधानसभाको महासचिव | श्री मनोहरप्रसाद भट्टराई |
| १. | संविधानसभा सचिवालय सचिव | श्री मुकुन्द शर्मा |
| २. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ३. | उपसचिव | श्री मानबहादुर अर्याल |
| ४. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ५. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ६. | ना.सु. | श्री सृजना तण्डुकार |
| ७. | का.स. | श्री नारायण कार्की |
| ८. | का.स. | श्री सविता चौलागाई |
| ९. | ह.स.चा. | श्री कुमार खवास |

## मन्तव्य

संविधानसभाले पछिल्लो पटक गरेको निर्णय, २०७२ साल श्रावण महिनाभित्रै संविधान जारी गर्ने राजनीतिक दलहरुको प्रतिबद्धता तथा यथाशीघ्र संविधान आउनु पर्छ भन्ने नेपाली जनताको चाहना, प्रमुख राजनीतिक दलहरुका बीच भएको १६-बुँदे सहमति तथा संवैधानिक-राजनीतिक सम्वाद तथा सहमति सहमतिबाट गठित विशेष समितिले निर्धारण गरेको अत्यन्त छोटो समयलाई ध्यानमा राखेर छलफल अगाडि बढाउनु पर्ने आवश्यकतालाई कार्यदलले महसूश गऱ्यो ।

माथि उल्लेखित कुराहरुलाई मनन गर्दै विगतमा भएका सहमति र गरिएका निर्णयहरुलाई आत्मसात् गरी जनताको राय, सुझावमा आएका विषयहरुमा सहमति खोज्ने र थप छलफल गर्नुपर्ने बुँदाहरु यथाशक्य घटाउने किसिमले छलफल गर्ने विधि कार्यदलले तय गऱ्यो । यस प्रयोजनको लागि राय, सुझावहरुलाई संविधानको प्रस्तावनादेखि अनुसूचिसम्मका शीर्षकहरुमा वर्गिकरण गरियो ।

नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिले जनताबाट प्राप्त सबै राय, सुझावलाई केलाई प्रतिवेदनमा समावेश गरिएका ८६१ बुंदाहरुलाई एक-एक गरी अध्ययन, विश्लेषण गर्दै दोहोरिएका, संविधानको कुनै निश्चित धारासंग सम्बन्धित नभएका, मस्यौदा संविधानमा उल्लेख नभएको भनिएका तर यथार्थमा उल्लेख भइसकेका, अस्पष्ट, जनताको सार्वभौमसत्ता र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई बलियो बनाउने संविधानसभाले गरेको निर्णयसंग मेल नखाने जस्ता बुँदाहरुलाई हटाएर पहिलो चरणमा कार्यदलले छलफल गर्नु पर्ने भनि २२२ बुंदामा विषयहरु तय गऱ्यो ।

माथि उल्लेखित विषयहरुलाई पुनः मस्यौदा संविधानको प्रस्तावनादेखि अन्तिम अनुसूचिमा रहेका विषयहरुका बारेमा समेत प्राप्त राय, सुझावहरुमाथि एक-एक गरी कार्यदलमा छलफल भयो । छलफलबाट कतिपय विषयहरुमा कार्यदलमा सहमति भएको छ र त्यस्ता विषयहरुलाई सोही अनुरुप प्रतिवेदनमा उल्लेख गरिएको छ । कतिपय विषयहरुमा विशेष समितिमा नै छलफल गरी टुंगो लगाउने सहमति भएकोमा ती विषयहरु सोही अनुरुप प्रतिवेदनमा उल्लेख गरिएका छन् ।

मस्यौदा संविधानका विभिन्न भाग र अनुसूचिमा व्यवस्थित विषयवस्तु बाहेक संविधानको भाषा, व्याकरण, प्रसंग, वाक्य विन्याश लगायत भाषागत परिमार्जन गर्नुपर्ने कार्यदलको निर्णय-सिफारिश रहेको छ । समयाभावले गर्दा कार्यदल स्वयंले त्यस्तो परिमार्जनमा प्रवेश गर्ने अवस्था रहेन ।

विशेष समितिबाट गठित कार्यदलमा भिन्न-भिन्न राजनीतिक दलको प्रतिनिधित्व गर्ने संविधानसभाका माननीय सदस्यहरु रहनु भएको र जनताबाट प्राप्त राय, सुझावहरुका साथै संविधानसभाले पारित गरी जनतामा पठाएको मस्यौदा संविधानका विभिन्न व्यवस्थाका बारेमा भिन्न-भिन्न राजनीतिक दलहरुले विगतमा राख्दै आएका मान्यताहरु समेत छलफलका क्रममा अभिव्यक्त भई ती विषयहरुमा छलफल हुनुपर्ने धारणा समेत व्यक्त भएको स्थितिमा कार्यदलले मतामत गरी निर्णयमा पुग्ने विधि अवलम्बन गरेन । पूरा दुई दिन पनि समय नभएको स्थितिमा भिन्न-भिन्न धारणामाथि सहमति खोज्न छलफल गर्ने अवस्था पनि रहेन । अतः प्रतिवेदनमा सहमति र थप छलफल गर्नुपर्ने भन्ने शीर्षकमा विषयहरु उल्लेख गरिएका छन् ।

जनताबाट एउटै विषयमा फरक-फरक विचार व्यक्त भएका छन् । यसरी मस्यौदा संविधानका विभिन्न धाराहरुसंग सम्बन्धित विषय र भाषामा समेत जनताका राय, सुझाव पारस्परिक रुपमा फरक-फरक मतहरु समेत प्राप्त भएको देखिएको तथा ती मध्ये कतिपय विषयमा कार्यदलमा अन्तिम निर्णय गर्नसकिने अवस्था नरहेकोले विशेष समितिले छलफल गरी टुंगो लगाउनु पर्ने भएको छ ।

संविधान निर्माणको महत्वपूर्ण र करिब अन्तिम चरणमा जनताका राय, सुझावहरु केलाएर मस्यौदा संविधानको परिमार्जनका लागि अत्यन्त गहन जिम्मेवारी प्रदान गरिएकोमा संवैधानिक-राजनीति संवाद तथा सहमति समिति सम्बद्ध विशेष समितिलाई धन्यवाद ज्ञापन गर्दछु । साथै जनताबाट व्यापक रुपमा प्राप्त राय, सुझावहरुमाथिको गहन छलफलमा योगदान गर्नुहुने कार्यदलका माननीय सदस्यहरु तथा राय, सुझावहरुलाई केलाउने, व्यवस्थित गर्ने तथा कार्यदलमा भएका सहमति र छलफललाई अभिलिखित गर्ने कार्यमा सहयोग पुऱ्याउने संविधानसभा, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सचिवालयका सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

**भीम बहादुर रावल**
संयोजक

**सम्बत् : २०७२ श्रावण १६ गते शनिबार ।**

संविधानसभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

## संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समिति

**संविधानसभाको निर्देश बमोजिम प्राप्त राय सुझावलाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन मस्यौदा कार्यदल**

संविधानसभाको मिति २०७२ साउन १३ गते बसेको बैठकबाट संविधानको विधेयकको पहिलो मस्यौदा माथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रिया बमोजिम मस्यौदा परिमार्जनका लागि निर्देशन सहित प्राप्त प्रतिवेदनमाथि मस्यौदा परिमार्जनका विषयवस्तुमा सहमति प्राप्त गरी समितिमा प्रतिवेदन पेश गर्न मिति २०७२/०४/१४ गते बसेको समितिको बैठकले समितिका माननीय सभापति डा० बाबुराम भट्टराईको संयोजकत्वमा प्रमुख चार दलका शीर्ष नेताहरु मा० श्री सुशील कोइराला, मा० श्री के.पी. शर्मा ओली, मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड), मा. श्री विजयकुमार गच्छदार सम्मिलित पाँच सदस्यीय विशेष समिति गठन गरेको थियो ।

विशेष समितिको २०७२/०४/१४ गते बसेको बैठकमा संविधानसभाको निर्देशन अनुरुप संविधानको विधेयकको पहिलो मस्यौदामाथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रियालाई केलाएर मस्यौदा परिमार्जनका लागि सुझाव प्रतिवेदन तयार गर्न मा० श्री गिरिराजमणि पोखरेल (दोस्रो बैठकबाट मा० श्री शक्तिबहादुर बस्नेत), मा० श्री जितेन्द्र नारायण देव, मा० श्री प्रेम बहादुर सिंह, मा० श्री भीम बहादुर रावल र मा० श्री रमेश लेखक (तेस्रो बैठकबाट मा० श्री राधेश्याम अधिकारी), रहनु भएको कार्यदल गठन गरी २०७२/०४/१५ गते अपरान्ह ३:०० बजेसम्ममा विशेष समिति समक्ष प्रतिवेदन पेश गर्ने समयसीमा सहितको जिम्मेवारी प्राप्त भएको थियो ।

कार्यदललाई प्राप्त जिम्मेवारी पूरा गर्ने क्रममा २०७२/०४/१४ गते अपरान्ह नै कार्यदलका ज्येष्ठ सदस्य मा० श्री प्रेमबहादुर सिंहको संयोजकत्वमा बैठक बसी मा० श्री भीमबहादुर रावललाई सर्वसम्मतिले संयोजक चयन गरी कार्य प्रारम्भ गरियो । कार्य सम्पादन गर्ने क्रममा विशेष समितिबाट २०७२/०४/१५ गते मा० श्री जीतबहादुर (दर्जी) गौतम, मा० श्री भिष्मराज आङदेम्बे, मा० श्री रेखा शर्मालाई कार्यदलमा थप गरिए अनुरुप बैठकमा घनीभूत छलफल गरी **संविधानसभाको निर्देशन बमोजिम नेपाली नागरिकबाट प्राप्त राय सुझावलाई केलाएर मस्यौदा परिमार्जनका लागि** देहाय बमोजिम गर्ने बैठकले निर्णय गरेको हुदाँ सोही व्यहोरा सहितको सुझाव प्रतिवेदन विशेष समिति समक्ष पेश गरिएको छ ।

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| १. | **प्रस्तावना** | • चौथो हरफको र भन्ने शब्द हटाउने,<br>• पाँचौ हरफको लैंगिक भन्ने शब्द पछि विभेद र भन्ने शब्दावली थप गरी अरु यथावतु राख्ने,<br>• छैटौं हरफको प्रेस स्वतन्त्रता भन्ने शब्दको अगाडि पूर्ण शब्द थप्ने,<br>• अन्तिम हरफको संविधानसभा ......पछिका शब्दहरु हटाई संविधानसभाबाट पारित गरी यो संविधान जारी गर्दछौं भन्ने शब्द राख्ने, | • चौथो हरफको एकात्मक भन्ने शब्द पछि पितृसत्तात्मक शब्द थप गर्नु पर्ने नपर्ने<br>• बहुलवाद राख्ने नराख्ने<br>• मधेश आन्दोलन राख्ने, नराख्ने<br>• समाजवादको अगाडि लोकतान्त्रिक शब्द राख्ने, नराख्ने<br>• वर्ण व्यवस्थाजन्य जातपात र छुवाछुत लगायत सबैखाले जातीय विभेदको अन्त्य गर्ने, नगर्ने<br>• जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक समानुपातिक समावेशी शासन प्रणाली राख्ने वा नराख्ने । |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| २. | भाग -१<br>प्रारम्भिक | • धारा ४ भाषा मिलाउने सन्दर्भमा लोकतन्त्रात्मक वा लोकतान्त्रिक भन्ने शब्द हेरेर भाषा हेर्ने ।<br>• धारा ८ (१) मा जोरिएको भन्ने शब्दको सट्टा जोडिएको भन्ने शब्द राख्ने । | देहायको धारा २ थप गरी क्रम मिलाउने वा नमिलाउने<br>• यो संविधान जारी हुँदाका बखत नेपालमा बसोबास गर्ने आदिवासी जनजाती, दलित, मधेशी, खस आर्य, अल्पसंख्यक, सीमान्तकृत, अति सीमान्तकृत, लोपोन्मुख समुदाय लगायत राष्ट्रिय जनगणना, २०६८ मा सूचीकृत समुदायहरु नेपालका मूलवासी हुन् । हरेक राष्ट्रिय जनगणनापछि नेपाल सरकारले यसलाई अद्यावधिक गर्नेछ ।<br>निम्न विषयहरु अनुरुप परिमार्जन गर्ने वा नगर्ने:<br>• धर्म निरपेक्ष वा धार्मिक स्वतन्त्रता वा धर्मका बारेमा केही नबोल्ने ।<br>• संघीय र समानुपातिक शब्द थप गर्ने ।<br>• धारा: ७ (२) मा रहेको नेपाली भाषाको अतिरिक्त भन्ने शब्द हटाउने ।<br>• सरकारी कामकाजको भाषा बहुभाषिक नीति अनुरुप हुनेछ,<br>• केन्द्रिय सरकारको कामकाजको भाषा देवनागरी लिपीमा नेपाली भाषा हुनेछ र संविधानको भाषा आयोगले सूचीकृत गरेका अन्य नेपाली भाषाहरुले समेत सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाउनेछन् । |
| ३. | भाग -२<br>नागरिकता | • धारा १२ (४) पहिचान नभएको भन्ने शब्दावलीको सट्टा पहिचान हुन नसकेको भन्ने शब्दावली राख्ने,<br>• धारा १३ (१) उपधारा २ मा जस्तै कारवाही चलाएमा भन्ने शब्द हटाई कारवाही चलाएपछि भन्ने शब्द राखेर एकरुपता कायम गर्ने,<br>• त्यसैगरी उपधारा (४) मा रहेको प्रचलित भन्ने शब्द हटाउने ।<br>• धारा १९ मा नेपाली मूल भन्नाले नेपालको भूभागमा बसोबास गर्दै आएका भन्ने अर्थ लाग्ने गरी सोही | • निम्न बमोजिम परिमार्जन गर्ने वा नगर्ने:<br>• धारा १२ (क) आमा वा बाबु बनाउने नबनाउने ।<br>• अंगीकृतमा महिला र पुरुषको लागि ७ वा १० वर्षको समान व्यवस्था गर्ने र यसरी नागरिकता नपाइन्जेल आर्थिक, साँस्कृति र सामाजिक अधिकार प्रयोग गर्नपाउने गरी परिचयपत्रको व्यवस्था गर्ने वा नगर्ने ।<br>• धारा १३ (३) नेपालमा भन्ने शब्द |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | धारामा स्पष्टीकरण थप गर्नु पर्ने ।<br>• धारा: १९ मा अधिकार भन्ने शब्द पछि मात्र भन्ने शब्द थप गर्ने । | हटाउने र स्वयंघोषणा शब्द हटाई प्रमाणित भएमा भन्ने राख्ने ।<br>• सम्मानार्थको व्यवस्था राख्ने वा हटाउने । |
| ४. | **भाग-३ मौलिक हक र कर्तव्य** | • धारा २३ यौनिक अभिमुखीकरण भन्ने शब्दावली यथावत् राख्ने,<br>• धारा २२ को (२) को खण्ड (१) मा रहेको दुरुत्साहन भन्ने शब्द नहटाउने ।<br>•<br>• धारा २८ शत्रु राज्य भन्ने शब्दावली यथावत् राख्ने,<br>• धारा ४७ अपाङ्गता शब्द थप गर्ने,<br>• वर्ग, क्षेत्र र समुदायको हकको व्यवस्था भएको ठाउमा आर्थिक रुपले विपन्न र अपाङ्गता भएको व्यक्ति भन्ने शब्द थप गर्ने,<br>• हलिया, कमैया, कमलरिको हक अधिकार सुनिश्चित गर्ने व्यवस्था राज्यको नीतिमा राख्ने,<br>• धारा २२ को १- ६ सम्म रहेको प्रतिबन्धात्मक वाक्यांशहरु मस्यौदाको दृष्टिले समायोजन गर्न मिल्ने भए विज्ञहरुसग छलफलगरी देहाय बमोजिम मिलाउने :-<br>तर, खण्ड (क) (ख) (ग) (घ) (ङ) र (च) को कुनै कुराले नेपालको राष्ट्रियता, सार्वभौमिकता, स्वाधिनता र अखण्डता वा संघीय इकाई वा विभिन्न जात जाती धर्म सम्प्रदाय विचको सुसम्बन्ध खलल पार्ने जातीय भेदभाव र छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रम प्रति अवहेलना गर्ने, गाली वेइज्जती, अदालतको अवहेलना हुने, अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने, सार्वजनिक शान्ति र व्यवस्थालाई खलल पार्ने, राष्ट्रको हित विरुद्ध जासुसी गर्ने, राष्ट्रिय गोपनियता भंग गर्ने वा नेपालको सुरक्षामा आच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्य द्रोह गर्ने वा जातीय वा साम्प्रदायीक विद्वेष फैलाउने वा केवल जाती भापा, धर्म, सम्प्रदाय वा लिंगको आधारमा कुनै | • धारा ४३ को भ्रुणहत्या शब्द हटाउने वा नहटाउने,<br>• धारा ३१ बाट तथा कुनै धर्मबाट अलग रहने भन्ने शब्दावली हटाउने तर धर्म नमान्ने भन्ने भाव आउने कुनै व्यवस्था राख्ने ।<br>• धारा ३६ (५) को सट्टा देहायको धारा ३६ (५) राख्ने वा नराख्ने:<br>नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृ भाषामा शिक्षा प्रदान गर्ने गरी विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्न हक हुनेछ,<br>• सामाजिक न्यायको पहिलो उपधारामा - सामाजिक रुपले पछाडी परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारु, मुस्लिम, पिछडा वर्ग........... उत्पिडित वा पिछडिएका क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचना वा सार्वजनिक सेवामा प्रतिनिधित्वको हक हुनेछ,<br>• दोस्रो उपधारामा उपधारा (१) बमोजिमको हक उपभोग गर्दा आर्थिक रुपले विपन्न नागरिकलाई प्राथमिकता पाउने हक हुनेछ,<br>• दलित समुदायको हक- पहिलो उपधारामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा रोजगारीको हक हुनेछ भन्ने हुनु पर्ने,<br>• संघीय, प्रादेशिक र स्थानीय तहका सबै राजनीतिक संरचनामा जनसंख्याको आधारमा दलितको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरी संघीय र प्रादेशिक संरचनामा क्रमशः ३ र ५ प्रतिशत थप प्रतिनिधित्वको लागि |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | राजनीतिक दलको सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरु विच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा कुनै खास उद्योग व्यापार वा सेवा राज्यले मात्र संचालन गर्न पाउने वा कुनै उद्योग व्यापार, पेसा, रोजगार र व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्न प्रतिकूल हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी ऐन बनाउ रोक लागेको मानिने छैन । | कानूनद्धारा थप व्यवस्था गरिनेछ,<br>• महिलाको हक- महिला विरुद्ध कुनै किसिमको लैंगिक विभेद गरिने छैन,<br>• परिवार सम्बन्धी हक-सम्पत्ती तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ,<br>• किसानको हक- राज्यले किसानलाई जिविकोउपार्जनको लागि पर्याप्त जमिनमा पहुँच वा स्वामित्व सुनिश्चित गरिनेछ,<br>• श्रमको हक- मजदुरहरुले ट्रेड युनियन, सौदावाजीको साथै हडताल गर्नपाउने हक हुनेछ,<br>• जनजाती मधेशी, अल्पसंख्यक, पिछडिएको क्षेत्र- आदिवासी जनजाती तथा अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान सहित भाषा तथा संस्कृतीको संरक्षण एव सम्बर्दन र विकास गर्ने तथा सशक्तिकरण र विकासका लागि प्राथमिकताका साथ विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ,<br>• अल्पसंख्यक समुदायलाई आफ्नो पहिचान कायम राखी सामाजिक र सास्कृतिक अधिकार प्रयोगको लागि विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ,<br>• मधेशी समुदायलाई आर्थिक सामाजिक तथा सास्कृतिक अवसर तथा लाभको समान वितरण तथा सो समुदाय भित्रका विपन्न र पिछडा वर्गको संरक्षण, उत्थान, सशक्तिकरण र विकासकालागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ,<br>• उत्पिडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिको लागि विशेष अवसर र लाभ प्राप्त गर्ने हक हुनेछ।<br>• धारा ३६ को (५) बारे छलफल गनुपर्ने । |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | | • धारा ४५ को १ देखि ५ सम्म रहेको कानून बनाई भन्ने शब्दावली राख्ने वा हटाउने ।<br>निम्न कुराहरु राख्ने वा नराख्ने:<br>• कसैले पनि एक भन्दा बढी पति वा पत्नी राख्न नपाउने, प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्न र सम्बन्ध विच्छेद गर्नपाउने ,<br>• कसैको इच्छा विपरीत विवाह गर्ननपाइने, दम्पत्तिको पारिवारिक मामिलामा समान हक हुने र सन्तापनको पालपोषण र सर्वांगिण विकासका लागि आमा बाबुको समान अधिकार र दायित्व हुनुका साथै आमा बाबुको सम्मान र पालन पोषण गर्ने प्रत्येक सन्तानको अधिकार र दायित्व हुने । |
| ५. | **भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व** | • धारा ५५ को (क) देखि (ड) लाई १, २ गरी १, २ लाई (क) (ख) गर्ने ।<br>• धारा ५६ मा अखण्डताको अगाडि भौगोलिक भन्ने शब्द राख्ने ।<br>• नेपालीको मौलिक चिकित्सा पद्दती आर्युवेदलाई राज्यको नीतिमा राख्ने, | • गुठि सम्बन्धी विषयलाई शीर्ष तहमा छलफल गर्ने,<br>• निम्न बमोजिम परिमार्जन गर्ने वा नगर्ने:<br>• धारा ५५ (ड) को खण्ड (२) पछि देहायको खण्ड (३) थप्ने :-<br>छिमेकी मित्र राष्ट्रसंग समनिकटताको आधारमा सम्बन्ध परिचालन गर्ने,<br>• दलित समुदायलाई सबै औधोगिक प्रतिष्ठानहरुमा समानुपातिक ढंगले रोजगारी उपलब्ध गराउने नीति अवलम्बन गर्ने,<br>• सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति - खण्ड ञ को छुट्न गएका उपखण्डहरु :-<br>○ समानता, अभिवेदको मान्यता अनुरुप सबै प्रकारका सामाजिक सास्कृतिक विभेदको अन्त्य गर्दै मर्यादित र सम्मानपूर्वक जिवन यापन गर्न पाउने नागरिकको अधिकार सुनिश्चित गर्ने,<br>○ महिला, दलित, आदिवासी, मधेशी, आदिवासी जनजाती, थारु, पिछडावर्ग, मुस्लिम, |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | | अल्पसख्यक तथा सिमान्तकृत समुदाय, उत्पिडित वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि पारिएको क्षेत्र, गरिव किसान मजदुर, युवा वर्गलाई समावेशी सिदान्तको आधारमा मुलुकको राज्य संरचना तथा सार्वजनिक सेवामा समावेशी, समानुपातिक सहभागिताको सिद्धान्तको आधारमा सहभागि गराउदै जाने,<br>○ प्रजनन् लाई सामाजिक दायित्वको रुपमा आत्मसात् गर्दै प्रजनन् सम्बन्धी सबै अवस्थामा महिलाहरुलाई आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,<br>○ महिलालाई राज्यका हरेक अंगमा समावेशी समानुपातिक सहभागिताका लागि विशेष व्यवस्था गर्ने,<br>○ वालवालिकालाई मातृभाषामा शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्ने,<br>○ शिक्षाको विकासमा स्थानीय समुदायलाई सहभागि गराउदै जाने,<br>○ जातीय विभेद तथा छुवाछुतलाई दण्डनिय बनाउदै दलित समुदायलाई सकारात्मक विभेदको आधारमा क्षतिपूर्ति सहित विशेष अधिकार प्रदान गर्ने,<br>○ परिवार र समाजसंग मिलेर जेष्ठ नागरिकलाई सम्मानपूर्वक जिवन यापनका लागि पालन पोषण, स्वास्थ्य सेवा र सुरक्षा पाउने अधिकार सुनिश्चित गर्दै उनिहरुको ज्ञान सिप र अनुभवलाई राष्ट्रिय विकासमा उपयोग गर्ने,<br>○ जातिय धार्मिक, भाषिक, अल्पसंख्याक र सिमान्कृत |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
| --- | --- | --- | --- |
| | | | समुदायले आफ्नो पहिचान सहित मर्यादित र सम्मानीतरुपमा बाच्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने,<br>○ लैगिक तथा यौनिक अल्पसंख्यक मर्यादा र सम्मनपूर्वक जिवन यापन गर्न पाउने अधिकार सुनिश्चित गर्न विशेष व्यवस्था गर्ने,<br>○ गुठि जग्गा बारे - गुठि सञ्चालन र संरक्षणका सन्दर्भमा मोहि कीसानहरुले जोत भोग गर्दै आएको गठी जग्गामा किसानको हक स्थापित गर्न बाधा नपर्ने व्यवस्था थप गर्ने,<br>○ संवैधानिक अंग एवं निकायहरुमा दलित समुदायको अनिवार्य प्रतिनिधित्व र संघ प्रदेश र स्थानीय तहका कार्यपालिकाहरुमा समान प्रतिनिधित्वको संवैधानिक व्यवस्था गर्ने,<br>○ राज्यका सबै तहका निजामती सेवा, सेना, प्रहरी लगायतका सम्पूर्ण क्षेत्रहरुमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको अतिरिक्त क्षतिपूर्ति बापत थप प्रतिनिधित्वको संवैधानिक व्यवस्था गर्ने,<br>○ धारा ५५ (ग) को (४) मा ललितकला र चलचित्र भनी थप्ने वा नथप्ने । |
| ६. | **भाग-५ राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड** | • यो भाग बारे शीर्ष तहमा छलफल गर्ने, | |
| ७. | **भाग-६ राष्ट्रपति र उपराष्ट्रपति** | • धारा ६६ को उपधारा (५) मा रहेको गोलाप्रथा द्धारा चुन्ने व्यवस्था हटाई निर्वाचित नभएसम्म निर्वाचनको प्रक्रिया जारी राख्ने व्यवस्था गर्ने, | • प्रत्यक्ष कार्यकारी राष्ट्रपति हुनु पर्ने वा नपर्ने<br>• राष्ट्रपति शब्दलाई राष्ट्राध्यक्ष वा राष्ट्रप्रमुख नामाकरण गरी फरक |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | • धारा ६८ (२) मा "त्यसपछि हुने" भन्ने शब्द हटाउने,<br>• राष्ट्रपति र उपराष्ट्रपतिको उमेर हद तोकिनु पर्ने । | फरक लिग र समुदायको व्यक्ति हुनु पर्ने व्यवस्था गर्ने वा नगर्ने । |
| ८. | **भाग-७ संघीय कार्यपालिका** | | • कुनै पनि व्यक्ति दुई पटक भन्दा बढी प्रधानमन्त्री हुन पाउने वा नपाउने<br>• दलित र महिलाको समानुपातिक प्रतिनिधित्व मन्त्रिमण्डलमा हुनु पर्ने वा नपर्ने । |
| ९. | **भाग -८ संघीय व्यवस्थापिका** | • एक उम्मेदवारले एकमात्र निर्वाचन क्षेत्रमा चुनाव लड्न पाउने व्यवस्था गर्ने । | • धारा ८८ (२) मा किसान, मजदुर र अपाङ्गता भएका व्यक्ति थप्नु पर्ने वा नपर्ने,<br>• दलित-दलित र महिला-महिला विचमा मात्र प्रतिस्पर्धा हुने गरी चक्रीय निर्वाचन प्रणालीको व्यवस्था हुनु पर्ने वा नपर्ने ।<br>• धारा ९० मा राष्ट्रिय सभाको निर्वाचक मण्डलमा स्थानीय निकायको उपप्रमुख राख्ने वा नराख्ने ।<br>• धारा ९० (२) (ख) मा एक जना दलित भन्ने शब्द थप्नु पर्ने वा नपर्ने ।<br>• धारा ८८(२) को सट्टा देहायको धारा ८८ (२) राख्ने वा नाख्ने:<br>समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनको लागि राजनीतिक दलले उम्मेदवारी दिदाँ जनसंख्याको आधारमा दलित (पहाडी र मधेशी) आदिवासी जनजाती (पहाडी र मधेशी) खस आर्य, मधेशी र मुस्लिम र पिछडिएको क्षेत्रबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व गराउने व्यवस्था कानून बमोजिम हुनेछ,<br>• निर्वाचन क्षेत्र निर्धारण समान जनसंख्या तथा भौगोलिक विकटताको आधारमा गर्ने भन्ने राख्ने वा नराख्ने । |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| १०. | **भाग-१०<br>संघीय आर्थिक कार्यप्रणाली** | • धारा ११९ मा "तर नीजि गुठी" पछि "को रकम" भन्ने शब्द थप्नु पर्ने, | |
| ११. | **भाग-११<br>न्यायपालिका** | • धारा १४२ को वार्षिक प्रतिवेदनको व्यवस्था मस्यौदाको दृष्टिले मिलाउने,<br>• संवैधानिक अदालत र सर्वोच्च अदालतका न्यायाधीशको योग्यता समान हुनु पर्ने,<br>• जिल्ला न्यायधिशको नियुक्ति गर्दा रिक्त पदमा ५० प्रतिशत न्याय सेवाका अधिकृतहरुबाट र ५० प्रतिशत खुल्लाबाट परीक्षा लिई पूर्ति गर्ने,<br>• धारा १५८ र धारा २७९ र अनुसूची ४ को क्रम संख्या ७ र अनुसूची ५ को क्रम संख्या ६ लाई मस्यौदाका दृष्टिले मिलाउने,<br>• धारा १५९ संग धारा २४३ मिलाउने, | • न्याय परिषद् समावेशी हुनु पर्ने वा नपर्ने,<br>• प्रदेशमा पनि न्याय परिषद् हुनु पर्ने वा नपर्ने ,<br>• उच्च अदालत अभिलेख अदालत हुनु पर्ने वा नपर्ने । |
| १२. | **भाग-१२<br>प्रादेशिक कार्यपालिका** | | • कार्यकारी प्रमुख प्रत्यक्ष रुपमा निर्वाचित हुने व्यवस्था राख्ने वा नराख्ने । |
| १३. | **भाग-१३<br>प्रादेशिक व्यवस्थापिका** | • प्रदेशसभाको लागि हुने निर्वाचनमा एक ठाउँमा मात्र उम्मेदवारी दिनु पर्ने, | • प्रदेशसभामा महिलाको सहभागिता ४० प्रतिशत हुनु पर्ने वा नपर्ने ।<br>• धारा १७५ (४) अपाङ्गता भएका व्यक्ति भन्ने थप्नु पर्ने । |
| १४. | **भाग-१६<br>स्थानीय कार्यपालिका** | | • जिल्ला सभा राख्ने वा नराख्ने |
| १५. | **भाग-१७<br>स्थानीय व्यवस्थापिका** | • वडामा सबै पदको प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गर्ने, | • धारा २२१ को निर्वाचन प्रणाली सम्बन्धमा स्थानीय निकायमा दलित जनसख्याको अनुपात निश्चित गरी प्रतिनिधित्व हुने प्रणाली अवलम्बन गर्ने वा नगर्ने ,<br>• वडा नगर र गाउँ प्रमुख, उपप्रमुख मध्य एक जना महिला हुनु पर्ने वा नपर्ने ।<br>• स्थानीय तह, गाउँ र नगरको निर्वाचन प्रणाली संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिबाट सहमति भै गएको बहु सदस्यीय प्रत्यक्ष निर्वाचन प्रणालीबाट ७० प्रतिशत र |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | | समानुपातिक सूची प्रणालीबाट ३० प्रतिशतको व्यवस्था गरिनु पर्ने वा नपर्ने । |
| १६. | **भाग-२१ महालेखा परीक्षक** | • महालेखा परिक्षकको शैक्षिक योग्यता स्नातकोत्तर हुने व्यवस्था गरिनु पर्ने,<br>• धारा २४० को उपधारा १ मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय थप गर्नु पर्ने,<br>• स्थानीय निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनुपर्ने व्यवस्था गर्ने । | • राजनीतिक दलको अन्तिम लेखा परीक्षण समेत महालेखापरिक्षक बाट हुने व्यवस्था हुनु पर्ने, **(राज्यले राजनीतिक दललाई रकम उपलब्ध गराएको अवस्थामा)** |
| १७. | **भाग-२२ संघीय लोक सेवा आयोग** | • संघ र प्रदेश बीचका कर्मचारीहरुको सरुवा वा बढुवा गर्दा, संघ र प्रदेश बीचका पदमा सेवा परिवर्तन वा स्थान्तरण गर्ने उपयुक्तताको विषयमा संघीय लोक सेवा आयोगको परामर्श आवश्यक पर्ने व्यवस्था गर्नु पर्ने । **(संक्रमकालिन व्यवस्थामा राख्नु पर्ने)**<br>• आयोगका पदाधिकारीरुको उमेरको हद तोकिनु पर्ने **(विज्ञहरुसँग छलफल गर्ने)**<br>• आयोगमा नियुक्ती गर्दा समावेशीताको आधारमा नियुक्ती गरिनु पर्ने,<br>• लोकसेवा आयोगले धारा २४२ (२) मा नियुक्ति भन्ने शब्द हटाउने ।<br>• शिक्षा सेवा आयोगमा लोकसेवा आयोगको प्रतिनिधि पठाइने व्यवस्था गर्ने । | धारा २४२ मा सामुदायिक विद्यालय सेवा समेत थप गर्नु पर्ने । |
| १८. | **भाग-२३ निर्वाचन आयोग** | • आयोगका प्रमुख आयुक्त र आयुक्तहरुको योग्यता स्नाकोत्तर हुनु पर्ने, | |
| १९. | **भाग-२४ राष्ट्रिय मानव अधिकार आयोग** | धारा २४८ मा सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानव अधिकारको क्षेत्राधिकार रहने छैन भन्ने व्यहोरा राख्नु पर्ने **(विज्ञहरुसँग छलफल गर्ने)** | |
| २०. | **भाग-२५ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तीय आयोग** | | |
| २१. | **भाग-२६ राष्ट्रिय महिला** | • प्रदेशमा कार्यालयहरु रहने व्यवस्था गर्ने, | |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | आयोग | | |
| २२. | **भाग-२७ राष्ट्रिय दलित आयोग** | • प्रदेशमा कार्यालयहरु रहने व्यवस्था गर्ने, | • धारा २५४ को (१) को खण्ड (ङ) पछि (च) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराउने वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्नसक्ने व्यवस्था गर्ने वा नगर्ने, |
| २३. | **भाग-२८ राष्ट्रिय समावेशी आयोग** | | • अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परिभाषामा समयानुकुल परिभाषा गर्न सिफारिस गर्ने, ती समुदायको लागि प्रत्याभूत गरिएका अधिकारहरुको कार्यान्वयनको स्थिती अनुगमन गर्न, आवधिक रुपमा राष्ट्रिय जनगणना र मानव विकास सुचकाङ्को आधारमा अल्संख्यक तथा सिमान्तकृत समुदायको सूचीमा गरिनुपर्ने परिमार्जनको सिफारिस समेतको अधिकार क्षेत्र भएको राष्ट्रिय समावेशी आयोगमा सिमान्तकृत र अल्पसंख्यक समुदायको देहायमा उल्लिखित अधिकारहरु समावेश गर्ने वा नगर्ने :<br>○ अल्पसख्यक समुदायको अधिकारको सूची भित्र :-<br>○ आफूलाई प्रभावित पार्ने नीति निर्णयमा सहभागिताको हक,<br>○ साँस्कृतीक सम्पदा, परम्परागत ज्ञान र सिप प्रविधि सम्बन्धी हक,<br>○ भाषा लिपि, धर्म सम्बन्धी हक,<br>○ भूमि र प्राकृतिक साधन सम्बन्धी हक,<br>○ सामाजिक सुरक्षाको हक,<br>○ मातृभाषामा सूचना र सञ्चारको हक,<br>○ राज्यका संरचनामा विशेष प्रतिनिधित्वको हक, |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | | | ○ आफ्नो समुदायको हित र कल्याणको लागि मौलिक सस्कृत परम्पराको हक,<br>○ सिमान्तकृत समुदायको हक,<br>○ राज्यको सबै संरचनामा समानुपातिक प्रतिनिधित्वको हक,<br>○ सार्वजनिक सेवामा आरक्षणको हक,<br>○ शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको हक, |
| २४. | **भाग-२९ महान्यायधिवक्ता** | | • महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था भाग २९ मा होइन भाग २४ भन्दा अगाडि राख्नु पर्ने । **(विज्ञहरुसँग छलफल गर्ने)** |
| २५. | **भाग-३० राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था** | • धारा २६२ को उपधारा (१) मा "नेपालको सार्वभौमसत्ता, अखण्डता, स्वतन्त्रता र राष्ट्रिय एकताको रक्षाको लागि यस संविधानप्रति प्रतिबद्ध नेपाली सेनाको एक संगठन रहनेछ" भन्ने व्यवस्था राख्ने ।<br>• सदस्य सचिवको रुपमा मुख्य सचिवलाई राख्नु पर्ने,<br>• धारा २६२ को शीर्षकलाई प्रहरी, सशस्त्र सुरक्षा बल र गुप्तचर संगठन भनी मिलाउनु पर्ने र तलको भाषा पनि सोही अनुसार मिलाउने ।<br>• अनुसूची ७ मा उल्लेख गरिएका नगर प्रहरी, सामुदायिक प्रहरी नेपाल प्रहरीको व्यवस्था कानून बमोजिम प्रहरी स्वयंले गर्ने हुँदा उल्लेख गर्नुनपर्ने । अन्तर्गत हुनुपर्ने ।<br>• प्रहरीले इन्टरपोल लगायतका संस्थाहरुसंग अन्तराष्ट्रिय सम्पर्क, एउटा प्रदेशमा अपराध गरी अर्को प्रदेशमा जाने अपराधीको खोज अनुसन्धान जस्ता कार्य गर्नुपर्ने हुँदा सोको लागि आवश्यक व्यवस्था गर्ने । मर्यादाक्रममा प्रहरी, शसस्त्र सुरक्षा बल र गुप्तचर राख्ने, र छुट्टाछुट्टै व्यवस्था गर्ने, | • प्रहरी, शसस्त्र सुरक्षा बललाई समेत थप गर्नु पर्ने वा आमन्त्रित भन्ने,<br>• धारा २६३ को उपधारा (२) मा नेपाल प्रहरीको व्यवस्था संघीय नेपाल प्रहरीको संरचना र सुपरिवेक्षणमा रहने गरी प्रादेशिक नेपाल प्रहरी रहनेछ र प्रादेशिक प्रहरीको अन्य व्यवस्था प्रादेशिक कानून/कानुनले तोके बमोजिम हुने व्यवस्था गर्ने वा नगर्ने,<br>• राष्ट्रिय सुरक्षा परिषद्मा प्रधान सेनापतिलाई सदस्यको रुपमा राख्नु पर्ने वा नपर्ने । |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| २६. | **भाग-३१<br>राजनीतिक दल सम्बन्धी व्यवस्था** | • धारा ६४ (४) को खण्ड (ग) को दोस्रो हरफमा रहेको सहभागिता शब्दको सट्टा प्रतिनिधित्व शब्द राखिनु पर्ने,<br>• थ्रेसहोल्डको व्यवस्था हुनु पर्ने । | • दल दर्ता हुने प्रकृयामा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुने व्यवस्था गर्ने वा नगर्ने ,<br>• दुई वा सो भन्दा बढी दल एउटा निर्वाचन चिन्हमा निर्वाचनमा भागलिने व्यवस्था हुनु पर्ने वा नपर्ने,<br>• थ्रेसहोल्ड को प्रतिशतको कुरा गर्दा न्यूनतम् भन्ने शब्द राख्ने वा नराख्ने ।<br>• फौज्दारी अभियोगमा सजाय पाएको तथा नैतिक पतन देखिने मुद्दामा सजाय पाएको व्यक्तिलाई राजनीतिक दलको सदस्य नराख्ने व्यवस्था गर्ने वा नगर्ने । |
| २७. | **भाग-३३<br>संविधान संशोधन** | | • संघीय लोकतान्त्रिक गणतन्त्रलाई अपरिवर्तनीयमा राख्ने वा संसदको दुई तिहाइबाट पारित गरी जनमत संग्रहद्धारा अनुमोदन गराउनु पर्ने भनी उल्लेख गर्ने वा नगर्ने । |
| २८. | **भाग-३४<br>विविध** | • डीभी, ग्रीन कार्ड र पिआर लिएका व्यक्तिहरु राजनीतिक पद तथा तथा आयोगहरु लगायतका संवैधानिक निकायका पदाधिकारीमा रहन नपाउने व्यवस्था गर्ने ।<br>• धारा २७८ (१) (ख) र (ग) मा क्रम मिलाउने बारे छलफल गर्ने।<br>धारा २८३ (२) मा प्रतिनिधि सभाका १० र राष्ट्रिय सभाका ५ जना गरी १५ सदस्यीय सुनुवाई समिति रहने व्यवस्था गर्ने । (सुनुवाई समिति मा दुई तिहाई वा बहुमत कुन मतले अनुमोदन गर्ने भन्नेबारे छलफल गर्ने) । | • धारा २८० (१३) रहेको हरेक २० बर्ष भन्ने शब्द भन्ने शब्दको सट्टा १० वर्ष राख्नु पर्ने वा नपर्ने,<br>• धारा २८२ को पदाधिकारीको नागरिकता सम्बन्धी विशेष व्यवस्थामा छलफल गरिनु पर्ने वा नपर्ने ।<br>• धारा २७४ मा नेपाल सरकार भन्ने शब्दावलीको पछि नेपाल सरकारबाट गठित संस्था वा निकाय भनी थप्ने वा नथप्ने । |
| २९. | **भाग-३५<br>संक्रमणकालीन व्यवस्था** | • न्यायपालिकाको धारा २९० को उपधारा (२) पुनःनियुक्ती सम्बन्धी र संवैधानिक निकाय र पदाधिकारी सम्बन्धी धारा २९१ (३) को पुनःनियुक्ती सम्बन्धी विषयमा छलफल गरी टुंगो लगाउनु पर्ने । | • सत्य निरुपण र मेलमिलाप आयोग तथा वेपत्ता पारिएका व्यक्तिहरुको छानबिन सम्बन्धी आयेगबारे उल्लेख गर्ने वा नगर्ने । |
| ३०. | **भाग-३७<br>संक्षिप्त नाम,** | • खारेजी र बचाउ सम्बन्धी व्यवस्थाको बारेमा विज्ञहरुको सल्लाह लिने । | |

| सि.नं. | विषय | सहमति भएका विषय | शीर्ष तहमा छलफल गर्नुपर्ने विषय |
|---|---|---|---|
| | **प्रारम्भ र खारेजी** | | |
| ३१. | **अनुसूची-१ नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका** | • राष्ट्रिय झण्डाको चित्र राख्ने। | |
| ३२. | **अनुसूची-४ संघको अधिकारको सूची** | • सहकारी सम्बन्धी व्यवस्था गर्ने ।<br>• भूउपयोग, वस्ति विकास, पर्यटन वातावरण अनुकूलनको विषय छुटेकोले थप्नु पर्ने । | • अनुसूचीको मस्यौदाको ठाउँमा यस प्रकारको वाक्य राख्ने - केन्द्रीय योजना, केन्द्रीय बैंक, वित्तिय नीति, मुद्रा, बैंक तथा वित्तिय संस्था, मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण लाई संघको अधिकारको सूची अन्तगर्त राखिनु पर्ने वा नपर्ने । |
| ३३. | **अनुसूची-५ प्रदेशको अधिकारको सूची** | • ललितकला भन्ने छुटेकोले थप्नुपर्ने । | |
| ३४. | **अनुसूची-७ स्थानीय तहको अधिकारको सूची** | • ललितकला र भाषा, सँस्कृतिको सरक्षण भन्ने छुटेकोले थप्नुपर्ने । | |
| ३५. | | • मस्यौदामा रहेका भाषागत/व्याकरणगत त्रुटीहरु सच्याई परिमार्जन गर्ने । | |

(जीतबहादुर (दर्जी) गौतम)
**सदस्य**

(भिष्मराज आङदेम्बे)
**सदस्य**

(राधेश्याम अधिकारी)
**सदस्य**

(भीमबहादुर रावल)
**संयोजक**

(प्रेमबहादुर सिंह)
**सदस्य**

(जितेन्द्र नारायण देव)
**सदस्य**

(रेखा शर्मा)
**सदस्य**

(शक्ति बहादुर बस्नेत)
**सदस्य**

(मुकुन्द शर्मा)
**सचिव**

# अनुसूची-२

## संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समितिको प्रतिवेदन, २०७२

संविधानसभा

## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

## संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समिति



# प्रतिवेदन

२०७२

संविधानसभा सचिवालय, सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,
URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com

संविधानसभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

## संविधानको विधेयकको पहिलो मस्यौदा परिमार्जन विशेष समिति

| सदस्यहरू |
|---|
| १. **संयोजक**, मा० डा० बाबुराम भट्टराई |
| २. सदस्य, मा० श्री सुशील कोईराला |
| ३. सदस्य, मा० श्री के.पी. शर्मा ओली |
| ४. सदस्य, मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड) |
| ५. सदस्य, मा० श्री विजयकुमार गच्छदार |

**आमन्त्रित**

| |
|---|
| १. मा० श्री रामचन्द्र पौडेल |
| २. मा० श्री कृष्णप्रसाद सिटौला |
| ३. मा० श्री विद्या देवी भण्डारी |
| ४. मा० श्री भीमबहादुर रावल |
| ५. श्री नारायणकाजी श्रेष्ठ |

**सचिवालय**

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | संविधानसभाको महासचिव | श्री मनोहरप्रसाद भट्टराई |
| १. | संविधानसभा सचिवालय सचिव | श्री मुकुन्द शर्मा |
| २. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| ३. | उपसचिव | श्री मानबहादुर अर्याल |
| ४. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ५. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ६. | ना.सु. | श्री सृजना तण्डुकार |
| ७. | का.स. | श्री नारायण कार्की |
| ८. | का.स. | श्री सविता चौलागाई |
| ९. | ह.स.चा. | श्री कुमार खवास |

व्यवस्थापिका-संसद सचिवालय

संविधानसभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

## संविधानको विधेयकको पहिलो विधेयक परिमार्जन विशेष समिति

## प्रतिवेदन, २०७२

सविधानसभाको मिति २०७२ साउन १३ गते बसेको बैठकबाट सविधानको विधेयकको पहिलो मस्यौदा माथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रिया बमोजिम विधेयक परिमार्जनका लागि निर्देशन सहित प्राप्त प्रतिवेदनमाथि विधेयक परिमार्जनका विषयवस्तुमा सहमति प्राप्त गरी समितिमा प्रतिवेदन पेश गर्न मिति २०७२/०४/१४ गते बसेको समितिको बैठकले समितिका माननीय सभापति डा० बाबुराम भट्टराईको संयोजकत्वमा प्रमुख चार दलका शीर्ष नेताहरु मा० श्री सुशील कोइराला, मा० श्री के.पी. शर्मा ओली, मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड), मा० श्री विजयकुमार गच्छदार सम्मिलित पाँच सदस्यीय विशेष समिति गठन गरेको थियो ।

विशेष समितिको २०७२/०४/१४ गते बसेको बैठकमा सविधानसभाको निर्देशन अनुरुप *संविधान सभा, नागरिक सम्बन्ध तथा संविधान सुझाव समितिको प्रतिवेदनमाथि विस्तृत छलफल गरी सविधानको* पहिलो विधेयकमाथि नेपाली नागरिकबाट प्राप्त राय, सुझाव/प्रतिक्रियालाई केलाएर उक्त विधेयक परिमार्जनका लागि सुझाव प्रतिवेदन तयार गर्न मा० श्री गिरिराजमणि पोखरेल (दोस्रो बैठकबाट मा० श्री शक्तिबहादुर बस्नेत), मा० श्री जितेन्द्र नारायण देव, मा० श्री प्रेम बहादुर सिंह, मा० श्री भीम बहादुर रावल र मा० श्री रमेश लेखक (तेस्रो बैठकबाट मा० श्री राधेश्याम अधिकारी), मा० श्री जीतबहादुर (दर्जी) गौतम, मा० श्री भिष्मराज आङदेम्बे, मा० श्री रेखा शर्मा रहनु भएको कार्यदल गठन गरि मिति २०७२/४/१५ गते अपरान्ह ३:०० बजेसम्ममा विशेष समिति समक्ष प्रतिवेदन पेश गर्ने समयसीमा सहितको जिम्मेवारी तोकियो ।

कार्यदलका संयोजक मा० श्री भीमबहादुर रावलबाट निर्धारित समयसीमाभित्रै विशेष समितिमा प्रस्तुत प्रतिवेदनमाथि कार्यदल र विशेष समितिको संयुक्त बैठक र विशेष समितिको बैठकहरुमा भएको छलफलको आधारमा *मिति २०७२ साउन २३ गते अर्थात् आज बसेको विशेष समितिको बैठकले संविधानको* पहिलो विधेयक परिमार्जन सम्बन्धी सहमतिका देहायका प्रावधानहरु समेटिएको प्रतिवेदन समिति समक्ष पेश गर्ने निर्णयानुसार यो प्रतिवेदन पेश गरिएको छ ।

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| १. | **प्रस्तावना** | • प्रस्तावनाको अनुच्छेद ४ मा रहेको "एकात्मक र राज्य व्यवस्थाले" भन्ने शब्दको सट्टा "एकात्मक राज्य व्यवस्थाले" भन्ने शब्द राख्ने,<br>• अनुच्छेद ५ मा रहेको "लैगिक" भन्ने शब्द पछि "विभेद" भन्ने शब्द थप्ने,<br>• अनुच्छेद ६ मा रहेको "प्रेस स्वतन्त्रता" भन्ने शब्दहरुको सट्टा "पूर्ण प्रेस स्वतन्त्रता" भन्ने शब्दहरु राख्ने<br>• अनुच्छेद ६ मा रहेको "लोकतान्त्रिक मूल्य र मान्यतालाई अबलम्वन गरी समाजवादको आधार निर्माण गर्न प्रतिबद्ध रहँदै" भन्ने शब्दहरुको सट्टा "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्दै" भन्ने शब्दहरु राख्ने,<br>• अन्तिम अनुच्छेदमा "संविधानसभा मार्फत यो संविधान घोषणा गर्छौं" भन्ने शब्दहरुको सट्टा "संविधानसभाबाट यो संविधान जारी गर्दछौं" भन्ने शब्दहरु राख्ने । |
| २. | **भाग -१ प्रारम्भिक** | • धारा ४ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने :-<br>"(१) नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, <u>धर्मनिरपेक्ष</u>, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।"<br>• धारा ७ को उपधारा (२) पछि देहायको उपधारा (३) थप गर्ने :-<br>"(३) भाषा सम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिस बमोजिम नेपाल सरकारको निर्णयानुसार हुनेछ ।"<br>• धारा ८ को उपधारा (१) मा "जोरिएको" भन्ने शब्दको सट्टा "जोडिएको" भन्ने शब्द राख्ने । |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | सम्पत्ती तथा जमिनको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन ।"<br>• धारा ३२ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "यस धाराको व्यवस्थाले" भन्ने शब्दहरु हटाउने,<br>• धारा ३४ को,-<br>(१) उपधारा (३) मा रहेको "र त्यस्तो कार्य कानून बमोजिम दण्डनिय हुनेछ" भन्ने वाक्यांश हटाउने,<br>(२) उपधारा (४) को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "यस उपधारामा रहेको व्यवस्थाले" भन्ने शब्दहरु हटाउने,<br>• धारा ३५ को उपधारा (२) मा रहेका "क्षतिपूर्ति प्राप्त गर्ने" भन्ने शब्दको सट्टा "क्षतिपूर्ति पाउने" भन्ने शब्दहरु राख्ने,<br>• धारा ३६ को,-<br>(१) उपधारा (२) को सट्टा देहायको उपधारा (२) थप्ने :-<br>"(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माव्यामिक तहसम्म निशुल्क शिक्षा पाउने हक हुनेछ ।"<br>(२) उपधारा (४) मा रहेको "व्यक्ति" भन्ने शब्दको सट्टा "नागरिक" भन्ने शब्द राख्ने,<br>(३) उपधारा (५) को सट्टा देहायको उपधारा (५) राख्ने :-<br>"(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समूदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न र विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।"<br>• धारा ३८ को उपधारा (१) को सट्टा देहायको उपधारा (१) राख्ने :-<br>"(१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र वेरोजगार सहायता कानून बमोजिम हुनेछ ।"<br>• धारा ३९ को उपधारा (१) मा देहायको स्पष्टीकरण राख्ने :-<br>स्पष्टीकरण : यस धाराको प्रयोजनको लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्भन्नु पर्छ ।<br>• धारा ४० को उपधारा (१) मा "प्रत्येक नागरिकलाई" भन्ने शब्दको पछि "राज्यबाट" भन्ने शब्द राख्ने,<br>• धारा ४३ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :-<br>"(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुनेछ ।"<br>• धारा ४४ को उपधारा (२) मा रहेको "मनोरञ्जन तथा" भन्ने शब्दहरु पछि "सर्वाङ्गिण" भन्ने शब्द राख्ने,<br>• धारा ४५ को उपधारा (१) मा रहेको "दलित समुदायका व्यक्तिलाई निजामती सेवा, सेना, प्रहरी लगायतका राज्यका सबै निकाय र क्षेत्रहरुमा समावेशी सिद्धान्तका आधारमा रोजगारी प्राप्त गर्ने हक हुनेछ ।" भन्ने वाक्यांशको सट्टा "राज्य संयन्त्रका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागि हुने हक हुनेछ ।" भन्ने वाक्यांश राख्ने ।<br>• धारा ४६ मा रहेको "कानून बमोजिम" भन्ने शब्दहरु हटाउने,<br>• धारा ४७ को उपधारा (१) मा रहेको "अल्पसंख्यक" भन्ने शब्द पछि "अपाङ्गता |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | भएका व्यक्ति" भन्ने शब्द थप गर्ने,<br>• धारा ४८ मा रहेका "अशक्त र असहाय अवस्थामा रहेका एकल महिला" भन्ने शब्दहरुको सट्टा "अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला," भन्ने शब्दहरु राख्ने,<br>• धारा ५२ को खण्ड (ग) पछि देहायको खण्ड (घ) राख्ने :-<br>"(घ) सार्वजनिक सम्पत्तीको रक्षा र संरक्षण गर्नु ।"<br>**नोट** : मौलिक हक र कर्तव्यको भाग ३ मा रहेको "वर्ग, क्षेत्र र समुदायको हकको व्यवस्था"भएको ठाँउ ठाँउमा "आर्थिक रुपले विपन्न र अपाङ्गता भएको व्यक्ति" भन्ने शब्द थप गर्ने, |
| ५. | **भाग-४<br>राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व** | • धारा ५४ को,-<br>(१) उपधारा (१) मा "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने" भन्ने शब्दहरुको सट्टा "संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने" भन्ने शब्दहरु राख्ने,<br>(२) उपधारा (३) को सट्टा देहायको उपधारा (३)राख्ने :-<br>"(३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने एवं प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण तथा आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य हुनेछ ।"<br>(३) उपधारा (४) मा रहेको "अखण्डता" भन्ने शब्दको अगाडि "भौगोलिक" भन्ने शब्द राख्ने,<br>• धारा ५५ को,-<br>(१) खण्ड (क) देखि (ङ) सम्मको प्रावधानलाई क्रमशः (१), (२), (३), (४) गरी उपखण्ड (१), (२) लाई क्रमशः उपखण्ड (क), (ख), (ग),(घ), गर्ने ।<br>(२) खण्डको (क) को उपखण्ड (१) मा रहेको "अखण्डता" भन्ने शब्दको अगाडि "भौगोलिक" भन्ने शब्द राख्ने,<br>(३) खण्ड (क) को उपखण्ड (६) पछि देहायको उपखण्ड (७) राख्नेः-<br>"(७) पूर्व राष्ट्र सेवक कर्मचारी, भूतपूर्व सैनिक र प्रहरी लगायतका पूर्व राष्ट्रसेवकहरुमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने ।"<br>(४) खण्ड (ग) को,-<br>(१) उपखण्ड (६) मा रहेको "कला" भन्ने शब्दको पछि "चलचित्र" भन्ने शब्द थप्ने,<br>(२) उपखण्ड (७) पछि देहायको उपखण्ड (८) थप्ने :-<br>"(८) बहुभाषिक नीति अवलम्बन गर्ने ।"<br>(५) खण्ड (घ) को,-<br>(१) खण्ड (घ) मा रहेको "अर्थ र वाणिज्य सम्बन्धी नीति" भन्ने शब्दहरुको सट्टा "अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति" भन्ने शब्दहरु राख्ने, |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| ७. | **भाग-६**<br>**राष्ट्रपति र उपराष्ट्रपति** | • धारा ६६ को,-<br>(१) उपधारा (५) को प्रतिवन्धात्मक बाक्यांश झिकिएको छ ।<br>(२) उपधारा (५) पछि देहायको उपधारा (६) राखी उपधाराको क्रम मिलाउने :-<br>(६) उपधारा (५) बमोजिम दोस्रोचरणको मतदानबाट समेत कूल सदर मतको पचास प्रतिशत भन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः अर्को एक चरणको मतदान हुनेछ । त्यस्तो मतदानमा सबै भन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित भएको मानिने छ ।<br>• धारा ६८ (२) मा "त्यसपछि हुने" भन्ने शब्द हटाउने,<br>• धारा ७० पछि देहायको धारा ७१ राखी धाराक्रम मिलाउने :-<br>"७१.**राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिंग वा समुदायको हुने** : यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्दा फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।"<br>• धारा ७२ को खण्ड (ख) मा रहेको "एक तिहाई" भन्ने शब्दको सट्टा "एक चौथाई" भन्ने शब्दहरु राख्ने, |
| ८. | **भाग-७**<br>**संघीय कार्यपालिका** | • धारा ७७ मा रहेको "देशको" भन्ने शब्दको सट्टा "नेपालको" भन्ने शब्द राख्ने,<br>• धारा ७९ को,-<br>(१) उपधारा (४) मा रहेको "आफू" भन्ने शब्द झिक्ने,<br>(२) उपधारा (५) मा रहेको "अवस्था भएमा" भन्ने शब्दहरुको सट्टा "आधार प्रस्तुत गरेमा" भन्ने शब्दहरु राख्ने,<br>(३) उपधारा (७) मा रहेको "उपधारा (३) वा (५)" भन्ने शब्दहरुको सट्टा "उपधारा (५)" भन्ने शब्दहरु राख्ने र "उपधारा (४) वा (६)" भन्ने शब्दहरु हटाउने,<br>(४) उपधारा (८) मा रहेको "लागि भएको" भन्ने शब्दहरु हटाउने, |
| ९. | **भाग -८**<br>**संघीय व्यवस्थापिका** | • धारा ८८ को,-<br>(१) उपधारा (१) को खण्ड (क) मा रहेका "भूगोल, जनसंख्या र प्रादेशिक सन्तुलनको" भन्ने शब्दहरुको सट्टा "भूगोल र जनसंख्याको" भन्ने शब्दहरु राख्ने,<br>(२) उपधारा (२) मा रहेको "दलित" भन्ने शब्द पछिको "आदिवासी" भन्ने शब्द र सोही हरफमा रहेको "अल्पसंख्यक समूदाय" भन्ने शब्दहरु हटाई स्पष्टीकरणको प्रारम्भमा "यस उपधाराको प्रयोजनको लागि" भन्ने शब्दहरु थप्ने,<br>(३) उपधारा (२) पछि देहायको उपधारा (३) राखी उपधाराक्रम मिलाउने :-<br>"(३) उपधारा (२) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा धारा ९१ बमोजिम योग्यता पुगेको अपाङ्गता भएको व्यक्तिलाई प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।"<br>(४) उपधारा (५) मा देहायको प्रतिवन्धान्मक वाक्यांश राख्ने :-<br>"तर त्यस्तो व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।"<br>• धारा ९० को,-<br>(१) उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छ :- |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | "(२) राष्ट्रिय सभामा देहाय बमोजिमका एकाउन्न सदस्य रहनेछन् :-<br>(क) प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा कानुन बमोजिम प्रदेश सभाका सदस्य र स्थानीय निकायका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित अठ्चालीस जना,<br>(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना ।" |
| १०. | **भाग-१०**<br>**संघीय आर्थिक कार्यप्रणाली** | |
| ११. | **भाग-११**<br>**न्यायपालिका** | • धारा १३० को उपधारा (२) मा रहेको "विवाद समाधानका अन्य वैकल्पिक उपाय" भन्ने शब्दहरुको सट्टा "विवाद समाधानका वैकल्पिक उपाय" भन्ने शब्दहरु राख्ने,<br>• धारा १४१ को उपधारा (२) को खण्ड (ग) मा रहेका "र कूननमा स्नातकोत्तर उपाधी प्राप्त गरेका" भन्ने शब्दहरु हटाउने,<br>• धारा १५३ को उपधारा (२) को सट्टा देहायको उपधारा (२) राख्ने :- "(२) जिल्ला अदालतका न्यायाधीशको रिक्त पद मध्ये ४० प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्रांकित द्वितीय श्रेणीको पदमा कम्तिमा ३ बर्ष काम गरेका अधिकृतहरुमध्येबाट र बाँकी ६० प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त अधिवक्ताको रुपमा निरन्तर कम्तिमा ८ बर्ष वकालत गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्यायसेवाको राजपत्राकिंत तृतीय श्रेणीको पदमा कम्तिमा ८ बर्ष वा द्वितीय श्रेणीको पदमा कम्तिमा ३ बर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्याय सम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तिमा ८ बर्ष काम गरेको नेपाली नागरिक जिल्ला अदालतको न्यायाधिशको पदको लागि हुने खुल्ला प्रतियोगितात्मक परिक्षाको उम्मेदवार हुन सक्नेछन् ।" |
| १२. | **भाग-१२**<br>**प्रादेशिक कार्यपालिका** | • |
| १३. | **भाग-१३**<br>**प्रादेशिक व्यवस्थापिका** | • धारा १७५ को,-<br>(१) उपधारा (४) पछि देहायको उपधारा (५) राखी उपधाराक्रम मिलाउने :-<br>"(५) उपधारा (४) बमोजिम राजनीतिक दलले उम्मेदवारी दिंदा धारा १७७ बमोजिम योग्यता पुगेको अपाङ्गता भएको व्यक्तिलाई प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।"<br>(२) उपधारा (७) मा देहायको प्रतिवन्धात्मक वाक्यांश राख्ने :-<br>"तर त्यस्तो व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउने छैन ।" |
| १४. | **भाग-१६**<br>**स्थानीय कार्यपालिका** | • यस संविधानको ठाँउ ठाँउमा रहेको "गाउ कार्यपालिका प्रमुख र उपप्रमुख" भन्ने शब्दहरुको सट्टा "गाउ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष" भन्ने शब्दहरु राख्ने । |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| २५. | **भाग-२९**<br>**महान्यायधिवक्ता** | • |
| २६. | **भाग-३०**<br>**राष्ट्रिय सुरक्षा सम्बन्धी व्यवस्था** | • धारा २६१ को उपधारा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएका छन :-<br>(च) नेपाल सरकारको मुख्य सचिव- सदस्य,<br>(छ) प्रधानसेनापति, नेपाली सेना -सदस्य,<br><br>• धारा २६२ को,-<br>(१) उपधारा (१) मा रहेको "लोकतान्त्रिक सिद्धान्तप्रति" भन्ने शब्दहरुको सट्टा "यस संविधानप्रति" भन्ने शब्दहरु राख्ने,<br>(२) धारा (४) मा रहेको "कानून बमोजिमको" भन्ने शब्दहरुको सट्टा "मन्त्रिपरिषद्को सिफारिस" मा भन्ने शब्दहरु राख्ने ।<br>• धारा २६३ को सट्टा देहायको धारा २६३ राख्ने :-<br>"२६३. **<u>नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान सम्बन्धी व्यवस्था</u> :** (१) संघमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग रहनेछन् ।<br>(२) प्रत्येक प्रदेशमा प्रहरी संगठन रहनेछ ।<br>(३) नेपाल प्रहरी र प्रदेशमा रहने प्रहरीले सम्पादन गर्ने कार्यहरुको समन्वय सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।<br>(४) नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।" |
| २७. | **भाग-३१**<br>**राजनीतिक दल सम्बन्धी व्यवस्था** | • धारा २६४ को उपधारा (४) को खण्ड (ग) मा रहेको "सहभागिताको व्यवस्था" भन्ने शब्दहरुको सट्टा "प्रतिनिधित्वको व्यवस्था" भन्ने शब्दहरु राख्नु पर्ने । |
| २८. | **भाग-३३**<br>**संविधान संशोधन** | |
| २९. | **भाग-३४**<br>**विविध** | • धारा २७६ पछि देहायको धारा २७७ थप गरी धाराक्रम मिलाउने :-<br>**"२७७. <u>समावेशी सिद्धान्त बमोजिम नियुक्ती गर्नु पर्ने</u> :** संवैधानिक निकायका पदमा नियुक्ती गर्दा समावेशी सिद्धान्त बमोजिम गरिनेछ ।"<br>• धारा २७८ को उपधारा (१) को खण्ड (च) पछि देहायको खण्ड (छ) थप्ने :-<br>"(छ) राष्ट्रियसभाको अध्यक्ष निर्वाचन नभएसम्मका लागि मन्त्रिपरिषद्मा प्रधानमन्त्री सदस्य रहेको राजनीतिक दल बाहेकको प्रमुख राजनीतिक दलको तर्फबाट प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीले तोकेको एकजना मन्त्री -सदस्य"<br>• धारा २७९ को उपधारा (१) पछि देहायको उपधारा (२) राखी उपधाराक्रम मिलाउने :-<br>"(२) निजामती लगायत सरकारी सेवामा प्रतियोगितात्मक परिक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानून बमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।" |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | • धारा २८१ पछि देहायको धारा २८२ राखी धाराक्रम मिलाउने :- "२८२.गुठी जग्गा सम्बन्धी व्यवस्था : (१) गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउनेछ । (२) गुठी सम्बन्धी अन्य व्यवस्था कानून बमोजिम हुनेछ ।"<br>• धारा २८२ पछि देहायको २८३ थप गरी धाराक्रम मिलाउने :- "२८३. राजनीतिक वा संवैधानिक निकायका पदहरुमा नियुक्तीको लागि अयोग्य हुने : यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुलुकको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड वा त्यस्तै कुनै प्रकारको स्थायी आवासीय अनुमतिपत्र लिएको नेपाली नागरिक यस संविधान वा कानून बमोजिम नियुक्त हुने राजनीतिक वा संवैधानिक निकायको पदमा नियुक्तीका लागि योग्य हुने छैन । तर, विदेशी मुलुकको डाइभरसिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड वा त्यस्तै कुनै प्रकारको स्थायी आवासीय अनुमतिपत्र त्याग गरेको एक वर्ष अवधि व्यतित भएपछि त्यस्तो राजनीतिक वा संवैधानिक निकायको पदमा नियुक्ती हुन बाधा पर्ने छैन ।"<br>• धारा २८४ मा रहेको "र मुल्यांकन" भन्ने शब्दहरु हटाउने । |
| ३०. | **भाग-३५ संक्रमणकालीन व्यवस्था** | • धारा २९१ को उपधारा (३) पछि देहायको उपधारा (३) राख्ने :- "(३) संवैधानिक निकायमा हाल कायम पदाधिकारीहरु पुनः नियुक्ति नहुँदासम्म/पदावधि रहँदासम्म आफ्नो पदमा बहाल रहनेछन् ।"<br>• धारा २९२ पछि देहायको धारा २९३ राखी धारा क्रम मिलाउने :- "२९३. प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरुको गठन र सञ्चालन : प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरुको गठन र सञ्चालन नभए सम्मका लागि प्रदेश र स्थानीय तहमा नागरिकलाई सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ ।"<br>• धारा २९३ को उपधारा (२) मा रहेको "बमोजिम भएका" भन्ने शब्दहरुको सट्टा "बमोजिमका" भन्ने शब्दहरु राख्ने । |
| ३१. | **भाग-३६ परिभाषा र व्याख्या** | • धारा २९५ को उपधारा (१) को खण्ड (ङ) मा रहेको "निवृत्तीभरण" भन्ने शब्द हटाउनु पर्ने । |
| ३२. | **भाग-३७ संक्षिप्त नाम, प्रारम्भ र खारेजी** | |
| ३३. | **अनुसूची-१ नेपालको राष्ट्रिय झण्डा बनाउने तरिका** | • राष्ट्रिय झण्डाको चित्र राख्ने । |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| | | १५. दार्चुला<br>१६. बैतडी<br>१७. डडेल्धुरा<br>१८. कञ्चनपुर<br>१९. कैलाली |
| ३५. | **अनुसूची-४ संघको अधिकारको सूची** | • अनुसूची ४ को,-<br>(१) क्र.सं. (४) मा रहेको "र नियन्त्रण" भन्ने शब्द हटाउने,<br>(२) क्र.सं. (२६) मा रहेका "पर्यावरण" भन्ने शब्दको सट्टा "वातावरण" भन्ने शब्द राख्ने,<br>(३) क्र.स. (२७) मा रहेको "विमा नीति" भन्ने शब्दहरु पछि ", धितोपत्र, सहकारीको नियमन" भन्ने शब्द थप्नु पर्ने,<br>(४) क्र.सं. (२७) पछि देहायको क्र.स. (२८) राखी क्र.सं. मिलाउने,- "(२८) भूउपयोग, बस्ती विकास, पर्यटन वातावरण अनुकूलन"<br>(५) क्र.सं (२९) पछि देहायका क्र.सं. (३०) र (३१) राख्ने :-<br>"(३०) सुरक्षित छापाखाना,<br>(३१) सामाजिक सुरक्षा र गरिवि निवारण" |
| ३६. | **अनुसूची-५ प्रदेशको अधिकारको सूची** | • अनुसूची ५ को,-<br>(१) क्र.सं. (२) मा रहेको "बैंक तथा" भन्ने शब्दहरु हटाउने,<br>(२) क्र.सं. (८) को सट्टा देहायएको क्र.सं. (८) राख्ने :-<br>"(८) प्रदेश स्तरको विद्युत, सिचाई र खानेपानी सेवा"<br>(३) क्र.सं. (१३) हटाउने,<br>(४) क्र.सं. (१४) मा रहेको "प्रादेशीक रेल्वे र" भन्ने शब्द हटाउने,<br>(५) क्र.सं. (१६) लाई हटाउने,<br>(६) क्र.सं. (१९) मा रहेका "र मालपोत संकलन" भन्ने शब्दहरु हटाउने,<br>(७) क्र.सं. (२१) लाई हटाउने,<br>(८) क्र.स. २२ मा रहेको "लिपि" भन्ने शब्द पछि "ललितकला" भन्ने शब्द थप्ने,<br>(९) क्र.सं. (२३) मा रहेको "पर्यावरण" भन्ने शब्दलाई "वातावरण" भन्ने शब्द राख्ने,<br>(१०) क्र.सं. (२४) मा रहेका "मदिरा तथा पेय पदार्थ उत्पादन, निर्माण खरिदविक्रि" भन्ने शब्दहरु हटाउने,<br>(११) क्र.सं. (२५) को सट्टा देहायको क्र.सं. (२५) राख्ने :-<br>"(२५) पुस्तकालय (केन्द्रीय बाहेक)।" |
| ३७. | **अनुसूची-७ स्थानीय तहको अधिकारको सूची** | • अनुसूची ७ को,-<br>(१) क्र.सं. १ मा रहेको "सामुदायीक प्रहरी" भन्ने शब्दहरु हटाउने,<br>(२) क्र.सं. (४) मा "मालपोत संकलन" भन्ने शब्द राख्ने,<br>(३) क्र.स. २४ को सट्टा देहायको क्र.स. २४ राख्नेः-<br>"(२४) भाषा, सँस्कृति र ललितकलाको संरक्षण र विकास।" |

| सि.नं. | विषय | विशेष समितिमा भएको सहमति |
|---|---|---|
| ३८. | अनुसूची-८<br>संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची | **अनुसूची-८**<br>(धारा ६१ को उपधारा (७) संग सम्बन्धित)<br>**संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची**<br>१. सहकारी,<br>२. शिक्षा र खेलकुद,<br>३. स्वास्थ्य,<br>४. कृषि<br>५. विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु,<br>६. सेवा शुल्क, दस्तुर, दण्ड जरीवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क,<br>७. वन, जङ्गल, वन्य जन्तु, जल उपयोग, वातावरण पर्यावरण तथा जैविक विविधता,<br>८. खानी तथा खनिज,<br>९. विपत व्यवस्थापन,<br>१०. सामाजिक सुरक्षा र गरिबी निवारण,<br>११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक,<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय,<br>१३. सुकुम्वासी व्यवस्थापन |

संविधानको मस्यौदा विधेयकमा संविधान तर्जुमाको दृष्टिले आवश्यक भाषा परिमार्जन मस्यौदा समितिले गर्ने ।

**नोट :** धर्म निरपेक्षता र थ्रेसहोल्डबारे टुङ्गो लाग्न बाँकी ।

(मा० डा० बाबुराम भट्टराई)
**संयोजक**

(मा० श्री विजयकुमार गच्छदार) **सदस्य**

(मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड)) **सदस्य**

(मा० श्री के.पी. शर्मा ओली) **सदस्य**

(मा० श्री सुशील कोइराला) **सदस्य**

फरक मत सहित    फरक मत सहित

(मुकुन्द शर्मा)
**सचिव**

**सम्बत्** : २३ साउन २०७२

# अनुसूची-३

## प्रारम्भिक वार्ता उपसमितिको प्रतिवेदन, २०७२

व्यवस्थापिका-संसद सचिवालय

संविधानसभा

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

# प्रारम्भिक वार्ता उपसमिति



संविधानसभा बाहिर रहेका रजनीतिक दल, सशस्त्र समूह र सरोकारवालाहरुसंग गरिएका वार्ता सम्बन्धी

# प्रतिवेदन

२०७२

संविधानसभा सचिवालय, सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं : ४२००३४४, ४२००१३४ फ्याक्स : ४२०००५३,
URL : http//www.can.gov.np, E-mail: sac2070@gmail.com

## संविधानसभा
## संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति

### प्रारम्भिक वार्ता उपसमिति

| सदस्य |
|---|
| १. **संयोजक,** मा० श्री आनन्दप्रसाद ढुंगाना |
| २. सदस्य, मा० श्री अशोक कुमार राई |
| ३. सदस्य, मा० श्री धर्मनाथ प्रसाद शाह |
| ४. सदस्य, मा० श्री शक्ति बहादुर बस्नेत |
| ५. सदस्य, मा० श्री सर्वेन्द्रनाथ शुक्ल |
| ६. सदस्य, मा० श्री सुरेन्द्रप्रसाद पाण्डे (उपसमिति परिवर्तन) |

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | संविधानसभाको महासचिव | श्री मनोहरप्रसाद भट्टराई |
| २. | संविधानसभा सचिवालय सचिव | श्री मुकुन्द शर्मा |

**सचिवालय**

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | उपसचिव | श्री केशवप्रसाद आचार्य |
| २. | उपसचिव | श्री अवनी मैनाली भट्टराई |
| ३. | शाखा अधिकृत | श्री लक्ष्मण अर्याल |
| ४. | क.अ. | श्री सुशीलकुमार खड्का |
| ५. | ना.सु. | श्री सृजना तण्डुकार |
| ६. | का.स. | श्री नारायण कार्की |
| ७. | का.स. | श्री सविता चौलागाई |
| ८. | ह.स.चा. | श्री कुमार खवास |

## मुद्रणतर्फ

| क्र.स. | पद | नाम, थर |
|---|---|---|
| १. | मुद्रण अधिकृत | श्री जगदिश्वरलाल श्रेष्ठ |
| २. | सिनियर प्रेस टेक्निसीयन | श्री गम्भिरमान सिंह |
| ३. | सिनियर प्रेस टेक्निसीयन | श्री राजेन्द्रप्रसाद लामिछाने |
| ४. | सिनियर प्रेस टेक्निसीयन | श्री प्रेमबहादुर चन्द |
| ५. | सिनियर प्रेस टेक्निसीयन | श्री रोवन प्रजापति |
| ६. | प्रेस टेक्निसीयन | श्री कृष्णकला पौडेल |
| ७. | प्रेस टेक्निसीयन | श्री माधव पौडेल |
| ८. | कार्यालय सहयोगी | श्री मदन गिरी |

**मानननीय सभापतिज्यू,**

असन्तुष्टि तथा असमझदारीलाई आपसी छलफलको माध्यमबाट समाधान गरी साझा सहमतिको बिन्दूमा पुग्न वार्तालाई महत्वपूर्ण विधिको रुपमा लिने गरिन्छ । अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न राजनीतिक माग र अधिकारका लागि गरिएका आन्दोलन र संघर्षहरुको व्यवस्थापन वार्ताबाटै भएका उदाहरणहरु हाम्रा सामु रहेका छन् । वार्ताको यही महत्वलाई आत्मसात गरी संविधानसभा संवैधानिक-राजनैतिक संवाद तथा सहमति समितिलाई संविधानसभा नियमावली, २०७० को नियम ६५ मा संविधानसभाभित्र रहेका राजनीतिक दल, सदस्य र बाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग जुटाउने सहितको जिम्मेवारी निर्धारण गरिएको छ । नियमावलीको सोही प्रावधान अनुरुप प्राप्त जिम्मेवारी र उत्तरदायित्व पूरा गर्ने क्रममा समितिको मिति २०७१ जेठ ८ गते बसेको बैठकले संविधानसभा बाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी सो सम्बन्धी विवरणको प्रतिवेदन समितिमा पेश गर्न संविधानसभा नियमावली, २०७० को नियम ८० अनुरुप मेरो संयोजकत्वमा ५ सदस्यीय उपसमिति गठन गरेको थियो ।

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट उपसमितिलाई प्राप्त जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्ने क्रममा उपसमितिले २०७१ जेठ २० गते विहान ८.०० बजे बसेको बैठकमा संवाद समितिका माननीय सभापतिलाई आमन्त्रण गरी उपसमितिको कार्य सम्पादनमा आवश्यक राय परामर्श प्राप्त गरेको थियो । सोही बैठकमा सरकारबाट भए गरेका सहमति, सम्झौता लगायतका विवरणका सम्बन्धमा के कसरी कार्य प्रारम्भ गर्ने वा पहिले नै नेपाल सरकार (शान्ति तथा पुनर्निर्माण मन्त्रालय) सँग वार्ता भई सहमति गरिएका सरोकारवालाहरुसँग के कसरी पुनः वार्ता गर्ने भन्ने जस्ता विषयमा विस्तृत छलफल भएको थियो । त्यसैगरी कार्यसम्पादनलाई व्यवस्थित बनाउन उपसमितिले आन्तरिक विस्तृत कार्यतालिका निर्माण गरी सोही कार्यतालिका अनुसार विभिन्न बैठकमा संविधानसभाका सम्माननीय अध्यक्षज्यू, दलका आदरणीय शीर्ष नेताहरु, माननीय सदस्यहरु, विगतको संविधानसभामा संविधान निर्माण कार्यमा सक्रिय रहनु भएका कानूनविद् एवं विज्ञहरु लगायत अन्य व्यक्तित्वहरुसँग विगत संविधानसभाको अनुभव, सहमति र असहमतिका विवरण लगायत प्राप्त उपलब्धी सहित संविधान निर्माणमा देखिएका समस्याका सम्बन्धमा विभिन्न चरणमा विचार विमर्श गरिएको थियो । त्यस्तै, वार्ता गर्न जानुअघि माननीय उपप्रधान तथा गृह मन्त्री, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला र शान्ति तथा पुनर्निर्माण मन्त्री, गृह मन्त्रालयका सचिव, शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव सहित सबै सुरक्षा निकायका प्रमुखहरुसँग आवश्यक जानकारी प्राप्त गरी व्यापक रुपमा छलफल गरिएको थियो ।

**सभापतिज्यू,**

उपसमितिले कार्यजिम्मेवारी पूरा गर्ने सिलसिलामा विभिन्न मितिमा संविधानसभाभित्र र बाहिर रहेका राजनीतिक दल, सरोकारवालाहरु सहित विभिन्न समूहसँग चरणवद्ध रुपमा छलफल र वार्ताहरु सम्पन्न भएका छन् । तत्पश्चात् २०७१ असार ३२ गते बसेको उपसमितिको बैठकको निर्णयानुसार नेपालको पूर्वी भेगमा संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल, सशस्त्र समूह तथा सरोकारवालाहरुलाई वार्ताको माध्यमबाट संविधान निर्माण प्रक्रियामा समावेश हुने कार्यमा सकारात्मक वातावरण तयार पार्न **इलाम**मा प्रथम चरणको वार्ता गरिएको थियो । उक्त वार्ता सम्बन्धी जानकारी उपसमितिबाट मौखिक रुपमा प्रस्तुत गरिनुका साथै वार्तारत पक्षसँग भएका सरकार सम्बद्ध सहमतिहरु तत्काल कार्यान्वयन गर्न गराउन निर्देश सहितको संक्षिप्त प्रतिवेदन नेपाल सरकारलाई पठाउने निर्णयानुसार सरकारसम्बद्ध विषय समेटिएको इलाम प्रतिवेदन यसअघि नै समितिमा पेश गरिएको थियो । त्यसपछि **जनकपुर**, **नेपालगञ्ज**, **भैरहवा** र **काठमाडौं**मा भएका वार्ता एवं सहमतिको विवरण र नेपाल सरकारलाई पूर्ण रुपमा, आंशिक रुपमा र कुनै पनि हातहतियार नबुझाएका सशस्त्र समूहहरुको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ ।

प्राप्त स्रोतको अध्ययन, विश्लेषण, संवाद तथा छलफल र सहमतिलाई आफ्नो कार्यसम्पादनको मुख्य विधि तय गरेको उपसमितिको यो प्रतिवेदन तयार गर्दासम्म ४७ वटा बैठक सम्पन्न भएका छन् । मिति २०७२।०४।१२ गते बसेको उपसमितिको बैठकको निर्णयानुसार सर्वसम्मत रुपमा यो प्रतिवेदन तयार गरिएको छ ।

**सभापतिज्यू,**

संविधानसभा बाहिर रहेका राजनीतिक दल र सरोकारवालाहरुको पहिचान एवं वार्ता प्रक्रिया, कार्यविधि र तौरतरिका तर्जुमा उपसमिति (संयोजक-माननीय श्री पूर्ण बहादुर खड्का) को प्रतिवेदनको परिच्छेद-३ मा उल्लिखित केही राजनीतिक दल तथा सशस्त्र समूहहरुसँग वार्ता गर्न बाँकी रहेको र वार्ता गरिएका मध्ये केही शसस्त्र समूहले हतियार बुझाउन पनि बाँकी रहेको छ ।

आन्दोलनबाट मुलुकमा भएको राजनीतिक परिवर्तन पश्चात् संविधानसभाले नयाँ संविधान जारी गर्नका लागि व्यापक राजनीतिक सहमति जुटाउने क्रममा विभिन्न दल र भूमिगत शसस्त्र समूहहरुसँग वार्ता गरी सहमति भए अनुसार शान्तिपूर्ण रुपमा राजनीतिको मूलधारमा समावेश हुन चाहने दल/समूहका व्यक्तिहरुलाई निजहरुबाट विगतमा राजनीतिक उद्देश्य राखी आन्दोलन गर्ने क्रममा लागेका मुद्दाहरु फिर्ता तथा सजाय माफी सम्बन्धी कार्यको लागि प्रारम्भिक वार्ता उपसमिति **संविधानसभा बाहिरका राजनीतिक दल/सशस्त्र समूहसँग भएका सहमति/सम्झौता कार्यान्वयन सुझाव कार्यदल, २०७१** ले सुझाएका सुझाव अनुरुप वर्तमान ऐन, नियम र कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन गरी **एक पटकका लागि** राजनीतिक उद्देश्यले लागेका मुद्दा फिर्ता र सजाय माफी सम्बन्धी कारवाही प्रक्रिया तत्काल अघि बढाउन नेपाल सरकार (मन्त्रिपरिषद्) लाई निर्णय लिई कार्यान्वयनका लागि निर्देश गर्दछ ।

**सभापतिज्यू,**

२००७ सालदेखि परिवर्तनका सम्वाहक राजनीतिक दलहरुले संघर्ष गर्दै आएका छन् । प्रत्येक परिवर्तनमा सहज असहज परिस्थितिहरु नभएका होइनन् । तत्कालीन निरंकुश सरकारबाट पनि राज्य विरुद्ध एवं विभिन्न किसिमका मुद्दाहरु परिवर्तनकारी राजनैतिक कर्मीहरुलाई लगाएकै हुन् । तर प्रत्येक राजनीतिक परिवर्तनपछि राजनीतिक प्रकृतिका मुद्दाहरुलाई परिवर्तित सरकारहरुले आम माफी गरेका छन् । २००७ सालदेखि नै यसको अभ्यास हुँदै आएको पाइन्छ । पहिलो पटक नेपाली जनताले आफ्नो संविधान आफैले निर्वाचित गरेका प्रतिनिधिहरुको सभाबाट लेख्ने कार्य पूरा हुन लागेको अवस्थालाई मध्येनजर गर्दै उक्त संविधानलाई दीगो, स्थिर एवं सफल गराउनका लागि एक पटकका लागि हतियार बुझाई निःसशस्त्र बनेका भूमिगत सशस्त्र समूहका नेता कार्यकर्ता एवं सरोकारवाला समूहहरुको मुद्दा फिर्ता गर्नु उचित हुनेछ ।

वार्ताका क्रममा भएका सहमति/सम्झौता अनुरुप आफूसँग रहेका हातहतियारहरु उपसमितिको रोहवरमा नेपाल सरकारलाई विभिन्न जिल्लामा बुझाई पूर्ण रुपमा निशस्त्र भएका शसस्त्र समूहहरुका नेता तथा कार्यकर्ताहरुलाई लागेका राजनीतिक प्रकृतिका मुद्दा फिर्ता, राजनीतिक आस्थाका कैदी वन्दीहरुको रिहाई जस्ता कार्यहरु समयमै सम्पन्न हुन सकेमा संविधान निर्माण कार्यमा सकारात्मक सहयोग पुर्‍याउँदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितप्रति प्रतिवद्ध रहने प्रणसहित मूल राजनीतिमा समावेश हुन चाहने त्यस्ता शसस्त्र समूहहरुलाई अवसर दिन उपयुक्त देखिन्छ । यसबाट संविधान निर्माण तथा शान्ति प्रक्रियामा सहजता आई संविधानसभा र नेपाल सरकारप्रति सकारात्मक धारणाहरु बन्ने प्रष्ट छ । तसर्थ नेपाल सरकारले प्रारम्भिक वार्ता उपसमितिबाट गरेका सम्पूर्ण सहमति एवं सम्झौतालाई कार्यान्वयन गरी तत्काल संविधानको अन्तरवस्तुमा सरोकार राख्ने सरोकारवाला समूहहरुलाई राष्ट्रिय मूलधारमा समावेश गरी ऐतिहासिक कार्य सफलताका साथ बृहत्तर हितमा सम्पन्न हुने कुरामा उपसमिति विश्वास राख्दछ ।

**सभापतिज्यू,**

विभिन्न स्थानमा सम्पन्न वार्तामा संलग्न उपसमितिका माननीय सदस्यहरुको सहयोग र समन्वयको उच्च प्रशंसा गर्दछु । उपसमितिको मिति २०७१।९।२२ गतेको निर्णय अनुरुप नेपाल सरकार (मन्त्रीपरिषद्) द्वारा **संविधानसभा भन्दा बाहिरका राजनीतिक दल/सशस्त्र समूहसँग भएका सहमति/सम्झौता कार्यान्वयन सुझाव कार्यदल, २०७१** गठन मार्फत सशस्त्र समूहहरुका नेता तथा कार्यकर्तालाई लगाइएको मुद्दा, सोको विद्यमान स्थिति र फिर्ता तथा माफी लगायतको सम्बन्धमा गरिएको अध्ययनबाट उपसमितिको कार्य सम्पादनमा सहयोग पुगेको उपसमितिले महसुस गरेको छ । यसका लागि माननीय उपप्रधान तथा गृहमन्त्री र गृह सचिवलाई उपसमिति धन्यवाद व्यक्त गर्दछ । त्यसरी नै वार्तामा सहभागी रहनु भएका आमन्त्रित माननीयहरुले पुऱ्याउनु भएको सहयोगको उच्च सराह्रना गर्दै उपसमितिलाई आवश्यक सहयोग, सूचना संकलन, सम्प्रेषण एवं सुरक्षा प्रदान गर्ने कार्यमा संलग्न रहनु हुने सम्बन्धित क्षेत्रका प्रशासन प्रमुख, सुरक्षा प्रमुख, विभिन्न स्थानमा गरिएका वार्तामा पुऱ्याएको योगदानका लागि गृह मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयका प्रतिनिधि, संविधानसभा बाहिरका राजनीतिक दल/सशस्त्र समूहसँग भएका सहमति/सम्झौता कार्यान्वयन सुझाव कार्यदल, २०७१ का संयोजक नायब महान्यायाधीवक्ता श्री बद्री प्रसाद गौतम सहित सदस्यहरु र सञ्चारकर्मी मित्रहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा,

यस उपसमितिले सम्पादन गर्नु पर्ने कार्यका सम्बन्धमा अपनाउनु पर्ने नीति र विधि सहित अन्य व्यवस्थापकीय कार्यमा उपसमितिलाई प्राप्त सुझावका लागि संविधानसभाका महासचिव श्री मनोहरप्रसाद भट्टराई, वार्ता लगायत उपसमितिको समग्र कार्यलाई प्रभावकारी रुपमा सम्पन्न तुल्याउन अथक मेहनत र कार्यकुशलता निर्वाह गर्ने सचिव श्री मुकुन्द शर्मा सहित समिति सचिवालयका सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**सभापतिज्यू,**

माननीय सभापतिज्यूको अनुमतिले अब म प्रारम्भिक वार्ता उपसमितिको यो प्रतिवेदन समिति समक्ष पेश गर्दछु ।

**धन्यवाद !**

(आनन्द प्रसाद ढुंगाना)
**संयोजक**

*२०७२ साउन १६ गते*

## विषय सूची


| विषय | | पेज नं. |
|---|---|---|
| परिच्छेद-१<br>प्रारम्भिक | | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | उद्देश्य | १ |
| १.३ | गठन र परिचय | १ |
| १.४ | कार्यक्षेत्र र समयसीमा | २ |
| १.५ | कार्य प्रारम्भ र विधि | २ |
| परिच्छेद-२<br>**विभिन्न राजनीतिक दल तथा सरोकारवाला समूहसंग भएका छलफल, वार्ता र सहमतिको विवरण** | | ४ |
| २.१ | छलफल र वार्ता गरिएका व्यक्ति, दल, समूह र पक्षहरु | ४ |
| २.२ | राजनीतिक दल तथा शसस्त्र समूहसंग गरिएका वार्ता एवं सहमति सम्बन्धी विवरण | १२ |
| २.२.१ | इलाम वार्ता | १२ |
| २.२.२ | जनकपुर वार्ता | १७ |
| २.२.३ | नेपालगञ्ज वार्ता | २३ |
| २.२.४ | काठमाण्डौं वार्ता | २५ |
| २.२.५ | भैरहवा वार्ता | ३० |
| ३. | हातहतियार सम्बन्धी विवरण | ३१ |
| ३.१ | हातहतियार बुझाई पूर्ण रुपमा निःशस्त्र भएका समूहहरु | ३१ |
| ३.२ | आशिक रुपमा हातहतियार बुझाएका समूहहरु | ३२ |
| ३.३ | हातहतियार नबुझाएका समूहहरु | ३२ |
| परिच्छेद-३<br>सुझाव तथा निष्कर्ष | | ३३ |
| अनुसूचीहरु | | ३५ |

# परिच्छेद-१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संविधानसभाको संवैधानिक-राजनैतिक संवाद तथा सहमति समितिलाई संविधानसभा नियमावली, २०७० को नियम ६५ मा संविधानसभाभित्र रहेका राजनीतिक दल, सदस्य र बाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग जुटाउने, समितिको उद्देश्य पूर्तिको लागि सरोकारवालहरुसँग आवश्यकतानुसार गोष्ठी, सभा, सम्मेलन र वार्ता गर्ने लगायतको जिम्मेवारी निर्धारण गरिएको छ । यसका लागि राजनीतिक दल र विभिन्न सरोकारवाला पक्षहरु सहित आम नेपाली दाजुभाई तथा दिदीबहिनीहरुको निर्धारित समयसीमाभित्रै संविधानसभाबाट संविधान निर्माण होस् भन्ने उत्कट अभिलाषा पूरा गर्न संवैधानिक-राजनैतिक संवाद तथा सहमति समिति क्रियाशील रहेको छ । नियमावलीले निर्दिष्ट गरेको जिम्मेवारी पूरा गर्नको लागि समितिले विभिन्न उपसमिति गठन गरी तदारुकताकासाथ कार्य अगाडि बढाउने सन्दर्भमा यस उपसमितिको निर्माण भएको हो ।

## १.२ उद्देश्य

संविधानसभा बाहिर रहेका राजनीतिक दल र सरोकारवालाहरुको पहिचान एवं वार्ता प्रक्रिया, कार्यविधि र तौरतरिका तर्जुमा उपसमिति (संयोजक-माननीय श्री पूर्ण बहादुर खड्का) ले समिति समक्ष पेश गरेको प्रतिवेदनको परिच्छेद-३ मा उल्लिखित **"३.२ संविधानसभाको निर्वाचनमा सामेल नभएका र भूमिगत रहेका सशस्त्र समूहहरु, ३.३ विभिन्न जातीय धार्मिक र अधिकारवादी संघ संस्था एवं सरोकारवालाहरु र पाना नं. ३४ को अन्य विभिन्न राजनीतिक दल"** सँग वार्ता गरी बढी भन्दा बढी जनताको अपनत्व र स्वामित्व प्राप्त संविधान निर्माणमा सकारात्मक वातावरण सिर्जना गर्नु र दीगो शान्ति स्थापनाको लागि राजनीतिक उद्देश्यले प्रेरित भई सञ्चालित गतिविधिका कारण राज्यद्धारा लगाइएका मुद्दा फिर्ताको सम्बन्धमा उपयुक्त निर्णय लिन नेपाल सरकारलाई सिफारिस गर्नु उपसमिति गठनको उद्देश्य रहेको थियो ।

## १.३ गठन र परिचय

संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (८) अनुरुप संविधान निमाणको लागि संविधानसभाभित्र रहेका राजनीतिक दल, सदस्य र बाहिर रहेका बिभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणको कार्यमा सबैको सहयोग जुटाउने प्राप्त जिम्मेवारी र उत्तरदायित्व पूरा गर्ने क्रममा समितिको मिति २०७१ जेठ ८ गते बसेको बैठकले **संविधानसभा बाहिर रहेका बिभिन्न राजनीतिक दल, भूमिगत सशस्त्र समूहहरु तथा सरोकारवालाहरुसँग वार्ता गरी** सो सम्बन्धी विवरणको प्रतिवेदन समितिमा पेश गर्न संविधानसभा नियमावली, २०७० को नियम ८० को उपनियम (१) अनुरुप **माननीय श्री आनन्दप्रसाद ढुंगाना**को संयोजकत्वमा देहायका माननीय सदस्यहरु रहेको उपसमिति गठन गरेको थियो ।

माo श्री अशोक कुमार राई
माo श्री धर्मनाथ प्रसाद शाह[१]
माo श्री शक्तिबहादुर बस्नेत
माo श्री सर्वेन्द्रनाथ शुक्ला
माo श्री सुरेन्द्रप्रसाद पाण्डे[२]

---

[१] समितिको निर्णय अनुसार मिति २०७१।०६।०४ देखि ।

[२] समितिको निर्णय अनुसार मिति २०७१।०६।०४ सम्म ।

## १.४ कार्यक्षेत्र र समयसीमा

संविधानसभा नियमावली, २०७० बमोजिमको काम, कर्तव्य र अधिकार रहने गरी संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (९) को प्रयोजनका लागि आवश्यकतानुसार संविधानसभा बाहिर रहेका बिभिन्न राजनीतिक दल, भूमिगत सशस्त्र समूहहरु तथा सरोकारवालाहरुसँग वार्ता गरी सो सम्बन्धी विवरण समितिको बैठकमा प्रतिवेदन पेश गर्न उपसमितिको कार्यक्षेत्र तोकिएको थियो । उपर्युक्त कार्यक्षेत्रभित्र रही कार्य सम्पादन गर्ने सिलसिलामा समय अपर्याप्त हुन पुगेकोले विभिन्न मितिमा उपसमितिको म्याद थप गरिएको थियो । थप म्यादले समितिको कार्य सम्पादन सहज भै सुलभ तरिकाबाट कार्य सम्पन्न गर्न सकियो ।

## १.५ कार्य प्रारम्भ र विधि

उपसमितिलाई प्राप्त जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्ने क्रममा उपसमितिले २०७१ जेठ २० गते विहान ८.०० बजे बसेको बैठकमा समितिका माननीय सभापतिलाई आमन्त्रण गरी उपसमितिको कार्य सम्पादनमा आवश्यक राय परामर्श प्राप्त गरेको थियो भने सोही बैठकमा सरकारबाट भए गरेका सहमति, सम्झौता लगायतका विवरणका सम्बन्धमा के कसरी कार्य प्रारम्भ गर्ने, पहिले नै वार्ता भई सहमति गरिएका सरोकारवालासँग के कसरी पुनः वार्ता गर्ने भन्ने जस्ता विषयमा विस्तृत छलफल भएको थियो । त्यसैगरी कार्यसम्पादनलाई व्यवस्थित बनाउन उपसमितिले आन्तरिक विस्तृत कार्यतालिका निर्माण गरी सोही कार्यतालिका अनुसार विभिन्न बैठकमा विगतको संविधानसभामा संविधान निर्माण कार्यमा सक्रिय रहनु भएका दलका शीर्ष नेताहरु, माननीयहरु, विज्ञहरु लगायत अन्य व्यक्तित्वहरुसंग विगतको संविधानसभाको अनुभव, सहमति र असहमतिका विवरण लगायत प्राप्त उपलब्धी सहित संविधान निर्माणमा देखिएका समस्याका सम्बन्धमा विभिन्न चरणमा विचार विमर्श गरिएको थियो ।

संविधानसभा बाहिर रहेका राजनीतिक दल र सरोकारवालाहरुसँग वार्ता गरी संविधान निर्माणमा सकारात्मक वातावरण सिर्जना गरी बढी भन्दा बढी जनताको अपनत्व र स्वामित्व प्राप्त संविधान संविधानसभाबाट जारी गर्न प्रारम्भिक चरणमा पूर्वी क्षेत्रको लागि **इलाम**, मध्य क्षेत्रको लागि **जनकपुर** र पश्चिम क्षेत्रको लागि **नेपालगञ्ज**मा वार्ता गर्नुअघि माननीय उपप्रधान तथा गृह मन्त्री, कानून र शान्ति तथा पुर्ननिर्माण मन्त्री, गृह मन्त्रालयका सचिव, शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका सचिव लगायत सबै सुरक्षा निकायका प्रमुखहरुसँग आवश्यक जानकारी प्राप्त गरी व्यापक रुपमा छलफल गरिएको थियो ।

तत्पश्चात् उपसमितिको २०७१ असार ३२ गतेको बैठकले पूर्वी क्षेत्रको लागि **इलाम**, मध्य क्षेत्रको लागि **जनकपुर** र पश्चिम क्षेत्रको लागि **नेपालगञ्ज**मा वार्ता गर्ने निर्णय गर्दै सोको वातावरण निर्माण गर्न विभिन्न सम्पर्क सूत्रको प्रयोग गरेको थियो । उपर्युक्त वार्तामा विभिन्न सहमति गरिएका छन् । जसमध्ये इलाम वार्ता सम्पन्न गरी काठमाडौं फर्केपछि उपसमितिले गरेका सहमतिहरुको कार्यान्वयन गर्ने गराउने प्रयोजनार्थ सो सम्बन्धमा प्रारम्भिक रुपमा संक्षिप्त प्रतिवेदन समितिमा पेश गरेको थियो । यसका साथै **भैरहवा र काठमाडौं**मा पनि विभिन्न समूहहरुसँग वार्ता गरिएको थियो । तत्पश्चात् विभिन्न समय र स्थानमा विभिन्न दल र समूहसँग गरिएका वार्ता बमोजिम केही समूहबाहेक अधिकाँश समूहहरुसँग हतियार बुझ्ने काम सम्पन्न भएका छन् ।

उपसमितिको मिति २०७१।९।२२ गतेको बैठकले वार्ताको क्रममा गरिएका सहमति सम्झौता अनुरुपको कार्य सम्पन्न गर्न **राजनीतिक मुद्दाको प्रकृति अनुरुप विद्यमान ऐन, नियम अनुसार नै तत्काल मुद्दा फिर्ता लिन सकिने मुद्दा र सम्बन्धित व्यक्ति पहिचान सहित सोको लागि आवश्यक पर्ने कार्यविधि, मुद्दा फिर्ताका लागि विद्यमान ऐन नियममा परिमार्जन गर्नु पर्ने भएमा कुन कुन ऐन, नियममा कुन दफा उपदफामा के कसरी परिमार्जन गर्नु पर्ने हो सोको विस्तृत विवरण, उक्त दुवै प्रकृयाबाट नसमेटिने पुनरावेदन तह र अन्तिम फैसला भई सकेको मुद्दा र सम्बन्धित व्यक्तिको पहिचान सहित के गर्दा उपयुक्त हुन सक्छ सो सम्बन्धी प्रकृया र विवरण, र सम्बन्धित अन्य विषयवस्तुहरु कार्यक्षेत्र तोकी पैंतालीस दिनभित्र प्रतिवेदन दिने गरी कार्यदल गठन गर्न** माननीय उपप्रधान तथा गृह मन्त्रीलाई निर्देश गरेको

थियो । उक्त निर्देश बमोजिम नेपाल सरकार (मन्त्रीपरिषद्) बाट कार्यदल गठन भई माननीय उपप्रधान तथा गृह मन्त्री मार्फत उपसमितिलाई सो कार्यदलको प्रतिवेदन समेत प्राप्त भईसकेको छ ।

उल्लिखित सम्पूर्ण कार्य समावेश गरी उपसमितिमा प्रतिवेदन पेश गर्न समिति सचिवालयलाई निर्देश गरिएको थियो । निर्देश अनुरुप निर्धारित समयभित्रै सचिवालयबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोमाथि विस्तृत छलफल गरी यो प्रतिवेदन तयार पारिएको छ । प्राप्त स्रोतको अध्ययन, विश्लेषण, संवाद तथा. छलफल र सहमतिलाई आफ्नो कार्यसम्पादनको मुख्य विधि तय गरेको उपसमितिका यो प्रतिवेदन तयार गर्दासम्म ४७ वटा बैठक सम्पन्न भएका छन् । मिति २०७२।०४।१२ गते बसेको उपसमितिको बैठकको निर्णयानुसार सर्वसम्मत रुपमा यो प्रतिवेदन तयार गरिएको छ ।

## परिच्छेद-२

## विभिन्न राजनीतिक दल तथा सरोकारवाला समूहसंग भएका छलफल, वार्ता र सहमतिको विवरण

उपसमितिलाई प्राप्त जिम्मेवारी र उत्तरदायित्व निर्वाह गर्ने क्रममा संविधानसभाभित्र र वाहिर रहेका राजनीतिक दल र तिनका नेता एवं विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल र वार्ता गरिएको छ। उक्त छलफल र वार्ता गरिएका व्यक्ति, दल, समूह र पक्षहरुको विवरण देहाय बमोजिम रहेको छ।

### २.१ छलफल र वार्ता गरिएका व्यक्ति, दल, समूह र पक्षहरु

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | **विगतको संविधानसभामा मस्यौदा कार्यमा संलग्न [illegible]हरुसँग छलफल**<br>१. श्री राधेश्याम अधिकारी<br>२. श्री अग्निप्रसाद खरेल<br>३. श्री खिमलाल देवकोटा<br>४. श्री सपना प्रधान मल्ल<br>५. श्री लक्ष्मणलाल कर्ण<br>६. श्री टेक प्रसाद ढुंगाना | २०७१ जेठ २४ गते विहान ८.०० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |
| २. | **प्रमुख राजनीतिक दलका शीर्ष नेता, नेपाल सरकारका गृहमन्त्री र शान्ति तथा पुनर्निर्माण मन्त्रीसँग संयुक्त छलफल**<br>१. नेपाली काँग्रेस<br>• सम्माननीय प्र.म. श्री सुशील कोइराला<br>• मा. श्री शेरवहादुर देउवा<br>• मा. श्री रामचन्द्र पौडेल<br>२. नेकपा एमाले<br>• मा. श्री झलनाथ खनाल<br>• मा. श्री के.पि.शर्मा ओली<br>• मा. श्री माधवकुमार नेपाल<br>३. एनकपा माओवादी<br>• मा. श्री पुष्पकमल दाहाल (प्रचण्ड)<br>• मा. डा. बाबुराम भट्टराई<br>• श्री नारायणकाजी श्रेष्ठ<br>४. माननीय उपप्रधान तथा गृह मन्त्री श्री बामदेव गौतम<br>५. माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री नरहरि आचार्य | २०७१ जेठ २५ गते विहान ८.३० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |
| ३. | **मधेसबादी दलका १/१ जना शीर्ष नेताहरुसँग छलफल**<br>१ मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)<br>• अध्यक्ष मा. श्री विजयकुमार गच्छदार<br>२. तराई-मधेश लोकतान्त्रिक पार्टी | २०७१ जेठ २६ गते अपरान्ह ३.०० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | • अध्यक्ष श्री महन्थ ठाकुर<br>३. मधेशी जनअधिकार फोरम, नेपाल<br>• अध्यक्ष मा. श्री उपेन्द्र यादव<br>४. सद्भावना पार्टी<br>• अध्यक्ष श्री राजेन्द्र महतो<br>५. तराई मधेश सद्भावना पार्टी नेपाल<br>• अध्यक्ष मा. श्री महिन्द्र राय यादव<br>६. राष्ट्रिय मधेश समाजवादी पार्टी<br>• अध्यक्ष श्री शरत सिंह भण्डारी<br>७. मधेशी जनअधिकार फोरम (गणतान्त्रिक)<br>• अध्यक्ष श्री राजकिशोर यादव<br>८. संघीय सद्भावना पार्टी<br>• अध्यक्ष श्री अनिल कुमार झा | २०७१ जेठ २६ गते अपरान्ह ३.०० बजे | | |
| ४. | **संविधानसभा भित्र रहेका बांकी दलहरूसँग छलफल**<br>**पहिलो चरण**<br>१. राष्ट्रिय प्रजातन्त्र पार्टी<br>२. नेपाल कम्युनिष्ट पार्टी (माक्सवादी -लेनिनवादी)<br>३. नेपाल मजदूर किसान पार्टी<br>४. राष्ट्रिय जनमोर्चा<br>५. नेपाल कम्युनिष्ट पार्टी संयुक्त<br>६. नेपाल परिवार दल<br>७. समाजवादी जनता पार्टी<br>८. नेपाली जनता दल<br>९. अखण्ड नेपाल पार्टी<br>१०. जनजागरण पार्टी नेपाल<br>११. मधेश समता पार्टी नेपाल<br>१२. स्वतन्त्र | २०७१ जेठ २८ गते विहान ८.०० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |
| ५. | **दोस्रो चरण**<br>१. संघीय समाजवादी पार्टी, नेपाल<br>२. राष्ट्रिय जनमुक्ति पार्टी<br>३. दलित जनजाती पार्टी<br>४. थरुहट तराई पार्टी, नेपाल<br>५. संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च, थरुहट<br>६. नेपाः राष्ट्रिय पार्टी<br>७. खम्बुवान राष्ट्रिय मोर्चा, नेपाल | २०७१ जेठ २८ गते अपरान्ह ३.०० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |
| ६. | **रा.प्र.पा. नेपाल**<br>• मा० श्री कमल थापा, अध्यक्ष राप्रपा नेपाल | २०७१ जेठ २९ गते अपरान्ह ३.०० बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |
| ७. | सविधानका अन्तरवस्तुमा देखिएका असहमतिलाई सहमतिमा पुर्‍याउने सन्दर्भमा संविधानसभामा प्रतिनिधित्व | २०७१/३/७ | राज्य व्यवस्था समिति | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | **गर्ने ने.का., ने.क.पा.(एमाले), एकिकृत ने.क.पा. (माओवादी), मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक), तराई-मधेश लोकतान्त्रिक पार्टी र मधेशी जनअधिकार फोरम, नेपाल** दलका शीर्ष नेताहरु सहित **संविधानसभाका सम्माननीय** अध्यक्ष, संविधान अभिलेख **अध्ययन तथा निर्क्यौल** समितिका माननीय सभापति, **संविधान मस्यौदा समितिका** माननीय सभापति, प्रारम्भिक **वार्ता उपसमिति र संविधानका** अन्तरवस्तुमा देखिएका **असहमतिमा सहमति कायम** गर्नु पर्ने विषय पहिचान **उपसमितिका संयोजक सम्मिलित** वैठक<br>१. सम्माननीय अध्यक्ष, श्री सुवासचन्द्र नेम्वाङ्ग<br>२. सभापति मा० डा० बाबुराम भट्टराई<br>३. मा० श्री विष्णु पौडेल, सभापति, संविधान अभिलेख अध्ययन तथा निर्क्यौल समिति<br>४. मा० श्री कृष्णप्रसाद सिटौला, सभापति, संविधान मस्यौदा समिति<br>५. मा० श्री शेरबहादुर देउबा<br>६. मा० श्री रामचन्द्र पौडेल<br>७. मा० श्री झलनाथ खनाल<br>८. मा० श्री के.पी. शर्मा ओली<br>९. मा० श्री माधवकुमार नेपाल<br>१०. मा० श्री पुष्पकमल दाहाल (प्रचण्ड)<br>११. श्री नारायणकाजी श्रेष्ठ<br>१२. मा० श्री विजयकुमार गच्छदार<br>१३. श्री महन्थ ठाकुर<br>१४. मा० श्री उपेन्द्र यादव<br>१५. मा० श्री लक्ष्मणलाल कर्ण<br>१६. मा० श्री आनन्दप्रसाद ढुंगाना, संयोजक<br>१७. मा० श्री अशोककुमार राई<br>१८. मा० श्री शक्ति बहादुर बस्नेत<br>१९. मा० श्री सर्वेन्द्रनाथ शुक्ला<br>२०. मा० श्री सुरेन्द्र पाण्डे<br>२१. मा० श्री गोकर्णराज विष्ट, संयोजक, संविधान्का अर्न्तवस्तुमा देखिएका असहमतिमा सहमति कायम गर्नुपर्ने विषय पहिचान उपसमिति | | सभाकक्ष | |
| ८. | **संविधानका** अन्तरवस्तुमा देखिएका असहमतिलाई **सहमतिमा पुऱ्याउने सन्दर्भमा** संविधानसभामा प्रतिनिधित्व **राजनीतिक दलका** नेताहरु सहित समितिका माननीय **सभापति, प्रारम्भिक** वार्ता उपसमिति र संविधानका **अन्तरवस्तुमा देखिएका असहमतिमा** सहमति कायम गर्नु **पर्ने विषय पहिचान** उपसमितिका संयोजक सम्मिलित **वैठक**<br>१. सभापति मा० डा० बाबुराम भट्टराई | २०७१/३/८ | राज्य व्यवस्था समिति सभाकक्ष | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | २. मा० श्री अतहर कमाल मुसलमान<br>३. मा० श्री एकनाथ ढकाल<br>४. मा० श्री कमल थापा<br>५. मा० श्री कुमार खड्का<br>६. मा० श्री गोपाल दहित<br>७. मा० श्री चन्देश्वर झा<br>८. मा० श्री चन्द्रप्रकाश (सीपी) मैनाली<br>९. मा० श्री चित्र बहादुर के.सी.<br>१०. मा० श्री जयदेव जोशी<br>११. मा० डा० डिम्पल कुमारी झा<br>१२. मा० श्री नारायण मान बिजुक्छे<br>१३. मा० श्री निर्जला राउत<br>१४. मा० श्री प्रेम बहादुर सिंह<br>१५. मा० श्री बिश्वेन्द्र पासवान<br>१६. मा० श्री महिन्द्र राय यादव<br>१७. मा० श्री मेघराज नेपाली (निषाद)<br>१८. मा० श्री राम कुमार राई<br>१९. मा० श्री रुकमिणी चौधरी<br>२०. मा० श्री लक्ष्मण राजवंशी<br>२१. मा० श्री लोकमणी ढकाल<br>२२. मा० श्री शिव लाल थापा<br>२३. मा० श्री सरिता कुमारी यादव<br>२४. मा० श्री सूर्य बहादुर थापा<br>२५. मा० श्री हरिचरण शाह<br>२६. मा० श्री आनन्दप्रसाद ढुंगाना, संयोजक<br>२७. मा० श्री अशोककुमार राई<br>२८. मा० श्री शक्ति बहादुर बस्नेत<br>२९. मा० श्री सर्वेन्द्रनाथ शुक्ला<br>३०. मा० श्री सुरेन्द्र पाण्डे<br>३१. मा० श्री गोकर्णराज विष्ट, संयोजक, संविधानका अर्न्तवस्तुमा देखिएका असहमतिमा सहमति कायम गर्नुपर्ने विषय पहिचान उपसमिति | | | |
| ९. | **संविधानसभा भित्र रहेका राजनीतिक दलका युवा सदस्यहरुसँगको छलफल कार्यक्रम**<br>१. नेपाली काँग्रेस<br>२. नेपाल कम्यूनिष्ट पार्टी (एमाले)<br>३. एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)<br>४. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल<br>५. मधेशी जनअधिकार फोरम, नेपाल (लोकतान्त्रिक)<br>तराई-मधेश लोकतान्त्रिक पार्टी<br>सद्भावना पार्टी<br>मधेशी जनअधिकार फोरम, नेपाल | मिति : २०७१ असार १० गते<br>समय : अपरान्ह २ बजे | राज्य व्यवस्था समिति सभाकक्ष | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | राष्ट्रिय मधेश समाजवादी पार्टी<br>६. राष्ट्रिय प्रजातन्त्र पार्टी<br>नेपाल मजदुर किसान पार्टी<br>राष्ट्रिय जनमोर्चा | | | |
| १०. | **संविधानसभा निर्वाचन, २०७० मा सहभागी भई संविधानसभामा प्रतिनिधित्व नभएका राजनीतिक दलहरू**<br>१. नेपाल लोकतान्त्रिक समाजवादी दल *<br>२. चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल<br>३. जनता दल युनाइटेड *<br>४. नव नेपाल निर्माण पार्टी<br>५. नेपाल नागरिक पार्टी *<br>६. जन प्रजातान्त्रिक पार्टी *<br>७. राष्ट्रिय स्वाभिमान पार्टी नेपाल<br>८. जनयुनिटी को-अपरेटिभ पार्टी नेपाल *<br>९. खस समावेशी राष्ट्रिय पार्टी<br>१०. नेपाल राष्ट्रिय विकास पार्टी *<br>११. नेपाल कम्युनिष्ट पार्टी<br>१२. लिबरल डेमोक्रेटिक पार्टी<br>१३. मधेश तराई फोरम *<br>१४. नेपाल न्यायिक दल<br>१५. जनता पार्टी नेपाल *<br>१६. चुरेभावर लोकतान्त्रिक पार्टी<br>१७. संयुक्त राष्ट्रवादी मोर्चा नेपाल<br>१८. राष्ट्रिय मधेश बहुजन समाजवादी पार्टी *<br>१९. मगोल नेशनल अर्गनाइजेशन *<br>२०. नेपाल गौरवशाली पार्टी<br>२१. राष्ट्रिय नागरिक पार्टी *<br>२२. राष्ट्रिय शिवसेना पार्टी *<br>२३. अखण्ड सुदूरपश्चिम पार्टी नेपाल*<br>२४. संघीय गणतान्त्रिक समाजवादी पार्टी, नेपाल<br>२५. राष्ट्रिय यथार्थवादी पार्टी नेपाल | २०७१।३।२३ र २४ गते | शंकर हल, नयाँबानेश्वर | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | २६. तराई मधेश पहाड हिमाल एकता पार्टी * | | | |
| | २७. जनतान्त्रिक तराई मधेश मुक्ति टाइगर्स * | | | |
| | २८. लिम्बुवान मुक्ति मोर्चा | | | |
| | २९. शान्ति पार्टी नेपाल | | | |
| | ३०. लोकतान्त्रिक जनता पार्टी नेपाल * | | | |
| | ३१. नेपाल समावेशी पार्टी | | | |
| | ३२. संघीय समावेशी समाजवादी पार्टी, नेपाल | | | |
| | ३३. सोसल रिपब्लिकन पार्टी | | | |
| | ३४. पिछडावर्ग निषाद दलित जनजाति पार्टी | | | |
| | ३५. जनमोर्चा नेपाल | | | |
| | ३६. नेपाल जनसमावेशी एकता पार्टी * | | | |
| | ३७. राष्ट्रिय जनता दल नेपाल | | | |
| | ३८. विश्व सत्यवादी पार्टी * | | | |
| | ३९. हरियाली नेपाल पार्टी * | | | |
| | ४०. गरीब एकता समाज पार्टी, नेपाल* | | | |
| | ४१. लिम्बुवान मुक्ति मोर्चा नेपाल * | | | |
| | ४२. मातृभूमि नेपाल दल * | | | |
| | ४३. नेपाल गणतान्त्रिक एकता पार्टी * | | | |
| | ४४. नेपाल जनता पार्टी * | | | |
| | ४५. राष्ट्रिय मधेश एकता पार्टी, नेपाल * | | | |
| | ४६. नेपाल राष्ट्रिय यातायात विकास दल * | | | |
| | ४७. देशभक्त पर्यावरणीय सामाजिक (देपसा) मोर्चा * | | | |
| | ४८. राष्ट्रिय जन विकास पार्टी | | | |
| | ४९. मधेशी जनअधिकार फोरम मधेश * | | | |
| | ५०. संयुक्त जनमोर्चा * | | | |
| | ५१. नेपाल सद्भावना पार्टी (गजेन्द्रवादी)* | | | |
| | ५२. नेपालआमा पार्टी | | | |
| | ५३. नेपाली जनता पार्टी | | | |
| | ५४. संघीय लिम्बुवान राज्य परिषद | | | |
| | ५५. नेपाल राष्ट्रसेवा दल * | | | |
| | ५६. सहकारी पार्टी नेपाल | | | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | ५७. नेपाल युवा किसान पार्टी * | | | |
| | ५८. श्रमिक जनता पार्टी-नेपाल | | | |
| | ५९. लिग नेपाल शान्ति एकता पार्टी | | | |
| | ६०. नेपाल जनभावना पार्टी | | | |
| | ६१. नेपाल समाजवादी पार्टी (लोहियावादी)* | | | |
| | ६२. जनता दल नेपाल | | | |
| | ६३. नेपाल मधेशी जनता दल (समाजवादी) | | | |
| | ६४. ॐ सेना नेपाल | | | |
| | ६५. बहुजन समाज पार्टी नेपाल | | | |
| | ६६. तराई पहाड हिमाल समाज पार्टी | | | |
| | ६७. शिवसेना नेपाल * | | | |
| | ६८. युवा शक्ति नेपाल पार्टी * | | | |
| | ६९. राष्ट्रवादी एकता पार्टी | | | |
| | ७०. तामाङसालिङ राष्ट्रिय जनएकता पार्टी | | | |
| | ७१. राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल | | | |
| | ७२. लोक दल | | | |
| | ७३. राष्ट्रवादी जनता पार्टी * | | | |
| | ७४. नेपाल लेबर पार्टी | | | |
| | ७५. नयाँ नेपाल राष्ट्रिय पार्टी* | | | |
| | ७६. संघीय विकासवादी पार्टी नेपाल | | | |
| | ७७. चुरेभावर राष्ट्रिय पार्टी | | | |
| | ७८. नेपाल कम्युनिष्ट पार्टी (मालेमा) साम्यवादी | | | |
| | ७९. राष्ट्रिय लोकतान्त्रिक युवा पार्टी | | | |
| | ८०. नेपाल शान्ति क्षेत्र परिषद्* | | | |
| | ८१. जनता दल लोकतान्त्रिक पार्टी * | | | |
| | ८२. लोकतान्त्रिक पार्टी-नेपाल | | | |
| | ८३. देशभक्त समाज * | | | |
| | ८४. नयाँ संघीयता जनधारणा पार्टी * | | | |
| | ८५. हिन्दु प्रजातान्त्रिक पार्टी, नेपाल* | | | |
| | ८६. राष्ट्रिय एकता पार्टी | | | |
| | ८७. नेपाल श्रमजिवी दल* | | | |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | ८८. युनाइटेड ग्रीन अर्गनाइजेशन *<br>८९. राष्ट्रिय चुरेभावर पार्टी*<br>९०. नेपाल कम्युनिष्ट पार्टी (माले-समाजवादी)<br>९१. नेपाल सद्भावना पार्टी*<br>९२. नेपाल सद्भावना पार्टी (युनाइटेड)*<br>*उपस्थित नभएका | | | |
| ११. | **वार्ता प्रकृयाका सम्बन्धमा सम्माननीय संविधानसभाका अध्यक्ष, माननीय समिति सभापति र सम्माननीय कावा प्रधानमन्त्री सहित नेपाल सरकारका विभिन्न पक्षहरूसंग छलफल**<br>१. सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङ्ग<br>२. समिति सभापति मा० डा० बाबुराम भट्टराई<br>३. सम्माननीय का.वा. प्रधानमन्त्री तथा गृह मन्त्री श्री बामदेव गौतम<br>४. माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री नरहरि आचार्य<br>५. श्री लीलामणि पौड्याल, मुख्य सचिव, प्रधानमन्त्री तथा म.प.को कार्यालय<br>६. श्री सूर्यप्रसाद सिलवाल, सचिव, गृह मन्त्रालय<br>७. श्री धनबहादुर तामाङ, सचिव, शान्ति तथा पुर्ननिर्माण मन्त्रालय<br>८. प्र.म.नि. श्री उपेन्द्रकान्त अर्याल, नेपाल प्रहरी ।<br>९. स.प्र.म.नि. श्री कोषराज वन्त, सशस्त्र प्रहरी बल ।<br>१०. मु.अ.नि. श्री जीतबहादुर के.सी.राष्ट्रिय अनुसन्धान विभाग । | २०७१।३।२८ | राज्य व्यवस्था समिति सभकक्ष | |
| १२. | **समितिको सार्वजनिक आव्हान मार्फत पहिचान गरिएका सरोकारवालाहरू**<br>**(क) संस्था, समूहहरू**<br>१. लोक कल्याणकारी जनता पार्टी<br>२. राष्ट्रिय शिप विकास संस्था<br>३. राष्ट्रव्यापी नागरिक समुह<br>४. आर्य समाज नेपाल<br>५. २०४७ सालको संविधान जनआन्दोलन अभियान समिति<br>६. विश्व हिन्दु महासंघ राष्ट्रिय समिति<br>७. नेपाल जनसघ पार्टी<br>८. शान्ति पार्टी नेपाल<br>९. श्री ५ पृथ्विनारायण शाह स्मृति प्रतिष्ठान | | | सार्वजनिक आव्सन मार्फत प्राप्त सरोकारवाला हरु |

| क्र.सं. | कार्य विवरण | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| | १०. राष्ट्रिय मधेश एकता पार्टी | | | |
| | ११. राजसंस्था पुनस्थापना सर्घष समिति तथा चिन्तनशिल युवा समाज | | | |
| | १२. राजसंस्था पुनस्थापना सर्घस समिति | | | |
| | १३. नेपाल राष्ट्रवाद संघ | | | |
| | १४. राष्ट्रवादी नागरिक समाज | | | |
| | १५. राष्ट्रवादी नागरिक समुह | | | |
| | १६. पासापुचफ्रेन्डस ग्रुप | | | |
| | १७. मधेशी मैत्री केन्द्र | | | |
| | १८. सिप विकास केन्द्र | | | |
| | १९. सिनर्जी नेपाल | | | |
| | २०. नेपाल राष्ट्रिय जनकल्याण पार्टी नेपाल | | | |
| | २१. अखण्ड सुदुरपश्चिम अभियान | | | |
| | २२. श्रीराम हनुमान आरधना मण्डल नेपाल | | | |

## २.२ राजनीतिक दल तथा शसस्त्र समूहसंग गरिएका वार्ता एवं सहमति सम्बन्धी विवरण

### २.२.१ इलाम वार्ता

विभिन्न दल, समूह र पक्षसँग छलफल गर्दै आइरहेको सिलसिलामा २०७१ असार ३२ गतेको उपसमितिको बैठकको निर्णयानुसार नेपालको पूर्वी भेगमा रहेका विभिन्न राजनीतिक दल तथा समूह (सशस्त्र समेत) सँग संविधान निर्माण प्रक्रियामा सकारात्मक वातावरण सिर्जना गर्न २०७१ साउन ११ र १२ गते इलाममा वार्ता गरिएको थियो ।

वार्तामा उपसमितिका माननीय सदस्य सहित माननीय श्री भीष्मराज आङ्देम्बे, माननीय श्री रामकुमार राई तथा माननीय श्री रविन कोइराला र सचिव श्री मुकुन्द शर्मा, गृह मन्त्रालयका प्रतिनिधि सहसचिव श्री रामेश्वर दंगाल एवं शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका प्रतिनिधि सहसचिव श्री लक्ष्मीशरण घिमिरेका साथै समिति सचिवालयका शाखा अधिकृत श्री लक्ष्मण अर्याल र क. अ. श्री सुशिलकुमार खड्का समेतको सहभागिता रहेको थियो ।

विगतमा सरकारसंग भएका कतिपय सहमति र सम्झौता कार्यान्वयन हुन नसकेको अवस्थातर्फ इलाम वार्तामा आंशका प्रकट गर्दै सहभागीहरुबाट असन्तोष र गुनासाहरु व्यक्त हुंदा वार्ताको वातावरणमा केही नकारात्मक परिस्थिति सिर्जना हुन पुगेको थियो भने वार्तालाई व्यवस्थापन गर्ने क्रममा वार्तामा सहभागी हुन आउने दल वा समूहलाई दिनु पर्ने (बसोबास, आतेजाते, खाना खाजा खर्च) सर्म्पक सूत्र प्रयोग हुंदा दिने गरिएको रकम जस्ता आर्थिक लगायतका अन्य व्यवस्थापनमा असहजता पैदा हुन पुग्यो । विगतमा सरकारबाट सम्पन्न यस्ता प्रकारका कतिपय वार्तामा गरिएका भुक्तानी एवं अन्य आर्थिक व्यवस्थापनको पाटोको तुलना गर्दै वार्तामा सहभागी समूहहरुबाट व्यक्त असन्तोषलाई व्यवस्थापन गर्न कठीन स्थितिको सामना गर्नु पर्‍यो ।

प्रारम्भिक वार्ता उपसमितिका माननीय संयोजक सहित सदस्यहरुबाट वार्ताको प्रगति सम्बन्धमा समितिको २०७१ साउन १४ गते बसेको बैठकमा प्रस्तुत मौखिक जानकारी पश्चात संविधानसभाबाट

सबैको स्वामित्व र अपनत्व प्राप्त संविधान जारी गर्ने ऐतिहासिक अवसरको पूर्ण सदुपयोग गर्न वार्तामा सहभागी राजनीतिक दल सहित सशस्त्र समूहका नेता तथा कार्यकर्तामाथि लागेको अभियोगको सम्बन्धमा भएका सहमति अनुरुपको कार्य तत्काल कार्यान्वयन गर्न सरकारलाई निर्देश गर्ने र आफूसंग रहेका हात हतियार सहितका विवरणहरु समितिमार्फत सरकारलाई उपलब्ध गराई विश्वासको वातावरणको आधारमा यथासमयमा त्यस्ता सबै हातहतियारहरु सरकारलाई बुझाउने कार्यमा सहमति सहितको प्रतिवद्धता व्यक्त गर्ने इलाम वार्तामा सहभागी राजनैतिक दल तथा समूह (सशस्त्र समेत) लाई समितिले हार्दिक धन्यबाद व्यक्त गरेको थियो ।

पूर्वी पहाडी क्षेत्र इलाममा २०७१ साउन ११ र १२ गते सम्पन्न वार्तामा रहभागी भएका राजनीतिक दल, समूह तथा शसस्त्र समूहको माग एवं सहमति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः-

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| १. | **किरात जनवादी वर्कर्स पार्टी** | **१. संयोजक, सुमन वान्तवा**<br>२. सदस्य, काइला खम्बु<br>३. सदस्य, भिमकुमारी राई<br>४. सदस्य, गोपाल दहाल<br>५. सदस्य, महेश राई<br><br>**२०७१/४/११ गते** | संविधानसभा, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गर्न गठित प्रारम्भिक वार्ता उपसमिति र किरात जनवादी वर्कर्स पार्टीबीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति भयो ।<br>१. संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अर्न्तगतको प्रारम्भिक वार्ता उपसमितिको आव्हानमा किरात जनवादी वर्कर्स पार्टीले १४ बुँदे मागहरु सहित संविधान निर्माण प्रक्रियामा सहभागी भएको छ । उक्त पार्टीले प्रस्तुत गरेका संविधान सम्बद्ध विषयवस्तुलाई वार्ता उपसमितिले गम्भीरतापूर्वक ग्रहण गर्दछ र किरात जनवादी वर्कर्स पार्टीले संविधान निर्माण प्रकृयालाई सकारात्मक सहयोग पुर्‍याउनेछ ।<br>२. वार्तालाई अन्तिम निष्कर्षमा पुर्‍याउने अठोटका साथ अगाडि बढाउँदै दुवै पक्षबीच आपसी विश्वासको वातावरण कायम गर्ने र किरात जनवादी वर्कर्स पार्टी शान्तिपूर्ण रुपमा संविधान निर्माण कार्यमा अग्रसर रहने दृढ विश्वास व्यक्त गर्दै निर्णायक निष्कर्षमा पुर्‍याउन दुवै पक्षबाट आवश्यक पहल गर्ने ।<br>३. किरात जनवादी वर्कर्स पार्टीका बन्दी तथा वारेन्टेड नेता एवं कार्यकर्ता र उनीहरुलाई लगाइएको मुद्दाको विवरण; मृतक, वेपत्ता तथा घाइतेको विवरण र हतियारको विवरण सात दिनभित्र सम्बन्धित पक्षले उपसमितिलाई उपलब्ध गराउने र उक्त समस्या समाधान गर्न उपसमितिले पहल गर्ने विश्वास दिलाउँदछ ।<br>४. किरात जनवादी वर्कर्स पार्टीको तर्फबाट आज वार्तामा उपस्थित संयोजक तथा वार्ता समूहका सदस्यहरुलाई क्रमसंख्या ३ को कार्य प्रयोजनार्थ विना हातहतियार निर्बाध रुपले हिंडडुल गर्न र शान्तिपूर्ण राजनीतिक क्रियाकलाप गर्ने वातावरण निर्माण गरी वार्तालाई निष्कर्षमा पुर्‍याउन प्रारम्भिक वार्ता उपसमिति नेपाल सरकारसँग आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । |

| सि.नं. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| २. | **संयुक्त जातीय मुक्ति मोर्चा नेपाल** | **१. संयोजक, विजय डंगोल**<br>२. सदस्य, दिपेन्द्र लामा<br>३. सदस्य, मोनिका राई<br>४. सदस्य, नैना राई<br><br>**२०७१/४/११ गते** | संविधानसभा, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गर्न गठित प्रारम्भिक वार्ता उपसमिति र संयुक्त जातीय मुक्ति मोर्चा नेपालबीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति भयो ।<br>१. वार्तालाई अन्तिम निष्कर्षमा पुर्याउने अठोटका साथ अगाडि बढाउँदै दुवै पक्षबीच आपसी विश्वासको वातावरण कायम गर्ने र संयुक्त जातीय मुक्ति मोर्चा नेपाल शान्तिपूर्ण रुपमा संविधान निर्माण कार्यमा अग्रसर रहने दृढ विश्वास व्यक्त गर्दै निर्णायक निष्कर्षमा पुर्याउन दुवै पक्षबाट आवश्यक पहल गर्ने ।<br>२. संयुक्त जातीय मुक्ति मोर्चा नेपालले संविधान निर्माण सम्बद्ध प्रस्तुत विषयवस्तुलाई वार्ता उपसमितिले गम्भीरतापूर्वक ग्रहण गर्दछ र संयुक्त जातीय मुक्ति मोर्चा नेपालले संविधान निर्माण प्रकृयालाई सकारात्मक सहयोग पुर्याउनेछ ।<br>३. संयुक्त जातीय मुक्ति मोर्चा नेपालका बन्दी कार्यकर्ता र उनीहरुलाई लगाइएको मुद्दाको विवरण; मृतक, बेपत्ता तथा घाइतेको विवरण र हतियारको विवरण सात दिनभित्र सम्बन्धित पक्षले उपसमितिलाई उपलब्ध गराउने र उक्त समस्या समाधान गर्न उपसमितिले पहल गर्ने विश्वास दिलाउँदछ ।<br>४. संयुक्त जातीय मुक्ति मोर्चा नेपालको तर्फबाट आज वार्तामा उपस्थित संयोजक तथा वार्ता समूहका सदस्यहरुलाई क्रमसंख्या ३ को कार्य प्रयोजनार्थ विना हातहतियार निर्बाध रुपले हिंडडुल गर्ने वातावरण निर्माण गरी वार्तालाई निष्कर्षमा पुर्याउन प्रारम्भिक वार्ता उपसमिति नेपाल सरकारसँग आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । |
| ३. | **स्टेट फोर्स लिम्बुवान** | **१. संयोजक, सालिन नेम्वाङ्ग**<br>२. सदस्य, सिकुम लिम्वु<br><br>**२०७१/४/११ गते** | संविधानसभा, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गर्न गठित प्रारम्भिक वार्ता उपसमिति र स्टेट्स फोर्स लिम्बुवानबीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति भयो ।<br>१. वार्तालाई अन्तिम निष्कर्षमा पुर्याउने अठोटका साथ अगाडि बढाउँदै दुवै पक्षबीच आपसी विश्वासको वातावरण कायम गर्ने र स्टेट्स फोर्स लिम्बुवान शान्तिपूर्ण रुपमा संविधान निर्माण कार्यमा अग्रसर रहने दृढ विश्वास व्यक्त गर्दै निर्णायक निष्कर्षमा पुर्याउन दुवै पक्षबाट आवश्यक पहल गर्ने ।<br>२. स्टेट्स फोर्स लिम्बुवानले संविधान निर्माण सम्बद्ध प्रस्तुत विषयवस्तुलाई वार्ता उपसमितिले गम्भीरतापूर्वक ग्रहण गर्दछ र स्टेट्स फोर्स लिम्बुवानले संविधान निर्माण |

| सि.नं. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | प्रकृयालाई सकारात्मक सहयोग पुर्याउनेछ ।<br>३. स्टेट्स फोर्स लिम्बुवानका बन्दी कार्यकर्ता र उनीहरुलाई लगाइएको मुद्दाको विवरण; मृतक, बेपत्ता तथा घाइतेको विवरण र हतियारको विवरण सात दिनभित्र सम्बन्धित पक्षले उपसमितिलाई उपलब्ध गराउने र उक्त समस्या समाधान गर्न उपसमितिले पहल गर्ने विश्वास दिलाउँदछ ।<br>४. स्टेट्स फोर्स लिम्बुवानको तर्फबाट आज वार्तामा उपस्थित संयोजक तथा वार्ता समूहका सदस्यहरुलाई क्रमसंख्या ३ को कार्य प्रयोजनार्थ विना हातहतियार निर्बाध रुपले हिंडडुल गर्ने वातावरण निर्माण गरी वार्तालाई निष्कर्षमा पुर्याउन प्रारम्भिक वार्ता उपसमिति नेपाल सरकारसँग आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । |
| ४. | **किरात जनवादी वर्कर्स पार्टी** | **१.संयोजक, साङकेन्मा किराती**<br>२.सदस्य, बिरु किराती<br>३.सदस्य, किरुवा किराती<br><br>**२०७१/४/११ गते** | संविधानसभा, संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गर्न गठित प्रारम्भिक वार्ता उपसमिति र किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) बीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति भयो ।<br>१. वार्तालाई अन्तिम निष्कर्षमा पुर्याउने अठोटका साथ अगाडि बढाउँदै दुवै पक्षबीच आपसी विश्वासको वातावरण कायम गर्ने र किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) शान्तिपूर्ण रुपमा संविधान निर्माण कार्यमा अग्रसर रहने दृढ विश्वास व्यक्त गर्दै निर्णायक निष्कर्षमा पुर्याउन दुवै पक्षबाट आवश्यक पहल गर्ने ।<br>२. किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) ले संविधान निर्माण सम्बद्ध प्रस्तुत विषयवस्तुलाई वार्ता उपसमितिले गम्भीरतापूर्वक ग्रहण गर्दछ र किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) ले संविधान निर्माण प्रकृयालाई सकारात्मक सहयोग पुर्याउने छ ।<br>३. किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) को शान्तिप्रतिको चाहनालाई प्रारम्भिक वार्ता उपसमिति प्रशंसा गर्दै राजनीतिक माग पूरा गराउन पहल गर्नेछ र दोस्रो पटकको वार्तामा किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह) ले आफूसँग रहेका हतियार सरकारलाई बुझाई शान्तिपूर्ण राजनीतिमा सहभागी हुने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>४ किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह)ले आफू सम्बद्ध नेता कार्यकर्ता र पार्टीसँग रहेको हात-हतियारको विवरण वार्ता उपसमिति समक्ष वार्ता स्थलमै उपलब्ध गराएकोमा खुसी व्यक्त गर्दै उक्त पार्टीको समस्याको स्थायी समाधानको लागि सरकारसँग पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । |

| सि.नं. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| ५. | मञ्च सम्बद्ध संघीय लिम्बूवान राज्य परिषद् | **१. संयोजक, कुमार लिङदेन (मिराक)**<br>२. सदस्य, खगेन्द्र माखिम<br>३. सदस्य, ज्ञानबहादुर गुरुङ्ग<br>४.", फेक्ताङ लुङ योङहाङ<br>५.", प्रेमदिप थाक्सुहाङ्ग<br>६. ", विश्वेन्द्र चेम्जोङ्ग<br>७. ", प्रेमबहादुर घिमिरे<br>८.", केदार धिमाल<br>९. ", विष्णु भट्टराई<br>१०. ", छिरिङ्ग लेप्चा काजी<br>११. ", दिपकेशर थापा<br>१२. ", सेरोमी लिम्वु नाल्बो<br>१३.", रिपल राई<br>**२०७१/४/११ गते** | संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति अन्तर्गत संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता गर्न गठित प्रारम्भिक वार्ता उपसमिति र मञ्च सम्बद्ध संघीय लिम्बूवान राज्य परिषद्बीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति भयो ।<br>१. २०७० सालको संविधानसभाको निर्वाचन सम्पन्न हुँदाका समयमा मञ्च सम्बद्ध संघीय लिम्बूवान राज्य परिषद्का ताप्लेजुङ कारागारमा रहेका रक्कि थेबे लगायतका कार्यकर्ताहरु उपर लागेका विभिन्न प्रकृतिका मुद्दाहरु नेपाल सरकारबाट फिर्ता लिने वातावरण निर्माणमा वार्ता उपसमितिले पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. संविधान निर्माणको कार्यप्रति सकारात्मक प्रतिबद्धता व्यक्त गर्दै वार्ता प्रक्रिया अगाडि बढाउन दुवै पक्षबीचको आपसी विश्वास र सहमतिको आधारमा आगामी वार्ताको मिति तय गर्ने । |
| ६. | संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (विद्रोही समूह) | **१. संयोजक, अविरल**<br>२. सदस्य, रञ्जित शाह<br>३. सदस्य, राज सिंह<br>**२०७१/४/१२ गते** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमितिले संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता प्रारम्भ गरेको छ । प्रारम्भिक वार्ता उपसमिति र संयुक्त जातीय मुक्ति मोर्चा नेपालबीच इलाममा आज सम्पन्न वार्तामा दुवैपक्षबीच देहायको सहमति गरिएकोछ ।<br>१. संयुक्त जातीय मुक्ति मोर्चा नेपाल शान्तिपूर्ण राजनीतिमा अग्रसर हुँदै संविधान निर्माण कार्यमा योगदान पुर्‍याउने प्रतिवद्धता व्यक्त गर्दछ ।<br>२. संयुक्त जातीय मुक्ति मोर्चा नेपालबाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति समक्ष प्रस्तुत गर्ने उपसमिति विश्वास दिलाउंछ ।<br>३. संयुक्त जातीय मुक्ति मोर्चा नेपालका बन्दी कार्यकर्ता र उनीहरु सम्बद्ध मुद्दा सम्बन्धी प्राप्त विवरण सरकार समक्ष पुर्‍याई समस्या समाधान गर्न उपसमिति नेपाल सरकारसँग प्रयासरत रहने विश्वास दिलाउँछ । |
| ७. | संघीय लिम्बूवान राज्य परिषद् | **१. संयोजक, सन्जुहाङ्ग पालुङवा**<br>२. महासचिव, खेसेहाङ्ग खुजुम<br>३. सचिव, भिम खत्री<br>४. के.स., टुपेन्द्र एकतेन | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमितिले संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसँग वार्ता प्रारम्भ गरेको छ । प्रारम्भिक वार्ता उपसमिति र संघीय लिम्बूवान राज्य |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | ५. जिल्ला अ., डम्बर लोरिङदेन<br>६. सदस्य, लाजेहाङ्ग साम्यु<br>७. सचिव, केबी थेबे<br>८. को.अ., शेरवा. लोक्ताम<br>९. सचिव, मिन्सु चगेबु<br>१०. सदस्य, रुपेन राई<br>११. सदस्य रुपधन राई<br><br>२०७१/४/१२ गते | परिषद्बीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति गरिएको छ ।<br>१. संघीय लिम्बूवान राज्य परिषद्बाट उठाईएको २०६४ चैत्र ६ गते नेपाल सरकारसँग भएको पाँच बुँदे पूर्व सहमतिको बुँदा नं. १ र अन्तरिम संविधान २०६३ को धारा १३८ को उपधारा (१क) लाई सम्बोधन गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गर्ने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>२. संघीय लिम्बूवान राज्य परिषद्सँग भएका विगतका कतिपय सहमतिहरु कार्यान्वयनमा आउन नसकेको प्रति उपसमितिको गम्भीर ध्यानाकर्षण भएको छ ।<br>३. संघीय लिम्बूवान राज्य परिषद् संविधान सम्बद्ध आफना विषयवस्तु सात दिनभित्र समिति सचिवालयमा उपलब्ध गराउने र संविधान निर्माणमा सकारात्मक सहयोग पुर्याउने प्रतिवद्धता व्यक्त गर्दछ । |

### २.२.२ जनकपुर वार्ता

इलाम वार्ता सफलता पश्चात् उपसमितिको पूर्ववत् बैठकको निर्णयानुसार नेपालको तराई भेगमा रहेका विभिन्न राजनीतिक दल तथा समूह (सशस्त्र समेत) सँग संविधान निर्माण प्रक्रियामा सकारात्मक वातावरण सिर्जना गर्न २०७१ साउन २५, २६ र असोज ९ गते जनकपुरमा विभिन्न दल तथा समूहसँग वार्ता गरिएको थियो ।

वार्तामा उपसमितिका माननीय सदस्य सहित आमन्त्रित माननीयहरु श्री शत्रुधन महतो, श्री दिनेश कुमार परसैला यादव, श्री विजय कुमार सिंह, पूर्व सांसद श्री योगनारायण यादव र सचिव श्री मुकुन्द शर्मा, गृह मन्त्रालयका प्रतिनिधि धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद ढुंगाना एवं शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका प्रतिनिधि उपसचिव श्री देव बहादुर अधिकारीका साथै समिति सचिवालयका उपसचिव श्री केशव प्रसाद आचार्य, शाखा अधिकृत श्री लक्ष्मण अर्याल र क. अ. श्री सुशिलकुमार खड्का समेतको सहभागिता रहेको थियो ।

उक्त वार्तापूर्व ९ वटा सरोकारवाला समूहहरुसँग वार्ता गर्ने उद्धेश्य सहित सम्पर्क सुत्र मार्फत वार्ता अगाडी बढाईएको र सहमतिका सकारात्मक सन्देशहरु प्राप्त भएका थिए तर वार्ताको क्रममा समायावधी अपुग भएको, गृह कार्य गर्न अझै केही समय लाग्ने देखिएको भन्दै वांकी केही समूहले थप समयावधि मागेको केहीले कारागारमा रहेका वन्दि कैदीलाई नै आफ्नो प्रतिनिधि तोकेको कारणले निर्धारित गरिएका ९ समूहमध्ये ४ समूहसंग वार्ता गर्न सकिएन ।

विगत वार्ताको क्रममा नेपाल सरकारबाट विभिन्न समयमा विभिन्न सरोकारवाला र समूहसंग गरेको वार्तामा भएका सहमतिका कतिपय प्रावधानहरु अझैसम्म कार्यान्वयनमा नल्याइएबाट वार्ताको वातावरणमा इलाम वार्तामा झै जनकपुर वार्तामा पनि आंशका प्रकट गर्दै सहभागीहरुबाट असन्तोष र गुनासाहरु व्यक्त हुंदा वार्ताको वातावरणमा केही नकारात्मक परिस्थिति सिर्जना हुन पुग्यो । वार्ता गर्नु पर्ने पक्षबाट अविश्वासका भावनाहरु व्यक्त भए तापनि सरोकारवालाका वीच देखिएको अविश्वासलाई चिर्दै वार्तालाई सकारात्मक निचोडमा पुर्याउन वार्ता उपसमिति सफल हुन पुग्यो ।

जनकपुरमा २०७१ साउन २५ र २६ गते सम्पन्न वार्तामा रहभागी भएका राजनीतिक दल, समूह तथा शसस्त्र समूहको माग एवं सहमति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ:-

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति पूर्ण प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिक गतिविधिमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. मोर्चाबाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गराउने र उक्त विषय संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) ले आफूसँग रहेका सम्पूर्ण हातहतियार, बन्दी एवं भूमिगत कार्यकर्ता र मुद्दाहरुको विवरण ११ दिनभित्र उपसमितिलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>४. जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) सँग नेपाल सरकारले गरेको सहमति कार्यान्वयनका सम्बन्धमा उपसमितिको ध्यानाकर्षण भएको छ । प्रारम्भिक वार्ता उपसमिति मोर्चाका बन्दी रहेका कार्यकर्ताहरुको मुद्दाको खारेजी तथा रिहाइका लागि आवश्यक पहल गर्ने र वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउने सम्बन्धमा विश्वास दिलाउँछ । जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) संविधान निर्माणमा सकारात्मक सहयोग पुर्‍याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| ११. | **अखिल तराई मुक्ति मोर्चा (अजित सिंह)** | **१. संयोजक, अजय यादव (अजित सिंह)**<br>२. सदस्य, झवर लाल यादव<br><br>२०७१/०४/२६ | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुर्‍याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) बीच जनकपुरस्थित रामा होटलमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति पूर्ण प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिक गतिविधिमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. मोर्चाबाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गराउने र उक्त विषय संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) ले |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | ५. जिल्ला अ., डम्बर लोरिङदेन<br>६. सदस्य, लाजेहाङ्ग साम्यु<br>७. सचिव, केबी थेबे<br>८. को.अ., शेरवा. लोक्ताम<br>९. सचिव, मिन्सु चगेबु<br>१०. सदस्य, रुपेन राई<br>११. सदस्य रुपधन राई<br><br>**२०७१/४/१२ गते** | परिषद्बीच इलाममा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायको सहमति गरिएको छ ।<br>१. संघीय लिम्बूवान राज्य परिषद्बाट उठाईएको २०६४ चैत्र ६ गते नेपाल सरकारसँग भएको पाँच बुँदे पूर्व सहमतिको बुँदा नं. १ र अन्तरिम संविधान २०६३ को धारा १३८ को उपधारा (१क) लाई सम्बोधन गर्न संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गर्ने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>२. संघीय लिम्बूवान राज्य परिषद्सँग भएका विगतका कतिपय सहमतिहरु कार्यान्वयनमा आउन नसकेको प्रति उपसमितिको गम्भीर ध्यानाकर्षण भएको छ ।<br>३. संघीय लिम्बूवान राज्य परिषद् संविधान सम्बद्ध आफना विषयवस्तु सात दिनभित्र समिति सचिवालयमा उपलब्ध गराउने र संविधान निर्माणमा सकारात्मक सहयोग पुर्‍याउने प्रतिवद्धता व्यक्त गर्दछ । |

### २.२.२ जनकपुर वार्ता

इलाम वार्ता सफलता पश्चात् उपसमितिको पूर्ववत् बैठकको निर्णयानुसार नेपालको तराई भेगमा रहेका विभिन्न राजनीतिक दल तथा समूह (सशस्त्र समेत) सँग संविधान निर्माण प्रक्रियामा सकारात्मक वातावरण सिर्जना गर्न २०७१ साउन २५, २६ र असोज ९ गते जनकपुरमा विभिन्न दल तथा समूहसँग वार्ता गरिएको थियो ।

वार्तामा उपसमितिका माननीय सदस्य सहित आमन्त्रित माननीयहरु श्री शत्रुधन महतो, श्री दिनेश कुमार परसैला यादव, श्री विजय कुमार सिंह, पूर्व सांसद श्री योगनारायण यादव र सचिव श्री मुकुन्द शर्मा, गृह मन्त्रालयका प्रतिनिधि धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद ढुंगाना एवं शान्ति तथा पुर्ननिर्माण मन्त्रालयका प्रतिनिधि उपसचिव श्री देव बहादुर अधिकारीका साथै समिति सचिवालयका उपसचिव श्री केशव प्रसाद आचार्य, शाखा अधिकृत श्री लक्ष्मण अर्याल र क. अ. श्री सुशिलकुमार खड्का समेतको सहभागिता रहेको थियो ।

उक्त वार्तापूर्व ९ वटा सरोकारवाला समूहहरुसँग वार्ता गर्ने उद्धेश्य सहित सम्पर्क सुत्र मार्फत वार्ता अगाडी बढाईएको र सहमतिका सकारात्मक सन्देशहरु प्राप्त भएका थिए तर वार्ताको क्रममा समायावधी अपुग भएको, गृह कार्य गर्न अझै केही समय लाग्ने देखिएको भन्दै वांकी केही समूहले थप समयावधि मागेको केहीले कारागारमा रहेका वन्दि कैदीलाई नै आफ्नो प्रतिनिधि तोकेको कारणले निर्धारित गरिएका ९ समूहमध्ये ४ समूहसंग वार्ता गर्न सकिएन ।

विगत वार्ताको क्रममा नेपाल सरकारबाट विभिन्न समयमा विभिन्न सरोकारवाला र समूहसंग गरेको वार्तामा भएका सहमतिका कतिपय प्रावधानहरु अझैसम्म कार्यान्वयनमा नल्याइएबाट वार्ताको वातावरणमा इलाम वार्तामा झै जनकपुर वार्तामा पनि आंशका प्रकट गर्दै सहभागीहरुबाट असन्तोष र गुनासाहरु व्यक्त हुंदा वार्ताको वातावरणमा केही नकारात्मक परिस्थिति सिर्जना हुन पुग्यो । वार्ता गर्नु पर्ने पक्षबाट अविश्वासका भावनाहरु व्यक्त भए तापनि सरोकारवालाका वीच देखिएको अविश्वासलाई चिर्दै वार्तालाई सकारात्मक निचोडमा पुऱ्याउन वार्ता उपसमिति सफल हुन पुग्यो ।

जनकपुरमा २०७१ साउन २५ र २६ गते सम्पन्न वार्तामा रहभागी भएका राजनीतिक दल, समूह तथा शसस्त्र समूहको माग एवं सहमति सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ:-

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति पूर्ण प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिक गतिविधिमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. मोर्चाबाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गराउने र उक्त विषय संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) ले आफूसँग रहेका सम्पूर्ण हातहतियार, बन्दी एवं भूमिगत कार्यकर्ता र मुद्दाहरुको विवरण ११ दिनभित्र उपसमितिलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>४. जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) सँग नेपाल सरकारले गरेको सहमति कार्यान्वयनका सम्बन्धमा उपसमितिको ध्यानाकर्षण भएको छ । प्रारम्भिक वार्ता उपसमिति मोर्चाका बन्दी रहेका कार्यकर्ताहरुको मुद्दाको खारेजी तथा रिहाइका लागि आवश्यक पहल गर्ने र वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउने सम्बन्धमा विश्वास दिलाउँछ । जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) संविधान निर्माणमा सकारात्मक सहयोग पुर्‍याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| ११. | **अखिल तराई मुक्ति मोर्चा (अजित सिंह)** | **१. संयोजक, अजय यादव (अजित सिंह)**<br>२. सदस्य, झवर लाल यादव<br><br>२०७१/०४/२६ | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुर्‍याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) बीच जनकपुरस्थित रामा होटलमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति पूर्ण प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिक गतिविधिमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. मोर्चाबाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गराउने र उक्त विषय संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) ले |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | आफूसँग रहेका सम्पूर्ण हातहतियार, बन्दी एवं भूमिगत कार्यकर्ता र मुद्दाहरुको विवरण ७ दिनभित्र उपसमितिलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>४. अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) सँग नेपाल सरकारले गरेको सहमति कार्यान्वयनका सम्बन्धमा उपसमितिको ध्यानाकर्षण भएको छ । प्रारम्भिक वार्ता उपसमिति मोर्चाका बन्दी रहेका कार्यकर्ताहरुको मुद्दाको खारेजी तथा रिहाइका लागि आवश्यक पहल गर्ने र वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउने सम्बन्धमा विश्वास दिलाउँछ । अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) संविधान निर्माणमा सकारात्मक सहयोग पुर्‍याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| १२. | **मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)** | **१. संयोजक, रामबाबु यादव (रणविर सिंह)**<br>२. सदस्य, अनिल सिंह<br>३. श्री रामप्रताप यादव<br><br>**२०७१/०४/२६** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुर्‍याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) बीच जनकपुरस्थित रामा होटलमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति पूर्ण प्रतिबद्ध रहँदै शान्तिपूर्ण राजनीतिक गतिविधिमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) बाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गरी संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) ले आफूसँग रहेका सम्पूर्ण हातहतियार, बन्दी एवं भूमिगत कार्यकर्ता र मुद्दाहरुको विवरण ७ दिनभित्र उपसमितिलाई उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>४. मिति २०६९ वैशाख ६ गते नेपाल सरकार र मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) सम्बद्ध संयुक्त कान्तिकारी तराई मधेश मुक्ति मोर्चाबीच भएको वार्तामा गरेको सहमति कार्यान्वयनका सम्बन्धमा उपसमितिको ध्यानाकर्षण भएको छ । |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | २०७१/०५/०७ | गतिविधिमा विश्वास राखी शान्तिपूर्ण ढंगले अगाडि बढिरहेको र आगामी दिनमा पनि शान्तिपूर्ण रुपमा आफ्ना क्रियाकलाप अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट यसभन्दा अगाडि र आज उपसमितिसँग समेत उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत भइसकेको र यस उपसमितिले पुनः प्रस्तुत गर्ने जानकारी गराउँदै उक्त विषय संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>३. जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीसँग रहेका सम्पूर्ण हातहतियार समय समयमा विभिन्न स्थानमा सरकारलाई बुझाई सकिएको छ । यस पार्टीसँग सम्बद्ध फरार कार्यकर्तासँग कुनै पनि प्रकारको हातहतियार बाँकी रहेको पाइएमा भविष्यमा नेपाल सरकारलाई बुझाउने प्रतिबद्धता समेत व्यक्त गर्दछ ।<br>४. प्रारम्भिक वार्ता उपसमिति जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका बन्दी रहेका नेता तथा कार्यकर्ताको रिहाइ तथा मृतक, घाइते एवं पीडित कार्यकर्ताको राहतको लागि नेपाल सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउँछ ।<br>५. प्रारम्भिक वार्ता उपसमिति वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी संविधान निर्माणमा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| १५. | **माओवादी कम्युनिष्ट केन्द्र नेपाल** | **१. संयोजक, श्री निर्माण**<br>२. सदस्य, श्री श्यामबहादुर बुढा (अटल)<br>३. सदस्य, श्री मुस्तकी अन्सारी (आजाद)<br><br>२०७१/०५/०८ | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित *प्रारम्भिक वार्ता उपसमिति* र *माओवादी कम्युनिष्ट केन्द्र नेपाल* बीच नेपालगञ्जमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. माओवादी कम्युनिष्ट केन्द्र नेपाल शान्तिपूर्ण राजनीतिक गतिविधिमा विश्वास राखी आफ्ना क्रियाकलाप अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. माओवादी कम्युनिष्ट केन्द्र नेपालबाट आज उपसमितिसँग वार्तामा उठाईएका संविधान सम्बद्ध |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | कतिपय मागहरु संविधानसभाबाट जारी हुने संविधानमा समावेश हुने पूर्व सहमति भैसकेको र कतिपय मागहरु छलफलमा रहेकाले त्यस्ता संविधान सम्बद्ध मागहरु संविधानमा समावेश गराउन उपसमिति क्रियाशील रहने कुरामा विश्वास दिलाउँछ ।<br>३. प्रारम्भिक वार्ता उपसमिति माओवादी कम्युनिष्ट केन्द्र नेपालका नेता तथा कार्यकर्तामाथि लागेका मुद्दाहरुको खारेजी तथा गिरफ्तार कार्यकर्ताको रिहाइका लागि नेपाल सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउँछ ।<br>४. माओवादी कम्युनिष्ट केन्द्र नेपालसँग रहेका सम्पूर्ण हातहतियार र पार्टी सम्बद्ध कार्यकर्ताहरुको मुद्दाको विवरण सहितको नामावली नेपाल सरकारलाई बुझाई सकेकोले उक्त विवरणमा उल्लेख भएका आफूसंग रहेका हातहतियार दुई हप्ताभित्र नेपाल सरकारलाई बुझाउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>५. प्रारम्भिक वार्ता उपसमिति वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र माओवादी कम्युनिष्ट केन्द्र नेपाल संविधान निर्माणमा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |

### २.२.४ काठमाण्डौ वार्ता

केही समूहले उपसमितिसँग गरेको अनुरोध र पत्राचार बमोजिम काठमाडौंमा पनि विभिन्न मितिमा वार्ता गरिएको थियो । वार्तामा उपसमितिका माननीय सदस्य सहित समिति सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । यसरी वार्ता गरिएका समूहहरु र भएको सहमतिको विवरण निम्नानुसार रहेको छ ।

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| १६. | **संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह)** | **१. अध्यक्ष, श्री प्रल्हाद गिरी**<br>**२. संयोजक, श्री रमेश गिरी**<br>३. सदस्य, श्री राधा साह कानू<br>४. सदस्य, श्री दिनेश साह<br>५. सदस्य, श्री लक्ष्मी साह<br>६. सदस्य, श्री सुरेश गिरी<br>७. सदस्य, श्री सुजित गिरी<br><br>**२०७१/०६/०७** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) बीच आज काठमाण्डौंमा सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) सरकारसँग विगतमा भएका वार्ताप्रति पूर्ण प्रतिवद्ध रही आगामी दिनमा पनि शान्तिपूर्ण रुपमा आफ्ना राजनैतिक क्रियाकलाप अगाडि बढाउने |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | (बादल)<br>३. सदस्य, श्री ललितकुमार सिंह (राजीव)<br>४. सदस्य, श्री दिलिपकुमार महतो<br>५. सदस्य, श्री रामअवतार महतो<br>६. सदस्य, श्री अशोकुमार महतो<br>७. सदस्य, श्री रामरघुवीर महतो<br><br>**२०७१/०६/२६** | उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको वृहत्तर हितमा प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र तराई मलेटरी मोर्चाबीच काठमाडौंमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति तराई मलेटरी मोर्चा पूर्ण प्रतिबद्ध रहँदै २०६१ सालदेखि हालसम्म गर्दै आएको सशस्त्र गतिविधि पूर्ण रुपले त्यागी आजका दिनबाट शान्तिपूर्ण रुपमा आफ्ना क्रियाकलाप अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. तराई मलेटरी मोर्चासँग रहेका सम्पूर्ण हातहतियारको विवरण र बन्दी रहेका नेता, कार्यकर्ता एवं मृतकको नामावली सहित लागेका मुद्दा सम्बन्धी विवरण १५ दिनभित्र उपसमितिलाई उपलब्ध गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछ ।<br>३. प्रारम्भिक वार्ता उपसमिति तराई मलेटरी मोर्चाका बन्दी रहेका नेता तथा कार्यकर्ताको रिहाइ र लागेका मुद्दाको सम्बन्धमा प्रचलित कानून बमोजिम खारेजीका लागि नेपाल सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउँछ ।<br>प्रारम्भिक वार्ता उपसमिति वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका संयोजकसहित सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र तराई मलेटरी मोर्चा संविधान निर्माणमा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| २०. | **संयुक्त जातिय मुक्ति मोर्चा (महरा समूह)** | **१. संयोजक, श्री जागेश्वर सिंहसर महरा**<br>२. सदस्य, श्री सीतादेवि यादव<br>३. सदस्य, श्री संगोल रिवाङ नेगी लामा<br><br>**२०७१।८।२४** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको अखण्डता र वृहत्तर हित प्रति प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह) बीच काठमाडौंमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह)सँग रहेका सम्पूर्ण हातहतियारको विवरण र बन्दी रहेका नेता, कार्यकर्ता एवं मृतकको नामावली सहित लागेका मुद्दा सम्बन्धी विवरण ७ दिनभित्र उपसमितिलाई उपलब्ध गराई उक्त हातहतियारहरु २०७१ पौष १५ गते भित्र नेपाल सरकारलाई बुझाउने प्रतिबद्धता व्यक्त गर्दछ । |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | २. प्रारम्भिक वार्ता उपसमितिले संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह)का बन्दी रहेका नेता तथा कार्यकर्ताको रिहाइ र लागेका मुद्दाको सम्बन्धमा प्रचलित कानून बमोजिम खारेजीका लागि नेपाल सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउँछ ।<br>३. प्रारम्भिक वार्ता उपसमितिले वार्ताको क्रममा आवतजावत गर्दा वार्ता टोलीका संयोजकसहित सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह) संविधान निर्माणमा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |
| २१. | **संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह)** | **१. संयोजक, श्री गुलाम सरवर शेख "सागर"**<br>२. सदस्य, श्री दिलिप साह "रन्जीत"<br>३. सदस्य, श्री जितेन्द्र तिवारी<br><br>**२०७२।३।१४** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको अखण्डता र वृहत्तर हित प्रति प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह) बीच काठमाण्डौंमा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. नेपालको राष्ट्रिय स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्ताप्रति संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह) पूर्ण प्रतिबद्ध रहँदै सरकारसँग विगतमा भएका वार्तालाई आधार मानी शान्तिपूर्ण राजनीतिक गतिविधिमा विश्वास राखी आफूसँग भएका सम्पूर्ण हातहतियारहरु विभिन्न मितिमा नेपाल सरकारलाई बुझाई शान्तिपूर्ण ढंगले अगाडि बढिरहेको र आगामी दिनमा पनि शान्तिपूर्ण रुपमा आफ्ना क्रियाकलाप अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछ ।<br>२. प्रारम्भिक वार्ता उपसमितिले संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह) का बन्दी रहेका नेता तथा कार्यकर्ताको रिहाइ र लागेका मुद्दाको सम्बन्धमा प्रचलित कानून बमोजिम खारेजीका लागि नेपाल सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउँछ ।<br>३. संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह) बाट उठाईएका संविधान सम्बद्ध विषयवस्तुहरु संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिमा प्रस्तुत गराउने र उक्त विषय |

| सि.नं. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | संविधानसभामा छलफल गरिने सम्बन्धमा उपसमिति विश्वास दिलाउँछ ।<br>४. प्रारम्भिक वार्ता उपसमितिले वार्ताको क्रममा आवतजावत गर्दा पार्टीका अध्यक्ष, वार्ता टोलीका संयोजक सहित वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र, आजाद समूह) संविधान निर्माण र शान्ति स्थापनामा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |

## २.२.५ भैरहवा वार्ता

मुलुकभर वार्ताको वातावरण सिर्जना भएको र विभिन्न समूहले वार्ताको लागि अनुरोध गरे अनुरुप उपसमितिले भैरहवामा समेत वार्ता गरेको थियो । वार्तामा उपसमितिका माननीय सदस्य, सचिव श्री मुकुन्द शर्मा, र क. अ. श्री सुशिलकुमार खड्काको सहभागिता रहेको थियो । उक्त वार्तामा भएको सहमति देहायानुसार रहेको छ ।

| सि.नं. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| २२. | **तराई मधेशी टाइगर्स पार्टी** | **१. अध्यक्ष, श्री विक्रम पाण्डे**<br>**२. संयोजक, श्री जयप्रकाश यादव**<br>३. सदस्य, श्री रोशन शाह<br>४. सदस्य, श्री राममिलन चौधरी<br><br>**२०७१।८।२६** | संविधानसभाबाट संविधान निर्माणको लागि सबै पक्षको योगदान सुनिश्चित गरी संविधान निर्माणको निम्ति सहज वातावरण सिर्जना गर्न संविधानसभा, संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिबाट गठित प्रारम्भिक वार्ता उपसमिति क्रियाशील रहेको छ । संविधान निर्माण कार्यमा सहज वातावरण निर्माणमा सकारात्मक सहयोग पुऱ्याउदै शान्तिपूर्ण वातावरणमा मुलुकको अखण्डता र वृहत्तर हित प्रति प्रतिवद्ध रहने प्रण सहित प्रारम्भिक वार्ता उपसमिति र तराई मधेशी टाइगर्स पार्टी बीच भैरहवामा आज सम्पन्न वार्तामा दुवै पक्षबीच देहायका सहमति गरिएको छ ।<br>१. तराई मधेशी टाइगर्स पार्टी विगतमा आफूबाट भए, गरिएका सबै सशस्त्र गतिविधिबाट भन्दा शान्ति पूर्ण गतिविधिहरुबाट आफ्ना मागहरु पूरा हुने कुरामा विश्वस्त रहदै पार्टीसँग रहेका सम्पूर्ण हातहतियारहरु निकट भविश्यमा नै नेपाल सरकारलाई बुझाई शान्तिपूर्ण राजनीतिमा अग्रसर रहने प्रतिवद्धता व्यक्त गर्दछ ।<br>२. तराई मधेशी टाइगर्स पार्टीसँग रहेका सम्पूर्ण हातहतियारको विवरण र बन्दी रहेका नेता, कार्यकर्ता एवं मृतकको नामावली सहित लागेका मुद्दाको विवरणहरु पार्टीका अध्यक्ष श्री विक्रम पाण्डे मार्फत पुस ५ गते भित्र समिति सचिवालयमा बुझाई पार्टीसंग रहेका सम्पूर्ण हातहतियारहरु २०७१ पौष २० गते भित्र उपसमितिको रोहवरमा नेपाल सरकारलाई बुझाउने प्रतिवद्धता व्यक्त गर्दछ ।<br>३. प्रारम्भिक वार्ता उपसमितिले तराई मधेशी टाइगर्स पार्टीका बन्दी रहेका नेता तथा कार्यकर्ताको रिहाइ र लागेका मुद्दाको सम्बन्धमा प्रचलित कानून बमोजिम खारेजीका लागि नेपाल सरकारसँग आवश्यक पहल |

| सि.न. | नाम | वार्ता टोली र वार्ता मिति | सहमति |
|---|---|---|---|
| | | | गर्ने विश्वास दिलाउँछ ।<br>४. प्रारम्भिक वार्ता उपसमितिले वार्ताको क्रममा आवतजावत गर्दा पार्टीका अध्यक्ष, वार्ता टोलीका संयोजक सहित वार्ता टोलीका सदस्यहरुको सुरक्षाको प्रत्याभूति गराउँछ र तराई मधेशी टाइगर्स पार्टी संविधान निर्माणमा सकारात्मक सहयोग पुऱ्याउने कुरामा प्रतिबद्धता व्यक्त गर्दछ । |

## ३. हातहतियार सम्बन्धी विवरण

विभिन्न सरोकारवाला पार्टी/सशस्त्र समूहसँग प्रारम्भिक वार्ता उपसमितिले जम्मा २२ वटा सरोकारवाला समूह र पार्टीसँग वार्ता गरेको थियो । जसमध्य **मञ्च सम्बद्ध संघीय लिम्बूवान राज्य परिषद् (संयोजक, कुमार लिङदेन) र संघीय लिम्बूवान राज्य परिषद् (संयोजक, सन्जुहाङ्ग पालुङवा)** पार्टीहरु शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहेका पार्टीहरु रहेका छन् । बाँकी २० वटा समूहहरु वार्ता अघि शसस्त्र गतिविधिमा संलग्न रहेका थिए ।

उपसमितिसँग भएको वार्ताका भएका सहमति अनुरुप केही सशस्त्र समूहहरुले उपसमितिको रोहवरमा विभिन्न स्थानमा नेपाल सरकार समक्ष उनीहरुसँग भएका हातहतियार बुझाउने कार्य भएका छन् भने केही स्थानहरुमा प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई बुझाएका छन् । यसरी पूर्णरुपमा हातहतियार बुझाई निःशस्त्र हुने, आंशिक हातहतियार बुझाउने र हालसम्म कुनै पनि हातहतियार नबुझाउने दल/समूहको विवरण यसप्रकार रहेको छ ।

### ३.१ हातहतियार बुझाई पूर्ण रुपमा निःशस्त्र भएका समूहहरु

| सि.न. | समूहको नाम | संयोजक |
|---|---|---|
| १. | किरात जनवादी वर्कर्स पार्टी | श्री साङ्केन्मा किराती |
| २. | संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (विद्रोही समूह) | श्री अविरल |
| ३. | सयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (गुप्ता समूह) | श्री संजयकुमार गुप्ता (कौटिल्य) |
| ४. | जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समूह) | श्री महाराज यादव |
| ५. | अखिल तराई मुक्ति मोर्चा (अजित सिंह) | श्री अजय यादव |
| ६. | मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी) | श्री रामबाबु यादव |
| ७. | जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी (भगतसिंह समूह) | श्री चरण महतो (सुर्यदेव सिंह) |
| ८. | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (पवन समूह) | श्री रमेश गिरी |
| ९. | संयुक्त जनक्रान्ति पार्टी नेपाल (गजेन्द्र मण्डल समूह) | श्री भुवनेश्वर मण्डल, |
| १०. | तराई मलेटरी मोर्चा | श्री मकेश्वर महतो (आहूत सिंह) |
| ११. | संयुक्त जातिय मुक्ति मोर्चा (महरा समूह) | श्री जागेश्वर महरा |

| सि.न. | समूहको नाम | संयोजक |
|---|---|---|
| १२. | तराई मधेशी टाइगर्स पार्टी | श्री जयप्रकाश यादव |
| १३. | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (उदयकान्त मिश्र समूह) | श्री गुलाम सरवर शेख "सागर" |
| १४. | मंगोलियन नेशनल रिभोल्यूसनरी पार्टी | श्री तुकमान पुन |
| १५. | मधेशी भाइरश किलर्स | श्री विजय यादव |

### ३.२ आंशिक रुपमा हातहतियार बुझाएका समूहहरु

| सि.न. | समूहको नाम | संयोजक |
|---|---|---|
| १. | माओवादी कम्युनिष्ट केन्द्र नेपाल | निर्माण |

### ३.३ हातहतियार नबुझाएका समूहहरु

| सि.न. | समूहको नाम | संयोजक |
|---|---|---|
| १. | किरात जनवादी वर्कर्स पार्टी | श्री सुमन वान्तवा |
| २. | संयुक्त जातीय मुक्ति मोर्चा नेपाल | श्री विजय डंगोल |
| ३. | स्टेट फोर्स लिम्बुवान | श्री सालिन नेम्वाङ्ग |
| ४. | जनतान्त्रिक तराई मुक्ति मोर्चा (मनोज मुक्ति समूह) | श्री डा० मनोज मुक्ति (विवेक) |

## परिच्छेद-३
## सुझाव तथा निष्कर्ष

नेपाली जनताको स्वामित्व र अपनत्व प्राप्त संविधान निर्माण गर्न संविधानसभा बाहिर रहेका विभिन्न पक्षसँग वार्ता गर्ने जिम्मेवारी र उत्तरदायित्व प्रारम्भिक वार्ता उपसमितिलाई सुम्पिए अनुरुप **इलाम, जनकपुर, नेपालगञ्ज, काठमाडौं र भैरहवा**मा सम्पन्न राजनीतिक दल, समूह र सशस्त्र समूहसंग वार्ता गरी संविधान निर्माण प्रक्रियामा सकारात्मक सहयोग प्राप्त गर्ने उद्धेश्यमा उपलब्धी प्राप्त भएको उपसमितिको ठहर छ । अतः वार्तारत पक्षसँग गरिएका सहमतिहरुको प्राथमिकताका साथ निर्णय लिई कार्यान्वयन गर्न गराउन उपसमिति देहायका सुझावहरु सहित नेपाल सरकार (मन्त्रीपरिषद्) लाई निर्देश गर्दछ ।

१. सबैको स्वामित्व र अपनत्व प्राप्त भएको संविधान निर्माण कार्यमा सरोकारवाला सबैको सहभागिता रहने वातावरण निर्माण गर्न र अन्य सरोकारवाला एवं समूहहरुसंग गरिने वार्ताको लागि उपयुक्त वातावरण तयार पार्न वार्तामा नेपाल सरकार सम्बद्ध देखिएका र भएका सहमतिहरुको कार्यान्वयन अविलम्ब गरिनु पर्ने ।

२. सरकार सम्बद्ध मागहरु पूरा गर्ने तत्परताबाटै सशस्त्र समूहसँग रहेका हातहतियार नेपाल सरकारलाई बुझाउने वातावरण सिर्जना हुने भएकाले वार्तामा संलग्न दल र समूहहरुका कार्यकर्ता उपर लागेका अभियोगहरुको सम्बन्धमा राजनीतिक सहमति बमोजिम गर्ने गराउने ।

३. विगतमा भएका कतिपय सहमति र सम्झौताको कार्यान्वयन हुन नसकेर एकातर्फ वार्ता कार्य असहज, जटिल र कठीन रहेको देखियो भने अर्कोतर्फ विगतमा भएका वार्ताका कार्यपद्धति, कार्यविधि र आर्थिक व्यवस्थापन लगायतका अन्य प्राविधिक पाटोले वार्ता व्यवस्थापनमा पनि जटिलता देखा पऱ्यो । तसर्थ सरकारले गर्ने यस्ता प्रकारका वार्ता प्रक्रियालाई निश्चित मापदण्ड र कार्यविधिका आधारमा मितव्ययी र उपलब्धीपूर्ण बनाउन निश्चित कार्यविधि एवं मापदण्ड सहित आर्थिक व्यवस्थापनको पक्ष प्रभावकारी एवं पारदर्शी पार्नु पर्ने ।

४. सशस्त्र समूहसँग रहेका हातहतियार नेपाल सरकारलाई बुझाउने प्रयोजनको लागि वार्तामा सहभागी भएका व्यक्तिहरुलाई आफ्ना हतियार जम्मा पारी सम्बन्धित स्थानसम्म सुरक्षित तवरले पुऱ्याउन आवश्यक समय, सुरक्षा र आर्थिक पक्षको व्यवस्थापन नेपाल सरकारबाटै हुनु पर्ने ।

५. हालसम्म नेपाल सरकारलाई हातहतियार नबुझाएका दल/समूहका हकमा तिनीहरुसँग रहेका सम्पूर्ण हातहतियार नेपाल सरकारलाई बुझाई पूर्ण रुपमा निःशस्त्र भई शान्तिपूर्ण गतिविधिमा संलग्न रहने प्रतिबद्धता भए पछि मात्र मुद्दा फिर्ता र माफीको कारवाही अगाडि बढाउन उपयुक्त हुने ।

संविधानसभा बाहिर रहेका राजनीतिक दल र सरोकारवालाहरुको पहिचान एवं वार्ता प्रक्रिया, कार्यविधि र तौरतरिका तर्जुमा उपसमिति (संयोजक-माननीय श्री पूर्ण बहादुर खड्का) को प्रतिवेदनको परिच्छेद-३ मा उल्लिखित केही राजनीतिक दल तथा सशस्त्र समूहहरुसँग वार्ता गर्न र वार्ता गरिएका केही शसस्त्र समूहहरुले हतियार बुझाउने कार्य बाँकी रहेको छ ।

राजनीतिक परिवर्तन पश्चात् संविधानसभाबाट नयाँ संविधान जारी गर्नका लागि व्यापक राजनीतिक सहमति जुटाउने क्रममा विभिन्न दल र समूहहरुसँग वार्ता गरी सहमति भए अनुसार शान्तिपूर्ण रुपमा राजनीतिमा समावेश हुन चाहने दल/समूहका व्यक्तिहरुलाई निजहरुबाट विगतमा राजनीतिक उद्देश्य राखी आन्दोलन गर्ने क्रममा लागेका मुद्दाहरु फिर्ता तथा सजाय माफी सम्बन्धी कार्यको लागि समितिबाट नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लिखित सिद्धान्त र सर्वोच्च अदालतका आदेश/फैसलाबाट विकशित विधिशास्त्रीय मापदण्ड भित्र रही **संविधानसभा बाहिरका राजनीतिक दल/सशस्त्र समूहसँग भएका सहमति/सम्झौता कार्यान्वयन सुझाव कार्यदल, २०७१** ले सुझाए अनुरुप वर्तमान ऐन, नियम र कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन गरी एक पटकका लागि राजनीतिक उद्देश्यले लागेका मुद्दा फिर्ता र सजाय माफी सम्बन्धी कारवाही प्रक्रिया तत्काल अघि बढाउन नेपाल सरकारलाई निर्देश गर्न उपयुक्त हुने देखिन्छ ।

वार्ताका क्रममा भएका सहमति/सम्झौता अनुरुप आफूसंग रहेका हात हतियारहरु उपसमितिको रोहवरमा नेपाल सरकारलाई विभिन्न जिल्लामा बुझाई पूर्णरुपमा निशस्त्र भएका शसस्त्र समूहहरुका नेता तथा कार्यकर्ताहरुलाई लागेका राजनीतिक प्रकृतिका मुद्दा फिर्ता, राजनीतिक आस्थाका कैदी वन्दीहरुको रिहाई जस्ता कार्यहरु समयमै सम्पन्न हुन सकेमा संविधान निर्माण कार्यमा सकारात्मक सहयोग पुऱ्याउँदै शान्तिपूर्ण वातावरणमा मुलुकको अखण्डता र वृहत्तर हित प्रति प्रतिवद्ध रहने प्रण सहित मूल राजनीतिमा समावेश हुन चाहने त्यस्ता शसस्त्र समूहहरुलाई अवसर दिन उपयुक्त देखिन्छ । यसबाट संविधान निर्माण तथा शान्ति प्रक्रियामा सहजता आई संविधानसभा र नेपाल सरकारप्रतिको नकारात्मक धारणाहरु हट्न सहयोग पुग्नेछ ।

विभिन्न पक्षहरुबीचको असन्तुष्टि, विवाद र असहमति हटाई त्यस्ता पक्षहरुबीच साझा सहमति हासिल गर्नको लागि वार्ता नै एक महत्वपूर्ण विधि हो । संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिलाई संविधानका अन्तरवस्तुमा सहमति कायम गर्नु पर्ने मूलभूत दायित्व एवं जिम्मेवारी तोकिएको र संविधान पनि राजनीतिक सहमतिको कानूनी दस्तावेज भएकोले संविधानका विषयवस्तुमा सरोकार राख्ने सरोकारवालाबाट अभिव्यक्त चासोको यथोचित सम्बोधन गर्न प्रारम्भिक वार्ता उपसमितिबाट सुझाईएका राय सुझावको कार्यान्वयन हुन सकेमा संविधान सभाको ऐतिहासिक कार्य सफलतासाथ सम्पन्न हुन सहयोग पुग्ने देखिन्छ । संविधानसभाबाट संविधान निर्माण कार्यलाई गतिशीलता प्रदान गरी निर्धारित समय सीमाभित्रै नयाँ संविधान जारी गरी मुलुकमा भएको परिवर्तनलाई संस्थागत गर्दै दीगो शान्ति र स्थिरता स्थापना गर्न विगतमा भएका सहमति र सम्झौता लगायत प्रारम्भिक वार्ता उपसमितिबाट भएका सहमति र सम्झौताको तत्काल कार्यान्वयन गरी संविधान निर्माण कार्यमा सकारात्मक र सहज मार्ग निर्माण गर्न नेपाल सरकार प्रतिवद्ध र कटिबद्ध रहेको कुरामा उपसमिति विश्वास व्यक्त गर्दछ ।

(आनन्द प्रसाद ढुंगाना
**संयोजक**

(अशोक कुमार राई)
**सदस्य**

(सर्वेन्द्रनाथ शुक्ला)
**सदस्य**

(शक्ति बहादुर बस्नेत)
**सदस्य**

(धर्मनाथ प्रसाद शाह)
**सदस्य**

(मुकुन्द शर्मा)
**सचिव**

# अनुसूचीहरू

## अनुसूची-१
## कार्यदल गठनको लागि माननीय उपप्रधान तथा गृहमन्त्रीलाई निर्देश सहितको पत्र

संविधानसभा
# संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति
प्रारम्भिक वार्ता उपसमिति

संविधानसभा सचिवालय
संसद भवन, सिंहदरबार
काठमाण्डौं, नेपाल

मिति : २०७१/९/२२

**प.स. :-** ०७१/०७२
**च.न. :-** १७१

**माननीय उपप्रधान तथा गृहमन्त्रीज्यू,**
गृह मन्त्रालय,
सिंहदरबार ।

संवैधानिक-राजनीतिक संवाद तथा सहमति समिति सम्बद्ध **प्रारम्भिक वार्ता उपसमिति**को आज़ बसेको बैठकमा देहायको निर्णय भएकोले आवश्यक कार्यार्थ उपलब्ध गराईएको व्यहोरा अनुरोध गर्दछु ।

"संविधानसभा नियमावली, २०७० को नियम ६५ को उपनियम (८) बमोजिम संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिले **".....संविधानसभा बाहिर रहेका विभिन्न राजनीतिक दल तथा सरोकारवालाहरुसंग वार्ता गरी संविधान निर्माणमा सबैको सहयोग जुटाउनु पर्ने"** भन्ने उत्तरदायित्व र जिम्मेवारी पुरा गर्न संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिद्धारा मिति २०७१ जेठ ८ गते गठित प्रारम्भिक वार्ता उपसमितिले सो अनुरुप नेपाल सरकारको सहमति र सहकार्यमा विभिन्न समयमा विभिन्न राजनीतिक दल, सरोकारवालाहरु सहित सशस्त्र समूहसंग वार्ता सहित सहमति/सम्झौता गर्दै आईरहेको विदितै छ ।

वार्ताका क्रममा भएका सहमति/सम्झौता अनुरुप विभिन्न सशस्त्र समूहहरुले आफूसंग रहेका हात हतियारहरु उपसमितिको रोहवरमा नेपाल सरकारलाई विभिन्न जिल्लामा बुझाई सकेका र बाँकी केही शसस्त्र समूहहरु बुझाउने तयारीमा रहेका छन् । विगतमा सरकारसंग र वर्तमानमा उपसमिति एवं सशस्त्र समूहका वीच भएको सहमति/सम्झौता अनुरुप त्यस्ता शसस्त्र समूहरुका नेता, कार्यकर्तालाई लागेको राजनीतिक प्रकृतिका मुद्दा फिर्ता, राजनीतिक आस्थाका कैदी वन्दीहरुको रिहाई जस्ता सरकारको तर्फबाट सम्पन्न गर्नु पर्ने कार्यहरु विद्यमान ऐन, कानून र नियमको प्रावधानहरुका कारण सम्पन्न गर्न कठिनाई भएको व्यहोराको जानकारी बैठकमा प्राप्त भयो ।

अत: उपसमिति तथा यस अघि नेपाल सरकार र सशस्त्र समूह वीच भएका सहमति/सम्झौता अनुरुपको कार्य सम्पन्न गर्न निम्न विषयहरु लगायतका अन्य आवश्यक विषयहरुलाई समेत समेटी सम्बन्धित निकायहरुको संलग्नतामा पैंतालीस दिनभित्र प्रतिवेदन सरकारमार्फत यस उपसमितिलाई उपलब्ध गराउने गरी कार्यदल गठन गरी कार्य सम्पन्न गर्न गराउन माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीलाई यो वैठक निर्देश गर्दछ ।

**कार्यक्षेत्र :**

- राजनीतिक मुद्दाको प्रकृति अनुरुप विद्यमान ऐन, नियम अनुसार नै तत्काल मुद्दा फिर्ता लिन सकिने मुद्दा र सम्बन्धित व्यक्ति पहिचान सहित सोको लागि आवश्यक पर्ने कार्यविधि,

संविधानसभा सचिवालय
संसद भवन, सिंहदरबार
काठमाण्डौं, नेपाल

**प.स. :-**
**च.न. :-**

- मुद्दा फिर्ताका लागि विद्यमान ऐन नियममा परिमार्जन गर्नु पर्ने भएमा कुन कुन ऐन, नियममा कुन दफा उपदफामा के कसरी परिमार्जन गर्नु पर्ने हो सोको विस्तृत विवरण,
- उक्त दुवै प्रकृयाबाट नसमेटिने पुनरावेदन तह र अन्तिम फैसला भई सकेको मुद्दा र सम्बन्धित व्यक्तिको पहिचान सहित के गर्दा उपयुक्त हुन सक्छ सो सम्बन्धी प्रकृया र विवरण ।
- सम्बन्धित अन्य विषयवस्तुहरु ।"

मुकुन्द शर्मा
सचिव

**बोधार्थ तथा कार्यार्थ**
**श्रीमान सचिवज्यू,**
गृह मन्त्रालय,
सिंहदरबार ।

# अनुसूची-२

## विभिन्न समूहहरू निःशस्त्र भएको व्यहोराको पत्रहरू

"सबै जातिको जनतामा सार्वभौमसत्ता: मुन्धुम विचारधाराको विशेषता"

मालेमावाद र मन्धुम विचारधारा-जिन्दावाद !

(१)

# किरात जनवादी वर्कर्स पार्टी

## (Kirat Republican Workers Party)

केन्द्रीय कार्यसमिति

प.सं. :-

च.न. :-

किरात-नेपाल

मिति :०६२।०३।१८

बिषय: निशस्त्र भएको घोषणा

~~विज्ञप्ति~~

यस कार्यक्रमको प्रमुख अतिथी संवैधानिक राजनीति संवाद तथा सहमति समिति प्रारम्भिक वार्ता उपसमितिका संयोजक लगायत अन्य अतिथी, पत्रकार ज्यूहरु मार्फत किरात भूमि निवासी दाजुभाई तथा दिदीबहिनीहरु

यो भूमी त्यही हो जस्लाई हाम्रो पुर्खाको रगत पसिनाले उर्वर पारियो । कालान्तरमा आएर मुन्धुम दृष्टिकोणको आधारमा किराती राष्ट्र राज्यको स्थापना पनि गरे । त्यो राष्ट्र राज्यको विस्तार मेसोपोटामिया, हालको इराक सम्म थियो । तर प्रकृति जस्तै सरल र निस्छल स्वभावका कारण किरातीहरुको शासन एकपछि अर्को गुम्दै जाने क्रममा अठारौं शताब्दीमा आईपुग्दा कथित आधुनिक नेपालको पूर्वी भागमामात्र सिमित रहन पुग्यो । त्यो पनि वि.सं. १८३१ देखि पृथ्वीनारायण शाहको दिब्य उपदेश अनुसार हिन्दुकरण भयो ।

किरातीहरुको राजनीति सत्ता ढले पनि किराती राष्ट्रवाद ढलेको छैन, मरेको छैन । त्यसैले त यो माटोमा पटक पटक किरातवादी विद्रोह भड्किने गरेको छ । फौजी दृष्टिकोणबाट ००७ सालमा राम प्रसाद राईको नेतृत्वमा गरिएको विद्रोह पछिको हाम्रो विद्रोह नै महत्वपूर्ण र ऐतिहासिक हो भन्ने हाम्रो पार्टीको ठहर छ । हामीले सोचेका थियौं सशस्त्र विद्रोह नै सवैभन्दा शसक्त साधन हो । तर विगतमा जस्तै हाम्रो आन्दोलनलाई सरकारले फौजी दमनको आधारमा नभएर उसको दुतहरुलाई हाम्रो पार्टीमा घुसाएर तहस नहस पार्ने काम गऱ्यो । परिमाण त हामीले आफ्नो उपलब्धीको रक्षा गरेर विकास गर्नु त के क्रान्तिको अस्तित्व समेत रक्षा गर्न नसक्ने स्थितिमा पुग्यौं । यो तीतो भोगाईबाट हामीले भलिभातीसँग के पाठ सिक्यौ भने, शसस्त्र विद्रोहमा दलालहरुको भूमिका अत्यन्तै महत्वपूर्ण र शक्तिशाली सावित हुँदो रहेछ ।

मुक्ति भन्दा प्यारो जीवन हुँदैन भन्ने मान्यता राख्ने मान्छे हामी जीवन दाउमा राखेर प्राप्त गरेका यो हतियार हामीले सोचेका थिएनौं । यो हतियार राज्यलाई यति सहजै बुझाउ । हामीले सोचेका थियौं । यो हतियारले आजसम्म अधुरो र अपूरो रहेको किरातवादी आन्दोलनलाई निष्कर्षमा पुऱ्याउनु पर्दछ । किराती सार्वभौमिक्ताको सुनिश्चित गराउनु पर्दछ । अनि यो हतियारले किराती सार्वभौमिक्ताको चारढोकामा बसेर पहरेदार गर्नेछ । तर आज हामीले राज्य र संविधान सभा सामू निम्न बुँदाका मागहरु राखेर राज्यलाई जीवनभन्दा प्यारो यो हतियार बुझाएका छौं ।

मागहरु :

१. आसन्न संविधानले आत्मा निर्णयको अधिकार सहितको तीन किरात एक विराशतको स्थापना गर्नुपर्दछ ।

२. हाम्रो पार्टीको नेता तथा कार्यकर्ता माथि लगाएको मुद्दा खारेज गरि सम्पूर्ण कैदीबन्दीलाई तुरुन्त रिहा गर्नुपर्दछ ।

३. आन्दोलनको क्रममा जीवन गुमाउन पुगेका विवश विद्रोही विनेश र खगेन्द्र जबेगुलाई सहिद घोषाणा गर्नुपर्दछ ।

४. हाम्रो अर्धसैन्य बललाई भरणपोषणको निम्ति र सहिद परिवारले पाउने एकमुस्ट रकम १ करोड राज्यले हाम्रो पार्टीलाई प्रदान गर्नुपर्दछ ।

आज देखि हामी सम्पूर्ण रुपले निशस्त्र भएका छौं । हाम्रो पार्टीसँग कुनैपनि प्रकारको हातहतियार बाँकी नराखीकन राज्यलाई बुझाएका छौं । आसन्न संविधानमा हाम्रो बिमति रहे भएमा हाम्रो राजनीतिक कार्यक्रम शान्तिपूर्ण रुपमा हुनेछ भनेर घोषणा गर्दछौं ।

अध्यक्ष साङकेन्मा किराती
किरात जनवादी वर्कर्स पार्टी (विद्रोही समूह)
केन्द्रीय कार्य समिति

मुक्ति । समानता ।। स्थायी शान्ति ।।।

विश्वका उत्पीडित तथा उपेक्षित जातजातिहरू एक हौं ।
सर्वजातीय समाजवाद जिन्दावाद ।

# संयुक्त जातीय मुक्ति मोर्चा नेपाल
# United Ethnic Liberation Front Nepal

केन्द्रीय समिति (Center Committee)

(१)

प.स. ०७१।७२
च.नं. ०४५

मिति: ०७२।३।६

श्रीमान् वार्ता टोली संयोजकज्यू,
संवैधानिक राजनितीक संवाद तथा सहमति समिति
प्रारम्भिक वर्ता उपसमिति
संविधान सभा सचिवालय
संसद भवन सिंहदरबार
काठमाडौं, नेपाल

**विषय : हातहतियार बुझाई निशस्त्र हुने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सम्बद्ध प्रारम्भिक वार्ता उपसमितिको पं. स ०७१/७२ च नं. २२८ मिति २०७२/०३/०१ को पत्र प्राप्त भै व्यहोरा अवगत भयो राज्य पक्ष र सशस्त्र समूहविच बार्ताका क्रममा भएका सहमति सम्झौता इमान्दारी साथ पालना हुनुपर्छ भन्ने पक्षमा हाम्रो गौरवशाली संगठन संयुक्त जातिय मुक्ति मोर्चा नेपाल सधैं संवेदनशील रहने कुरा श्रीमान्मा अवगत गराउन् चाहन्छौं ।

श्रीमान् वार्ताको क्रममा हाम्रो संगठन संयुक्त जातीय मुक्ति मोर्चा नेपालसँग सिप, कला र विज्ञान छ तर हातहतियार छैन् भनि सम्झौता भएको कुरा समेत स्मरण गराउँदै हामीसँग कुनै पनि हातहतियार नभएको व्यहोरा हार्दिक अनुरोध गर्दछौं ।

क. अविरल
वार्ता टोली संयोजक
संयुक्त जातीय मुक्ति मोर्चा नेपाल

"सम्पूर्ण मुक्तिकामि तराईवासी एक हों"

(2)

# संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा

# UNITED DEMOCRATIC TERAI LIBERATION FRONT

## केन्द्रीय तदर्थ समिति

## CENTRAL ADHOC COMMITEE

ESTD-2004

श्री संविधान सभा सचिवालय
संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति
संसद भवन, सिंहदरबार काठमाडौं।

विषय हात हतियार सम्बन्धमा।

महोदय,

यस समितिको पत्र संख्या 069/068 मिति 2068/8/19 को पत्र प्राप्त भई व्यहोरा अवगत भयो। पार्टीको [illegible] नेपाल सरकार र संवैधानिक राजनीतिक [illegible] तथा सहमति सम्बन्धी [illegible] उपसमिति [illegible] भएको सहमति / सम्झौता अनुसार मोर्चासँग रहेका [illegible] सम्पूर्ण हात हतियार नेपाल सरकारलाई बुझाइसकेको हुनाले अब आफूसँग कुनै प्रकारको हात हतियार नरहेको व्यहोरा अनुरोध गर्दछु।

भवदीय

(विजय कुमार गुप्ता कोरि)
कार्यवाहक/संयोजक

(8)

# जनतान्त्रिक तराई मुक्ति मोर्चा ( पृथवी समुह )

## स्थाः- २०६३ साल

मितिः- 2072/03/08

श्री मान् संयोजक ज्यू
सबैधानिक राजनितिक संवाद समिति
तथा प्रारम्भीक वार्ता उपसमिति ।

**विषय :- पत्र पेश गरिएको सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा मिति : २०७२/३/४ गते संविधान सभाको संवैधानिक सहमति समिति सम्बद्ध प्रारम्भिक वार्ता उपसमितिको कार्यालयवाट पत्र संख्या - ०७१/०७२ को च. नं. २३८ पत्र प्राप्त भयो तर जनतान्त्रिक तराई मुक्ति मोर्चा (पृथ्वी समुह ) ले मिति २०७१/०६/०९ गते का दिन पर्सा जिल्लाको जिल्लाप्रसासन कार्यालय मा प्रमुख जिल्ला अधिकारी हिमनाथ ढवाडी ज्यू र वार्ता उपसमिती का संयोजक श्री आन्नद प्रसाद ढुगांना र सदस्य ज्यू हरु समेतको रोहवर मा मोर्चा संगभएको सम्पुर्ण हात हतियार पार्टीका बार्ता टोली संयोजक महाराज यादव लगायत वर्ता टोलीका सदस्य ज्यूहरु तथा पत्रकार ज्यूहरु समेतको रोहवरमा बुझाई सकेका छौ । आफु निशस्त्र रही शान्ती प्रकृयामा आइसकेको व्यहोरा अवगत गराउन चाहन्छु । र आफु संग कुनै पनि हात हतियार नरहेको प्रतिवधता जाहेर गर्दै अनुरोध गर्दछु ।

**संयोजक**
**महाराज यादव ( पृथवी सिंह )**

"समस्त मधेश राष्ट्रवादीहरु एक जुट होऔं"

# मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)

# Madhesh Nation Democratic Party (Revolutionary)

केन्द्रिय समिति

CENTRAL COMMITTEE

प.स. : 071/72
च.न. 019

मिति : २०७२/०३/०६

मा. श्री आनन्द प्रसाद ढुंगाना ज्यू
संयोजक
प्रारम्भिक वार्ता उपसमिति

प्रारम्भिक वार्ता उपसमितिद्धारा मिति २०७२/०३/०१ गते को पत्राचारित पत्र संख्या ०७१/७२ च.न.२३८ को पत्रमा माग भए अनुसार जानकारी गराउन चाहन्छौ कि मधेश राष्ट्र जनतान्त्रिक पार्टी (कान्तिकारी) र प्रारम्भिक वार्ता उपसमितीको बिच मिती २०७१ साल साउन २६ गते जनकपुरको राभा होटलमा ५ बुँदे लिखित सहमति भइसकेको र त्यही सहमति अनुसार नै हाम्रा पार्टी सँग भएका सम्पुर्ण हातहतियार वार्ता टोलीको रोहवरमा मिति २०७१ साल मंसिर २० गते जनकपुरमा र २१ गते सप्तरीमा नेपाल सरकार लाई बुझाई सकेको छ र अब पार्टी पूर्ण रुपले निशस्त्र भइसकेको तथ्य अवगत गराउदै सहमति अनुरुप पार्टीका सम्पुर्ण सदस्यहरु माथि लगाइएका सम्पुर्ण मुद्धाहरु फिर्ता गर्ने प्रक्रिया पुरा गर्न /गराउन नेपाल सरकार लाई हार्दिक आग्रह गर्दछौ ।

.........
रामबाबु यादव (रणविर सिंह)
अध्यक्ष तथा वार्ता समिति संयोजक
म.रा.ज.पा.(कान्तिकारी)

क्रान्तिकारी शक्तिहरू बीच एकीकरण, अपराधिकरण विरुद्ध संघर्ष को अभियान !

(६)

"सम्पूर्ण मुक्तिकामी तराई-मधेशका मूल निवासीहरू एक होऔ।"

# जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी

## Democratic Tarai Madhesh Liberation Party

### केन्द्रीय कार्य समिति

### स्थापना : २०६१ Est. 2004

पत्र संख्या

मिति २०६२।०३।०६

श्री माननीय आनन्द प्रसाद ढुंगाना ज्यू,
प्रारम्भिक वार्ता उपसमिति, संयोजक
संविधानसभा संवैधानिक - राजनीतिक संवाद तथा सहमति समिति,
सिंहदरवार काठमाण्डौं, नेपाल

विषय : कुनै पनि हातहतियार तथा गोलीगठ्ठा पार्टी सँग बाँकी नरहेको भन्ने सम्बन्धमा ।

महोदय,

संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति सम्बद्ध प्रारम्भिक वार्ता उपसमितिबाट प्राप्त पत्र संख्या ०७१/०७२ च.नं.२३८ को मिति २०७२।३।३ गते प्राप्त पत्र बमोजिम वार्ताको क्रममा भएको सहमति । सम्झौता अनुरुप हाम्रो पार्टी जनतान्त्रिक तराई मधेश मुक्ती पार्टीले विभिन्न चरणमा विभिन्न जिल्लाहरु (बर्दिया, बाँके देखि झापा सम्म) मा पार्टी नेता तथा कार्यकर्ता र फरार नेता का॰ कर्ता सँग रहेका सम्पूर्ण हातहतियार शान्ति मन्त्री, जिल्ला प्रशासन तथा सुरक्षा निकायको रोहबरमा नेपाल सरकारलाई बुझाई सकेको व्यहोरा सुचित गर्दछौं ।

साथै यस पार्टीका फरार नेता तथा कार्यकर्तालाई प्रहरीले जबरजस्ती लगाएका मुद्दा, नामावली शान्ति मन्त्रालय तथा प्रारम्भिक वार्ता उपसमितिलाई बुझाई सकेको हुनाले उनीहरुलाई लागेको मुद्दा समेत नेपालको विभिन्न जिल्लाको राजनीतिक आस्थाका नेता तथा कार्यकर्ताको सम्पूर्ण मुद्दा खारेज गरी हाम्रो पार्टी (भगत सिंह समूह) सँग विगतमा भएको ९ बुँदे सहमति । सम्झौता यथासिघ्र कार्यान्वयन गरी गराइ पाउँ तथा हाम्रो पार्टीपूर्ण रुपमा निशस्त्र रहेको व्यहोरा सुचित गर्दछौं ।

यसै पत्र साथ विभिन्न जिल्लामा रहेका सम्पूर्ण हातहतियार, गोलीगठ्ठा बमबारुद समेत बुझाइ सकेको भरपाई संलग्न गरी पठाइएको छ ।

सूर्यदेव सिंह भन्ने श्रीचरण महतो
वार्ताटोली संयोजक
जनतान्त्रिक तराई मधेश मुक्ति पार्टी
(भगतसिंह समुह)
केन्द्रिय कमिटि, नेपाल

सूर्यदेव सिंह
का वा अध्यक्ष
ज.त म मु पा

सूर्यदेव सिंह

"सम्पूर्ण मुक्तिकामि तराईवासी एक हों" ⑦

# संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा

UNITED DEMOCRATIC TERAI LIBERATION FRONT

केन्द्रीय तदर्थ समिति

CENTRAL ADHOC COMMITEE

स्थापित–२०६१

ESTD-2004

सम्वैधानिक राजनितिक सम्वाद् तथा सहमति समिति

मिति:- २०७२।०३।०६

प्रारम्भिक वार्ता उपसमिति

संविधान सभा सचिवालय

काठमाण्डौं, नेपाल ।

## विषय:- हातहतियार बारे ।

उपरोक्त सम्बन्धमा प्रारम्भिक वार्ता उपसमितिको मिति २०७२।३।१ गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो ।

सो सम्बन्धमा नेपाल सरकार तथा संयूक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा ( पवन) वीच भएको मिति २०६८ साल सावन २८ गतेको वार्तामा हाम्रो संगठन संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा सँग रहेको सम्पूर्ण हातहतियार नेपाल सरकारलाई बुझाईसकिएको र अब उपरान्त हाम्रो संगठन सँग कुनै किसिमको हातहतियार नरहेको साथै हाम्रो संगठन राष्ट्रिय मूलधारको शान्तिपूर्ण राजनितिमा लागि सकेको व्यहोरा सादर अनुरोध छ ।

साथै मिति २०६८ साल श्रावण २८ गते वार्ताका प्रतिलिपी १ थान तथा मिति २०७१।०६।०७ वार्ता प्रतिलिपी यसै साथ संलग्न राखी पठाईएको छ ।

रमेश गिरी

रमेश गिरी

संयोजक

संयूक्त जननान्त्रिक तराई मुक्ति

मोर्चा (पवन)

जय तराई ! जय तराई !! जय तराई !!!

# तराई संयुक्त जनक्रान्ति पार्टी नेपाल (TSJKN)

## केन्द्रिय सचिवालय तराई

स्थापना २०५७

मिति : २०७२/३/१०

श्री संयोजक ज्यू
संविधान सभा संबैधानिक- राजनैतिक सम्वाद तथा सहमति समिति
प्रारम्भिक वार्ता उपसमिति

**बिषय : हातहतियार नरहेको सम्बन्धमा ।**

उपरोक्त विषयमा यस पार्टीको मिति २०७२/३/७ गतेको निर्णय अनुसार पार्टी र सरकारसँग २०७१/६/१२ गते भएको सम्झौताको बुँदा २ दुई अनुसार हातहतियार वन्दी र सरकारबाट मुद्दा चलाईएका यस पार्टीका विभिन्न तहका नेता तथा कार्यकर्ताका नामावली विवरण २०७१/६/२८ मा बुझाएका थियौं । सोही अनुसारको हातहतियार धनुषामा मिति २०७१/८/२० गते र सप्तरीमा २०७१/८/२१ गते जिल्ला प्रशासन कार्यालयमा बुझाइसकेको छु। साथै यस पार्टीसँग अब कुनै किसिमको हातहतियार नरहेको कुरा यसै पत्रका साथ अवगत गराउदछु ।

| क.स. | नाम, थर | ठेगाना | अभियोग | हाल रहेको स्थान | मिति |
|---|---|---|---|---|---|
| १. | दिलिप कुमार साह | धनुषा गोबिनपुर ६, धनुषा | अपहरण र ज्यान सम्बन्धी | अर्पवासी जिवन | २०६६/३/७-२०६६/२/२१ |
| २. | मनोज राय अमात | बालाबाखर १, धनुषा | अपहरण र ज्यान सम्बन्धी | अर्पवासी जिवन | २०६६/३/७-२०६६/२/२१ |
| ३. | शिवकुमार राय अमात | बालाबाखर १, धनुषा | अपहरण र ज्यान सम्बन्धी | अर्पवासी जिवन | २०६६/३/७-२०६६/२/२१ |
| ४. | श्रीराम कुमार साह | जनकपुर नपा ११, धनुपा | अपहरण र ज्यान सम्बन्धी | अर्पवासी जिवन | २०६६/३/७-२०६६/२/२१ |
| ५. | बिजय कुमार महतो | धनुषा गोबिनपुर २, धनुषा | अपहरण र ज्यान सम्बन्धी | हाल थुनामा | २०६६/३/७-२०६६/२/२१ |

| जिल्ला धनुषामा बुझाएको हतियारको विवरण . | | |
|---|---|---|
| १. | नलकटुवा | १६ थान |
| २. | सो मा प्रयोग हुने गोली | ७ थान |
| ३. | घरेलु हतियार | ७ थान |
| जिल्ला सप्तरीमा बुझाएको हतियारको विवरण | | |
| १. | मास्केट | १ थान |
| २. | राइफल | १ थान |
| ३. | सो मा प्रयोग हुने गोली | ११ थान |

भुवनेश्वर मण्डल । अनुराग समूह
"संयोजक" वार्ता समिति

(३)

जय मधेश जय मधेश जय मधेश

हामि तराई बासी हक हक

# तराई मलेट्री मोर्चा

पत्रांक : २३ दिनांक २०६२/३/९

श्री माननीय संयोजक ज्यू
संविधान सभा सर्वपक्षीय राजनीतिक संवाद तथा
सहमति समिति प्रारम्भिक उप समिति
नेपाल सभा अधिवेशन संसद
भवन सिंहदरबार काठमाडौं नेपाल।

उपरोक्त सम्बन्धमा यो छ कि तराई मलेटरी मोर्चा पार्टी संग रहेका सम्पूर्ण ~~हात~~ हात-हतियार पार्टीले संयोजक को रोहरमा नेपाल सरकारलाई विशालमा बुझाइ दिसको छौं। जानकारी गराइन्छ। र पार्टी कहा अब कुनै किसिम का हात हतियार नरहेको जानकारी गराइन्छ।

Kishund Mahato
२०६२/३/९
संयोजक

सम्पर्क नं:
9854028855
9819600245

४८

# संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह)

UNITED ETHNIC LIBERATION FRONT NEPAL (Mahara Samuha)

केन्द्रीय कार्य समिति (Central Committee)

स्था. २०६६


प.सं. ~~१२~~ १९५

च.नं. ६१ ६२

मिति : २०७२-३-४

संविधानसभा संवैधानिक राजनीतिक संवाद
तथा सहमति समिति संविधानसभा सचिवालय
संसद भवन सिंहदरबार काठमाडौं, नेपाल

**विषयः विशेष जानकारीक सम्बन्धमा ।**

महोदय,

संयुक्त जातीय मुक्ति मोर्चा नेपाल (महरा समूह) र नेपाल सरकारविच २०७१/८/२४ गते वार्ता सम्पन्न भएको र २०७१/११/१५ गते हाम्रो पार्टी संयुक्त जातिय मुक्ति मोर्चा नेपाल (महारा समूह) ले आफूसँग भएका सम्पूर्ण हात हतियारहरू नेपाल सरकारका प्रतिनिधि सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री मोहन प्रसाद चापागाई मार्फत नेपाल सरकारलाई बुझाइसकेको र हाल हामीसँग कुनै पनि हात हतियार नभएको र हामी एकदमै निशस्त्र भएको कुरा यही पत्रमार्फत संविधानसभा सचिवालयलाई जानकारी गराउँछौ । विष थोरै धेरै जति भए पनि असर नै गर्ने हो हामी देशलाई असर गर्ने विषलाई त्यागी सबै नेपाललाई फाइदा गर्ने अमृतको खोजिमा यहाँसम्म आइपुगेका छौँ । हालै भएको १६ बुँदे सम्झौतालाई हाम्रो पार्टी संयुक्त जाति मुक्ति मोर्चा नेपाल (महरा समूह) हार्दिक स्वागतम गर्दछ । १६ बुँदे सम्झौतालाई पूर्ण आत्मसात गर्दै सम्पूर्ण नेपाली जन जातजातिहरूको आस्थाको केन्द्र संविधानसभाले देशलाई नयाँ संविधान दिने कामलाई चाँडो भन्दा चाँडो सम्पन्न गरोस् भन्ने हामी चाहन्छौं । सम्पूर्ण नेपाली अट्ने संविधान बनोस् । कसैले पनि हार्नु नपरोस् । सवैले जित्ने वातावरण बनोस् भन्ने हाम्रो पार्टीको नीति हो साथै प्रारम्भिक वार्ता उपसमिति र सदस्यज्यूहरूले आ-आफ्नो इगोलाई त्यागी देशलाई नयाँ संविधान दिने काममा जोडतोडका साथ लागिदिनु हुन हामी विनम्रताका साथ अनुरोध गर्दछौं । धन्यवाद

सिंहश्वर महरा
संयोजक
शान्ति वार्ता टोली
संयुक्त जातिय मुक्ति मोर्चा, नेपाल (महरा समूह)
सम्पर्क नं.: ९८०३३८५६००

(११)

# तराई मधेशी टाइगर पार्टी

मिति: २०७२/०३/८

श्रीमान माननिय आनन्द प्रसाद ढुंगाना ज्यू,
संयोजक संवैधानिक राजनीतिक तथा सहमति, संविधान सभा
सचिवालय संसद भवन सिंह दरबार काठमाण्डौ ।

विषय : जानकारी पठाएको बारे ।

महोदय,

उपर्युक्त सम्बन्धमा संवैधानिक राजनीतिक तथा सहमति समिति संविधानसभा सचिवालय सांसद भवन सिंह दरबार काठमाण्डौको मिति २०७२।०३।०१ को च.नं. २३८ प्र.स. ०७१।०७२ को पत्र २०७२।०३।०३ प्राप्त भई व्यवहार अवगत भयो । तत्सम्बन्धमा म तराई मधेशी टाइगर पार्टीको अध्यक्ष जनार्दन यादव उर्फ विक्रम पाण्डे समेतका साथीहरु हातहतियारको राजनीति त्यागी शान्ति प्रक्रिया अर्न्तगतमा रहेर राजनीति गर्ने अब बन्ने नयाँ संविधानमा हामीहरु सकारात्मक भूमिका हुने गरी मिति २०७१।०८।२६ गते म हाम्रा पार्टीको कार्यकर्ता जय प्रकाश यादवलाई वार्ता टोलीको संयोजक बनाई पाँच सदस्य टोलि पठाएको थिएँ । उक्त वार्तामा संवैधानिक राजनीति तथा सहमति समितिको संयोजक माननिय श्रीआनन्द प्रसाद ढुंगाना ज्यूको उपस्थितीमा चार बुँदे सहमति भई सोही अनुसार मिति २०७१।०९।२० गते हामीले मेरै नेतृत्वमा तपसिल बमोजिमको प्रथम चरणको हातहतियार समेत रुपन्देही जिल्ला प्रशासन मार्फत नेपाल सरकारलाई बुझाइ सकेको यहाँलाई अवगतै छ ।

तपसिल

| क्र.सं. | हात हतियारको किसिम | संख्या |
|---|---|---|
| १ | कट्टा | ३ |
| २ | कुकर बम | ३ |
| ३ | टिफीन बम | ४ |
| ४ | डब्बा बम | ५ |
| ५ | साकिट बम | ८ |
| ६ | गोली | ५ |

दोस्रो तथा अन्तिम चरणको हात हतियार, खरखजाना हाम्रो पार्टीले कबुल गरेको हातहतियार तथा खरखजाना समेत मिति २०७२।०२।०४ गते तपसिलको हातहतियार समेत जिल्लाका प्रशासन रुपन्देही मार्फत नेपाल सरकारलाई बुझाइ सकेका छौं ।

**तपसिल**

| क्र.सं. | हातहतियारको किसिम | संख्या |
|---|---|---|
| १ | सिकसर | १ |
| २ | कुकर बम | २ |
| ३ | मोबाइल बम | २ |
| ४ | टिफिन बम | ३७ |
| ५ | डब्बा बम | ३५ |
| ६ | सार्किट बम | ७ |
| ७ | कट्टा | ७ |
| ८ | गोली | १० |

त्यही समयदेखी हामी पुर्ण रुपमा निशस्त्र भइ सकेका छौं । हामी इमान्दारीको साथ शान्ति प्रक्रियालाई सघाउदै शान्तिपूर्ण जीवन निर्वाहका साथ हामी नेपाल सरकारको कानूनको अधिनमा रही हामी हाम्रो समाज देशको नियम एवम् नयाँ बन्ने संविधानमा सकारात्मक सहयोग गर्ने गरी शान्ति प्रक्रियामा आएका छौं ।

श्रीमाननीय आनन्द प्रसाद ढुंगानाज्यू एवम् संवैधानिक राजनीतिक तथा सहमती समिति सँग जुन चारबुँदे सम्झौता भएको छ सो को पूर्ण रुपमा पालन गर्न गराउन समेत अनुरोध गर्दै यो जानकारीको मार्फत श्रीमान समक्ष पठाएको छु ।

विक्रम पाण्डे

अध्यक्ष

(विक्रम पाण्डे)

तराई मधेशी टाइगर पार्टी

''सम्पूर्ण मुक्तिकामी तराईवासी एकजुट हों''

# संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा

## United Democratic Terai Liberation Front

स्था.- २०६१
Est. - 2004

केन्द्रीय तदर्थ समिति
Central Adhoc Committee

मिति २०७२/०३/०४

**माननीय संयोजक ज्यू,**
**प्रारम्भिक वार्ता उप समिति**
**राजनीतिक संवाद तथा सहमति समिति**
**सिंहदरवार, काठमाडौं ।**

**विषयः वार्त सम्बन्धमा ।**

**महोदय,**

उपरोक्त सम्बन्धमा हाम्रो संगठन संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद समूह) ले उतपिड्नमा पारिएका तराईवासीहरुको मुक्तिको लागि २०६१/४/१ गते देखि सशस्त्र संघर्ष गर्दै आएकोमा मिति २०६९/०३/२१ गते तत्कालिन शान्ति तथा पुर्न निर्माण मन्त्री तथा नेपाल सरकारका वार्ता समिति संयोजकद्वारा हस्ताक्षरीत पत्रमा तपाईहरुका जायज माँगलाई वार्ताको माध्यमबाट सम्बोधन गरिने प्रतिवद्धता पश्चात हाम्रो संगठन पनि शान्तिपूर्ण वार्ताकै माध्यमबाट आफ्ना मागहरु सम्बोधन हुने विश्वासका साथ नेपाल सरकारको वार्ता समिति सँग मिति २०६९/५/२ गते प्रथम चरणको वार्ता लुम्बनीमा ६ बुँदे सहमतीका साथ सम्पन्न भयो । त्यस पश्चात हामीसँग रहेको हात हतियार तथा खरखजाना मिति २०६९/०९/२८ गते विरगञ्जमा नेपाल सरकारका वार्ता टोली संयोजक तत्कालिन शान्ति तथा पुर्ननिर्माण मन्त्री सत्या पहाडीलाई हस्तान्तरण गरी हालसम्म नेपाल सरकारका तर्फबाट हामी सँग भएका सहमति अनुसार कार्याकर्ताका मुद्दा फिर्ता नभएको हुँदा तथा सम्मानित प्रारम्भिक वार्ता उपसमितिका संयोजक ज्यूको नेतृत्वको समिति सँग वार्ता गरी शान्तिपूर्ण राजनीतिमा लाग्ने प्रतिवद्धताका साथ वार्ता गर्न हार्दिक अनुरोध गर्दछौं ।

वार्ताटोली संयोजक
उदयकान्त मिश्र आजाद

# अखिल तराई मुक्ति मोर्चा (अजित सिंह)

## वार्ता टोलि संयोजकः अजित सिंह भन्ने (अजय यादव)

मितिः २०७२-३-२२

आज मिति २०७२-३-२१ गते सोमवारका दिन सप्तरी जिल्ला प्रशासन प्रमुख श्री विरेन्द्र कुमार यादव ज्यू लगायत तपसीलका प्रहरी प्रशासक र पत्रकारहरु समक्ष अखिल तराई मुक्ति मोर्चा भन्ने समुहका अध्यक्ष अजित सिंह भन्ने अजय यादव निम्न अनुसारका हाथ-हथियार बुझाएको ।

हथियारको विवरण:-

१) लामो नालकट्टुवा पेस्तौल-थान १ (एक) अठार इन्चको

२) कट्टुवा पेस्तौल थान १

३) सकेट बम थान १

४) सकेट पाइप थान १

जम्मा ४ थान हथियार बुझाएको छु म संग कुनै किसिमको हाथ हथियार छैन् (अजित सिंह)

उपस्थिति:

१) प्र.जि.अ. श्री विरेन्द्र कुमार यादव

२) प्र.से. श्री भुवनेश्वर आचार्य

३) उप अ.नि. श्री ठाकुरचन्द्र के.सी.

४) प्र.ना.उ. श्री नारायण प्रसाद चिमोरिया

५) स.प्र.ना.उ. श्री निलकृष्ण अधिकारी

६) स.प्र.जि.अ. श्री शिशिर पौडेल

बुझाउनेको तर्फवाट :-

१) जिल्ला सप्तरी लालापटी-२ बस्ने अजित सिंह भन्ने अजय यादव अध्यक्ष

२) राजविराज न.पा.-२ पडरिया सप्तरी बस्ने विनोद कुमार दास नगर इन्चार्ज

अन्य उपस्थिति:-

१) नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष प्रकाश अतिवडा

२) बैद्यनाथ झा

३) उपेन्द्र नारायण मेहता

४) ध्रुब कुमार मण्डल

५) मनोज माझि

अध्यक्ष

# मंगोलियन नेशनल रिभोल्यूसनरी पार्टी
# Manogolian National Revolutionary Party
स्थापना : २०६१

प.सं.

च.नं.

मिति २०६९।६।१२

## सविधान सभा

## संवैधानिक – राजनीतिक संवाद तथा सहमति समिति प्रारम्भिक बार्ता उपसमिति

आनन्द प्रसाद ढुँगाना
सँयोजक

मंगोल नेशनल रिभोल्युसनरी पार्टी संग
सस्क्तक्रान्ति गरी राखेको थियो भने अब हाम्रो पार्टीले निशस्त्र क्रान्ति गरीने अब हामि शान्ति पुर्न तरीकाले राजनैतिक गर्ने र आफु संग भएको हातहतियारहरु नेपाल सरकारलाई बुझाई सकेको अब हामि संग कुनै पनि हातहतियार नभएको नेपाल सरकार लाई बिस्वास दिलाउन चाहान्छौ । र अहिले बन्दै गरेको संविधान लाई पनि हाम्रो साथ र सहमर्थन रहनेछ ।

सह संयोजक
लालमन घर्तिमगर (राकेश)

बार्ता संयोजक
तुकमान पुनमगर

४

E-mail : mrevolutionaryparty@gmail.com

एक मधेश- एक स्वायत प्रदेश

# मधेशी भाइरस किलर्स पार्टी

**२०६४**

प.सं.

च.नं.

मिति :२५।३।२०६२

विषय : निशस्त्र भएको बारे।

श्रीमान् संयोजक ज्यू

प्रारम्भिक वार्ता उपसमिति
व्यवस्थापिका संसद कार्यालय,
सिंह दरबार, काठमाडौं।

हाम्रो पार्टी मधेशी भाइरस किलर्स पार्टी, नेपाल ले मिति ०६१/०४/२८ मा वार्ता गरेको हो। त्यसैवाला टोली सँग वार्ता गर्दै हामीले सम्झौता गर्दा नै आफ्ना कुराहरू दस्तखतमा राखी हामीसँग कुनै हतियार छैन भनी पुष्टि गरेका हौं। सम्झौता पत्रको बुँदा नं १ मा पनि हामी उक्त निशस्त्र रहेको बुँदा लेख गरिएकोले त्यसै ~~अनी~~ अनुसार वार्ता पछि पनि हामी शान्तिपूर्वक राजनैतिक कार्यक्रम गर्दै आएका छौं। हामीसँग कुनै हतियार नरहेको जानकारी यसै पत्र मार्फत दिन चाहन्छौं।

भवदीय

(विजय यादव)

अध्यक्ष

## अनुसूची-३

## संविधानसभा बाहिरका राजनीतिक दल/सशस्त्र समूहसंग भएका सहमति/सम्झौता कार्यान्वयन सुझाव कार्यदल, २०७१ को प्रतिवेदनको सुझाव तथा निष्कर्ष खण्ड

# परिच्छेद-चार

## निष्कर्ष र सुझाव

माथिको परिच्छेदहरुमा गरिएको अध्ययन र विश्लेषणबाट निम्नानुसारको निष्कर्षमा कार्यदल पुगेको हुँदा सोही बमोजिमका सुझावहरु प्रस्तुत गरिएको छ ।

### (क) निष्कर्ष

- हाम्रो जस्तो अभियोजनात्मक प्रणालीमा फौजदारी कसूरमा संलग्न प्रतिवादीलाई कानून बमोजिम अनुसन्धान गरी अभियोजन गर्ने कार्य सरकार (कार्यकारणी) पक्षबाट हुन्छ ।
- अभियोग दायरी पछि कसूर ठहर हुने नहुने र कस्तो सजाय हुने भनी न्यायीक निकायबाट फैसला गरिन्छ ।
- फौजदारी कसूरको घटनामा अनुसन्धान गरी प्रमाणको आधारमा मुद्दा चलाईने र प्रमाणको मूल्यांकन कै आधारमा सजाय ठहर हुने हुँदा यस्ता मुद्दा फिर्ता गर्ने र ठहर भै सकेको सजायलाई माफी मिनाहा गर्ने कार्यलाई सामान्यतया स्वीकार गरिदैन ।
- दण्ड सजायको उद्देश्य कसूरदारलाई सुधार गर्नु पनि भएको हुँदा तोकीएको सजाय कार्यान्वयनका क्रममा कसूरदारको चालचलनको मूल्यांकन गरी अभिलेख राख्ने र यही अभिलेखका आधारमा निश्चित सजाय भुक्तान गरी सकेपछि कसूरदारमा सुधार भएको पाइएमा बाँकी सजाय मिनाहा दिने कुरालाई अपराधशास्त्रीय अवधारणामा मान्यता दिइएको हुँदा यही अवधारणा अनुसार कारागार नियमावली, २०२० को नियम २९ मा आधा सजाय मुक्तान भए पश्चात सजाय मिनाहा दिने व्यवस्था भएको पाइन्छ ।
- नाबालकबाट भएको फौजदारी कानून विरुद्धका कार्यमा र परिस्थितीबस पहिलो पटक कम गम्भिर कसूरजन्य कार्यमा संलग्न वयस्कलाई पनि घोषित दण्ड सजाय कार्यान्वयन नगरी मुल्तवीमा राख्ने, निगरानीमा बसी सजाय भुक्तान (प्रोवेशन, प्यारोलमा राख्ने) गराउने कुरालाई अपराध शास्त्रीय एवं दण्डशास्त्रीय अवधारणामा स्वीकार गरिएको छ । हामी कहाँ सजाय स्थगनको व्यवस्था नाबालकको हकमा बालबालिका ऐन बमोजिम अभ्यास भएतापनि बयस्कका हकमा कानूनी व्यवस्थाका लागि विधेयकहरु संसदमा विचाराधिन भएता पनि ति विधेयक पारित भैसकेको अवस्था नहुँदा अभ्यास हुन सकेको छैन ।

- उपरोक्त सामान्य र नियमित प्रकृया बाहेक पनि राज्यको कार्यकारी अधिकार अन्तर्गत विशेष अवस्थामा राष्ट्र प्रमुखबाट सजाय माफी दिन सक्ने अवधारणलाई स्वीकार गरी नेपालको अन्तरिम संविधानको धारा १५१ मा माफी सम्बन्धि व्यवस्था गरिएको छ ।
- उपरोक्त प्रकृतिका सजाय माफी तथा परिवर्तन सम्बन्धी व्यवस्थलाई पारदर्शी र सरल बनाउन २०६९ सालको कार्यविधि खारेज गरी "सजाय माफी, मुल्तवी, परिवर्तन, वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१" नेपाल सरकारबाट जारी गरिएको छ ।
- उक्त कार्यविधिबाट निश्चित मुद्दाहरुमा सजाय माफी, मुल्तवी, परिवर्तन तथा कम गर्न कारवाही नगरीने गरी दफा ३ को विभिन्न खण्डहरुमा व्यवस्था गरिएको छ । त्यसरी सजाय माफी, मुल्तवी, परिवर्तन तथा कम गर्न नसकिने भनी दफा ३ मा उल्लेख नभएका अन्य मुद्दामा समेत मुद्दाको स्थितिको आधारमा सजाय माफी, मुल्तवी, परिवर्तन तथा कम गर्ने कार्य नगरिने व्यवस्था छ । त्यसरी कारवाही नगर्ने अवस्थाहरु प्रतिवादी फरार भएमा, पुनरावेदनमा विचाराधीन भएमा तथा एकपटक यस्तो कारवाही भैसकेका पटके प्रतिवादीका हकमा पुन: कारवाही नगरिने रहेका छन् ।
- यसै गरी, मुद्दा फिर्ता सम्बन्धी व्यवस्थालाई पनि विशेष अवस्थामा कार्यकारिणी अधिकार प्रयोग गरी फिर्ता गर्न सकिने अवधारणा विकास हुँदै आएको र हाम्रो देशमा २००७ साल देखि फौजदारी मुद्दा फिर्ताको अभ्यास हुँदै आएको पाइन्छ ।
- सजाय माफीको व्यवस्था जस्तै फौजदारी मुद्दा फिर्ताको व्यवस्था संविधानमा नै नभएता पनि २०३१ सालमा भएको संशोधनले सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मा यस सम्बन्धी व्यवस्था गरिएको र यो ऐन खारेज गरी जारी भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारले सरकारवादी फौजदारी मुद्दा फिर्ताको निर्णय गर्न सक्ने र अदालतबाट अनुमती भएमा मुद्दा फिर्ता हुने व्यवस्था विद्यमान रहेको छ । तर के कस्ता मुद्दा फिर्ता गर्न सकिने भन्ने आधार र कारणका सम्बन्धमा भने सो ऐनमा कुनै व्यवस्था नहुँदा सबै मुद्दा फिर्ता हुने हो की भन्ने अन्यौल रहेको पाइन्छ ।
- उक्त कानूनी व्यवस्था बमोजिम सरकारबाट मुद्दा फिर्ता गर्ने गरी भएका कतिपय निर्णयहरु उपर त्यस्तो निर्णय बदर गराउनलाई अदालतमा विवाद उठाई मुद्दाहरु पुगेका र ती मुद्दाहरुमा समय समयमा अदालतबाट भएका व्याख्या र निर्देशनात्मक आदेशबाट फौजदारी मुद्दा फिर्ता सम्बन्धी विधिशास्त्रको विकास भएको छ ।
- सर्वोच्च अदालतको आदेश फैसलाहरुबाट पनि सरकारले कार्यकारिणी अधिकार अन्तर्गत फौजदारी कसूरका मुद्दा शुरु अदालतबाट फैसला हुन अगावै फिर्ता गर्न सक्ने अवधारणालाई मान्यता प्रदान गरिएतापनि यसरी मुद्दा फिर्ता गर्ने कार्यका सिमा तथा औचित्यपूर्ण आधारहरु हुनु पर्ने र प्रकृया निश्चित हुनु पर्ने कुराहरुमा जोड दिइएको पाइन्छ ।
- सर्वोच्च अदालतका आदेश फैसलाबाट फौजदारी मुद्दा फिर्ताको लागि सिमा तोक्दा मानव अधिकार उलंघनका गम्भिर र जघन्य कसूरहरुका मुद्दा एवं विशुद्ध आपराधिक प्रकृतिका घट्नाका

मुद्दा फिर्ताको कारवाही हुन नहुने, राजनैतिक कारणबाट पूर्वाग्रह राखि लागेका तथा राजनैतिक उद्देश्य पुरा गर्न घटेका घट्नाका कारण लागेका, लगाईएका मुद्दाका हकमा प्रकृया अवलंबन गरी फिर्ताको कारवाही गर्न सकिने र यस्तो प्रकृयामा राज्यका फौजदारी मुद्दाको कारवाहीमा संलग्न पदाधिकारीको समेत संलग्नता हुनु पर्ने भनी मापदण्ड बनाउन निर्देश भएको पाइन्छ ।

- यसैगरी कानूनी कारवाहीमा राज्य समक्ष उपस्थित नभई अटेर गरी भागी फरार हुने र शुरु तहको अदालतबाट न्यायिक निरोपण भैसकेका मुद्दा र वारदातमा संलग्न सबै प्रतिवादीको फिर्ता नगरी केही प्रतिवादीहरुको हकमा आंसिक मुद्दा फिर्ताको कारवाही गर्न नहुने भनि फैसलाबाट विधिशास्त्रीय धारणा विकसित भएको पाइन्छ ।
- यसरी सर्वोच्च अदालतबाट विकसित विधिशास्त्रीय अवधारणा समेतलाई समेटी नेपाल सरकारबाट मुद्दा फिर्ता लिने सम्बन्धी शुरुमा २०५५ सालमा र त्यसलाई खारेज गरी पछि २०७१ सालमा "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१" जारी गरिएको छ ।
- संविधानसभा वार्ता उप समितिबाट प्राप्त वार्ता भएका दल/समुहका मुद्दा लागेका भनिएका नेता कार्यकर्ताहरुको सम्बन्धमा मुद्दा फिर्ता तथा रिहाई सम्बन्धी कार्यहरु राज्यको कार्यकारिणी अधिकार प्रयोग गरी नेपाल सरकारबाट गर्नु पर्ने देखिन्छ ।
- संविधानसभाको वार्ता उप समितिबाट वार्ता भएका दल/समुहका नेता कार्यकर्ताको मुद्दा फिर्ता र रिहाईको आवश्यकता महसुस गरिए तापनि सो अनुरुपको कार्य वर्तमान संविधान, कानून कार्यविधिको परिधी भित्र रही गर्न सकिने देखिन्छ ।
- मुद्दा फिर्ता र रिहाईका कारबाहीका लागि संविधानसभा वार्ता उप-समितिबाट प्राप्त दल/समुह सम्बद्ध नेता/कार्यकर्ताहरुको नाम विवरणमा उल्लेखित व्यक्तिहरुको सम्बन्धमा वर्तमान संविधान ऐन, नियम र कार्यविधि अनुसार कार्य गर्नका लागि के कस्तो अवस्था देखिन्छ भनी गरिएको अध्ययन विश्लेषणबाट निम्नानुसारको अवस्था देखिएको छ ।
    - कार्यदलमा प्राप्त विवरण अनुसार संविधानसभा वार्ता उपसमितिबाट जम्मा २२ वटा दल/समुहसंग वार्ता गरी सहमति गरेको र ती तलमध्ये १५ वटा दल/समुहबाट हतियार बुझाइएको र २ वटा दल शुरुबाटै निःशस्त्र रही शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहेको देखियो ।
    - यसरी वार्ता भएका मध्ये २१ वटा दल/समुहका नेता तथा कार्यकर्ताहरुलाई लागेको मुद्दा फिर्ता र रिहाईका लागि व्यक्तिहरुको नाम सहितका विवरण प्राप्त भएको देखियो । यसरी प्राप्त विवरण अनुसार ११७६ जना व्यक्तिहरुको नाम प्राप्त भएको र वार्ता भएका मध्ये सालिन नेम्वाङ्ग संयोजक रहेको स्टेट् फोर्स लिम्बुवान १ दल/समुहबाट मुद्दा फिर्ता तथा रिहाईका लागि व्यक्तिहरुको नाम विवरण प्राप्त हुन सकेन ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ३ मा नाम उल्लेखित १५ जना व्यक्तिहरु उपर कुनै मुद्दा दर्ता रहेको नपाईएको भनी सम्बन्धीत प्रहरी कार्यालयहरुबाट लेखी आएको पाइयो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ तालिका नं. ४ मा नाम उल्लेखित ४९ जना व्यक्तिहरु तालिकाको कैफियतमा उल्लेख भए अनुसार लागेको मुद्दामा सफाई पाई वा कैद भुक्तान गरी छुटी गएको देखियो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ५ मा नाम उल्लेखित ४७९ जना व्यक्तिहरु मुद्दाको कारवाहीका क्रममा पक्राउ नपरी वा उपस्थित नभई फरार रहेको पाइयो ।

○ यस्तै प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं.६ मा नाम भएका ३८ जना व्यक्तिहरुको मुद्दा पुनरावेदन वा सर्वोच्च अदालतमा विचाराधिन रहेको पाईयो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ७ मा नाम भएका १०४ जना मासिसहरुको के कुन मुद्दा लागेको हो भन्ने कुनै विवरण प्राप्त नभई मुद्दा खुल्न नसकेको पाइयो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ८ मा नाम भएका १८५ जना व्यक्तिहरुको मुद्दा शुरु अनुसन्धान तथा शुरु अदालतमा विचाराधिन रहेको देखिएता पनि त्यस्ता व्यक्तिहरुलाई लागेका मुद्दामा मुद्दा फिर्ताको कारवाही नगरिने भनी "नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१" को दफा ३ का कैफियत महलमा उल्लेखित भए बमोजिमका उपदफा बमोजिम निषेध गरिएका मुद्दा रहेको पाइयो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. ९ मा नाम समावेश भएका २८५ जना व्यक्तिहरुलाई लागेका मुद्दा अनुसन्धान तथा शुरु अदालतमा विचाराधिन रहेको र "नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१" को दफा ३ बमोजिम मुद्दा फिर्ता कारवाही नगरिने भनी निषेध गरिएको सूचिमा नपरेको पाईयो ।

○ प्राप्त नाम विवरण मध्येका परिच्छेद ३ को तालिका नं. १० मा नाम समावेश भएका ५९ जना व्यक्तिहरुको मुद्दा शुरु तह अदालतबाट सजाय ठहर गरी फैसला भैसकेको देखियो । साथै उनीहरुलाई लागेको मुद्दामा सजाय माफीको कारवाही गर्न नमिल्ने भनी "सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि २०७१" को दफा ३ को सोही तालिकाको कैफियत महलमा उल्लेखित उपदफा बमोजिम निषेध गरिएको र कैफियतमा कुनै विवरण नजनिइ खालि रहेकाको हकमा माफीको कारवाही गर्न निषेध नभएको पाइयो ।

○ प्राप्त नाम विवरणका व्यक्तिहरु मध्येका परिच्छेद २ को तालिका नं. ११ मा नाम उल्लेखित ६३३ जना व्यक्तिहरु विभिन्न कारागारहरुमा कैफियतमा उल्लेख भए बमोजिम

पुर्पक्ष वा कैद मुक्तानका क्रममा थुनामा बसी रहेको वा थुनाबाट छुटी मुद्दामा कारवाहीमा रहेको देखियो । कतिपय व्यक्तिहरु थुनामा रहेको कारागार भने खुल्न नसकेको पाइयो ।

## (ख) सुझाव

उपरोक्तानुसारको अध्ययन, विश्लेषण र निष्कर्षका आधारमा कार्यदलबाट निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

### (१) संविधानसभा वार्ता उप समितिबाट प्राप्त दल/समुहका नाम विवरणका व्यक्तिहरुको मुद्दा फिर्ता तथा रिहाई सम्बन्धी सुझाव

- परिच्छेद ३ को तालिका ३ र ४ मा नाम भएका व्यक्तिहरु छुटी सकेको तथा मुद्दा नै नरहेको देखिदा केही गरि रहन नपर्ने ।
- परिच्छेद ३ को तालिका ५ र ६ मा नाम भएका व्यक्तिहरुको मुद्दा पुनरावेदन समेतको कारवाहीमा पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा विचाराधिन रहेको वा प्रतिवादीहरु फरार रहेको हुँदा "नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि २०७१" को दफा १४ को खण्ड (क) र (ग) बमोजिम मुद्दा फिर्ताको कारवाही अगाडी बढाउन नसकिने र सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि २०७१ को दफा ११ को खण्ड (घ) र (ङ) बमोजिम सजाय माफीको कारवाही समेत गर्न नमिल्ने देखियो । यसरी फरार रहेका व्यक्तिहरुको अवस्थामा पछि परिवर्तन भई कानून बमोजिम मिल्ने भएमा यस विषयमा उद्देश्य र औचित्यताको आधारमा थप अध्ययन भई नेपाल सरकारबाट आवश्यकता महशुस भएमा मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही चलाउन सकिने देखिन्छ ।
- यस कार्यदललाई प्राप्त विवरण एवं छानविनको क्रममा संकलित विवरण समेतबाट परिच्छेद ३ को तालिका नं. ७ मा नाम भएका व्यक्तिहरुलाई के कुन मुद्दा लागेको हो र उनीहरुको मुद्दाको स्थिती समेत खुल्न नसकेको हुँदा निजहरुका सम्बन्धमा कुनै सुझाव दिन सकिएन । यसरी मुद्दा तथा मुद्दाको स्थिति खुल्न नसकेको व्यक्तिहरुका सम्बन्धमा थप अध्ययनबाट मुद्दा र सोको स्थिती खुली राजनीतिक उद्देश्य र कारणबाट लागेका सामान्य प्रकृतिका मुद्दामा सरकारबाट आवश्यकता महशुस गरिएमा एवं कानून बमोजिम मिल्ने भएमा मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही चलाउन सकिने हुन सक्छ ।
- परिच्छेद ३ को तालिका नं. ८ मा नाम समावेश भएका व्यक्तिहरुको मुद्दा उपलब्ध भए सम्मका विवरणबाट अनुसन्धानका क्रममा वा शुरु तह अदालत, निकायमा विचाराधिन रहेको देखिएता पनि नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ बमोजिम मुद्दा फिर्ताको कारवाही नगरिने सूचिमा परेको देखिंदा कुनै कारवाही गर्नु पर्ने देखिएन ।



व्यवस्थापिका-संसद सचिवालय

* परिच्छेद ३ को तालिका नं. ९ मा नाम समावेश भएका व्यक्तिहरुलाई लागेका मुद्दाहरु अनुसन्धानका क्रममा एवं शुरु तह, अदालतमा रही नेपाल सरकार वादी भई चलाइएका, फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ अनुसारको मुद्दा फिर्ता नगरीने सूचिमा नपरेको हुँदा थप विवरण खुलाई मुद्दा फिर्ता कारवाही गर्न सकिने देखियो ।
* कार्यदललाई वार्ता उपसमितिबाट प्राप्त नामावली विवरण अनुसारको व्यक्तिहरु नाम प्राप्त भएतापनि ती व्यक्तिहरुका उपर लागेको मुद्दा कुन जिल्लाका हुन, मुद्दाको स्थिती के छ, ती व्यक्तिहरु कुन कारागारमा छन, तिनको वतन कहाँ हो भन्ने समेतका विवरण यथासक्य खुलाई तालिकामा प्रस्तुत गरिएको छ । तापनि ति व्यक्तिहरुलाई लागेका मुद्दाको स्थिती विवरणमा खुलाइएको स्थिती भन्दा फरक पर्न सक्ने देखिँदा थप विवरण खुलाउन आवश्यक रहेको छ । थप विवरण खुलाउदा देहायका कुरा खुलाउन आवश्यक देखिन्छ ।
    १. तालिका नं. ९ मा नाम भएका व्यक्तिहरुका मुद्दा हाल शुरु तहमा देखिए तापनि, वार्ता समितिलाई ती दलहरुले विवरण उपलब्ध गराएको समय पछि शुरु तहबाट फैसला भएको हुन सक्ने संभावना हुँदा फैसला नभएको भए मुद्दा फिर्ता र फैसला भई संजाय ठहर भएको भए माफी तर्फको कारवाही गर्न सकिने देखिनछ ।
    २. नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरु फिर्ता लिने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ को निषेध नभएका भनी यस तालिका नं. ९ मा उल्लेखित भएका मुद्दा पनि सबै फिर्ता गर्न मिल्ने नभई सोही कार्यविधिको दफा २ र दफा १३ बमोजिम राजनैतिक उद्देश्य प्राप्तीका लागि भएका घटना र राजनैतिक पूर्वाग्रह, राजनैतिक आस्था वा प्रतिशोधका कारण लागेका मुद्दासम्म फिर्ता हुन सक्ने देखिदा, ती मुद्दामा घट्ना घट्नुको कारण राजनैतिक प्रकृतिको हो, होइन र मुद्दा पूर्वाग्रहपूर्ण तरिकाले लागेको हो होइन भन्ने कुरा एकीन हुन आवश्यक हुन्छ । कार्यदलबाट मुद्दाका कागजात मगाइए पनि सम्बन्धीत निकायहरुबाट अत्यन्तै न्यून मुद्दामा (१०/१२ वटा जति) को मात्र मिसिल प्राप्त भएकोले उक्त कारणको खोजी गर्न संभव भएन । यसर्थ उपरोक्त तालिका नं. ९ अनुसारका व्यक्तिहरुको मुद्दा फिर्ताको कारवाहीका क्रममा राजनैतिक उद्देश्य प्राप्तिका लागि घटेका घट्नासंग सम्बन्धीत कुरा पहिचान गरी कारवाही गुर्न पर्ने हुन्छ ।
    ३. यसैगरी, तालिका नं. ९ मा नाम भएका व्यक्तिहरुका मुद्दामा सोही मुद्दामा अन्य प्रतिवादीहरु पनि समावेश भएको देखिएमा नेपाल सरकारवादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि, २०७१ को दफा १४ को खण्ड 'ख' बमोजिम आंसिक रुपमा मुद्दा फिर्ता गर्न नमिल्ने हुँदा एउटै मुद्दामा संलग्न सबै प्रतिवादीहरुका हकमा कारवाही गर्नु पर्ने हुन्छ ।
* परिच्छेद ३ को तालिका १० मा नाम समावेश भएका व्यक्तिहरुलाई लागेका मुद्दा शुरु तह अदालतबाट फैसला भै सकेको र पुनरावेदन नपरी वा पुनरावेदन तहबाट समेत फैसला भई अन्तिम भएको देखिँदा ती व्यक्तिहरु संजाय भुक्तानका क्रमसा रहेको पाइयो । त्यस्ता व्यक्तिहरुका सम्बन्धमा

नेपाल सरकारले आवश्यक र उपयुक्त ठानेमा संजाय माफी तर्फको कारवाही गर्न, नगर्न सक्ने देखिन्छ। यस सम्बन्धमा देहाय बमोजिको कार्य गर्न सकिने देखिन्छ।

१. यस तालिकामा नाम समावेशमध्ये कैफियत महलमा केही विवरण उल्लेख नभएका व्यक्तिहरुका हकमा सजाय मिनाहाको कारवाही गर्न सकिने देखियो।

२. तालिकामा नाम समावेश व्यक्तिमध्ये कतिपयको कैफियत महलमा नेपाली वर्णमालाका अक्षरहरु लेखिएको छ। ती वर्णमालाका अक्षरहरु सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ का विभिन्न खण्डहरु जनाउन प्रयोग गरिएको हो। यसरी कैफियतमा ठ र ढ दुवै उल्लेख भएका बाहेकका अन्य कैफियत उल्लेख भएका व्यक्तिहरुको मुद्दामा सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ को दफा ३ को सोही कैफियतमा उल्लेखित खण्ड बमोजिम सजाय माफीको कारवाही गर्नलाई निषेध गरिएको हुँदा संजाय माफी सम्बन्धी कारवाही गर्न सकिने देखिएन।

३. उक्त तालिकाकै कैफियत महलमा ठ र ढ संगै उल्लेख भएका व्यक्तिहरुको मुद्दा क्रुर, हिंस्रक वा विभत्स तरिकाले गरिको हत्या वा जाती हत्या वा यिनैको उद्योग हो होइन भन्ने सम्बन्धमा उपलब्ध र माग गरी प्राप्त विवरणबाट केही नखुलेको हुँदा सो सम्बन्धी थप आवश्यक विवरण खुलाई उक्त सजाय माफी, मुल्तवी, परिवर्तन वा कम गर्ने सम्बन्धि कार्यविधि २०७१, को दफा ३ को खण्ड (ठ) र (ढ) को अवस्था नभएमा सजाय माफीको कारवाही गर्न सकिने देखियो।

- वार्ता भएका दल/समुहमध्ये नेपाल सरकारलाई हतियार बुझाई निःशस्त्र रहेका दल/समुहका कार्यकर्ताहरुको हकमा मात्र मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही अगाडी बढाउन उपयुक्त देखिन्छ।
- नेपाल सरकारलाई हतियार नबुझाएका दल/समूहका हकमा ती दल समूहबाट हतियार बुझाई निःशस्त्र भई शान्तिपूर्ण गतिविधिमा संलग्न रहने प्रतिवद्धता भएमा यस पछि मात्र मुद्दा फिर्ता तथा सजाय माफीको कारवाही गर्न उपयुक्त देखिन्छ।
- वार्ता गरी सहमती गर्ने मध्येका दुई दल/समुह भने शुरु देखि निःशस्त्र रही शान्तिपूर्ण राजनीतिक गतिविधिमा संलग्न रहेको भन्ने देखिदा हतियार बुझाई निःशस्त्र रहनु पर्ने भन्ने शर्त यी दल/समुहका हकमा सान्दर्भिक देखिएन।

## (२) ऐन कानूनमा हुनुपर्ने सुधारका सम्बन्धमा सुझाव

- कैद सजाय भुक्तानका क्रममा कारागारमा रहेका व्यक्तिहरुको आधा कैद भुक्तान पश्चात बाँकी कैद मिनाहा गर्ने सम्बन्धी व्यवस्था ऐनमा नभई कारागार नियमावलीमा रहेको हुँदा कस्ता मुद्दामा कति सम्म बाँकी कैद मिनाहा वा परिवर्तन गर्ने भन्ने सारवान व्यवस्था नियमावलीमा

नभई ऐनमा नै राख्नु पर्ने, साथै यो व्यवस्था अधिकार नभई निश्चित आधार, कारण र औचित्यका आधारमा प्रयोग हुने गरी व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- यसरी बाँकी कैद मिनाहा गर्नलाई थुना वा कैदमा रहेको व्यक्तिको चालचालनको मुल्यांकनका आधारहरु पारदर्शी बनाउनु पर्ने, चालनचलन मूल्यांकन गर्ने र सुपरिवेक्षण गर्ने अधिकारी फरक फरक तोक्नु पर्ने । यसरी बाँकी कैद मिनाहाको प्रकृया र कार्यविधि नियमावलीमा व्यवस्था गर्नु पर्ने । हाल सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधिद्वारा व्यवस्था भएकोमा नियमावली मै व्यवस्था गर्नु पर्ने ।
- यसैगरी सरकारवादी फौजदारी मुद्दा फिर्ता सम्बन्धमा सरकारी मुद्दा सम्बन्धी ऐनको दफा २९ मा व्यवस्था भए पनि यस्तो मुद्दा फिर्ताको कारवाहीको आधार, कारण र सिमाहरु नतोकीई खुल्ला छाडीएको छ । यी व्यवस्था ऐनमा प्रष्ट हुन पर्नेमा हाल सम्म ऐनमा व्यवस्था नहुँदा सारवान व्यवस्था समेत कार्यविधिद्धारा नियमित गरिएको छ । यसर्थ वर्तमान “नेपाल सरकार वादी भई चलाईएका फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधि २०७१” का सारवान व्यवस्था समेत समाविष्ट गरी ऐनमा नै व्यवस्था गरिनु पर्ने देखिन्छ ।
- यसैगरी फौजदारी मुद्दा फिर्ता सम्बन्धी वर्तमान कार्यविधिका प्रकृया र कार्यविधिसंग सम्बन्धीत व्यवस्थाहरुलाई नियमावलीमा व्यवस्था गरिनु पर्ने ।
- यसैगरी मुद्दा फिर्ता सम्बन्धी र सजाय माफी मिनाहा सम्बन्धी वर्तमान कार्यविधिहरुमा भएका मुद्दा फिर्ता र माफीको कारवाही नगरिने भनी दुवै कार्यविधिको दफा ३ मा व्यवस्था भएको मुद्दा फिर्ता नहुने तथा सजाय माफी नहुने सूचि (Negative List) मा अदालतबाट प्रतिपादित सिद्धान्त समेतलाई दृष्टिगत गरी परिमार्जन गर्नुपर्ने देखिन्छ ।
- निषेध सूचि परिमार्जन गर्दा अपराधशास्त्र र फौजदारी कानूनका विज्ञहरुसँग परामर्श गरी परिमार्जन गर्नु उपयुक्त हुन्छ ।
- मानव सभ्यताका शुरुवात देखि नै अपराध भनिएका अपराधहरु ( *malum in se* ( law recognizes some sinful acts as crimes and penalizes) ) लाई निषेध सूचिमा समावेश गर्नु पर्ने ।
- राज्यको सञ्चालका लागि राज्यद्धारा निषेध गरी फौजदारी कसूर भनी परिभाषित कसूर (*malum in prohibita* (law recognizes some acts undoable and punishable) ) लाई मुद्दा फिर्ता तथा सजाय माफी मिनाहा गर्न निषेध सूचिमा समावेश गर्ने वा नगर्ने भनी राज्यद्धारा प्राथमिकताका आधारमा निषेधको सूचि निर्धारण गर्नु पर्ने ।
- राजनीतिक प्रकृतिका कसूरलाई मात्र मुद्दा फिर्ता वा सजाय माफी हुन सक्ने र नेपाल सरकारले आवश्यक र उपयुक्त ठानेमा त्यस्ता प्रकृतिका मुद्दा फिर्ता हुने व्यवस्था हुनु पर्ने देखियो । उदाहरणका लागि राज्य विरुद्धको कसूर सामान्यत राजनैतिक प्रकृतिको कसूर भित्र पर्दछ तर वर्तमान मुद्दा फिर्ता कार्यविधि र सजाय माफी सम्बन्धी दुवै कार्यविधिमा यस कसूरलाई निषेधित सूचिमा राखिएको छ । यसैगरी लागु औषध सेवनकै कसूर भए पनि लागु औषध मुद्दालाई मुद्दा फिर्ता नहुने गरी निषेध गरिएको छ तर जाति हत्या बाहेकको अन्य कर्तव्य ज्यान मुद्दा फिर्ता कारवाही नगरिने निषेधको सूचिमा पर्न सकेको पाइएन ।

- मुद्दा फिर्ता वा सजाय माफी हुने नहुने सूचि निर्धारण गर्दा प्रयोग हुने भाषा स्पष्ट हुनु पर्ने, प्राविधिक शब्द प्रयोग भएकोमा त्यसको व्याख्या पनि समावेश गरिनु पर्ने । वर्तमान कार्यविधिहरुको सूचिमा क्रुर, हिंस्रक वा विभत्स तरिकारले गरिएको हत्या, जातीय हत्या जस्ता कसूरहरु निषेधित सूचिमा रहेको देखिएता पनि त्यस्ता हत्यालाई परिभाषित गरी आधारहरु तोकिएको देखिएन ।

- यसै गरी नेपाल सरकार वादी भई चलाइएको सरकारवादी फौजदारी मुद्दा फिर्ता सम्बन्धी कार्यविधिको दफा १४ मा मुद्दाको कारबाहीका क्रममा अनुपस्थित रही फरार रहेको प्रतिवादीको हकमा मुद्दा फिर्ताको कारवाही नगरीने भनी निषेध गरिएको छ । विशुद्ध राजनैतिक उद्देश्य प्राप्तीका लागि भएका केही सार्वजनिक अपराध जस्ता सामान्य प्रकृतिका मुद्दामा प्रतिवादी फरार रहेपनि प्रतिवादीले सुध्रने प्रतिवद्धता गरेमा मुद्दा फिर्ता कारवाही हुन सक्ने गरी यस व्यवस्थामा संशोधन हुन उपयुक्त देखिन्छ । यसर्थ संशोधन गर्दा सरकारवादी मुद्दा फिर्ता लिनुको औचित्य, कारण र आधार एवं अदालतबाट प्रतिपादित सिद्धान्तलाई समेत उचित ध्यान दिनु पर्ने हुन्छ ।

- राजनीतिक परिवर्तन पश्चात संविधानसभाबाट नयाँ संविधान जारी गर्नका लागि व्यापक राजनीतिक सहमति जुटाउने क्रममा वार्ता गरी सहमति भए अनुसार शान्तिपूर्ण रुपमा राजनीतिमा समावेश हुन चाहाने दल/समुहका व्यक्तिहरुलाई निजहरुबाट विगतमा राजनीतिक उद्देश्य राखी आन्दोलन गर्ने क्रममा लागेका मुद्दाहरु मुद्दा फिर्ता तथा सजाय माफी सम्बन्धी कार्य गर्ने आवश्यकता महसुस भएमा संविधानसभा संवैधानिक राजनीतिक सम्वाद तथा सहमती समितिले नेपाल सरकारलाई नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा उल्लिखित सिद्धान्त र सर्वोच्च अदालतका आदेश/फैसलाबाट विकशित विधीशास्त्रीय मापदण्ड भित्र रही वर्तमान ऐन, नियम र कार्यविधिमा आवश्यक संशोधन, परिमार्जन गरी एक पटकका लागि राजनीतिक उद्देश्यले लागेका मुद्दा फिर्ता वा सजाय माफी सम्बन्धी कारवाही गर्न निर्देशन, सुझाव दिई यस विषयलाई सम्बोधन गर्न उपयुक्त हुने देखिन्छ ।

२०७२।३।२१